मर्यादाका लागि

सत्य तथ्य, न्याय र परिपूरण

सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष

पेश गरेको

# अन्तरिम प्रतिवेदन

# २०७२

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

पुल्चोक, ललितपुर

सम्माननीय प्रधानमन्त्रीज्यू

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार ।

बिषय : अन्तरिम प्रतिवेदन पेश गरेको बारे ।

नेपालमा २०५२ सालदेखि २०६३ सालसम्म भएको सशस्त्र द्वन्दलाई समाप्त गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच मिति २०६३ साल मंसिर ५ मा सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख भएको, यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुको पहिचान तथा उनीहरुलाई राहत उपलव्ध गराउने कुरा उल्लेख छ ।

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारीभई मिति २०७१ साल माघ २८ गते अध्यक्षसहित पाँच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २७ को उपदफा (२) मा आयोगले छानविन गरिसकेको बिषयमा नेपाल सरकारसमक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । आयोगले छानविन कार्यको प्रारम्भ गरिनसकेको भए तापनि आयोगको गठन भएपछि यसले एक बर्षको अवधिमा सम्पादन गरेका कार्यहरु, कार्य सम्पादन गर्दा आइपरेका समस्याहरु र तिनको समाधानका लागि गर्नु पर्ने कार्यको सुझाव प्रस्तुत गर्ने प्रयोजनकालागि यो प्रतिवेदन तयार गरी पेश गरेका छौं । यस प्रतिवेदनमा उल्लिखित समस्या र सुझावलाई नेपाल सरकारबाट गंभीर रुपमा लिई यस आयोगलाई आवश्यक पर्ने सबै प्रकारका सहयोगहरु उपलब्ध हुने आयोगले अपेक्षा राखेको छ ।

| | |
|---|---|
| लोकेन्द्र मल्लिक | अध्यक्ष |
| विजुल वि.क दुलाल | सदस्य |
| प्रा.डा. विष्णु पाठक | सदस्य |
| नरकुमारी गुरुङ्ग | सदस्य |
| आई बहादुर गुरुङ्ग | सदस्य |
| महेश शर्मा पौडेल | सचिव |

# विषय सूची

**विषय** **पेज नं**


परिच्छेद–१ प्रारम्भिक

१.१ परिचय ..... १

१.२ प्रतिवेदनको उद्देश्य ..... १

१.३ प्रतिवेदन तयारीको विधि ..... २

१.४ प्रतिवेदनको सीमा ..... २

१.५ प्रतिवेदनको स्वरुप ..... २

परिच्छेद २ आयोगको गठन, क्षेत्राधिकार र कार्य पद्धति

२.१ आयोगको गठन ..... ३

२.२ आयोगको काम, कर्तब्य र अधिकार ..... ३

२.३ आयोगको कार्य पद्धति ..... ६

२.४ यस आयोगको कार्यक्षेत्र ..... ७

आयोगको भौतिक, आर्थिक र जनशक्तिको अवस्था

३.१ भौतिक अवस्था : ..... ८

३.२ आर्थिक अवस्था ..... १०

३.३ संगठनात्मक संरचना ..... १२

३.४ जनशक्तिको अवस्था ..... १२

परिच्छेद ४ आयोगले हालसम्म सम्पादन गरेका कार्यहरु

४.१ आयोगको बैठक सम्बन्धी कार्यविधि तर्जुमा ..... १५

४.२ आयोगका पदाधिकारीहरुको आचारसंहिता तर्जुमा ..... १५

४.३ आयोगको कार्य क्षेत्र, प्रकृया र कार्ययोजना तर्जुमा ..... १५

४.४ संगठन तथा व्यवस्थापन सर्भेक्षण ..... १५

४.५.बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा तर्जुमा ..... १६

४.६ विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ तर्जुमा ..... १६

४.७ छानविन निर्देशिका मस्यौदा तर्जुमा ........ १६

४.८ बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण
तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नु पर्ने संशोधन सम्बन्धी अध्ययन ........ १६

४.९ व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा
व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा ........ १७

४.१० उजूरी आव्हान गर्दा गर्नुपर्ने तयारी तथा सो कार्यमा
संलग्न कर्मचारीलाई दिइने तालीमको प्रारुप र आवश्यक बजेटको
प्रक्षेपण गर्ने लगायतका आवश्यक अध्ययन ........ १७

४.११ संचार नीति ........ १७

४.१२ शब उत्खनन् कार्यविधि र एण्टीमोर्टम फाराम सम्बन्धमा अध्ययन ........ १७

४.१३ कार्यालय व्यवस्थापनसम्बन्धी कार्यहरु ........ १७

४.१४ प्रचार सामग्रीको निर्माण ........ १८

४.१५ विभिन्न जिल्लामा पीडितहरुसँग भेटघाट ........ १८

४.१६ सरोकारवालाहरुसँग आयोगको कार्यालयमा भेटघाट ........ २०

४.१७ दुई आयोगको संयुक्त बैठक सम्पन्न ........ २०

४.१८ विशिष्ट व्यक्तिहरुसंगको छलफल र भेटघाट ........ २०

४.१९ बेपत्ता पारिएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसका उपलक्षमा कार्यक्रम आयोजना ........ २१

४.२० बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा
विभिन्न निकाय र संस्थाले उल्लेख गरेको नामावलीको तुलनात्मक अध्ययन ........ २२

४.२१ सर्वोच्च अदालतबाट भएका फैसला लगायत अन्य सान्दर्भिक दस्तावेजको अध्ययन : ........ २६

४.२२ वैदेशिक भ्रमण तथा तालिम ........ २६

४.२३ आयोगबाट गरिएका निर्णयहरु ........ २६

परिच्छेद ५ आगामी दिनमा आयोगले गर्ने कार्य, समस्या र सुझाव

५.१ आगामी दिनमा आयोगले गर्ने कार्यहरु ........ ३७

५.१.१ उजूरी संकलन ........ ३७

५.१.२ कर्मचारीहरुको क्षमता विकास ........ ३७

५.१.३ उजूरी निवेदनमा प्रारम्भिक कारबाही ........ ३८

५.१.४ प्रारम्भिक अनुसन्धान ..... ३८

५.१.५ विस्तृत अनुसन्धान ..... ३८

५.१.६ पीडितसँग सहकार्य र पीडित मैत्री वातावरण कायम गर्ने ..... ३८

५.१.७ साक्षी तथा उजूरकर्ताको संरक्षण ..... ३९

५.१.८ छानविनमा विज्ञहरुको प्रयोग ..... ३९

५.१.९ छानविनमा वैज्ञानिक साधनको प्रयोग ..... ३९

५.१.१० सार्वजनिक सुनुवाई ..... ३९

५.१.११ पीडित तथा अन्य सरोकारवालाहरुसंग निरन्तर संवाद, सम्पर्क र समन्वय ..... ३९

५.१.१२ जिल्लाहरुमा पीडितसंग भेटघाट ..... ३९

५.१.१३ चेतनामूलक कार्यक्रम र प्रचारप्रसार ..... ४०

५.१.१४ परिपूरणको सिफारिस ..... ४०

५.१.१५ मुद्दा चलाउन लेखी पठाउने ..... ४०

५.१.१६ पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने ..... ४०

५.१.१७ प्रतिवेदन प्रस्तुति ..... ४०

५.२ आयोगले व्यहोर्नु परेका समस्या तथा चुनौतीहरु ..... ४१

५.२.१ कानुनी समस्याहरु ..... ४१

५.२.२ भौतिक र आर्थिक स्रोत साधनसंग सम्बन्धित समस्याहरु ..... ४१

५.२.३ कर्मचारीको पूर्ति र आयोगमा कार्यरत जनशक्तिको उत्प्रेरणासंग सम्बन्धित समस्याहरु ..... ४२

५.२.४ जनशक्तिको क्षमता विकाससंग सम्बन्धित समस्याहरु ..... ४२

५.२.५ विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोगसंग सम्बन्धित समस्याहरु ..... ४२

५.२.६ दैवि प्रकोप र अन्य कारणले सृजित समस्याहरु ..... ४२

५.२.७ समयावधिको सीमितताको समस्या ..... ४३

५.३ सुझावहरु ..... ४३

५.३.१ कानुनमा सुधार र आवश्यक कानुनको तर्जुमा ..... ४३

५.२.२ महासन्धिको पक्ष हुनु पर्ने ..... ४४

५.२.३ नेपाल सरकारबाट प्राथमिकताको नीति अवलम्बन ........ ४४
५.२.४ नेपाल सरकार अन्तर्गतका निकायबाट आयोगलाई आवश्यक सहयोगको प्रतिबद्धता ........ ४५
५.३.५ भौतिक र आर्थिक स्रोत साधनको उपलब्धताको सुनिश्चितता ........ ४५
५.३.६ जनशक्तिको समयमै पूर्ति ........ ४५
५.३.७ आयोगमा कार्यरत जनशक्तिलाई उत्प्रेरित गर्नु पर्ने ........ ४५
५.३.८ जनशक्तिको क्षमता विकास ........ ४५
५.२.९ विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोग गर्न सक्षम बनाउने ........ ४६
५.२.१० पीडित लगायतका सरोकारवालाहरुको सहयोग ........ ४६

**अनुसूचीहरु**

अनुसूची १ वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
बैठक सम्बन्धीत अन्य कार्यविधि,२०७१ ........ ४७
अनुसूची २ बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगका पदाधिकारीको आचार संहिता, २०७२...५४
अनुसूची ३ बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्यक्षेत्र र प्रकृया ........ ५८
अनुसूची ४ बेपत्ता पारिएका व्यक्तिको छानविन
आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७२ ........ ६३
अनुसूची ५ बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली,२०७२ ........ ९२
अनुसूची ६ विज्ञको छनौट तथा सुविधा एंव आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ ........ ११७
अनुसूची ७ बेपत्ता पारिएका व्यक्तिको छानविन सम्बन्धी निर्देशिका मस्यौदा,२०७२ ........ १२२
अनुसूची ८ बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप
आयोग ऐन,२०७१ आवश्यक संसोधन गर्ने सम्बन्धमा अध्ययन गर्न गठित
कार्यटोलीले प्रस्तुत गरेको प्रतिवेदन ........ १४४
अनुसूची ९ व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक ....१४७
अनुसूची १० बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको संचार नीति, २०७२........ १५८
अनुसूची ११ बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग बाट प्रकाशित प्रचार सामग्री ........ १६०
अनुसूची १२ बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरु १६४
**आयोगका क्रियाकलाप झल्काउने तस्वीरहरु ........ १६५**

## परिच्छेद–१

## प्रारम्भिक

### १.१ परिचय

नेपालमा २०५२ सालदेखि २०६३ सालसम्म भएको सशस्त्र द्वन्द्वलाई समाप्त गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच मिति २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख भएको, यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुको पहिचान तथा उनीहरुलाई राहत उपलब्ध गराउने कुरा उल्लेख छ ।विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने र संस्थागत सुधारको उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१सोही साल वैशाख २८ गते जारीभई मिति २०७१साल माघ २८ गते अध्यक्षसहित पाँच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २७को उपदफा (२) मा आयोगले छानविन गरिसकेको बिषयमा नेपाल सरकारसमक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । आयोगले छानविन कार्यकोप्रारम्भ गरिनसकेको भएतापनि आयोगको गठन भएपछि यसले एक बर्षको अवधिमा सम्पादन गरेका कार्यहरु, कार्यसम्पादनगर्दा आइपरेका समस्याहरु र तिनको समाधानका लागि गर्नु पर्ने कार्यको सुझाव प्रस्तुत गर्ने प्रयोजनकालागि यो प्रतिवेदन तयार गरिएको छ ।

### १.२ प्रतिवेदनको उद्देश्य

प्रस्तुत प्रतिवेदनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- आयोग गठन भएपछि एकवर्षको अवधिमा भए गरेका कामकारबाहीहरुबारे नेपाल सरकारसमक्ष जानकारी प्रस्तुत गर्ने,
- आयोगले कार्यसम्पादनमा भोग्नु परेका समस्या र तिनको समाधानका उपायहरुबारे सुझाव प्रस्तुत गर्ने,
- आयोगले भविष्यमा गर्ने कार्यहरु बारे जानकारी प्रस्तुत गर्ने,

- कानुनी प्रवन्ध लगायत अन्य आवश्यक सुझावहरु प्रस्तुत गर्ने ।

### १.३ प्रतिवेदन तयारीको विधि

प्रस्तुत प्रतिवेदनमा विवरणात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । आयोगले सम्पादन गरेका काम लगायतका विस्तृत विवरणहरु यसमा समावेश गरी आवश्यकतानुसार तिनको विश्लेषण समेत गरिएको छ । यो प्रतिवेदन तयार गर्दा प्रचलित ऐन, प्रस्तावित नियमावली समेतलाई आधार लिइएको छ ।

### १.४ प्रतिवेदनको सीमा

प्रस्तुत प्रतिवेदन अन्तिम प्रतिवेदन नभै आयोग गठन भएपछिको एक बर्षमा भएका कार्यहरु, आयोगले सामना गरेका समस्या र सुझावहरु प्रस्तुत गर्ने कार्यमा सीमित रहेको छ । छानविनको कार्य प्रारम्भ भै नसकेको हुंदा सो लगायत अन्तिम प्रतिवेदनमा समावेश गर्नु पर्ने कुराहरु यसमा समावेश छैनन् ।

### १.५ प्रतिवेदनको स्वरुप

प्रस्तुत प्रतिवेदन पाँच परिच्छेदमा विभक्त छ जसमा विभिन्न अनुसूचीहरु पनि समावेश गरिएको छ ।

| परिच्छेद | बिषय |
|---|---|
| पहिलो | प्रारम्भिक |
| दोस्रो | आयोगको गठन, क्षेत्राधिकार र कार्य पद्दती |
| तेस्रो | आयोगको भौतिक, आर्थिक र जनशक्तिसम्बन्धी अवस्था |
| चौथो | आयोगले हालसम्म सम्पादन गरेका कार्यहरु |
| पाँचौ | आगामी दिनमा आयोगले गर्ने कार्य तथा समस्या र सुझाव |

**अनुसूचीहरु**

# परिच्छेद २

## आयोगको गठन, क्षेत्राधिकार र कार्य पद्धति

### २.१ आयोगको गठन

सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको वास्तविक स्थिति सार्वजनिक गर्न, व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध भएकोले सो कार्यमा संलग्न व्यक्तिहरुको बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि र संस्थागत सुधारको सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारी भई मिति २०७१साल माघ २८ गते अध्यक्ष सहित पांच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

**आयोगका पदाधिकारीहरु**

| | |
|---|---|
| लोकेन्द्र मल्लिक | अध्यक्ष |
| विजुल वि.क.दुलाल | सदस्य |
| प्रा.डा. विष्णु पाठक | सदस्य |
| नरकुमारी गुरुङ्ग | सदस्य |
| आई बहादुर गुरुङ्ग | सदस्य |

यस आयोगमा नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको कर्मचारीले सचिवको रुपमा काम गर्ने व्यवस्था अनुरुप हाल महेश शर्मा पौडेल उक्त पदमा कार्यरत हुनुहुन्छ ।

### २.२ आयोगको काम, कर्तब्य र अधिकार

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसातगरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि र संस्थागत सुधारको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको हो ।

मंसीर ५, २०६३ मा नेपाल सरकार र नेपाल कम्यूनिष्ट पार्टी माओवादी बीच भएको विस्तृत शान्ति सम्झौताले औपचारिक रुपमा वर्षौंदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई समाप्त गर्यो । अन्य धेरै सम्झौताहरुको कार्यान्वयनसँगै विस्तृत शान्ति सम्झौताले औपचारिक रुपमा पूर्व माओवादी सेनाका लडाकुहरुलाई ठूलो संख्यामा समाजमा तथा सानो संख्यामा नेपाली सेनामा समायोजन गर्यो । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको स्थापना नेपालको शान्ति प्रक्रियालाई समापन गर्ने अन्तिम चरण हो । आयोगले खासगरी निम्न बमोजिमको जिम्मेवारीहरु पूरा गर्ने उद्देश्य लिएको छः

- उपलब्ध भएसम्मका सशस्त्र द्वन्द्वसँग सम्बन्धित सामग्रीहरुको अध्ययन गर्ने ।
- पीडितका परिवार लगायतका व्यक्तिहरुसंग उजूरी निवेदन आह्वान गर्ने ।

- व्यक्ति बेपत्ता पार्नुको कारण, प्रकृति र स्तरको सत्यता जाँच गरी अभिलेख राख्ने ।
- पीडितको अवस्थाको बारेमा छानविन गर्ने,
- पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने,
- पीडितका परिवारहरुको लागि परिपूरणको सिफारिस गर्ने,
- व्यक्ति बेपत्ता पार्ने काममा संलग्न देखिएका व्यक्तिका विरुद्ध मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउने र
- संस्थागत सुधारको सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिमयस आयोगलाई निम्न बमोजिमकाम, कर्तव्य र अधिकारहरु तोकिएका छन्:

- बेपत्ता पारिएका व्यक्ति सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित तथा पीडकको यकीन गर्ने,
- पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणकोलागि सिफारिस गर्ने,
- पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,
- कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय गर्ने,
- आयोगले छानविन गर्दा देहायको काम गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरह देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्छ :
  - कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,
  - साक्षी बुझ्ने तथा वकपत्र गराउने,
  - कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,
  - प्रमाण बुझ्ने,
  - स्थलगत निरीक्षण गर्ने वा गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने ।
- सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य कुनै माध्यमबाट त्यस्तो साक्षी वा व्यक्तिको बकपत्र वा बयान गराउन सक्ने ।
- कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा उपयुक्त सम्झेमा मनासिव समय तोक्न सक्ने ।
- आयोगले आफ्नो छानविन सम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्ने ।

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिउपर यस ऐन बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा राखिरहँदा निजले प्रमाण लोप गर्ने सम्भावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्त सम्बन्धी कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्ने ।
- बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो स्थानको उत्खनन् गरी वास्तविकता पत्ता लगाउन सक्नेछ । उत्खनन् व्यवस्थित रुपले गर्नु पर्नेछ र त्यसरी उत्खनन् गर्दा कुनै व्यक्तिको शव वा अवशेष फेला परेमा आयोगले सम्भव भएसम्म त्यस्तो शवको डी.एन.ए. वा शव परीक्षण समेत गरी त्यस्तो शव वा अवशेष मृतकको परिवारको सदस्य उपलब्ध भएमा निजलाई बुझाउनु पर्ने ।
- आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा वा त्यसरी अनुरोध नगरेपनि त्यस्तो व्यक्ति वा आयोगलाई सहयोग पुऱ्याउने वा आयोगमा कार्यरत कुनै व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्नु पर्ने र उक्त कार्यमा आवश्यकता अनुसार नेपाल सरकारको सहयोग लिन सक्ने ।
- कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारबाही नगरिने तथा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्ने ।
- आयोगमा बयान वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्ने ।
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्ने ।
- सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा त्यस्तो कर्मचारीलाई निज सरुवा हुन सक्ने निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने।
- साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण गर्ने ।
- मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्ने,
- आफ्नो काम कारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्न सक्ने ।
- आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्न सक्नेछ । तर त्यस्तो उजूरीको

सम्बन्धमा कारबाही गर्नु पर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा सो उजूरी उपर छानविन गर्न सक्ने ।

- छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।
- आयोगले पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नु पर्ने,
- पीडितको मृत्यु भैसकेको अवस्थामा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइने,
- कब्जा भएको सम्पत्ति फिर्ताको लागि सिफारिस गर्ने तथा त्यसरी पीडितको सम्पत्ति कब्जा वा जफत भएको कारण हुन गएको वास्तविक क्षति यकिन गरी नेपाल सरकारबाट पीडितलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने,
- दोषीलाई कारबाहीको लागि सिफारिस गर्न सक्ने,
- आयोगले आफ्नो कार्य सम्पन्न गरे पश्चात नेपाल सरकार समक्ष प्रतिवेदन गर्नुपर्ने ।

## २.३ आयोगको कार्य पद्धति

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्य पद्धति आन्तरिक व्यवस्थापन, उजूरीको आह्वान, प्रमाणहरुको संकलन, आवश्यकतानुसार पीडितको परिवारको डि.एन.ए.संकलन एवं पीडितको शरीर गाडिएको ठाँउ वा चिहानको पहिचान, उत्खनन्,तथ्य एवं कानूनको बिश्लेषण तथा सिफारिस एवं सुझाव आदि चरणहरुमा अघि बढाइनेछ ।

आन्तरिक व्यवस्थापन अर्न्तगत नियम एवं कार्यविधिहरुको निर्माण, कार्यालय सामग्रीहरु खरिद, आवश्यक कर्मचारीको आपूर्ती, प्रारम्भिक तथ्यांकहरुको संकलन तथा सन्दर्भ सामग्रीहरुको अध्ययन जस्ता कार्यहरु पर्दछन् । हाल आयोगले यीनै कार्यहरु गरिरहेको छ ।

यसैगरी उजूरीको आव्हान अन्तर्गत बेपत्ता पारिएका व्यक्तिको छानविन गर्ने कामको लागि आयोगले पीडित वा निजको तर्फबाट उजूरी माग गर्ने, त्यस्तो सूचनामा उजूरी दिने अवधि र स्थान समेत उल्लेख गरी टेलिभिजन, रेडियो, पत्र पत्रिका लगायतका संचार माध्यमबाट प्रचार प्रसार गरिनेछ । उजूरी दिन चाहने व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगमा उपस्थित भई वा हुलाक वा इमेल वा अन्य विद्युतिय माध्यमबाट समेत उजूरी दिन पाउने व्यबस्था गरिने छ । बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएका जानकारी समेतलाई उजूरीको रुपमा लिन सक्ने तथा कसैले मौखिक रुपमा उजूरी दिन चाहेमा आयोगले उजूरीकर्ताले भनेको कुराहरु लिपिबद्ध गरिदिने समेतको व्यबस्था गरिने र उजूरी दिने व्यक्तिलाई सो को निस्सा समेत उपलब्ध गराइने छ ।

उजूरी लिनको लागि प्रत्येक जिल्लाको स्थानीय शान्ति समितिमा उजूरी संकलन केन्द्र राख्ने आयोगको सोचाई रहेको छ । उजूरी दर्ता गर्ने काममा संलग्न कर्मचारीहरुलाई सम्भव भएसम्म उजूरी आव्हान गर्नुभन्दा पहिले नै सूचना संकलन तथा अनुसूची फाराम भर्नको लागि अभिमुखिकरण तालीम दिइने छ ।

उजूरी दिन तोकिएको म्याद सकिएमा आयोगले थप गरिदिएको म्यादभित्र उजूरी दिन सक्नेछन् तर आयोगको दुईवर्षे कार्यकाल पूरा हुन बांकी रहेको छ महिनाभित्र पर्ने गरी उजूरी दिने म्याद थपिने छैन ।

उजूरी दिने क्रममा बालबालिका, जेष्ठ नागरिक, अपांग तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न विशेष व्यवस्था गर्ने पनि आयोगको सोचाइ रहेको छ । आयोगले उपलव्ध गराएको टेलिफोन नं.,टोल फ्री नं. र इन्टरनेट मार्फत सिधै सम्पर्क गर्न सक्ने व्यबस्था पनि गरिनेछ ।

आरोपित व्यक्तिको श्रव्यदृश्य बयान रेर्कड गर्न, पीडित परिवार तथा चिहान उत्खनन् प्रक्रियाको अभिलेख राख्ने जस्ता कार्यहरुमा विद्युतीय श्रव्यदृश्य प्रविधि अपनाइनेछ । छानविनको क्रममा आवश्यकतानुसार श्रव्यदृश्य सम्वन्धी साम्रगीहरु तथा विशेषज्ञहरुको समेत सेवा लिइनेछ । सत्य तथ्य पत्ता लगाउने कार्यमा आयोग वा अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने व्यक्ति, संगठन, निकाय वा संस्थालाई पुरस्कृत गरिनेछ ।

छानविनको सिलसिलामा आवश्यक परे सम्भावित चिहानको उत्खनन् समेत गरिनेछ । यसका लागि स्थलगत निरीक्षण शुरु गर्नु पूर्व दक्ष प्राविधिकहरु सहितको साधन सम्पन्न विधिविज्ञान प्रयोगशालाको सहयोग लिइनेछ । त्यसरी स्थलगत निरीक्षणमा जाने समूहमा आवश्यकतानुसार पोष्टमार्टम चिकित्सक, पुरातत्वविद, मानवशास्त्री, प्याथोलोजिष्ट तथा अन्य सम्वन्धित विशेषज्ञहरु समावेश हुनेछन् ।

उत्खनन् गर्नु पूर्व संभव भएसम्म प्रत्येक पीडितका परिवारका सदस्यहरुको डि.एन.ए.संकलन गरी डि.एन.ए.बैक स्थापना गर्न पर्ने अवस्था पनि आयोगले पहिचान गरेको छ । उत्खनन्का क्रममा पाइएका अवशेष वा प्राप्त डि.एन.ए. लाई तथ्यांक बैकमा रहेको नमूनासँग भिडाइनेछ । उत्खनन्को अवशेषबाट डि.एन.ए. निकाल्ने कार्य सम्पन्न भइसकेपछि सो अवशेष अन्तिम संस्कारकालागिसम्बन्धित पीडितका परिवारलाई हस्तान्तरण गरिने छ ।

## २.४ यस आयोगको कार्यक्षेत्र

आयोगले हालसम्म उजूरी आव्हान गरिसकेको अवस्था नभएको हुंदा बेपत्ता पारिएका व्यक्तिको संख्या यति नै हो भनी यकिनका साथ भन्न सकिने अवस्था छैन । तापनि नेपाल सरकारद्वारा गठित व्यक्ति, परिवार तथा भौतिक संरचनाको लगत संकलन कार्यदलबाट प्राप्त हुन आएको अभिलेख अनुसार नेपालका ७५ मध्ये ७० जिल्लामा व्यक्ति बेपत्ता पारिएका घटना भएको भन्ने देखिन आएकोछ । उक्त अभिलेख अनुसार बर्दिया, बांके, दाङ, रोल्पा, काभ्रेपलान्चोक, कन्चनपुर, सल्यान, सिराहा, सिन्धुपाल्चोक, कैलाली, बैतडी, धादिङ, काठमाडौं, चितवन, कालीकोट, गोरखा, नुवाकोट, बाग्लुङ, रामेछाप, तनहूँ र झापा गरी २१ जिल्लाहरु बढी प्रभावित क्षेत्रको रुपमा रहेको देखिन आएतापनि आयोगले छानविन कार्य नेपाल राज्यभर गर्नेछ ।

# परिच्छेद ३

## आयोगको भौतिक, आर्थिक र जनशक्तिको अवस्था

**३.१ भौतिक अवस्था :**

आयोग गठन हुंदा आयोगको कार्यालय संचालनका लागि भवनको कुनै व्यवस्था नेपाल सरकारवाट हुन नसकेको कारण करिब ८ महिना सिंहदरवारस्थित तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालय हाल स्थानीय विकास मन्त्रालय रहेको भवनको ३ वटा कोठामा अत्यन्त कठीनाइका साथ कार्यालय संचालन गर्नु परेको थियो । यस आयोगलाई २०७२ भाद्र महिनाको तेस्रो सातादेखि कर्मचारी संचय कोष पुल्चोकको भवनको बि ब्लकको तेस्रो तल्लामा४८८७ वर्ग फिट क्षेत्रफलमा कार्यालय स्थापना गरी पदाधिकारीहरुका लागि कार्यकक्ष तयार गरिएको र कर्मचारीका लागि पनि कार्यकक्षहरु निर्माण (पार्टेशन) गर्ने प्रकृया अगाडि वढीरहेको छ । गत वर्ष कार्यालयका लागि आवश्यक फर्निचर, कम्प्युटर लगायतका केही सामग्रीहरु खरिद भएकोमा यसबर्ष पनि केही सामग्री खरिद गर्ने कार्यक्रम रहेको छ । कार्यालयको भौतिक सामग्रीको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि.न. | जि.खा.पा.नं | समानको विवरण | परिमाण | हस्तान्तरण प्राप्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | डेक्सटप कम्प्यूटर | २३ | १ | |
| २ | २,३ | प्रिन्टर | २६ | २ | |
| ३ | ४ | भ्याकुम क्लिनर | १ | | |
| ४ | ५ | स्टील दराज | १२ | १ | |
| ५ | ६ | मल्टिमिडिया | १ | | |
| ६ | ७ | फोटोकपी मेशिन | १ | | |
| ७ | ८ | स्क्यानर मेसिन | १ | १ | |
| ८ | ९ | फ्याक्स मेसिन | २ | | |
| ९ | १० | यु.पि.एस. | ५ | | |
| १० | ११-१४ | महिन्द्रा स्कोर्पियो गाडी | ४ | | |
| ११ | १५ | एक्जुकेटिभ टेबल | ९ | | |
| १२ | १६ | एक्जुकेटिभ रिभल्भिङ्ग कुर्सी | ८ | | |
| १३ | १७ | अफिस रिभल्भिङ्ग कुर्सी | २३ | ३ | |
| १४ | १८ | अफिस टेबल | २५ | ५ | |
| १५ | १९ | मिटिङ्ग टेबल | ३ | १ | |
| १६ | २० | सोफा सेट | १० | २ | |
| १७ | २१ | टि टबुल | १२ | २ | |
| १८ | २२ | कोट ह्याङ्गर | १० | | |

| सि.न. | जि.खा.पा.नं | समानको विवरण | परिमाण | हस्तान्तरण प्राप्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १९ | २३ | प्रतिक्षालय कुर्सी | ६ | | |
| २० | २४ | कम्प्युटर टेवल | १४ | १ | |
| २१ | २५ | फायल र्‍याक | ६ | | |
| २२ | २६ | मिटिङ्ग कुर्सी | २५ | | |
| २३ | २७ | महिन्द्रा स्कोर्पियो गाडी | १ | १ | |
| २४ | २८ | जेली कार | १ | १ | |
| २५ | २९ | किया स्पोर्टेज जीप | १ | १ | |
| २६ | ३० | ल्यापटप कम्प्यूटर | ७ | | |
| २७ | ३१ | स्टील बुक केश | ३ | | |
| २८ | ३२ | ग्यास सिलिण्डर | १ | | |
| २९ | ३३ | एयर कण्डिसनर | १ | | |
| ३० | ३४ | मोटरसाइकल | ३ | १ | |
| ३१ | ३५ | साइड टेबल | १ | १ | |
| ३२ | ३६ | काठको दराज | १ | १ | |

## ३.२ आर्थिक अवस्था

आ.ब. २०७१।०७२ मा यस आयोगलाई चालु तर्फ रु १,१५,८८,२००।- विनियोजिन भएकोमा रु ४८,६४,८६३।६४ रकम खर्च भएको छ । यसैगरी पुजिगत तर्फ रु २,५४,००,०००। विनियोजन भएकोमा रु २,०९,७६,८८५।- खर्च भएको छ ।

| बजेट रकम नं | रकम | स्वीकृत बजेट अंक | पुरक | | रकमान्तर | | | जम्मा बजेट | निकासा | खर्च | वांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | संकेत नं | थप | घट | | | | नगद | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| २१११ | तलब | ६००,000.00 | | | | १,४०२,000.00 | | २,००२,000.00 | १,३४१,९८०.१५ | १,३४१,९८०.१५ | - | ६६०,०१९.८५ | |
| २१११३ | महंगी भत्ता | १२,000.00 | | | | १५,000.00 | | २७,000.00 | २७,000.00 | २७,000.00 | - | - | |
| २१११९ | अन्य भत्ता | २,५००,000.00 | | | | ९००,000.00 | | ३,४००,000.00 | ८१५,000.00 | ८१५,000.00 | - | २,५८५,000.00 | |
| २११२१ | पोशाक | ३७,५००.00 | | | | - | | ३७,५००.00 | - | - | - | ३७,५००.00 | |
| २२१११ | पानी तथा धारा विजुली | | | | | १००,000.00 | | १००,000.00 | ८,२०३.00 | ८,२०३.00 | - | ९१,७९७.00 | |
| २२११२ | संचार महसूल | ५०,000.00 | | | | ५०,000.00 | | १००,000.00 | ३१,१४९.५५ | ३१,१४९.५५ | - | ६८,८५०.४५ | |
| २२१२१ | घर भाडा | | | | | ३६५,000.00 | | ३६५,000.00 | ३६४,९६५.५२ | ३६४,९६५.५२ | - | ३४.४८ | |
| २२१२२ | अन्य भाडा | ८००,000.00 | | | | २००,000.00 | | १,000,000.00 | १०४,५१६.00 | १०४,५१६.00 | - | ८९५,४८४.00 | |
| २२२११ | इन्धन | ५००,000.00 | | | | ३००,000.00 | | ८००,000.00 | ५१०,३३०.00 | ५१०,३३०.00 | - | २८९,६७०.00 | |
| २२२१२ | संचालन तथा मर्मत सम्भार | ३००,000.00 | | | | ५०,000.00 | | ३५०,000.00 | ३३८,११३.४५ | ३३८,११३.४५ | - | ११,८८६.५५ | |
| २२२१३ | वीमा | १०,000.00 | | | | ४०,000.00 | | ५०,000.00 | - | - | - | ५०,000.00 | |
| २२३११ | कार्यालय सम्वन्धी ख. | ६००,000.00 | | | | - | | ६००,000.00 | ५९९,९१२.00 | ५९९,९१२.00 | - | ८८.00 | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ४०,000.00 | | | | १५०,000.00 | | १९०,000.00 | - | - | - | १९०,000.00 | |
| २२४११ | सेवा र परामर्श खर्च | ४००,000.00 | | | | - | | ४००,000.00 | २४०,८००.00 | २४०,८००.00 | - | १५९,२००.00 | |
| २२४१२ | अन्य सेवा शुल्क | १००,000.00 | | | | २००,000.00 | | ३००,000.00 | ६६,१४४.९७ | ६६,१४४.९७ | - | २३३,८५५.०३ | |
| २२५१२ | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | | | | | ६३५,000.00 | | ६३५,000.00 | - | - | - | ६३५,000.00 | |
| ‹२२ | कार्यक्रम खर्च | ३००,000.00 | | | | - | | ३००,000.00 | ५२,५२२.00 | ५२,५२२.00 | - | २४७,४७८.00 | |
| २२६१२ | भ्रमण खर्च | ३००,000.00 | | | | - | | ३००,000.00 | ७४,९२५.00 | ७४,९२५.00 | - | २२५,०७५.00 | |
| २२७११ | विविध खर्च | ६३१,७००.00 | | | | - | | ६३१,७००.00 | २८९,३०२.00 | २८९,३०२.00 | - | ३४२,३९८.00 | |
| | जम्मा | ७,१८१,२००.00 | | | | ४,४०७,000.00 | - | ११,५८८,२००.00 | ४,८६४,८६३.६४ | ४,८६४,८६३.६४ | - | ६,७२३,३३६.३६ | |

| खर्च शिर्षक नं | रकम | स्वीकृत बजेट अंक | पुरक | | रकमान्तर | | | जम्मा बजेट | निकासा | खर्च | वांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | संकेत नं | थप | घट | | | | नगद | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| २९३११ | फर्निचर तथा फिक्सचर्स् | | | | | ४,000,000.00 | | ४,000,000.00 | १,७०२,९२५.00 | १,७०२,९२५.00 | - | २,२९७,०७५.00 | |
| २९४११ | सवारी साधन | | | | | १७,४००,000.00 | | १७,४००,000.00 | १७,४००,000.00 | १७,४००,000.00 | - | - | |
| २९५११ | मेसिनरी औजार | २,०१४,000.00 | | | | २,000,000.00 | | ४,०१४,000.00 | १,८७३,९६०.00 | १,८७३,९६०.00 | - | २,१४०,०४०.00 | |
| २९६११ | सार्वजनिक निर्माण | | | | | २,000,000.00 | | २,000,000.00 | - | - | - | २,000,000.00 | |
| | जम्मा | २,०१४,000.00 | | | | २५,४००,000.00 | | २७,४१४,000.00 | २०,९७६,८८५.00 | २०,९७६,८८५.00 | - | ६,४३७,११५.00 | |

| सि. नं | राजस्व शीर्षक नं | उपशीर्षक | लगती | लगती कट्टा मिन्हा | कायमी लगत | राजस्व आम्दानी | | | संचित कोष दाखिला | बांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लगती | हसवली | जम्मा | | लगत | नगद | |
| | | गत आ.ब को | | | | ० | ० | ० | ० | | | |
| | | यस आ.ब को | | | | | | | | | | |
| १ | १४२२७ | टेण्डर फारम बिक्रि | | | | ०।०० | ३५०००।०० | ३५०००।०० | ३५०००।०० | | | |
| | | | | | | | | | | | | |
| | | जम्मा | | | | ०।०० | ३५०००।०० | ३५०००।०० | ३५०००।०० | | | |
| | | कुल जम्मा | | | | ०।०० | ३५०००।०० | ३५०००।०० | ३५०००।०० | | | |

आ.ब. २०७२।०७३ मा यस आयोगलाई चालु तर्फ रु ५,१५,३४,४६०।- विनियोजिन भएकोमा रु.८४,१०,०१२।- रकम खर्च भएको छ । यसैगरी पुजिगत तर्फ रु ७४,६०,०००। विनियोजन भएकोमा रु.३,८७,८००।- खर्च भएको छ । यस्को विस्तृत विवरण देहाय बमोजिम छ :

**पौष**

आ.ब.२०७२।०७३ म.ले.प.फा.नं. १३


ब.शि.नं.३४९०११३ चालु खर्च कार्यालय कोड नं. २८.३४९.०१

| यस महिनाको खर्च | यस महिना सम्मको निकासा | बजेट रकम रकम नं. | बजेट रकम | बजेट रकम (बार्षिक) | यस महिनासम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|---|
| ४५२,६५४।०२ | २,६९५,६३४।०४ | २१११९ | तलब | १९,०४९,०००।०० | २,६९५,६३४।०४ | १६३५३३६५।९६ |
| २२,०००।०० | ६८,०००।०० | २१११३ | महंगी भत्ता | ४३२,०००।०० | ६८,०००।०० | ३६४०००।०० |
| २१३,०००।०० | ३७०,५००।०० | २१११९ | अन्य भत्ता | ३,४७०,०००।०० | ३७०,५००।०० | ३०९९५००।०० |
| ( | ७,५००।०० | २११२१ | पोशाक | २७१,०००।०० | ७,५००।०० | २६३५००।०० |
| ७,३१७।०० | १६,९५४।५४ | २२१११ | पानी तथा धारा विजुली | ७०२,०००।०० | १६,९५४।५४ | ६८५०४५।४६ |
| ५६,९२२।०० | १८५,८४७।०० | २२११२ | संचार महसूल | ४६२,०००।०० | १८५,८४७।०० | २७६१५३।०० |
| ७२,०००।०० | ३६०,०००।०० | २२१२१ | घर भाडा | ४,४६४,०००।०० | ३६०,०००।०० | ४१०४०००।०० |
| ( | १,४८५,९७१।५२ | २२१२२ | अन्य भाडा | १,९९६,४६०।०० | १,४८५,९७१।५२ | ५१०४८८।४८ |
| १२०,०३८।०० | ६६२,५१०।२० | २२२११ | इन्धन | १,७१२,०००।०० | ६६२,५१०।२० | १०४९४८९।८० |
| १०९,२६३।०० | १५७,९४५।४६ | २२२१२ | संचालन तथा मर्मत सम्भार | ५९३,०००।०० | १५७,९४५।४६ | ४३५०५४।५४ |
| ( | २०,३७५।०० | २२२१३ | वीमा | २०५,०००।०० | २०,३७५।०० | १८४६२५।०० |
| ७९,०१३।०० | १,१००,५४३।०० | २२३११ | कार्यालय सम्वन्धी ख. | ३,५६४,०००।०० | १,१००,५४३।०० | २४६३४५७।०० |
| ( | ( | २२३१४ | इन्धन अन्य प्रयाजन | २१०,०००।०० | ( | २१००००।०० |
| ( | ( | २२३२१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च | १,०००,०००।०० | ( | १००००००।०० |
| ४,८००।०० | ४,८००।०० | २२४११ | सेवा र परामर्श खर्च | १,०००,०००।०० | ४,८००।०० | ९९५२००।०० |
| ३१६,५०२।०० | ९६६,०६०।१० | २२४१२ | अन्य सेवा शुल्क | ४,८०८,०००।०० | ९६६,०६०।१० | ३८४१९३९।९० |
| ( | ( | २२५११ | कर्मचारी तालिम | १,०००,०००।०० | ( | १००००००।०० |
| ( | ( | २२५१२ | सिप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च | ३,०००,०००।०० | ( | ३००००००।०० |
| ( | ( | २२५२२ | कार्यक्रम खर्च | १,०००,०००।०० | ( | १००००००।०० |
| ८,७५०।०० | ५६,७५०।०० | २२६११ | अनुगमन मूल्यांकन खर्च | १,८६०,०००।०० | ५६,७५०।०० | १८०३२५०।०० |
| १५,५९७।०० | ७२,२९७।०० | २२६१२ | भ्रमण खर्च | १००,०००।०० | ७२,२९७।०० | २७७०३।०० |
| १०,२२३।०० | १७८,३२५।०० | २२७११ | विविध खर्च | ६३६,०००।०० | १७८,३२५।०० | ४५७६७५।०० |
| १,४८८,०७९।०२ | ८,४१०,०१२।८६ | | जम्मा | ५१,५३४,४६०।०० | ८,४१०,०१२।८६ | ४३,१२४,४४७।१४ |

## ३.३ संगठनात्मक संरचना

आयोगका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण भै आयोगमा रहने महाशाखा तथा शाखाहरु तथा कर्मचारीको अस्थायी दरबन्दी समेत नेपाल सरकारबाट स्वीकृत भै सकेको छ। आयोगमा अध्यक्ष तथा ४ जना सदस्य, १ जना सचिबको व्यबस्था छ भने यसमा २ वटा महाशाखा र ६ वटा शाखाहरु रहेका छन् जसलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।




## ३.४ जनशक्तिको अवस्था

नेपाल सरकारबाट आयोगका लागि ७० जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत भएको छ। आयोगका लागि आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्दा नेपाल सरकारद्वारा गठित व्यक्ति, परिवार तथा भौतिक संरचनाको लगत संकलन कार्यदलबाट प्राप्त अभिलेखमा देखिन आएको बेपत्ता पारिएका व्यक्तिको संख्यालाई आधार मानिएको छ। आयोगले उजुरी आव्हान गर्दा हाल प्रक्षेपण गरेको उजुरी संख्यामा बढ हुन आएमा आयोगलाई थप जनशक्ति आवश्यक पर्ने हुन्छ। आयोगलाई चाहिने जनशक्ति उपलब्ध गराउने जिम्मेवारी ऐनले नेपाल सरकारलाई सुम्पिएको छ। सो बमोजिम नेपाल सरकारले आवश्यक जनशक्ति उपलब्ध गराउन नसकेमा आयोगले करारमा नियुक्त गर्नु पर्ने हुन्छ। सोही अनुरुप आयोगले नेपाल सरकारसमक्ष विभिन्न सेवा समूहका कर्मचारी माग गरी पत्राचार गरिएको भए तापनि हालसम्म माग बमोजिमका सबै कर्मचारी उपलब्ध हुन सकेको छैन। नेपाल सरकारबाट यस आयोगका लागि स्वीकृत दरबन्दी देहाय बमोजिम रहेको छ।

# जनशक्तिको विवरण

| सि.नं. | पद, नाम | श्रेणी | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्तिको अवस्था | | दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ति | रिक्त | |
| १ | सचिव | रा.प.विशिष्ट | नेपाल न्याय | | | १ | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सा.प्र. | | | १ | १ |
| ३ | सहसचिव | रा.प.प्रथम | नेपाल न्याय | सरकारी वकील | | १ | | १ |
| ४ | उपसचिव | रा.प द्वितीय | नेपाल प्रशासन | सा.प्र. | | | २ | २ |
| ५ | उपसचिव | रा.प द्वितीय | नेपाल न्याय | कानून | | | १ | १ |
| ६ | उपसचिव | रा.प द्वितीय | नेपाल न्याय | सरकारी वकील | | १ | ३ | ४ |
| ८ | शा.अ. | रा.प.तृतीय | नेपाल प्रशासन | सा.प्र. | | १ | ५ | ६ |
| ९ | शा.अ. | रा.प.तृतीय | नेपाल न्याय | न्याय | | | १ | १ |
| १० | शा.अ. | रा.प.तृतीय | नेपाल न्याय | कानून | | | २ | २ |
| ११ | शा.अ. | रा.प.तृतीय | नेपाल न्याय | सरकारी वकील | | १ | २ | ३ |
| १२ | ले. अ. | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | | १ | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | लेखापाल | रा.प.अनं.प्र. | नेपाल प्रशासन | लेखा | | १ | १ | २ |
| १४ | ना.सु. | रा.प.अनं.प्र. | नेपाल प्रशासन | सा.प्र. | | ४ | | ४ |
| १५ | ना.सु. | रा.प.अनं.प्र. | नेपाल न्याय | सरकारी वकील | | १ | २ | ३ |
| १६ | ना.सु. | रा.प.अनं.प्र. | नेपाल न्याय | न्याय | | | २ | २ |
| १७ | ना.सु. | रा.प.अनं.प्र. | नेपाल न्याय | कानुन | | | १ | १ |
| १८ | तामेलदार | रा.प.अनं.द्वि. | नेपाल न्याय | न्याय | | | ५ | ५ |
| १९ | क.अपरेटर | रा.प.अनं.प्र. | नेपाल विविध | | | २ | ३ | ५ |
| २० | ह.स.चा | | | | | ७ | ४ | ११ |
| २१ | का. स.(स्वीपर र माली समेत) | | | | | ४ | १० | १४ |
| **जम्मा** | | | | | | **२५** | **४५** | **७०** |

आयोगमा हाल पदाधिकारीका अतिरिक्त २५ जना कर्मचारी कार्यरत रहेको छन् । हाल कार्यरतपदाधिकारी तथा कर्मचारीहरुको विवरण अनुसूची १२ मा रहेको छ ।

## परिच्छेद ४
## आयोगले हालसम्म सम्पादन गरेका कार्यहरु

यस आयोगको गठन भएपछि आयोगका लागि आवश्यक पर्ने कार्यालय भवन, जनशक्ति उपलव्ध हुन नसकेको र आयोगको सचिव समेत लामो समयपछि मात्र नियुक्त भएको जस्ता समस्याका बावजुद पनि आयोगले यस अवधिमा आफनो मुख्य कार्य सम्पादन गर्नका लागि आवश्यक पर्ने आन्तरिक तयारीहरु पर्याप्त रुपमा गरेको छ । आयोगका लागि आवश्यक पर्ने भौतिक, कानुनी लगायतका पूर्वाधारहरु विकास गर्ने कार्य आयोगले सम्पादन गरेको छ । आयोगले नियमावली, कार्यविधि लगायतका विभिन्न सामग्रीहरु तयार गर्दा कुनै पनि कन्सल्टेन्ट खरिद नगरी आयोगको आन्तरिक जनशक्ति र नेपाल सरकारका अन्य निकायका जनशक्तिलाई नै प्रयोग गरिएको छ ।

### ४.१ आयोगको बैठक सम्बन्धी कार्यविधि तर्जुमा

आयोगको कार्य सुचारु गर्नका लागि आयोगको बैठक सम्बन्धी कार्य व्यवस्थित गर्नु आवश्यक हुन्छ । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ९ को उपदफा (८) मा आयोगको बैठक सम्बन्धी कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । आयोगको बैठक सम्बन्धी कार्यविधि अनुसूची १ मा दिइएको छ ।

### ४.२ आयोगका पदाधिकारीहरुको आचारसंहिता तर्जुमा

आयोगका पदाधिकारीहरुको आचरणलाई व्यवस्थित गरी आयोगको कार्यमा निष्पक्षता,पारदर्शितार विश्वसनियता कायम गर्न अति आवश्यक हुन्छ । त्यसैले आयोगले यसका पदाधिकारीहरुको आचारसंहिता तर्जुमा गरी लागू गरेको छ । आयोगले तर्जुमा गरी लागू गरेको आचार संहिता अनुसुची २ मा दिइएको छ ।

### ४.३ आयोगको कार्य क्षेत्र, प्रकृया र कार्ययोजना तर्जुमा

आयोगले योजनावद्ध र व्यवस्थित रुपमा आफ्नो कार्य संचालन गर्नका लागि २ बर्षको अवधिमा के के काम कुन कुन समयमा गर्ने भनी कार्ययोजना नै तर्जुमा गरी आयोगको वेभसाइट मार्फत सार्वजनिक समेत गरेको छ । यस कार्ययोजनामा आयोगको परिचय, यस आयोग गठनका उद्देश्यहरु, क्षेत्र, कार्यविधि, कार्य पद्धति, जनशक्ति व्यवस्थापन र कार्ययोजना जस्ता विषयहरु समावेश गरिएका छन् । आयोगका लागि आवश्यक नियमावली नेपाल सरकारबाट हालसम्म स्वीकृत भै नआएकोले यस कार्ययोजनाले निर्दिष्ट गरेको समयावधिअनुसार कार्य अगाडि बढाउन बाधा परेको छ । आयोगको कार्य क्षेत्र, प्रकृया र कार्ययोजना अनुसुची ३ मा समावेश गरिएको छ ।

### ४.४ संगठन तथा व्यवस्थापन सर्भेक्षण

निजामती सेवा ऐन, २०४९ को दफा ६ (क) ले कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरवन्दी सृजना गर्दा सम्वन्धित मन्त्रालयले कार्यक्रम, कार्यवोझ, कार्य प्रकृति तथा दरवन्दी थप गर्नुपर्ने कारण र सो को औचित्य, तथा उपलब्ध मानवश्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेको छ । यसको अलावा संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ ले यस सम्वन्धी प्रक्रिया निर्धारण गरेको छ । यिनै कानूनी पृष्ठभूमिमा यस आयोगलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण

गरी यो संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रस्ताव नेपाल सरकारमा पठाईएकोमा नेपाल सरकारबाट स्वीकृत भइसकेको छ । सो संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसूची ४ मा समावेश गरिएको छ ।

### ४.५.बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा तर्जुमा

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४मा नियम बनाउने अधिकारबारे उल्लेख गरिएको छ जसमा यस ऐनको कार्यान्वयन गर्न आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्ने उल्लेख छ । सोही प्रावधान अनुसार यस आयोगलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पादनको सिलसिलामा आवश्यक पर्ने बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदागरी स्वीकृतिका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत् नेपाल सरकारमा पठाइएकोमा हालसम्मस्वीकृत भई आई नसकेको कुरा माथिका प्रकरणहरुमा समेत उल्लेख गरिसकिएको छ । आयोगबाट नेपाल सरकारमा पठाएको नियमावलीकोमस्यौदा अनुसूची ५ मा समावेश गरिएको छ ।

### ४.६ विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ तर्जुमा

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३२(१) मा आयोगले यस ऐन बमोजिम कुनै काम गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित विषयका स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिन सक्ने व्यवस्था भएको, सोही ऐनको उपदफा (२) मा उपदफा (१) बमोजिम सेवा प्रदान गर्ने विशेषज्ञ तथा विशिष्टीकृत निकायको नियुक्ति, काम, कर्तव्य र अधिकार, सेवाको शर्त तथा सुविधा आयोगले तोकेबमोजिम हुनेछ भन्ने र उपदफा (३) मा आयोगलाई कुनै निकाय वा संस्थाको सेवा आवश्यक परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकाय वा संस्थाले आयोगबाट माग भए बमोजिमको सेवा आयोगलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ ।उक्त व्यवस्था अनुसार यस आयोगलेविज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ तर्जुमा गरीआयोगबाट पारित समेत भई अर्थ मन्त्रालयको सहमति लिने प्रक्रिया अघि बढाईएकोमा सो सहमति हालसम्म प्राप्त हुन आएको छैन ।विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ अनुसूची ६ मा समावेश गरिएको छ ।

### ४.७ छानविन निर्देशिका मस्यौदा तर्जुमा

छानविनको कार्य सहजताका साथ सम्पन्न गर्नआवश्यक पर्ने छानविन निर्देशिकाको मस्यौदा गर्ने कार्य सम्पन्न गरिएको छ । नेपाल सरकारबाट नियमावली पारित भएपछि मात्र यसलाई अन्तिम रुप दिन सकिने भएकाले हाल यसलाई अन्तिम रुप दिन सकिएको छैन । आयोगबाट मस्यौदा गरिएको छानविन निर्देशिका अनुसुची ७ मा समावेश गरिएको छ ।

### ४.८ बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नु पर्ने संशोधन सम्बन्धी अध्ययन

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा संशोधन गर्नु पर्ने बिषय पहिचान गरी त्यसको कारण समेत खुलाई आयोगले संशोधनको प्रस्ताव तयार गरी आवश्यक कारबाहीको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइसकिएको छ । सो संशोधनको मस्यौदा अनुसूची ८ मा समावेश गरिएको छ ।

### ४.९ व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा

नेपालमा व्यक्ति बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने कानुनको अभाव रहेको छ । छानविनबाट दोषी देखिएका व्यक्ति उपर अभियोजनका लागि महान्यायाधिवक्तासमक्ष सिफारिस गर्ने आयोगको एक महत्वपूर्ण जिम्मेवारी रहे तापनि त्यसका लागि के कस्तो कसूरमा के कस्तो सजाय दावी लिई अभियोजनका लागि सिफारिस गर्ने भन्ने कानुनको अभाव रहेकोले व्यक्ति बेपत्तापार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न विधेयकको मस्यौदा तर्जुमा गरी आवश्यक कारबाहीको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइसकिएको छ । यसको मस्यौदा अनुसुची ९ मा समावेश गरिएको छ ।

### ४.१० उजूरी आव्हान गर्दा गर्नुपर्ने तयारी तथा सो कार्यमा संलग्न कर्मचारीलाई दिइने तालीमको प्रारुप र आवश्यक बजेटको प्रक्षेपण गर्ने लगायतका आवश्यक अध्ययन

आयोगको नियमावली पारित भएपछि तत्काल उजूरी आव्हान तथा संकलन गर्नु पर्ने भएकाले उक्त कार्य के कसरी गर्ने ? के कुन स्थानमा संकलन गर्ने व्यवस्था गर्ने र सो कार्यमा संलग्न व्यक्तिलाई के कस्तो तालीम दिने भन्ने बिषयमा आयोगबाट स्पष्ट नीति तर्जुमा गर्न आवश्यक देखिएकोले आयोगले उजूरी आव्हान र संकलन सम्बन्धी गर्नु पर्ने कार्यहरुका सम्बन्धमा कार्यनीति तयार गरेको छ ।

### ४.११ संचार नीति

आयोगले संचार नीति अर्न्तगत प्रस्तावित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सूचना तथा संचार र संवाद तथा परामर्श सम्बन्धी उपयुक्त कार्यक्रमहरु जनमानसमा प्रभावकारी रुपमा पुऱ्याउन र आफ्ना काम कारबाहीहरुको पारदर्शीता र सूचना संप्रेषण लगायतका बिषयलाई व्यवस्थित गर्न संचार नीति तर्जुमा गर्ने कार्य गरेको छ । आयोगको संचार नीति अनुसूची १० मा समावेश गरीएको छ ।

### ४.१२ शब उत्खनन् कार्यविधि र एण्टीमोर्टम फाराम सम्बन्धमा अध्ययन

आयोगको छानविनबाट बेपत्ता पारिएको व्यक्तिको हत्या गरिएको भन्ने खुल्न आएमा गाडिएका स्थानबाट शब उत्खनन् गरी परीक्षण समेत गर्नु पर्ने हुन्छ । यस सम्बन्धी कार्यलाई व्यवस्थित गर्न कार्यविधि आवश्यक पर्ने भएकोमा राष्ट्रिय मानव अधिकार आयोगबाट तर्जुमा भएको शवोत्खनन् मार्गनिर्देशिका, २०६९ को दफा २ को परिभाषामा अन्य निकायले समेत सो कार्यविधि प्रयोग गर्न सक्ने भनी उल्लेख भएकोले आयोगले सो कार्यविधि नै परिमार्जित रुपमा यस आयोगले पनि प्रयोगमा ल्याउने निर्णय गरेकोछ ।

### ४.१३ कार्यालय व्यवस्थापनसम्बन्धी कार्यहरु

आयोगको गठन हुंदा सिंहदरवारस्थित शान्ति तथा पुननिर्माण मन्त्रालयको एक कोठा उपलब्ध भएको र जनशक्ति, सवारीसाधन लगायतका आयोगका लागि आवश्यक भौतिक पूर्वाधारहरु लामो समयसम्म उपलब्ध नभएको कारण आयोगले निकै प्रतिकूल अवस्थामा आफ्नो काम कारवाही सम्पादन गर्नु परेको थियो । दैविप्रकोप र स्रोत साधनको सीमितताका वावजुद पनि अहिले आयोगले कार्यालय व्यवस्थापनका कार्य गरेको छ । यस्ता केही कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- आयोगका लागि आवश्यक पर्ने सवारी साधन, फर्निचर, मेसिनरी सामान लगायतका सामग्री खरिद गरिएको ।

- आयोगमा आवश्यक विभिन्न सेवा समूहका कर्मचारीहरु नेपाल सरकारसमक्ष कमिक रुपमा माग भै रहेको तथा कार्यालय सहयोगी, चालक र कम्प्युटर अपरेटरहरु कमिक रुपमा करारमा नियुक्त गरिएको ।
- आयोगको कार्यालय कर्मचारी संचय कोष भवन पुल्चोकमा स्थापना गरी संचालन गरिएको । आयोगको पदाधिकारी लागि कार्यकक्ष निर्माण भइसकेको । कर्मचारीका लागि कार्यकक्ष निर्माण गर्ने प्रकृया अघि बढाइएको ।
- आयोगको कार्यकक्षभित्रै पीडितमैत्री कोठा समेत निर्माणको क्रममा रहेको ।
- आयोगको आफ्नै वेवसाइट www.ciedp.gov.np निर्माण गरिएको छ । सो वेवसाइटमा आयोगको महत्वपूर्ण काम कारवाही, एवं आयोगबाट भएको खर्चको विवरण समेत नियमित रुपमा राखी आफ्नो काम कारवाहीलाई पारदर्शी बनाउँदै आएको ।
- उजूरीकर्ता तथा सरोकारवालाहरुलाई बेपत्ता पारिएका व्यक्तिको छानविन कार्यमा निशुल्क टेलिफोन सम्पर्क गर्न सजिलो होस् भन्ने अभिप्रायले टोल फ्रि नम्बरको व्यवस्था गरिएको ।

### ४.१४ प्रचार सामग्रीको निर्माण

आयोगको गठन, यसले गर्ने कार्य, कार्यपद्धति लगायतका बिषयमा पीडित तथा सरोकारवालाहरुलाई जानकारी दिनु पर्ने हुन्छ । यसै आवश्यकतालाई सम्वोधन गर्न आयोगले प्रचार सामग्री तयार गरी वितरण गर्दै आएको छ । सो सामग्री आयोगको वेभसाइटमा समेत राखिएको छ । सो सामग्रीलाई अनुसुची ११ मा समावेश गरिएको छ ।

### ४.१५ विभिन्न जिल्लामा पीडितहरुसँग भेटघाट

आयोगले पीडितहरुलाई भेटघाट गर्ने, उनीहरुको धारणा बुझ्ने, उनीहरुको अवस्थाबारे जानकार रहने र आयोगका बारेमा उनीहरुलाई बताउने जस्ता कार्य गर्न तथा उनीहरुको आयोगप्रति विश्वसनीयता र अपनत्व बढाउन र आयोगलाई उनीहरुको सहयोग अति आवश्यक हुन्छ । यसैले आयोगका पदाधिकारीबाट विभिन्न जिल्लामा भ्रमण गरी पीडितसंग भेटघाट र छलफल गरेको थियो । बिनासकारी भूकम्प र अघोषित नाकाबन्दीका कारण आयोगको अपेक्षा अनुरुप भ्रमणमा कठिनाई भएको भएपनि आयोगले गरेको पीडितसंगको स्थानीय स्तरमा गरेको भेटघाटको विवरण देहाय बमोजिम छ ।

| क.स | मिति | भ्रमण गर्नेस्थान | भ्रमण अवधि | | भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीहरुको नाम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | ११/०६/२०७१ | विरगञ्ज | ११/०७/२०७१ | ११/१०/२०७१ | अध्यक्ष लोकेन्द्रमल्लिक |
| २ | ११/०६/२०७१ | दाङ्ग | ११/०३/२०७१ | ११/१९/२०७१ | सदस्य विजुल वि.क.दुलाल |
| ३ | ११/०६/२०७१ | स्याङ्जा | ११/१४/२०७१ | ११/१६/२०७१ | सदस्य नर कुमारी गुरूङ्ग |
| ४ | ११/२४/२०७१ | पोखरा | ११/२४/२०७१ | ११/२७/२०७१ | सदस्य विजुल वि.क.दुलाल |
| ५ | ११/२५/२०७१ | स्याङ्जा | ११/३०/२०७१ | १२/०४/२०७१ | सदस्य नर कुमारी गुरूङ्ग |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ११/२६/२०७१ | जनकपुर | ११/२७/२०७१ | ११/३०/२०७१ | अध्यक्ष लोकेन्द्र मल्लिक |
| ७ | १२/२९/२०७१ | वुटवल | १२/३०/२०७१ | ०१/०२/२०७२ | सदस्य आइ ब. गुरूङ्ग |
| ८ | ०१/०४/२०७२ | वुटवल र दाङ्ग | ०१/०६/२०७२ | ०१/१३/२०७२ | सदस्य विजुल वि.क.दुलाल |
| ९ | ०१/०७/२०७२ | जनकपुर | ०१/०८/२०७२ | ०१/११/२०७२ | अध्यक्ष लोकेन्द्र मल्लिक |
| १० | ०१/२०/२०७२ | कास्की र धादिङ्ग | ०१/२४/२०७२ | ०१/२६/२०७२ | सदस्य नर कुमारी गुरूङ्ग |
| ११ | ०१/२४/२०७२ | दाङ्ग | ०१/२६/२०७२ | ०२/०२/२०७२ | सदस्य विजुल वि.क.दुलाल |
| १२ | ०२/०३/२०७२ | जनकपुर, सर्लाही र महोत्तरी | ०२/०३/२०७२ | ०२/०९/२०७२ | अध्यक्ष लोकेन्द्र मल्लिक |
| १३ | ०३/०४/२०७२ | कास्की र पर्वत | ०३/०६/२०७२ | ०३/०९/२०७२ | सदस्य आइ ब. गुरूङ्ग |
| १४ | ०३/१०/२०७२ | हेटौडा र बिरगंज | ०३/११/२०७२ | ०३/१५/२०७२ | अध्यक्ष लोकेन्द्र मल्लिक |
| १५ | ०५/१२/२०७२ | झापा | ०५/१८/२०७२ | ०५/१९/२०७२ | उपसचिव रामहरि शर्मा काफ्ले |
| १६ | ०६/०७/२०७२ | स्याङ्जा | ०६/०७/२०७२ | ०६/१०/२०७२ | सदस्य आइ ब. गुरूङ्ग |
| १७ | ०६/०७/२०७२ | पोखरा | ०५/११/२०७२ | ०५/१४/२०७२ | सदस्य विजुल वि.क.दुलाल |
| १८ | ०६/०७/२०७२ | कास्की र पाल्पा | ०५/२९/२०७२ | ०६/०६/२०७२ | सदस्य नर कुमारी गुरूङ्ग |
| १९ | ०६/०८/२०७२ | बाँके र दाङ | ०६/०८/२०७२ | ०६/१३/२०७२ | सदस्य विजुल वि.क.दुलाल |
| २० | ०६/२७/२०७२ | वाग्लुङ | ०६/२८/२०७२ | ०७/०२/२०७२ | सचिव महेश शर्मा पौडेल |
| २१ | ०७/०८/२०७२ | झापा र इलाम | ०७/१०/२०७२ | ०७/१६/२०७२ | प्रा.डा.विष्णु पाठक |
| २२ | ०७/०८/२०७२ | स्याङ्जा | ०७/०९/२०७२ | ०७/११/२०७२ | सदस्य नर कुमारी गुरूङ्ग |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | ०८/२८/२०७२ | झापा | ०८/२९/२०७२ | ०९/०४/२०७२ | सदस्य विजुल वि.क.दुलाल |
| २४ | ०९/०९/२०७२ | तनहुँ र कास्की | ०९/१२/२०७२ | ०९/१४/२०७२ | सदस्य नर कुमारी गुरूङ्ग |
| २५ | ०९/१४/२०७२ | लम्जुङ्ग | ०९/१५/२०७२ | ०९/१७/२०७२ | प्रा.डा.विष्णु पाठक |

### ४.१६ सरोकारवालाहरुसँग आयोगको कार्यालयमा भेटघाट

आयोगले पीडित मानवअधिकारकर्मीहरु लगायतसंग आयोगको कार्यालयमा आमन्त्रण गरी भेटघाट र छलफल गरेको थियो । आयोगबाट भएका यस्ता केही महत्वपूर्ण भेटघाट र छलफल देहाय बमोजिम छन्:

- नियमावलीको मस्यौदा माथि छलफल र सुझाव लिनका लागि पीडितहरुसंग छलफल गरेको,
- नियमावलीको मस्यौदा माथि छलफल र सुझाव लिनका लागि सरोकारवाला संस्थाका प्रतिनिधि, पीडित लगायत कानूनका विज्ञहरुसँग छलफल गरेको,
- बेपत्ता पारिएका व्यक्तिका परिवार, मानवअधिकारकर्मीहरु तथा नेपाल बार एशोसिएशनका पदाधिकारीहरुसँग छुट्टाछुट्टै छलफल गरेको,
- संयुक्त राष्ट्र संघको राजनीतिक विभाग प्रमुख Shin Umezu, द एड्भोकेसी प्रोजेक्टका कार्यकारी निर्देशक Iain Guist, अन्तर्राष्ट्रिय रेडक्रसका प्रतिनिधि, ICTJ का प्रतिनिधि लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरुसँग भेटघाट तथा छलफल गरेको ।

### ४.१७ दुई आयोगको संयुक्त बैठक सम्पन्न

यही २०७२ साल पुस २२ गते सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको संयुक्त बैठक सम्पन्न भएको थियो । उक्त बैठकमा उजूरी संकलन प्रक्रियालाई के कसरी प्रभावकारी बनाउने र स्थानीय स्तरमा के कुन निकायलाई उजूरी संकलन प्रक्रियामा सहभागी गराउने भन्ने विषयमा विस्तृत रुपमा छलफल भएको थियो ।

### ४.१८ विशिष्ट व्यक्तिहरुसंगको छलफल र भेटघाट

आयोगले आफ्नो काम कारबाहीलाई प्रभावकारी बनाउन र आयोगलाई आवश्यक पर्ने सहयोग समेतका लागि विभिन्न विशिष्ट व्यक्तित्वहरुसंग देहाय बमोजिम भेटघाट तथा छलफल गरेको छ :

- मिति २०७२ बैशाख १० गते अध्यक्ष सहितको आयोगको टोलीसँग अमेरिकी उप सहायकमन्त्री Steven Feldstein सँग आयोगको कार्यकक्षमा भेट गर्नु भएको,
- मिति २०७२ साल पुस ७ गते अध्यक्ष सहितको आयोगको टोलीले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीसँग भेटघाट गर्नु भयो । सो भेटघाट कार्यक्रममा आयोगले हालसम्म सम्पादन गरेका कार्यहरु, आफ्नो काम कारवाही सम्पादन गर्ने सम्बन्धमा बेहोर्नु परेका कठिनाईहरुका बारेमा जानकारी गराउनुको साथै आयोगले पेश गरेको मस्यौदा नियमावली यथाशक्य छिटो पारित गरीदिन अनुरोध समेत गरेको,

- मिति २०७२ पुस १४ गते अध्यक्ष सहितको आयोगको टोलीले सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूसँग शिष्टाचार भेट गरेको,
- मिति २०७२ पुस २० गते अध्यक्ष सहितको आयोगको टोलीले माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री एकनाथ ढकालसँग भेट गरेको,
- मिति २०७२ पुस २२ गते अध्यक्ष सहितको आयोगको टोलीले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अग्नी खरेलसँग भेट गरेको,
- मिति २०७२ पुस २१ गते अध्यक्ष सहितको आयोगको टोलीले माननीय महान्यायाधिवक्ता हरिकृष्ण कार्कीसँग भेट गरेको ।
- मिति २०७२ माघ ४ गते यस माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री एकनाथ ढकालले आयोगको कार्यालयको अवलोकन गर्नुभएको,
- मिति २०७२ माघ १० गते अध्यक्ष सहितको आयोगको टोलीले माननीय अर्थमन्त्री विष्णु पौडेलसँग भेट गरेको,
- मिति २०७२ माघ १३ गते अध्यक्ष सहितको आयोगको टोलीसँग डेनमार्कका महामहिम राजदूतले भेट गर्नु भएको ।

## ४.१९ बेपत्ता पारिएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसका उपलक्षमा कार्यक्रम आयोजना

बेपत्ता पारिएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस, २०१५ को उपलक्ष्यमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगद्वारा २०७२ भाद्र १४ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सभाहलमा एक कार्यक्रमको आयोजना गरियो । माननीय शान्ति तथा पुनर्निर्माण, कानून न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्री माननीय नरहरि आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व आयोगका अध्यक्ष लोकेन्द्र मल्लिकले गर्नु भएको थियो । कार्यक्रममा सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारीहरु, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, मानव अधिकारकर्मी, नायव महान्यायाधिवक्ता, नेपाल सरकारका सचिवहरु, वेपत्ता पारिएका ब्यक्तिको परिवारका प्रतिनिधि, क्ष्त्रऋत्व तथा क्ष्त्रऋच्त्रऋ का प्रतिनिधिहरु एवं पत्रकारहरु समेतको उपस्थिति रहेको सो कार्यक्रममा वेपत्ता पारिएका ब्यक्तिको परिवारको तर्फवाट श्री रामकुमार भण्डारी, मानव अधिकारकर्मी श्री चरण प्रसाई, सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष श्री सुर्यकिरण गुरुङ्गले समेत आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको वारेमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव श्री महेश शर्मा पौडेलले प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री नरहरि आचार्यले कार्यक्रममा वक्ताहरुले राख्नु भएका केही जिज्ञासाका सम्बन्धमा प्रकाश पार्दै वर्तमान कानुनमा कुनै कुरा अपुग भएमा नियमित प्रकृया अनुसार हुदै जानेछ भन्नुभयो । वेपत्ता हुँदाको पीडा मुत्युभन्दा पनि वढी हुने भएकोले पीडकलाई कारवाही कानून र अदालती प्रकृया वमोजिम नै हुने, आयोगको लागि आवश्यक साधन श्रोत नेपाल सरकारले नै उपलव्ध गराउने कुरा उल्लेख गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा आयोगका अध्यक्ष लोकेन्द्र मल्लिकले बेपत्ता पार्ने कार्यमा संलग्न पीडकलाई कानुनको दायरामा ल्याउने गरी यथाशिघ्र ऐनको निर्माण हुनु पर्ने आफ्नो मन्तव्य सहित कार्यक्रम

समाप्तीको जानकारी गराउनु भएको थियो । बेपत्ता पारिएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस, २०१५ अगस्ट ३० गते सार्वजनिक विदाको दिन परेकोले सो को भोलिपल्ट बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रम आयोगका सह-सचिव कुमुदप्रसाद शर्माले सञ्चालन गर्नु भएको थियो ।

## ४.२० बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा विभिन्न निकाय र संस्थाले उल्लेख गरेको नामावलीको तुलनात्मक अध्ययन

हाल आयोग बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा यस अघि विभिन्न निकायहरुले राखेको अभिलेख र सूचीलाई तुलनात्मक रुपमा अध्ययन गरिरहेको छ । जस अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, अन्तर्राष्ट्रिय रेडक्रस र इन्सेकको अभिलेखमा रहेका बेपत्ता पारिएका व्यक्तिको सूची तुलनात्मक रुपमा अध्ययन गरी अभिलेख राख्ने कार्य भै रहेको छ । बास्तविक रुपमा नै व्यक्ति बेपत्ता पारिएका घटनाहरु आयोगको छानविनको दायरामा पर्न सकुन, बेपत्ता पार्ने कार्यमा संलग्न कोही पनि नछुटुन भन्नका लागि यस किसिमको तुलनात्मक अध्ययन आवश्यक परेको हो । उक्त अध्ययनबाट देखिन आएको विवरण देहायबमोजिम रहेको छ :

| सि.नं.. | जिल्ला | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | आई.सी.आर.सि. | ईन्सेक | RANK (शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तथ्याङ्कका आधारमा) |
|---|---|---|---|---|---|
| १ | अछाम | २ | १७ | ३ | ६३ |
| २ | अर्घाखाँची | १ | ९ | २ | ७० |
| ३ | ईलाम | ४ | ५ | २ | ५९ |
| ४ | उदयपुर | १२ | ३ | ३ | ३६ |
| ५ | ओखलढुंगा | ११ | १३ | ११ | ३८ |
| ६ | कञ्चनपुर | ४२ | ३२ | २६ | ५ |
| ७ | कपिलवस्तु | १० | १५ | ११ | ४० |
| ८ | काठमाडौं | २९ | २३ | २० | ११ |
| ९ | काभ्रेपलाञ्चोक | ४० | ३० | २० | ६ |
| १० | कालिकोट | २८ | २३ | २५ | १६ |
| ११ | कास्की | १८ | २५ | १६ | २४ |
| १२ | कैलाली | ३३ | २५ | १२ | १० |
| १३ | खोटाङ | ५ | ५ | १ | ५५ |

| सि.नं.. | जिल्ला | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | आई.सी.आर.सि. | ईन्सेक | RANK (शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तथ्याङ्कका आधारमा) |
|---|---|---|---|---|---|
| १४ | गुल्मी | ९ | १० | ० | ४४ |
| १५ | गोरखा | २७ | ३७ | २६ | १७ |
| १६ | चितवन | २९ | २३ | १३ | ११ |
| १७ | जाजरकोट | १७ | १६ | २१ | २५ |
| १८ | जुम्ला | ७ | १९ | २ | ५० |
| १९ | झापा | १९ | १२ | १२ | २२ |
| २० | डडेलधुरा | ३ | ३ | ३ | ६१ |
| २१ | डोटी | ४ | ५ | ३ | ५९ |
| २२ | डोल्पा | ० | ५ | २ | ७२ |
| २३ | तनहूँ | १९ | २२ | १० | २२ |
| २४ | ताप्लेजुङ | ६ | ९ | २ | ५२ |
| २५ | तेह्रथुम | २ | ७ | ० | ६३ |
| २६ | दाङ | ११३ | ८७ | ६९ | ३ |
| २७ | दार्चुला | ५ | ३ | ० | ५५ |
| २८ | दैलेख | १६ | २१ | १ | २९ |
| २९ | दोलखा | ११ | ९ | ० | ३८ |
| ३० | धनकुटा | १० | ६ | २ | ४० |
| ३१ | धनुषा | १० | १० | १० | ४० |
| ३२ | धादिङ | २९ | २९ | २७ | ११ |
| ३३ | नवलपरासी | १७ | १३ | १३ | २५ |
| ३४ | नुवाकोट | २६ | ३६ | १८ | १८ |
| ३५ | पर्वत | २ | ३ | ४ | ६३ |

| सि.नं.. | जिल्ला | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | आई.सी.आर.सि. | ईन्सेक | RANK (शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तथ्याङ्कका आधारमा) |
|---|---|---|---|---|---|
| ३६ | पर्सा | ६ | २ | २ | ५२ |
| ३७ | पाँचथर | २ | ८ | २ | ६३ |
| ३८ | पाल्पा | ५ | १ | ० | ५५ |
| ३९ | प्यूठान | १४ | २ | ० | ३२ |
| ४० | बझाङ | ३ | १ | ० | ६१ |
| ४१ | बर्दिया | २६६ | २२१ | २१८ | १ |
| ४२ | बाँके | १२१ | ४१ | ६१ | २ |
| ४३ | बाग्लुङ | २४ | २५ | १८ | २० |
| ४४ | बाजुरा | ० | ० | १ | ७२ |
| ४५ | बारा | ८ | ५ | १ | ४९ |
| ४६ | बैतडी | २९ | ११ | ४ | ११ |
| ४७ | भक्तपुर | ९ | ५ | ५ | ४४ |
| ४८ | भोजपुर | १० | १३ | ७ | ४० |
| ४९ | मकवानपुर | १५ | ११ | १२ | ३१ |
| ५० | मनाङ | ० | ० | ० | ७२ |
| ५१ | महोत्तरी | ७ | १० | २ | ५० |
| ५२ | मुगु | १ | ६ | १ | ७० |
| ५३ | मुस्ताङ | ० | ० | ० | ७२ |
| ५४ | मोरङ | २५ | १४ | १२ | १९ |
| ५५ | म्याग्दी | २ | ६ | २ | ६३ |
| ५६ | रसुवा | २ | १ | १ | ६३ |
| ५७ | रामेछाप | २२ | १३ | ९ | २१ |

| सि.नं.. | जिल्ला | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | आई.सी.आर.सि. | ईन्सेक | RANK (शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तथ्याङ्कका आधारमा) |
|---|---|---|---|---|---|
| ५८ | रुकुम | २९ | २८ | ० | ११ |
| ५९ | रुपन्देही | ९ | २ | ४ | ४४ |
| ६० | रोल्पा | ५३ | ७५ | २७ | ४ |
| ६१ | रौतहट | १७ | १६ | ५ | २५ |
| ६२ | लमजुङ | १६ | २२ | १८ | २९ |
| ६३ | ललितपुर | ९ | ९ | ८ | ४४ |
| ६४ | संखुवासभा | ५ | ६ | ४ | ५५ |
| ६५ | सप्तरी | १२ | १० | ८ | ३६ |
| ६६ | सर्लाही | ९ | १ | ० | ४४ |
| ६७ | सल्यान | ३९ | ३१ | २७ | ७ |
| ६८ | सिन्धुपाल्चोक | ३५ | २७ | १७ | ९ |
| ६९ | सिन्धुली | १४ | १५ | १४ | ३२ |
| ७० | सिराहा | ३६ | ३६ | ११ | ८ |
| ७१ | सुनसरी | १७ | १३ | १३ | २५ |
| ७२ | सुर्खेत | १३ | २९ | १४ | ३५ |
| ७३ | सोलुखम्बु | ६ | ३ | २ | ५२ |
| ७४ | स्याङ्जा | १४ | २२ | ८ | ३२ |
| ७५ | हुम्ला | २ | ४ | ० | ६३ |
| ७६ | जानकारी नभएको जिल्ला | ० | ४ | ० | ७२ |
| जम्मा | | १५२२ | १३५९ | ९२८ | |

### ४.२१ सर्वोच्च अदालतबाट भएका फैसला लगायत अन्य सान्दर्भिक दस्तावेजको अध्ययन :

आयोगको छानविन लगायतको जिम्मेवारी पूरा गर्दा श्री सर्वोच्च अदालतबाट भएका फैसला तथा आदेशहरुको समेत पालना गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा संक्रमणकालीन न्यायसँग सम्बन्धित मुद्दा तथा रिट निवेदनका सम्बन्धमा यस आयोगलाई समेत मार्गदर्शन हुने गरी भएका फैसला तथा आदेशहरुको अध्ययन गरिएको छ । यसैगरी संक्रमणकालीन न्याय सम्बन्धमा अन्य मुलुकका अभ्यासहरुको बारेमा समेत आयोगले अध्ययन गरेको छ । यस आयोगलाई ऐनले दिएको जिम्मेवारी पूरा गर्न द्वन्द्वबाट शान्तिमा रुपान्तरणका क्रममा अन्य मुलुकमा गठित यस्तै प्रकृतिका आयोगहरुको सफलता र असफलताबारे पनि आयोगले विचार विमर्श गरेको छ ।

### ४.२२ वैदेशिक भ्रमण तथा तालिम

मिति २०७२ असोज ११ देखि १५ गतेसम्म स्पेनको बार्सीलोनामा भएको The Seventh Intensive Course on Truth Commission कार्यक्रममा आइ.सि.टि.जे.को सहयोगबाट यस आयोगका अध्यक्ष लोकेन्द्र मल्लिक र सचिव महेश शर्मा पौडेलले भाग लिनु भएको थियो ।

मिति २०७२ साल मंसीर २ गते देखि ऐ.४ गतेसम्म ललितपुर स्थित होटल समिटमा आइ.सि.टि.जे.को आयोजनामा भएको PROVISIONAL PROGRAM कार्यक्रममा यस आयोगका पदाधिकारीहरु, सचिव, सह-सचिव लगायत अधिकृत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

### ४.२३ आयोगबाट गरिएका निर्णयहरु

- बेपत्ता परिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को कार्यान्वयनको लागि यस आयोगलाई आवश्यक पर्ने नियमावलीको मस्यौदा एवं सो सँग सम्बन्धित विषयमा नेपाल सरकारसँग आवश्यक परामर्शको लागि आयोगका सदस्यहरु क्रमशः प्रा.डा. विष्णु पाठक,नर कुमारी गुरुङ्ग र आई बहादुर गुरुङ्गलाई जिम्मा दिने निर्णय गरियो ।
- ऐन बमोजिम यस आयोगको क्षेत्राधिकार छुट्याउने कार्यको लागि यस आयोगका सदस्यद्वय नर कुमारी गुरुङ्ग र आई बहादुर गुरुङ्गलाई जिम्मा दिने निर्णय गरियो ।
- यस आयोगलाई आवश्यक पर्ने जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न यस आयोगका सदस्य विजुल विश्वकर्मालाई जिम्मा दिने निर्णय गरियो ।
- यस आयोगका पदाधिकारीहरुको आचार संहिता सम्बन्धमा अध्ययन गरी मस्यौदा पेश गर्नको लागि यस आयोगका सदस्य प्रा.डा. विष्णु पाठकलाई जिम्मा दिने निर्णय गरियो ।
- यस आयोगको प्रवक्तामा आयोगका सदस्य प्रा.डा. विष्णु पाठकलाई तोक्ने निर्णय गरियो ।
- यस आयोगको कार्यक्षेत्रगत शर्तहरु (TOR) निर्माणको सम्बन्धमा मस्यौदा पेश गर्नको लागि यस आयोगको सदस्य प्रा.डा. विष्णु पाठकलाई जिम्मा दिने निर्णय गरियो ।
- बेपत्ता परिएका व्यक्तिको छानविन आयोगको अग्रेजी नाम के रहने भन्ने सम्बन्धमा कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसंग राय लिने र सो को लागि उक्त मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

- यस आयोगका अध्यक्ष तथा सदस्यहरु एवं आयोगको प्रयोजनको लागि तत्काल आवश्यक पर्ने सवारी साधन थान ६(छ) यथासक्य चाँडो उपलब्ध गराउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा लेखिपठाउने निर्णय गरियो ।
- वेपत्ता परिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१ को दफा ८ को उपदफा (१) र (३) मा आयोगको अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक क्रमश: मानव अधिकार आयोगको अध्यक्ष तथा सदस्य सरह हुने र सेवाका शर्त तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था बमोजिम नेपाल सरकार (म.प.) को मिति २०७१।११।२० को निर्णयानुसार आयोगको अध्यक्ष तथा सदस्यको सेवा शर्त तथा अन्य सुविधा पनि क्रमश: राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष तथा सदस्य सरह हुने गरी तोकिएको । आयोगको अध्यक्षले आफ्नो पद तथा गोपनियताको शपथ सम्माननीय प्रधान न्यायाधीश समक्ष लिएको । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को प्रावधान बमोजिम बनेको बेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठन भएको र यो आयोग संवैधानिक र राष्ट्रिय दृष्टिकोणले समेत विशेष महत्व भएकोले यस आयोगको गरिमा कायम राख्न आवश्यक छ । साथै आयोगको अध्यक्ष तथा सदस्यहरुले स्वदेश तथा विदेशमा सरकारी तथा औपचारिक कार्यक्रममा सहभागी हुँदा समेत मर्यादाक्रमको प्रसङ्ग उठ्ने र त्यसको निर्क्यौलको लागि समेत आयोगका अध्यक्ष तथा सदस्यको मर्यादाक्रम निर्धारण हुनु आवश्यक भएको सन्दर्भमा यस विषयमा आवश्यक सुझाव सहितको सिफारिश प्रतिवेदन तयार गरी आयोगमा पेश गर्नका लागि आयोगको सदस्य श्री बिजुल दुलाल वि.क. को संयोजकत्वमा शान्ति तथा पुनर्निर्माण, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको प्रतिनिधि र आयोगको सचिव सदस्य सचिव रहने गरी एक कार्यटोली गठन गर्ने ।
- आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुने ऐनको दफा ९ को उपदफा (३) को व्यवस्था अनुसार आयोगको बैठक सम्बन्धी अन्य कार्यविधिको मस्यौदा तर्जुमा गरी आयोगसमक्ष प्रस्तुत गर्न आयोगको सदस्य श्री आई बहादुर गुरुङ्गको संयोजकत्वमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र आयोगको सचिव सदस्य सचिव रहेन गरी एक कार्यटोली गठन गर्ने ।
- आयोगको अध्यक्ष तथा सदस्यको आचार संहिता तयार गर्ने सम्बन्धमा आयोगको मिति २०७१।११।६ को निर्णयानुसार आयोगको सदस्य प्रा.डा. श्री बिष्णु पाठकलाई जिम्मा दिएको । व्यक्ति वेपत्ता पार्ने तथा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी संवेदनशील विषय समेतमा राय सुझाव र निर्णय गर्नु पर्ने आयोगको काम कर्तब्य र अधिकारक्षेत्रको विषय भएकोले आचार संहिताको मस्यौदा तयार गरी आयोगसमक्ष पेश गर्ने प्रयोजनका लागि सदस्य प्रा.डा. श्री विष्णु पाठकको संयोजकत्वमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र आयोगको सचिव सदस्य सचिव रहेको कार्यटोली गठन गर्ने ।
- आयोगको जनशक्ति एंव भौतिक पूर्वाधार व्यवस्थापनको वारेमा आयोगको २०७१।१०।२९ को निर्णयानुसार सदस्य श्री विजुल विश्वकर्माज्यूलाई जिम्मा दिइएको । आयोगको समुच्चा कामको परिदृष्य (भिजन) बनाई प्रशासनिक, लेखा, कानुनी, प्राविधिक कर्मचारीको आवश्यकताको सन्दर्भमा संगठन तथा व्यवस्थापन सर्भे सम्बन्धी प्रतिवेदन तयारगरी आयोगसमक्ष पेश गर्न २०७१।१०।२९ को

निर्णयलाई निरन्तरता दिदै सदस्य श्री विजुल विश्वकर्माज्यूको संयोजकत्वमा अर्थ मन्त्रालय¸ सामान्य प्रशासन मन्त्रालय¸ शान्ति तथा पुनर्निर्माण मन्त्रालय र कानुन, न्याय, संविधानसभा तथा ससंदीय मामिला मन्त्रालयका प्रतिनिधि र आयोगको सचिव सदस्य सचिव रहने गरी कार्यटोली गठन गर्ने ।

- नेपाल सरकार (म.प.) को मिति २०७१।११।२९ को निर्णयानुसार नेपाल कानुन आयोगको सचिव श्री रञ्जनकृष्ण अर्याललाई यस आयोगको समेत सचिवको रुपमा कामकाज गर्न तोकेको सन्दर्भमा माथि खण्ड (घ) बमोजिमको प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत नभएसम्मको लागि आयोगको दैनिक काम कारवाई सञ्चालन गर्न नेपाल कानुन आयोगमा कार्यरत कर्मचारी मध्ये आवश्यकता र उपयुक्तताको आधारमा सविवले यस आयोगमा पनि काममा लगाउने ।
- आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य स्रोतको व्यवस्था गर्न ऐनको दफा १२ को प्रयोजनको लागि चालु तथा आगामी आर्थिक वर्षको लागि अनुमानित बजेट तयार गरी आयोगसमक्ष पेश गर्न आयोगको सदस्य प्रा.डा. श्री विष्णु पाठकको संयोजकत्वमा शान्ति मन्त्रालय र आयोगको सचिव सदस्य सचिव रहने कार्यटोली गठन गर्ने ।
- आयोगको अध्यक्ष तथा सदस्यको प्रचलित पारिश्रमिक तथा अन्य सुविधाको अतिरिक्त ऐनको दफा ८ को उपदफा (३) बमोजिम अन्य सुविधा तथा भत्ता सुविधा सिफारिश गर्न साथै आयोगमा कार्यरत कर्मचारीलाई आयोगले तोके बमोजिम भत्ता तथा सुविधा दिने ऐनको दफा ११ को उपदफा (४) को व्यवस्था बमोजिम आयोगमा कार्यरत कर्मचारीको भत्ता तथा सुविधा निर्धारण गरी आवश्यक सिफारिश पेश गर्ने प्रयोजनकोलागि आयोगको सदस्य श्री बिजुल दुलाल वि.क.को संयोजकत्वमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको प्रतिनिधि र आयोगको सचिव सदस्य सचिव रहने गरी एक कार्यटोली गठन गर्ने ।
- आयोगले आफ्नो काम कारवाही सुचारुरुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्ने ऐनको दफा ३१ को उपदफा (१) को प्रावधान बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको संयोजक तथा सदस्यले पाउने सुविधा तथा अन्य व्यवस्था निर्धारण गर्नका लागि आवश्यक सिफारिस सहितको प्रतिवेदन पश गर्न आयोगको सदस्य श्री नर कुमारी गुरुङ्गको संयोजकत्वमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको प्रतिनिधि र आयोगको सचिव सदस्य सचिव रहने गरी कार्यटोली गठन गर्ने ।
- स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिनको लागि विशेषज्ञ तथा विशिष्टिकृत निकायको छनौट¸ नियुक्ति र काम¸ कर्तब्य र अधिकार, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने अधिकार ऐनको दफा ३२ ले आयोगलाई प्रदान गरेकोले सो सम्बन्धमा आवश्यक नीति तथा कार्यविधि निर्धारण गर्न आवश्यक सुझाव तथा सिफारिस सहितको प्रतिवेदन आयोगमा पेश गर्न आयोगको सदस्य श्री नर कुमारी गुरुङ्गको संयोजकत्वमा सार्वजनिक खरिद अनुगमन कार्यालय¸ कानुन तथा न्याय मन्त्रालय, आयोगको सचिव सदस्य सचिव रहने कार्यटोली गठन गर्ने । उपरोक्त अनुसारको सबै कार्यटोलीले आवश्यकता अनुसार सम्बद्ध विशेषज्ञ र पदाधिकारीलाई आमन्त्रण गर्न सक्ने ।
- आयोगको बैठक सम्बन्धी अन्य कार्यविधिको मस्यौदा तर्जुमा गरी आयोगसमक्ष प्रस्तुत गर्न आयोगका सदस्य श्री आई बहादुर गुरुङ्गको संयोजकत्वमा गठित कार्य टोलीले पेश गरेको यसैसाथ संलग्न वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि¸ २०७१ स्वीकृत गर्ने ।

- आयोगको मिति २०७१।१२।०४ मा बसेको बैठकले आयोगका अध्यक्ष एवं सदस्यको मर्यादाक्रम निर्क्यौल गर्ने सम्बन्धमा अध्ययन प्रतिवेदन तयार पार्न आयोगका सदस्य श्री विजुल दुलाल वि.क.को संयोजकत्वमा गठित कार्य टोलीले पेश गरेको प्रतिवेदनको सिफारिश बमोजिम नेपाल अन्तरिम संविधान, २०६३ को धारा ३३ को प्रावधान बमोजिम वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको संवैधानिक, उच्चस्तरीय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले समेत विशेष महत्व भएकोले आयोग एवं यसका अध्यक्ष तथा सदस्यहरुको मर्यादा तथा गरिमा कायम राख्न आयोगका अध्यक्ष तथा सदस्यहरुको उचित स्थानमा मर्यादाक्रम निर्धारण गर्न आवश्यक भएकोले यस प्रयोजनको लागि आयोगको सम्पर्क मन्त्रालय शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गरी पठाउने ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ ले यस ऐनको कार्यान्वयन गर्नकालागि आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था भए अनुसार नियमावलीको मस्यौदा तयार गरी आयोग समक्ष पेश गर्ने प्रयोजनको लागि आयोगको मिति २०७१।१०।२९ को निर्णयानुसार सदस्य प्रा.डा. श्री विष्णु पाठकलाई जिम्मा दिइएकोले उहाँकै संयोजकत्वमा आयोगको सदस्यद्वय श्री नर कुमारी गुरुङ्ग एवं आई बहादुर गुरुङ्ग, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, कानुन तथा न्याय मन्त्रालयको प्रतिनिधि र आयोगको सचिव सदस्य सचिव रहने गरी अध्ययन कार्यटोली गठन गर्ने । उपरोक्तानुसारको टोलीले आवश्यकतानुसार सम्बद्ध विज्ञ र पदाधिकारीलाई आमन्त्रण गर्न सक्ने, कार्यटोलीका सदस्य, आमन्त्रित सदस्यले तोकिए बमोजिम भत्ता पाउने र कार्यटोलीले आवश्यकता अनुसार उप कार्यटोली गठन गर्ने सक्नेछ र उक्त कार्यटोलीका सदस्य, आमन्त्रित सदस्यले समेत तोकिए बमोजिम भत्ता पाउने ।
- ललितपुर पुल्चोक स्थित कर्मचारी संचयकोष भवनको A Block को दोश्रो तल्लाको पूर्व तर्फको ३३४५ वर्ग फिटको र पश्चिमतर्फको २६२९ वर्ग फिटको दुवै WING मा आयोगको कार्यालय स्थापना गर्न प्रचलित कानुन बमोजिम भाडामा लिने सम्बन्धमा कोषसँग अग्रिम कारवाही गर्न सचिवालयलाई निर्देशन दिने ।
- संलग्न वजेट व्यवस्थापन र बाँडफाँड बमोजिम चालु आ.ब.को लागि अर्थ मन्त्रालयसँग बजेट माग गर्न सचिवालयलाई निर्देशन दिने ।
- मिति २०७१।१२।०४ को निर्णयानुसार सदस्य श्री विजुल विश्वकर्मा दुलालको संयोजकत्वमा गठित कार्यटोलीले पेश गरेको प्रतिवदेनमा उल्लिखित सिफारिशको बुँदा नं. १ कार्यान्वयनको लागि नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय पठाउने ।
- मिति २०७१।१२।०४ को निर्णयानुसार गठित कार्यटोलीले पेश गरेको प्रतिवेदनमा उल्लिखित सिफारिशको बुदाँ नं २ को कार्यान्वयनको लागि नेपाल सरकार, अर्थ मन्त्रालयसँग परामर्श माग गर्ने ।
- नेपाल सरकारको आगामी नीति तथा कार्यक्रममा देहाय बमोजिमको नीति तथा कार्यक्रम राख्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने । "शान्ति प्रकृयाको कार्यान्वयनको क्रममा नेपालको अन्तरिम संविधान,२०६३ को धारा ३३ बमोजिम जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग आफ्नो कार्यसम्पादनको क्रममा रहेकोले आयोगलाई आफ्नो कार्यसम्पादनको लागि

आवश्यक भौतिक सेवा सुविधा¸जनशक्ति, प्राविधिक विषय लगायतका विज्ञहरुका लागि आवश्यक बजेट नेपाल सरकारले उच्च प्राथमिकताका साथ उपलब्ध गराउनेछ । ”

- यही २०७२ साल वैशाख १२ गते गएको विनासकारी भुकम्पबाट उत्पन्न राष्ट्रिय विपद्को दुःखद घडीमा दिवङ्गत आत्माहरुको चीरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरी मृतकहरुका शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समवेदना एवं घाइतेहरुको शिघ्र स्वास्थलाभको कामना सहित उक्त विनासकारी भुकम्पबाट प्रभावित नागरिकहरुको खोज¸उद्धार¸राहत तथा पुनर्स्थापना लगायतका कामको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा यस आयोगका अध्यक्ष तथा सदस्यहरुको खुद पाउने एक महिना बराबरको तलव जम्मा गर्ने ।
- यस आयोगका अध्यक्षका लागि रु. ६०,००,०००।- सम्मको ४ wheeled सवारी साधन र सदस्यहरुको लागि रु. ३०,००,०००।- सम्मको चार थान सवारी साधन गरी जम्मा रु. १,८०,००,०००।- बराबरका सवारी साधन खरिद गर्न अर्थ मन्त्रालयको मिति २०७२।०१।३० को पत्रबाट सहमति प्राप्त भएकोमा सो सहमति बमोजिमको एउटा जीप र चारवटा कारको सट्टा यस आयोगका अध्यक्षका लागि रु.५७,००,०००।- र सदस्यहरुका लागि प्रति जीप रु.४७,००,०००।- का दरले तीनवटा गरी जम्मा चार मात्र जीप खरिद गर्न अर्थ मन्त्रालयको सहमति माग गर्ने र त्यसरी खरिद गर्दा रु.१,९८,००,०००।- सम्म लाग्ने भएकोले थप रु.१८,००,०००।- माग गर्नको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा लेखी पठाउने ।
- यस आयोगका पदाधिकारीको आचार संहिता निर्माण गर्न गठित कार्यदलबाट स्वीकृत भई सचिवालयबाट पेश हुन आएको मस्यौदा सहितको प्रस्ताव उपर छलफल हुँदा संलग्न मस्यौदाको दफा ६.१ मा रहेको वाक्यांशको सट्टा “यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा आयोग आफैले अनुगमन गर्न सक्नेछ” भन्ने वाक्यांश राख्ने, सो दफा पछि रहेको दफा ६.२ हटाउने र प्रस्तावित मस्यौदाको दफा ६.३ लाई ६.२ बनाई सो दफामा “उपदफा ६.१ बमोजिम आयोगले गरेको अनुगमनबाट कुनै पदाधिकारीले यस आचार संहिताको उल्लङ्घन गरेको देखिएमा आयोगले त्यस्तो पदाधिकारी उपर खराब आचरणमा लागेको आधारमा ऐन बमोजिमको कारवाहीको प्रक्रिया प्रारम्भ गर्न नेपाल सरकारसमक्ष लेखी पठाउनेछ” भन्ने वाक्यांश राखी प्रस्तावित मस्यौदा स्वीकृत गर्ने ।
- यस आयोगको दैनिक काम कारवाहीको लागि करारमा लिइने कर्मचारीहरुलाई बेपत्ता पारिएका व्यक्तिको छानविन¸ सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन¸२०७१ को दफा ११ को उपदफा (३) बमोजिम नेपाल सरकारका समान तहमा काम गर्ने कर्मचारीले पाए सरहको पारिश्रमिक भत्ता र अन्य सुविधा प्रदान गर्नेगरी नियुक्त गर्न अर्थ मन्त्रालयबाट सहमति लिने प्रकृया अघि बढाउन सचिवालयलाई निर्देशन दिने ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन¸सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन¸२०७१ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्र पर्न आउने जिम्मेवारी समयमै पूरा गर्न प्रस्ताव साथ पेश हुन आएको आयोगको कार्ययोजना स्वीकृत गरिएको छ । प्रस्तुत कार्ययोजना आयोगको वेवसाइटमा राख्न सचिवालयलाई निर्देशन दिने ।
- सचिवालयबाट पेश हुन आएको आयोगबाट गठित उपसमितिले पारित गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी प्रस्ताव नेपाल सरकारमा पठाउन स्वीकृति प्रदान गरिएको छ ।

मिहिनेतका साथ प्रतिवेदन तयार गर्ने काममा सहयोग गर्ने आयोगको उपसचिव जानुका वाग्लेलाई धन्यबाद दिने ।

- सचिवालयबाट तयार भई पेश हुन आएको प्रस्तावमा उल्लेख भए अनुसारको सुविधा एवं सहुलियत आयोगका कर्मचारीहरुलाई उपलव्ध गराउने सहमति लिने प्रकृया अघि वढाउन सचिवालयलाई अनुमति दिने ।
- आयोगबाट गठित कार्यटोलीले तयार गरी पेश गरेको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा आयोगमा छलफल भई तयार गरिएको संलग्न परिमार्जित बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा पारित गरी जारी गर्ने प्रकृयाका लागि नेपाल सरकारमा पठाउने ।
- महाभूकम्प एवं पराकम्पनहरु गएपछि काठमाडौं उपत्यकाका घरहरु क्षतिग्रस्त भएको, क्षतिग्रस्त नभएका घरहरु पनि मानिसहरु बस्न सकिने अवस्थामा नरहेका, आयोगलाई घर भाडामा लिन भनी गोरखापत्रमा सूचना प्रकाशित गरेदेखि हालसम्म हरेक तरिकाबाट घर खोजतलास गर्दा समेत आयोगलाई आवश्यक क्षेत्रफलको घर भाडामा पाउन नसकिएको, हाल बसेको स्थानबाट आयोगले सम्पादन गर्ने कार्यहरु गर्न अत्यन्तै कठिनाई भएको, स्थान अभावका कारण आयोगका अध्यक्ष सहितका पदाधिकारीहरुलाई एउटै कोठामा अव्यवस्थित तरिकाबाट राखिएको, आयोग बसेको भवनमा रहेको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समेत आयोग बसेको कोठाहरु खाली गरिदिन पटक पटक ताकेता समेत गरेको, बर्तमान विशेष अवस्थामा आयोगलाई घर भाडामा लिन भनी पुनः सूचना प्रकाशित गरी घर भाडामा लिने प्रकृया अपनाउदा सूचना प्रकाशित गरी घर भाडामा लिने कार्यविधिको लागि आवश्यक पर्ने समय अगावै कर्मचारी संचय कोषको उल्लिखित घर समेत यसभन्दा पहिले झैं अर्कै निकायले भाडामा लिन सक्ने भएको, आयोगले हाल प्रयोग गरिरहेको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको भवनमा सवै पदाधिकारी एकै कोठामा बसी यस आयोगका कर्मचारीहरु ३ वटा सानासाना कोठाहरुमा कार्यकक्ष बनाई दैनिक कार्य संचालन गर्न अति असहज भएको, आयोगको तोकिएको कार्यावधी २ बर्ष मात्र भएकोमा हालसम्म करीव ७ (सात) महिना यस्तै अव्यवस्थित कार्यकक्षहरुमा नैं समय व्यतित हुदै गएको तर आयोगको दैनिक कार्यको लागि आवश्यक पर्ने कर्मचारीहरु कार्यकक्षको अभावले गर्दा सम्वन्धित निकायमा माग गर्नसम्म नसकिएको, यसरी समय मात्र व्यतित हुदै जाँदा आयोगलाई तोकिएको समयाबधीभित्र कार्य सम्पन्न गर्न नसक्ने अवस्था श्रृजना हुन सक्ने भएको, व्यवस्थापिका संसद, सामाजिक न्याय तथा मानव अधिकार समितिको मिति २०७१।१२।१० मा बसेको बैठकले भौतिक संरचनाको व्यवस्था अविलम्ब मिलाउन आयोगलाई निर्देशन दिने भन्ने निर्णय भएअनुसार निर्णयको जानकारी प्राप्त हुन आएको अवस्था समेतबाट नेपाल सरकारको स्वामित्वको सार्वजनिक निकाय कर्मचारी संचय कोषको स्वामित्वमा रहेको पुल्चोक स्थित बी ब्लक भवनको तेश्रो तल्लाको ४,८८७ बर्गफिट क्षेत्रफल कोषले तोकेकोप्रति वर्गफिट रु.६१।- का दरले हाललाई दुई बर्षका लागि भाडामा लिन कोषसँग सिधै संझौता गर्न यस आयोगका उपसचिव रामहरि शर्मा काफ्लेलाई जिम्मेवारी दिन सचिवालयलाई निर्देशन दिने ।
- आयोगबाट गठित कार्यटोलीले तयार गरी पेश गरेको संलग्न विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ अर्थ मन्त्रालयको सहमति लिने प्रकृया अगाडि बढाउने ।

- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३१(१) अनुसार आयोगले आफ्नो काम कारवाही सुचारु रुपले संचालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्ने व्यवस्था भएको र सोही व्यवस्था अनुसार आयोगको कार्यलाई सहज रुपमा सम्पन्न गर्नका लागि देहाय अनुसारको कार्यटोली गठन गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।
    - क) आयोगले गर्ने अनुसन्धानका लागि छानविन निर्देशिका तयार गर्न आयोगका अध्यक्ष श्री लोकेन्द्र मल्लिकज्यूको अध्यक्षतामा आयोगका सचिव सदस्य, कानून न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयको प्रतिनिधि सदस्य तथा आयोगका सहसचिव कुमुदप्रसाद शर्मा सदस्य सचिव भएको कार्यटोली गठन गरी १(एक) महिनाभित्र निर्देशिका तयार गर्ने कार्यादेश दिने ।
    - ख) आयोगको संचार नीति तर्जुमा गर्न आयोगका सदस्य श्री विजुल वि.क.दुलालको अध्यक्षतामा आयोगका सचिव, शान्ति तथा पुनर्निमाण मन्त्रालय र सूचना तथा संचार मन्त्रालयको प्रतिनिधि सदस्य तथा आयोगका शा.अ. परमानन्द घिमिरे सदस्य सचिव भएको कार्यटोली गठन गरी १(एक) महिनाभित्र संचार नीति तयार गर्ने कार्यादेश दिने ।
    - ग) सवोत्खनन् सम्बन्धमा कार्यविधि र प्रकृया तर्जुमा गर्न आयोगका सदस्य प्रा.डा.श्री विष्णु पाठकको अध्यक्षतामा आयोगका सचिव सदस्य, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला र नेपाल प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिनिधि सदस्य तथा आयोगका उप सचिव रामहरि शर्मा काफ्ले सदस्य सचिव भएको कार्यटोली गठन गरी १(एक) महिनाभित्र कार्यविधि र प्रकृया तयार गर्ने कार्यादेश दिने ।
    - घ) बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा गर्नु पर्ने आवश्यक संशोधन सम्बन्धमा मस्यौदा तयार गरी पेश गर्न आयोगका सदस्य श्री नर कुमारी गुरुङ्गको अध्यक्षतामा आयोगका सचिव र कानून न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधि सदस्य तथा आयोगका सहसचिव कुमुदप्रसाद शर्मा सदस्य सचिव भएको कार्यटोली गठन गरी १(एक) महिनाभित्र मस्यौदा तयार गर्ने कार्यादेश दिने ।
    - ङ) आयोगले उजूरी आव्हान गर्दा गर्नु पर्ने तयारी तथा सो कार्यमा संलग्न कर्मचारीलाई दिइने तालीमको प्रारुप र आवश्यक बजेटको प्रक्षेपण गर्ने लगायतका आवश्यक अध्ययन गर्न आयोगका सदस्य श्री आईबहादुर गुरुङ्गको अध्यक्षतामा आयोगका सचिव र अर्थ मन्त्रालयको प्रतिनिधि सदस्य तथा आयोगका ले.अ. हरिनारायण राजभण्डारी सदस्य सचिव भएको कार्यटोली गठन गरी १(एक) महिनाभित्र प्रतिवेदन पेश गर्ने कार्यादेश दिने ।
    - च) आयोगको अन्तरिम प्रतिवेदन तयार गरी आयोगमा पेश गर्न आयोगका सचिवलाई जिम्मेवारी दिने ।
- नेपालको द्वन्द समापनको अन्तिम कार्य अर्न्तगत बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित यो आयोग उच्चस्तरीय एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय दृष्टिकोणले समेत महत्वपूर्ण भएकोले यस आयोगका पदाधिकारीहरुको मर्यादाक्रम निर्धारण हुन जरुरी रहेको, ऐनको दफा ८(३) मा अध्यक्ष तथा सदस्यको सेवाको शर्त र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ भन्ने उल्लेख भएको र आयोगका अध्यक्ष तथा सदस्यहरुको सेवाका शर्त र सुविधा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्य सरह हुने भनी नेपाल

सरकारबाट मिति २०७१।११।२० मा निर्णय समेत भईसकेको अवस्था समेतबाट राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्य सरहको मर्यादाक्रम र सोही अनुसार सम्बोधन हुन नेपाल सरकारमा प्रस्ताव पेश गर्न शान्ति तथा पुनर्निमाण मन्त्रालयमा लेखी पठाउने ।

- नेपालको द्वन्द समापनको अन्तिम कार्य अर्न्तगत बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित यो आयोग उच्चस्तरीय एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय दृष्टिकोणले समेत महत्वपूर्ण भएको, ऐनको दफा ८(३) मा आयोगका अध्यक्ष तथा सदस्यको सेवाको शर्त र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ भन्ने उल्लेख भएको र आयोगका अध्यक्ष तथा सदस्यहरुको सेवाका शर्त र सुविधा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्य सरह हुने भनी नेपाल सरकारबाट मिति २०७१।११।२० मा निर्णय समेत भएको । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षको आवासमा क्रमशः नायव सुव्वा स्तरको कर्मचारी-१ र कार्यालय सहयोगी-१ तथा आयोगका सदस्यहरुको आवासमा कार्यालय सहयोगी-१ रहने आयोगका संगठन तालिकाबाट देखिन आएबाट राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यले पाए सरह आयोगका अध्यक्षका लागि नायव सुव्वा स्तरको कर्मचारी-१ र कार्यालय सहयोगी-१ तथा आयोगका सदस्यहरुका लागि कार्यालय सहयोगी-१ आयोगका पदाधिकारीहरुको आवासको लागि सुविधा उपलव्ध गराउन नेपाल सरकारमा प्रस्ताव पेश गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा लेखी पठाउने ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा परामर्शको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट यस आयोगमा प्राप्त हुन आएकोले उक्त मस्यौदा नियमावलीमा देहाय अनुसार संशोधन गरी तर्जुमाका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा लेखी पठाउने ।
    - क) प्राप्त मस्यौदाको नियम ३ को उपनियम (१) मा रहेको मानव अधिकारको गंभीर उल्लंघन सम्बन्धी घटनाको भन्ने वाक्याशंको सट्टा बेपत्ता पारिएका व्यक्तिको वाक्याशं राख्नुपर्ने ।
    - ख) नियम ६ को उपनियम (३) को दोश्रो हरफमा रहेको दर्ता भन्ने शव्द पछि कायम भन्ने शव्द थप गर्ने ।
    - ग) नियम ६ को उपनियम (४) को प्रथम लाईनमा रहेको भएमा शव्दको सट्टामा भएकोमा शव्द राख्नुपर्ने ।
    - घ) नियम ७ को उपनियम (१) को देहाय (छ) र (ज) हटाउने ।
    - ङ) नियम ११ को उपनियम (१) पछि देहायको उपनियम (२) थप गर्ने । (२) आयोगले आवश्यकता अनुसार विशेषज्ञहरु सम्मिलित रहेको अनुसन्धान टोली गठन गर्न सक्नेछ ।
    - च) नियम ११ को उपनियम (२), (३), (४), (५) र (६) लाई क्रमशः उपनियम (३), (४), (५), (६) र (७) कायम गर्ने ।
    - छ) नियम १२ को पहिलो हरफमा रहेको नियम भन्ने शव्द पछि १० र भन्ने शव्द थप गर्ने ।
    - ज) नियम १९ को उपनियम (१) को दोश्रो हरफमा रहेको अनुसूची-९ बमोजिमको ढाँचामा प्रवेश मुचुल्का गरी प्रवेश गर्ने र भन्ने शव्दहरु हटाउने र तेश्रो हरफमा रहेको अनुसूची-१० को सट्टामा अनुसूची-९ राख्ने ।
    - झ) नियम २६ को उपनियम (१) को दोश्रो हरफमा रहेको अनुसूची-११ को सट्टामा अनुसूची-१० राख्ने ।
    - ञ) नियम २६ को उपनियम (३) को दोश्रो हरफमा रहेको अनुसूची-१२ को सट्टामा अनुसूची-११ राख्ने ।

ट) नियम ३१ को उपनियम (१) को देहाय (छ) हटाउने ।

ठ) नियम ३१ को उपनियम (२) को पहिलो हरफमा रहेको अनुसूची-१३ को सट्टामा अनुसूची-१२ राख्ने ।

ड) नियम ३४ को उपनियम (१) मा रहेको सचिवको काम, कर्तव्य भन्ने शव्दहरु अगाडि अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही भन्ने शव्दहरु थप गर्ने ।

ढ) नियम ३५ को उपनियम (१) को सट्टामा देहायको उपनियम (१) राख्ने:

(१) विभिन्न निकायहरुका बीच सम्पर्क स्थापित गरी आयोगको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन एवं समन्वय कायम गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछ :-

| | |
|---|---|
| अ) आयोगको अध्यक्ष | - संयोजक |
| आ) अध्यक्षले तोकेको एकजना सदस्य | - सदस्य |
| इ) सचिव, शान्ति तथा पूनर्निमाण मन्त्रालय | - सदस्य |
| ई) सचिव, गृह मन्त्रालय | - सदस्य |
| उ) सचिव, राष्ट्रिय मानव अधिकार आयोग | - सदस्य |
| ऊ) सचिव, सत्य निरुपण तथा मेलमिलाप आयोग | - सदस्य |
| ए) सचिव, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | - सदस्य |

ण) नियम ३५ को उपनियम (२) पछि देहायको उपनियम (३) थप गर्ने:

(३) आयोगको छानविन महाशाखा प्रमुखले समन्वय समितिको सचिवको रुपमा काम गर्नेछ ।

त) नियम ३५ को उपनियम (३) लाई उपनियम (४) मा राख्ने ।

थ) नियम ३८ को उपनियम (१) को तेश्रो हरफमा रहेको अनुसूची-१४ को सट्टामा अनुसूची-१३ राख्ने ।

द) नियम ४३ को दोश्रो हरफमा रहेको कार्यविधि भन्ने शव्द पछि आवश्यक नीतिहरु तर्जुमा गरी भन्ने शव्दहरु थप गर्ने ।

ध) अनुसूची-१ को क.सं.१३ मा बेपत्ता पारिएका व्यक्तिलाई अन्तिम पटक देख्ने व्यक्तिको नाम थर वतन: थप गर्ने र मस्यौदाको क.सं. १३ मा रहेको अन्य कुनै कुरा भए लाई क.सं. १४ मा राख्ने ।

न) अनुसूची-९ हटाउने ।

प) अनुसूची (१०), (११), (१२), (१३) र (१४) लाई क्रमशः अनुसुची (९), (१०), (११), (१२) र (१३) कायम गर्ने ।

- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार शसस्त्र द्वन्दको क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन गर्न आयोगको गठन भएको, आयोगले बेपत्ता पार्ने कार्यमा संलग्न आरोपितहरुलाई मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउने व्यवस्था ऐनको दफा २९ ले गरेको तर बेपत्ता पार्ने कार्यमा संलग्नहरुलाई कारवाही हुने कानून नभएकोले बेपत्ता पार्ने कार्यमा संलग्नलाई सजाय गर्ने कानूनको मस्यौदा गर्ने कार्यटोली बनाउन आवश्यक भएको, ऐनको दफा ३१(१) अनुसार आयोगले आफ्नो काम कारवाही सुचारु रुपले संचालन

गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समाबेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्ने व्यवस्था भएको र सोही व्यवस्था अनुसार आयोगले गरेको सिफारिस पूर्ण रुपमा कार्यान्वयन गर्न बेपत्ता पार्ने कार्यमा संलग्नलाई सजाय गर्ने कानून आवश्यक भएकोले सो सम्बन्धमा विधेयकको मस्यौदा तर्जुमा गरी आयोगमा पेश गर्न आयोगका अध्यक्ष श्री लोकेन्द्र मल्लिकज्यूको अध्यक्षतामा आयोगका सदस्य श्री नरकुमारी गुरुङ्ग, आयोगका सचिव, कानून न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव प्रतिनिधि, शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सह-सचिव (कानून) प्रतिनिधि, बेपत्ता परिवार राष्ट्रिय संजालका अध्यक्ष सदस्य तथा आयोगका उपसचिव रामहरि शर्मा काफ्ले सदस्य सचिव भएको कार्यटोली गठन गरी १(एक) महिनाभित्र बेपत्ता पार्ने कार्यमा संलग्नलाई सजाय गर्ने विधेयकको मस्यौदा तर्जुमा गरी पेश गर्न कार्यादेश दिने ।

- यस आयोगको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्न आयोगको बैठक नियमित रुपमा बस्न समय नतोकिएकोले निश्चित समय तोकी आयोगको बैठक नियमित रुपमा बस्ने व्यवस्था हुंदा आयोगको काम कारवाही प्रभावकारी हुने र आयोगका पदाधिकारीहरुलाई पनि सोही अनुसार तयारी गर्न सजिलो हुने भएकोले प्रत्येक हप्ताको सोमबार र विहिवार विहान ११ वजे आयोगको नियमित बैठक बस्ने र आवश्यकतानुसार अन्य समयमा पनि बस्ने ।
- यस आयोगको नियमावली नेपाल सरकारमा पेश भईसकेको, नियमावली नेपाल सरकारबाट तर्जुमा भई आएपछि तत्काल उजूरी आव्हान गर्नुपर्ने अवस्था रहेको, उजूरी आव्हान गर्नुपूर्व उजूरी कसरी लिने र उजूरी लिने कर्मचारीहरुलाई के कसरी तालीम दिने भन्ने सम्बन्धमा आयोगले उजूरी आव्हान गर्दा गर्नुपर्ने तयारी तथा सो कार्यमा संलग्न कर्मचारीलाई दिइने तालीमको प्रारुप र आवश्यक बजेटको प्रक्षेपण सम्बन्धमा आयोगद्वारा गठित कार्यटोलीले पेश गरेको संलग्न प्रतिवेदन अनुमोदन गरीयो । उक्त प्रतिवेदनमा उल्लिखित पाँच विकास क्षेत्रमा गर्ने तालीमका लागि प्रक्षेपण गरिएको बजेट रकम रु.६८,५३,५०५।- विनियोजन हुन अर्थ मन्त्रालयमा लेखी पठाउने ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सम्पादन गर्ने कार्यहरुका बारेमा सरोकारवालाहरुलाई जानकारी दिन जानकारी पुस्तिका छपाई गर्न आवश्यक भएकोले सचिवालयले तयार गरी पेश गरेको जानकारी पुस्तिकाको मस्यौदामा सामान्य परिमार्जन गरी संलग्न नमुना अनुसार छपाई गर्न सचिवालयलाई स्वीकृति दिने ।
- आयोगको मिति २०७२।०५।०८ को निर्णयानुसार शवोत्खननको कार्यविधि र प्रकृया तर्जुमा गर्न गठित कार्यटोलीले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो । उक्त कार्यटोलीले पेश गरेको राष्ट्रिय मानव अधिकार आयोगले तयार गरेको शवोत्खनन् मार्ग निर्देशिका, २०६९ लाई नै आयोगले शवोत्खनन् गर्ने कममा प्रयोग गर्ने र सोही आयोगले तयार गरेको एण्टीमोर्टम तथ्याङ्क संकलन फारम ( ANTEMORTEM DATA COLLECTION FORM) मा सामान्य संशोधन गरी पेश भएको संलग्न एण्टीमोर्टम तथ्याङ्क संकलन फारमलाई समेत आयोगले आवश्यकतानुसार प्रयोग गर्ने।
- भागीराम चौधरी समेतले यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषणको रिट निवेदन थान-२ मा सम्मानित अदालतबाट भएको आदेशानुसार सचिवालयबाट तयार भएको संलग्न लिखित जवाफ पठाउन आयोगका सचिवलाई अख्तियारी दिने ।

- आयोगले आगामी दिनमा गर्ने छानविन कार्यमा सहयोग पुग्ने देहाय अनुसारका सूचनाहरु देहायका कार्यालयहरुबाट माग गर्ने ।
    - क) सशस्त्र द्वन्द्वको समयमा तत्कालिन शाही नेपाली सेनाको के कस्तो सुरक्षा रणनीति तथा कार्यक्रम थिए ? संगठनात्मक संरचना के कस्तो रहेको थियो ? नेपालको के कुन स्थानहरुमा सैनिक कार्यालयहरु रहेका थिए ? रक्षा मन्त्रालयबाट जानकारी माग गर्ने ।
    - ख) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको सशस्त्र द्वन्द्वको समयमा के कस्तो सुरक्षा नीति तथा कार्यक्रम रहेका थिए ? संगठनात्मक संरचना के कस्तो रहेको थियो ? के कुन स्थानमा यी निकायहरुको कार्यालय रहेका थिए ? गृह मन्त्रालयबाट जानकारी माग गर्ने।
    - ग) सशस्त्र द्वन्द्वको समयमा नेपाल सरकारले अख्तियार गरेको सुरक्षा नीति तथा कार्यक्रम बारे गृह मन्त्रालयबाट जानकारी माग गर्ने ।
    - घ) सशस्त्र द्वन्द्वको क्रममा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी माओवादीको के कस्ता रणनीति, कार्यक्रम तथा संगठनात्मक संरचना रहेको थियो ? एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीबाट जानकारी माग गर्ने ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नुपर्ने संशोधनहरु एकिन गरी पेश गर्न गठित कार्यटोलीले पेश गरेको संलग्न ऐनमा गर्नुपर्ने संशोधनहरु सम्बन्धी प्रतिवेदन स्वीकृत गरी संशोधनका लागि नेपाल सरकारमा पठाउने ।
- आयोगको संचार नीति तर्जुमा गर्न आयोगद्वारा गठित कार्यटोलीले पेश गरेको संलग्न संचार नीति स्वीकृत गर्ने ।
- व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्नहरुलाई कारवाही हुने कानून नहुँदा आयोगले गरेको अनुसन्धानबाट दोषी देखिएका पीडक उपर कारवाहीका लागि महान्यायाधिवक्तासमक्ष गरेको सिफारिश पूर्ण रुपमा कार्यान्वयन हुन सक्ने अवस्था नभएकोले व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्नहरुलाई कारवाही हुने कानूनको मस्यौदा गर्न गठित कार्यटोलीले मस्यौदा गरी पेश गरेको संलग्न व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदालाई स्वीकृत गरी तर्जुमाका लागि नेपाल सरकारमा पठाउने । उल्लिखित मस्यौदा तथा नीति आयोगको वेवसाईटमा राख्ने ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपदफा (३) मा सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्वन्धित विषयमा विभिन्न निकायमा विचाराधिन उजूरीहरु आयोगले छानविन गर्ने छ भन्ने व्यवस्था रहेकोले मिति २०५२/११/१ देखि २०६३/०८/०५ को अवधिमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारिएको विषयसँग सम्वन्धित उजूरी परी छानविनका क्रममा प्रहरी कार्यालयहरुमा रहेका उजूरी सहितका सम्वन्धित कागजातहरु यस आयोगमा उपलब्ध गराइदिन सवै प्रहरी कार्यालयहरुलाई निर्देशन हुन प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।

# परिच्छेद ५

## आगामी दिनमा आयोगले गर्ने कार्य, समस्या र सुझाव

### ५.१ आगामी दिनमा आयोगले गर्ने कार्यहरु

आयोगले आफूलाई ऐनले दिएको कार्यादेश र जिम्मेवारी पूरा गर्ने सिलसिलामा आयोग गठन भएको एक बर्षको अवधिमा आन्तरिक तयारीका कार्यहरु गरेको छ । यी आन्तरिक तयारी र पूर्वाधारको विकासबाट आयोग मुख्य जिम्मेवारी निर्वाह गर्न सक्षम हुने छ । नेपाल सरकारबाट नियमावली पारित भै आएपछि मात्र आयोगले छानविनको कार्य प्रारम्भ गर्न सक्ने भएकोले आयोग हाल सो नियमावलीको प्रतिक्षामा रहेको छ । आयोगले भावी दिनमा गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन् :

### ५.१.१ उजूरी संकलन

नेपाल सरकारबाट नियमावली पारित हुनासाथ आयोगले उजूरी संकलन कार्य प्रारम्भ गर्नेछ । उजूरी संकलनका लागि आयोगले देहाय बमोजिमका कार्यनीतिहरु अवलम्बन गर्ने सोचाई बनाएको छ :

- नेपाल सरकारबाट नियमावली पारित भएको एक महिनाभित्र उजूरी आव्हान गरी विभिन्न संचार माध्यमबाट प्रकाशन र प्रसारण गर्ने ।
- पीडितको तर्फबाट दिइने उजूरी संकलन गरी आयोगको कार्यालयमा पठाउन ७५ वटा स्थानीय शान्ति समितिको कार्यालयलाई परिचालन गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय शान्ति समितिमा कार्यरत रहेको कर्मचारीलाई सो उजूरी संकलन कार्यको जिम्मा दिने ।
- उजूरी संकलन कार्यमा सहजीकरणका लागि बेपत्ता पारिएका पीडितहरुको प्रतिनिधित्व गर्ने संस्थाको सहयोग लिने ।
- उजूरी संकलन प्रकृयामा विभिन्न निकायको सहयोग र समन्वयका लागि आयोगका सचिवको संयोजकत्वमा सम्बद्ध निकायका सहसचिवस्तरका प्रतिनिधि, बेपत्ता पारिएका पीडितहरुको प्रतिनिधित्व गर्ने संस्थाको प्रतिनिधि र आयोगका सम्बन्धित महाशाखाका सहसचिव सदस्य सचिव रहेको समन्वय समिति गठन गर्ने ।
- केन्द्रमा अनलाइनबाट पनि उजूरी लिन सकिने व्यवस्था गर्ने र सो को तयारी गर्ने ।
- कसैले टेलिफोनबाट सूचना दिन चाहेका सो टेलिफोनको व्यवस्था गरी सो नं सार्वजनिक गर्ने ।
- उजूरवाला बालबालिका, जेष्ठ नागरिक अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति भएमा निजहरुले उजूरी दिदा सहजता होस भनी विशेष व्यवस्थाहरु गरिने छ ।

### ५.१.२ कर्मचारीहरुको क्षमता विकास

आयोगले उजूरी संकलन पहिले नै सो कार्यसंग सम्बन्धित कर्मचारीहरुलाई तालीम प्रदान गर्ने सोचाइ राखेको छ । यसका साथै छानविनका काममा संलग्न कर्मचारीलाई पनि आवश्यक तालीम प्रदान गरिने गरी उनीहरुको क्षमता विकास गरिने छ ।

### ५.१.३ उजूरी निवेदनमा प्रारम्भिक कारबाही

आयोगले उजूरी संकलन भएपछि त्यस्ता उजूरी उपर प्रारम्भिक रुपमा देहाय बमोजिमका कुराहरु हेर्ने छ :

- व्यक्ति बेपत्ता पारिएको भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भए/नभएको,
- आयोगका क्षेत्राधिकारभित्र परे/नपरेको
- उजूरीमा तथ्ययुक्त आधार भए/नभएको,
- उजूरीको औचित्य स्पष्ट भए/नभएको,
- उजूरी तोकिएको ढाँचामा भए/नभएको,
- आयोगले उजूरी दर्ता गर्न दिएको म्यादभित्र उजूरी परे नपरेको,
- आयोगबाट यस अघि नै सो विषयमा कुनै निर्णय भए नभएको,
- आयोगबाट यस अघि नै तामेलीमा राख्ने निर्णय भएको भए नयां प्रमाण पेश भए नभएको,
- सशस्त्र द्वन्द्वको अवधिभित्र सो घटना घटे नघटेको,
- सशस्त्र द्वन्द्वको अवधिभित्र सो घटना घटेको भए तापनि सशस्त्र द्वन्द्वसंग सम्बन्धित भए नभएको,
- उजूरीसँग सम्बन्धित विषयमा अदालतमा मुद्दा परे नपरेको ।

### ५.१.४ प्रारम्भिक अनुसन्धान

आयोगले प्राप्त भएका उजूरीमा प्रारम्भिक कारबाही गरेपछि आफ्नो क्षेत्राधिकारभित्रका उजूरीहरुमा प्रारम्भिक अनुसन्धान गर्ने छ । यस अन्तर्गत उजूरी निवेदन अध्ययन गरी प्रारम्भिक अनुसन्धान गर्नु पर्ने मूल विषयबस्तुको पहिचान गर्ने, बेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा सो समयको सूचना एवं जानकारीहरु स्थानीय एवं राष्ट्रिय पत्र पत्रिका, एफ. एम. लगायतका माध्यमहरुबाट संकलन गर्ने, अनुसन्धानबाट पहिचान हुन आएको विषयवस्तुसँग सम्बन्धित कागजात सम्बन्धित कार्यालय वा व्यक्तिबाट माग गर्ने, कुनै निकायका पदाधिकारी वा कुनै व्यक्तिसँग आवश्यक विवरण वा बयान वा प्रतिक्रिया माग गर्नु पर्ने भएमा माग गर्ने, स्थलगत निरीक्षण, हस्तरेखा परीक्षण वा अन्य केही प्रमाण बुझ्न आवश्यक देखिएमा बुझ्ने, तत्काल बरामद गर्नु पर्ने सामान बरामद गर्ने लगायतका कार्य यस प्रारम्भिक अनुसन्धानमा गरिने छ ।

### ५.१.५ विस्तृत अनुसन्धान

प्रारम्भिक अनुसन्धान गर्ने अधिकृतले प्रारम्भिक अनुसन्धान पूरागरी प्रतिवेदन दिएपछि थप बिस्तृत रुपमा अनुसन्धान गर्न आयोगले आवश्यक देखेमा अनुसन्धान अधिकारी तोकी विस्तृत अनुसन्धान गराउने छ । बिस्तृत अनुसन्धानमा थप कागजात विवरण तथा जानकारी सम्बन्धित निकायबाट माग गर्ने, बेपत्ता पारिएको व्यक्तिको बारेमा विस्तृत विवरण (एण्टीमोर्टम डाटा) तयार गर्ने, शब उत्खनन गर्ने, डि. एन. ए. लगायत आवश्यक बैज्ञानिक परीक्षण गराउने, बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिको बयान गराउने लगायतका अनुसन्धान यस विस्तृत अनुसन्धानमा गरिने छ ।

### ५.१.६ पीडितसँग सहकार्य र पीडित मैत्री वातावरण कायम गर्ने

आयोग पीडितको सहयोग बिना आफ्नो छानविनको कार्य प्रभावकारी रुपमा सम्पन्न गर्न सक्दैन भन्ने मान्यता राख्दछ । यसैले छानविन लगायतका काम कारबाहीहरु आवश्यकतानुसार पीडितको सहयोग, सहभागिता र सहकार्यमा गरिनेछ ।  यसका साथै आयोगले आफ्नो कार्य सम्पादन गर्दा पीडित मैत्री

वातावरण सृजना गर्ने आयोगको नीति रहेको छ । आयोगको कार्यालयमा एक पीडित कक्ष स्थापना गरिने छ ।

### ५.१.७ साक्षी तथा उजूरकर्ताको संरक्षण

आयोग साक्षी तथा उजूरकर्ताको संरक्षण हुनु पर्ने कुरा प्रति गंभीर रहेको छ । उनीहरुको सुरक्षा र संरक्षणका लागि आयोगले नेपाल सरकार र सरकारका अन्य निकायको सहयोग लिने छ । यसका साथै गोपनीयता लगायतका कार्यविधिगत व्यवस्थाको माध्यमबाट पनि साक्षी तथा उजूरकर्ताको संरक्षण गर्ने आयोगको प्रयत्न रहने छ ।

### ५.१.८ छानविनमा विज्ञहरुको प्रयोग

आयोगले छानविन लगायतको जिम्मेवारी पूरा गर्नका लागि विज्ञ र विशेषज्ञहरुको सहयोग लिनु पर्ने हुन्छ । यसैले आयोगले यस्ता विज्ञहरुको प्रयोग गरी कार्यमा सहजता र विश्वसनीयता कायम गर्ने छ ।

### ५.१.९ छानविनमा वैज्ञानिक साधनको प्रयोग

बेपत्ता पारिएका व्यक्तिको छानविनका लागि बैज्ञानिक साधनको प्रयोग गर्नु पर्ने हुन सक्छ । बेपत्ता पारिएको व्यक्तिको हत्या गरिएको खुल्न आएमा शब उत्खनन गर्ने, शब परीक्षण गर्ने, कसको शब हो भन्ने पहिचान गर्ने लगायतका कार्यका लागि विधि बिज्ञान प्रयोगशालाको प्रयोग र बैज्ञानिक साधनको प्रयोग गर्ने आयोगको सोचाई छ । आयोगले आफ्नै विधि बिज्ञान प्रयोगशालाको स्थापना गर्ने प्रारम्भमा सोचाई राखेको भएपनि नेपाल सरकारबाट आवश्यक बजेट बिनियोजन नभएको हुँदा सो संभव रहेन । तथापि, नेपालमा स्थापित अन्य विधि बिज्ञान प्रयोगशालालाई प्रयोग गर्ने आयोगको सोच रहेको छ । यसका साथै छानविनका क्रममा सुरक्षा लगायतका कारण श्रब्य दृष्य सम्वाद ( भिडियो कन्फरेन्स) को माध्यमबाट आवश्यकता अनुसार बयान बकपत्रहरु लिने पनि आयोगको सोचाइ छ । आयोगले यसका लागि अर्थ मन्त्रालयबाट बजेट माग गरेको छ । सो बजेट निकाशा भएमा मात्र आयोगले यो कार्य सम्पन्न गर्न सक्न सक्षम हुनेछ ।

### ५.१.१० सार्वजनिक सुनुवाई

आयोगले बेपत्ता पारिएका व्यक्तिबारे सत्य तथ्य पहिचान गर्न तथा क्षतिपूर्ति परिपूरण समेतका बिषयमा पीडितहरुको सहभागितामा सार्वजनिक सुनुवाई गर्ने पनि सोचाइ राखेको छ । यस किसिमको सार्वजनिक सुनुवाई अन्य मुलुकका संक्रमणकालीन न्यायका यस्तै संयन्त्रले पनि अबलम्बन गर्दै आएका छन् । हाम्रो कानुनले पनि यस किसिमको सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ ।

### ५.१.११ पीडित तथा अन्य सरोकारवालाहरुसंग निरन्तर संवाद, सम्पर्क र समन्वय

आयोगले केन्द्रमा रहेका पीडितको प्रतिनिधित्व गर्ने संघ, संगठन, मानवअधिकारकर्मीहरु, यस क्षेत्रमा क्रियाशील संस्था लगायत सरोकारवालाहरुसंग आवश्यकतानुसार संवाद र सम्पर्क कायम गर्दै आएको छ । उनीहरुसंग हुने यस किसिमको समन्वयबाट नै पीडितको विश्वास जित्न सकिने र आयोगको उद्देश्य पूर्तिमा सहयोग हुने हुंदा यसलाई निरन्तरता दिइने छ ।

### ५.१.१२ जिल्लाहरुमा पीडितसंग भेटघाट

आयोगले स्थानीय स्तरमा समेत पीडितहरुसंग भेटघाट र छलफल गर्ने सोचाई राखेको छ । पीडितको पीडालाई न्यून गर्न यस किसिमको भेटघाट अन्य मुलुकहरुले पनि अभ्यास गर्ने गरेको देखिन्छ । यसलाई संक्रमणकालीन न्यायको सन्दर्भमा एक महत्वपूर्ण पाटोको रुपमा पनि लिइन्छ । आयोगले ७५ वटै जिल्लामा भेटघाटका लागि पुग्ने लक्ष्य राखेको छ ।

### ५.१.१३ चेतनामूलक कार्यक्रम र प्रचारप्रसार

आयोगले आफ्ना कार्य र गतिबिधिबारे सूचना संप्रेषण गर्न र आयोगका काम प्रति पीडितले जानकारी सहज रुपमा पाउन सकुन भन्ने अभिप्रायले चेतनामूलक कार्यक्रम र प्रचार प्रसारका कार्यक्रम पनि गर्ने सोचाई राखेको छ ।

### ५.१.१४ परिपूरणको सिफारिस

छानविन पश्चात् आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनस्थापना गर्न वा अन्य उपयुक्त व्यबस्था गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

### ५.१.१५ मुद्दा चलाउन लेखी पठाउने

अनुसन्धानबाट प्राप्त तथ्यहरुको आधारमा बेपत्ता पार्ने कार्यका दोषी देखिएका व्यक्तिउपर मुद्दा चलाउन आयोगबाट महान्यायाधिवक्तासमक्ष लेखी पठाइनेछ ।

### ५.१.१६ पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने

आयोगले ऐनको व्यवस्था बमोजिम पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने छ ।

### ५.१.१७ प्रतिवेदन प्रस्तुति

आयोगले छानविनको कार्य समाप्त भएपछि नेपाल सरकारसमक्ष आयोगलाई दिइएको कार्यादेश अनुसार देहायका बिषयहरु समावेश गरी प्रतिवेदन प्रस्तुत गर्ने छ ।

- आयोगबाट छानविन गरिएका र तामेलीमा राखिएका उजूरी सम्बन्धी विवरण,
- छानविनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,
- परिपूरण सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरेको विषय,
- पीडक उपर कारबाहीको लागि सिफारिस गरिएको विवरण,
- सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनको लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यावहारिक सुधारका विषय,
- प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय,
- मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सृजना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरु,
- अन्य आवश्यक कुराहरु ।

## ५.२ आयोगले व्यहोर्नु परेका समस्या तथा चुनौतीहरु

### ५.२.१ कानुनी समस्याहरु

आयोगको कार्यसम्पादनका क्रममा देहायबमोजिमका कानुनी समस्याहरु परेका छन् :

- छानविन कार्यका लागि कार्यविधिगत व्यवस्था गर्न नियमावली आवश्यक पर्दछ । सो नियमावली आयोगको परामर्शमा नेपाल सरकारले बनाउनु पर्ने कानुनी व्यवस्था छ । आयोग गठन हुँदा सो नियमावली तर्जुमा हुन सकेन । यसैले आयोग आफैले नियमावलीको मस्यौदा तयार गरी २०७२ भाद्र ९ गते नेपाल सरकारसमक्ष पठाएकोमा हालसम्म पनि नियमावली स्वीकृत भै नआएकोले आयोगले छानविनको कार्य अगाडि बढाउन सकेको छैन । दुई बर्षको कार्यकाल भएको आयोगको एक बर्ष नियमावलीका अभावका कारण त्यसै व्यतित हुन पुगेको छ ।
- आयोगलाई ऐनले पीडक उपर मुद्दा चलाउन सिफारिस गर्ने कार्यादेश समेत प्राप्त छ तर बेपत्ता पारिएका व्यक्तिलाई अपराधिकरण गर्ने कानुनको अभाव रहेको कारण आयोगले यो कार्यादेश अनुसारको काम गर्न समस्या हुने अवस्था छ ।
- हाल प्रचलित बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का कतिपय व्यवस्थाहरु परिमार्जन गर्न आवश्यक रहेको छ ।
- बेपत्ता पारिएका व्यक्तिको कानुनी हैसियत सम्बन्धी कानुनको अभावका कारण पीडितका परिवारहरुले थुप्रै समस्या र कानुनी जटिलता भोल्नु परेको अवस्था रहेको छ । यस सम्बन्धमा बेला बेलामा आयोगमा गुनासोहरु आउने गरेको तर आयोगले केही सम्वोधन गर्न नसक्ने अवस्था छ ।

### ५.२.२ भौतिक र आर्थिक स्रोत साधनसंग सम्बन्धित समस्याहरु

आयोगको गठन हुंदा सिंहदरवारस्थित शान्ति तथा पुनर्निर्माण मन्त्रालयको एक कोठा उपलब्ध भएको थियो । सो कोठामा पाँचै जना पदाधिकारीहरु बसेर कार्य संचालन गर्नु परेको थियो । यसका साथै पदाधिकारीहरुका लागि कानुन बमोजिम प्राप्त हुने सवारी साधन पनि उपलब्ध हुन नसकेको जस्ता परिस्थितिबाट आयोग अगाडि बढेको थियो । जनशक्ति, सवारीसाधन लगायतका आयोगका लागि आवश्यक भौतिक पूर्वाधारहरु उपलब्ध नभएको यस्तो अवस्था लामो समय रहेको र आयोगले यसका लागि आफैले निकै कठिनाईका साथ कार्य गर्नु परेको थियो ।

बेपत्ता पारिएका व्यक्तिको छानविनको कार्य अत्यन्त जटिल तथा चुनौतिपूर्ण रहेको, यसका लागि बैज्ञानिक स्रोत साधनको प्रयोग गर्नु पर्ने, ऐन बमोजिम श्रब्य दृष्य सामग्रीको प्रयोग, साक्षीहरुलाई भत्ता उपलब्ध गराउनु पर्ने, शब उत्खनन, डि. एन. ए. लगायतका बैज्ञानिक परीक्षण गराउनु पर्ने हुंदा विविध किसिमका विशेषज्ञको सेवा लिनु पर्ने हुन्छ । यस्ता सेवा प्रदायक विज्ञहरुको सेवा महगों पर्ने भएका कारण थुप्रै रकम आवश्यक पर्दछ । तर सो अनुरुप नेपाल सरकारबाट रकम बिनियोजित भएको छैन । यस आर्थिक बर्षमा करीब २७ करोड बजेटको आवश्यकता प्रक्षेपण गरी माग भएकोमा ६ करोड पनि निकासा हुन सकेको छैन । यसले आयोगको काममा प्रत्यक्ष रुपमा असर पर्ने अवस्था

छ । यसका साथै आयोगबाट आर्थिक बिषयमा अर्थ मन्त्रालयमा सहमति तथा निकासा माग भएपनि सो मन्त्रालयबाट प्राय सकारात्मक जवाफ प्राप्त हुन नसकेको अवस्था छ ।

### ५.२.३ कर्मचारीको पूर्ति र आयोगमा कार्यरत जनशक्तिको उत्प्रेरणासंग सम्बन्धित समस्याहरु

आयोगका लागि नेपाल सरकारवाट विभिन्न सेवा समूहका गरी ७० जना कर्मचारीहरुको दरवन्दी स्वीकृत भएको छ । सो अनुरुप आयोगले विभिन्न सेवा समूहका कर्मचारी माग गरेको भएपनि हालसम्म आयोगको माग अनुसार कर्मचारी उपलब्ध हुन नसकेको र उपलब्ध गराउन नसकिने जानकारी पनि प्राप्त नभएको अवस्था छ । यसका कारण पनि आयोगले व्यवस्थित रुपमा कार्य गर्न समस्या परेको छ ।

आयोगको कार्य अत्यन्त जटिल रहेको कुरा माथिका प्रकरणहरुमा समेत उल्लेख गरिएकै छ । कार्यालय समय अलावा विहान बेलुका समेत कार्य गर्नु पर्ने, फिल्डमा समेत जानु पर्ने, कामको प्रकृतिले नै सुरक्षाका दृष्टिकोणले पनि संवेदनशील रहेकोले कर्मचारीहरु आयोगमा सरुवा हुन इच्छुक नभएको हालसम्मको अनुभव छ । उनीहरुलाई मौद्रिक तथा गैर मौद्रिक माध्यमबाट उत्प्रेरित गर्नु अति आवश्यक छ । यसै यथार्थलाई ध्यानमा राखी आयोगबाट कर्मचारीहरुका लागि शत प्रतिशत भत्ताको निर्णय भएकोमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त हुन सकेन । यसका अतिरिक्त आयोगमा कार्यरत कर्मचारीहरुका लागि स्वदेशी तथा बैदेशिक तालीम भ्रमणका लागि कुनै अवसर प्राप्त भएका छैनन् । यी सबै कारणले गर्दा आयोगमा कर्मचारी आकर्षित नहुने र कार्यरत कर्मचारीलाई पनि निरन्तर रुपमा कायम गर्न कठिनाई परेको अवस्था छ ।

### ५.२.४ जनशक्तिको क्षमता विकाससंग सम्बन्धित समस्याहरु

नेपालमा यस किसिमको आयोगको काम नौलो प्रकृतिको काम हो । यसका लागि अनुभवी एवं दक्ष जनशक्तिको अभाव रहेको छ । त्यसैले आयोगमा काम गर्ने कर्मचारीका लागि क्षमता विकास अनिवार्य छ । यसका लागि आवश्यकता अनुसार स्वदेशी र वैदेशिक तालीम पनि आवश्यक पर्दछ । तर नेपाल सरकारवाट त्यसका लागि आवश्यक रकम विनियोजन हुन सकेको छैन । यसले गर्दा जनशक्तिको क्षमता विकासमा समस्या भै आयोगको कार्यमा असर पर्ने अवस्था छ ।

### ५.२.५ विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोगसंग सम्बन्धित समस्याहरु

आयोगको कार्यमा विशेषज्ञ प्रयोग गर्नु अति आवश्यक छ । साथै जटिल प्रकृतिको छानविनको कार्य भएकाले बैज्ञानिक स्रोत साधनको प्रयोग, श्रब्य दृष्यको सामग्रीको प्रयोग, विधि बिज्ञान प्रयोगशालाको प्रयोग आदि कारणले खर्चिलो हुने अवस्था छ । तर नेपाल सरकारबाट तदनुरुपको बजेट बिनियोजन नभएकाले विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोग कठिन हुने अवस्था छ ।

### ५.२.६ दैवि प्रकोप र अन्य कारणले सृजित समस्याहरु

आयोग गठन भएको केही समयपछि विनासकारी भूकम्प गएका कारण आयोगको काम कारबाहीलाई असर गर्नु स्वभाविक थियो । यसरी नै अघोषित नाकाबन्दीका कारण आयोगको विभिन्न जिल्लामा भ्रमण गर्ने कार्य लगायत नियमित काममा पनि असर परेको थियो ।

### ५.२.७ समयावधिको सीमितताको समस्या

आयोगको समयावधि २ बर्षको रहने ऐनले नै निर्दिष्ट गरेको छ। आयोगले सम्पादन गर्नु पर्ने कार्य प्रकृति, यसको जटिलताको अनुपातमा आयोगको कार्यावधी अत्यन्तै न्यून रहेको छ । आयोगले अनुसन्धानका क्रममा एउटै घटनाका सन्दर्भमा पनि विभिन्न स्थानमा पुग्नु पर्ने हुन सक्ने, शव उत्खनन, डि.एन.ए लगायतका बैज्ञानिक परीक्षण गर्नु पर्ने जस्ता विविध कारणले यो समय आयोगले कार्य पूरा गर्न अपर्याप्त हुने अवस्था छ।

## ५.३ सुझावहरु

### ५.३.१ कानुनमा सुधार र आवश्यक कानुनको तर्जुमा

- छानविन कार्यका लागि कार्यविधिगत व्यवस्था गर्न आयोगले मस्यौदा तयार गरी २०७२ भाद्र ९ गते नेपाल सरकारसमक्ष स्वीकृतीका लागि पेश भएको नियमावली नेपाल सरकारबाट तत्काल पारित हुनु पर्ने।
- व्यक्ति बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने कानुन शीघ्र तर्जुमा हुनु पर्ने।
- देहायका विषयहरु समावेश गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा संशोधन गर्न आवश्यक कारबाही अगाडि बढाउनु पर्ने।

| क.सं | संशोधन हुनु पर्ने बिषय | हालको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | बेपत्ता पारिएका व्यक्तिको कानुनी अवस्था के हुने भन्ने सम्बन्धमा स्पस्ट व्यवस्था समावेश गर्नु पर्ने। | हाल यस्तो व्यवस्था नरहेको | प्रचलित कानुन अनुसार व्यक्ति जीवीत वा मृतकको हैसियत मात्र रहने हुन्छ। सशस्त्र द्वन्दको क्रममा बेपत्ता पारिएका व्यक्ति जीवित वा मृतक कुन अवस्थामा रहेका छन् भन्ने हालसम्म यकिन हुन नसेकेको कारण सम्पति, हक हस्तान्तरण लगायतका कानुनी बिषयमा त्यस्ता व्यक्तिका परिवारले समस्या भोग्नु परेको अवस्था भएकाले यस्ता बिषयका समस्या सम्वोधन गर्न वेपत्ता पारिएका व्यक्तिको कानुनी हैसीयत सम्बन्धी कानुनी व्यवस्था हुन आवश्यक रहेको छ। |

| | | | |
|---|---|---|---|
| २ | आयोगले उपयुक्त सम्झेका अन्तरिम राहत वा परिपूरणका लागि नेपाल सरकारलाई निर्देशन दिन सक्ने व्यवस्था राख्ने । | दफा २३<br>(१) यस ऐन बमोजिम छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । | दफा २३ मा छानविन गरिसकेपछि आफैले परिपूरणको सिफारिस गर्न सक्ने व्यवस्था रहेको तर अन्तरिम परिपूरण तथा अन्तरिम राहतको व्यवस्था नरहेको तर आयोगले आवश्यकतानुसार त्यसका लागि नेपाल सरकारलाई निर्देशन दिन सक्ने व्यवस्था भएमा पीडितलाई न्याय र उनीहरुको तत्कालको आवश्यकता समेत सम्वोधन गर्न सहज हुने भएकाले |
| ३ | पीडित एक भन्दा बढी हुन सक्ने र निजहरु एकभन्दा बढीलाई परिपूरण दिन सकिने स्पष्ट रुपमा व्यवस्था गनुपर्ने । | दफा २३ (२)<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ<br>दफा २३ (६)<br>(६) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइनेछ । | दफा २३ (२) मा रहेको कुनै सदस्यलाई भन्ने व्यवस्थाले १ जना मात्रलाई जनाउने र दफा २३ (६) मा नजिकको सदस्यलाई मात्र परिपूरण दिन सकिने भएको र पीडितहरु एकभन्दा बढी भएमा उनीहरु सबै पीडितलाई परिपूरण दिन आवश्यक हुने भएकाले । |

### ५.२.२ महासन्धिको पक्ष हुनु पर्ने

**नेपाल International Convention for the Protection of All Persons from Enforced Disappearance को पक्ष बन्नु पर्ने ।**

### ५.२.३ नेपाल सरकारबाट प्राथमिकताको नीति अवलम्बन

शान्ति प्रकृयाको अन्तिम चरणमा रहेको आयोगको काम र यसप्रति नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतमा उल्लेख भएको भएपनि व्यवहारमा आयोग प्राथमिकतामा नपरेको अनुभूति भै रहेको छ । तसर्थ, नेपाल सरकारबाट व्यवहारतः आयोग प्राथमिकतामा पर्नु अति जरुरी देखिन्छ ।

**५.२.४ नेपाल सरकार अन्तर्गतका निकायबाट आयोगलाई आवश्यक सहयोगको प्रतिबद्धता**

आयोगलाई नेपाल सरकार, विभिन्न मन्त्रालय, सुरक्षा निकाय लगायत अन्य सरकारी निकायबाट विभिन्न किसिमको सहयोग आवश्यक पर्दछ । यस्तो सहयोग उपलब्ध गराउन यी निकायको प्रतिबद्धता अपेक्षित छ ।

**५.३.५ भौतिक र आर्थिक स्रोत साधनको उपलब्धताको सुनिश्चितता**

बेपत्ता पारिएका व्यक्तिको छानविनको कार्य जटिल रहेको, यसका लागि बैज्ञानिक स्रोत साधनको प्रयोग गर्नु पर्ने, ऐन बमोजिम श्रब्य दृष्य सामग्रीको प्रयोग, साक्षीहरुलाई भत्ता उपलब्ध गराउनु पर्ने, शब उत्खनन, डि. एन. ए. र अन्य बैज्ञानिक परीक्षण गराउनु पर्ने, विविध किसिमका बिशेषज्ञको सेवा लिनु पर्ने र उनीहरुको सेवा महगो पर्ने भएका कारण थुप्रै रकम आवश्यक पर्दछ । तर सो अनुरुप नेपाल सरकारबाट रकम विनियोजित भएको छैन । यसैले आयोगलाई आवश्यक पर्ने भौतिक तथा आर्थिक स्रोत साधनको नेपाल सरकारबाट उपलब्ध हुनु पर्ने ।

**५.३.६ जनशक्तिको समयमै पूर्ति**

आयोगले माग गरेका विभिन्न सेवा समूहका कर्मचारीहरु समयमै उपलब्ध गराउनु पर्ने ।

**५.३.७ आयोगमा कार्यरत जनशक्तिलाई उत्प्रेरित गर्नु पर्ने**

आयोगको कार्य जटिल रहेको, विहान बेलुका समेत कार्य गर्नु पर्ने, फिल्डमा समेत जानु पर्ने, सुरक्षाका दृष्टिकोणले पनि संवेदनशील रहेकोले कर्मचारीहरु आयोगमा काम गर्न इच्छुक हुदैनन् । उनीहरुलाई मौद्रिक तथा गैर मौद्रिक माध्यमबाट उत्प्रेरित गर्नु अति आवश्यक छ । यसैले आयोगबाट कर्मचारीहरुका लागि शत प्रतिशत भत्ताको निर्णय भएकोमा अर्थ मन्त्रालयबाट सहमति प्राप्त हुन सकेन । यसका अतिरिक्त आयोगमा स्वदेशी तथा बैदेशिक तालिम भ्रमणका लागि कुनै अवसर उपलब्ध छैनन् । यसैले आयोगमा कार्यरत कर्मचारीका लागि तलबको शतप्रतिशत भत्ताको लागि अर्थ मन्त्रालयबाट सहमति प्राप्त हुन आवश्यक छ । यसका साथै नेपाल सरकारबाट स्वदेशी तथा बैदशिक तालीमको अवसर दिनुका साथै आयोगको काम अत्यन्त जटिल, जोखीम एवं चुनौतिपूर्ण रहेकोले यसमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुलाई सरिक गराउदा उनीहरुको दुर्घटना तथा जीवन वीमा गर्नु पर्ने हुन्छ । हाल निजामति कर्मचारीको हकमा गरिदै आएको जीवन वीमाको रकम अत्यन्त न्यून रहेको र पदाधिकारीको हकमा त सो सम्बन्धी कुनै व्यबस्था नभएकोले त्यस तर्फ पनि सरकारको ध्यान जानु जरुरी देखिन्छ ।

**५.३.८ जनशक्तिको क्षमता विकास**

नेपालमा आयोगको काम नौलो प्रकृतिको काम हो । यसका लागि अनुभवी जनशक्तिको अभाव रहेको छ । त्यसैले आयोगमा काम गर्ने कर्मचारीका लागि क्षमता विकास अनिवार्य छ । यसका लागि आवश्यकता अनुसार स्वदेशी र वैदेशिक तालिम पनि आवश्यक पर्दछ । तर नेपाल सरकारवाट त्यसका लागि आवश्यक रकम विनियोजन हुन सकेको छैन । यसले गर्दा जनशक्तिको क्षमता विकासमा समस्या भै आयोगको कार्यमा असर पर्ने अवस्था छ । अत: यस सन्दर्भमा नेपाल सरकारबाट समुचित ध्यान दिन आवश्यक छ ।

**५.२.९ विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोग गर्न सक्षम बनाउने**

आयोगको कार्यमा विशेषज्ञ प्रयोग गर्नु अति आवश्यक छ । साथै जटिल प्रकृतिको छानविनको कार्य भएकाले बैज्ञानिक स्रोत साधनको प्रयोग, श्रब्य दृष्यको सामग्रीको प्रयोग, विधिबिज्ञान प्रयोगशालाको प्रयोग आदि कारणले खर्चिलो हुने अवस्था छ तर नेपाल सरकारबाट तदनुरुपको बजेट बिनियोजन नभएकाले विशेषज्ञ र बैज्ञानिक साधनको प्रयोग कठिन हुने अवस्था रहेकाले नेपाल सरकारबाट आवश्यक बजेट बिनियोजन गर्नु आवश्यक छ ।

**५.२.१० पीडित लगायतका सरोकारवालाहरुको सहयोग**

आयोगको कार्य सम्पादनका क्रममा पीडितको भूमिका महत्वपूर्ण हुन्छ । उनीहरुको सहयोग बिना आयोगले आफ्नो कार्य सहजतापूर्वक सम्पन्न गर्न कठिन हुन्छ । यसका साथै तत्काल द्वन्द्वरत पक्षहरुको सहयोग पनि आवश्यक पर्छ । त्यसैले आयोग सरोकारवालाहरु सबैको सहयोगको अपेक्षा गर्दछ ।

## अनुसूची- १

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
## बैठक सम्बन्धीत अन्य कार्यविधि,२०७१

बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१ को दफा ९ को उपदफा (८) ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले देहाय बमोजिम बैठक सम्बन्धी अन्य कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि,२०७१" रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपस्थिति पुस्तिका" भन्नाले बैठकमा उपस्थित सदस्य बिज्ञ पर्यवेक्षक तथा आमन्त्रित व्यक्तिको उपस्थिति जनाउने गरी दफा ८ बमोजिम खडा गरेको उपस्थिति पुस्तिका सम्झनु पर्छ ।

(ख) "कार्यसूची" भन्नाले बैठकमा प्रस्ताव पेश गर्ने प्रयोजनको लागी दफा ४ बमोजिम स्वीकृत कार्यसूची सम्झनु पर्छ ।

(ग) "प्रस्ताव" भन्नले बैठकमा प्रस्ताव पेश गर्नको लागी दफा ५ बमोजिम खडा गरिएको प्रस्ताव दर्ता पुस्तिकामा दर्ता भएको प्रस्ताव सम्झनु पर्छ ।

(घ) "प्रस्ताव दर्ता पुस्तिका" भन्नाले प्रस्ताव दर्ता गर्नको लागी दफा ६ बमोजिम खडा गरिएको प्रस्ताव दर्ता पुस्तिका सम्झनु पर्छ।

(ङ) "बैठक" भन्नाले आयोगको बैठक सम्झनु पर्छ ।

(च) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(छ) "निर्णय पस्तिका" भन्नाले आयोगको निर्णय अभिलेखीकरण गर्नको लागि दफा १० बमोजिम तयार गरेको निर्णय पुस्तिका सम्झनु पर्छ ।

३. **आयोगको बैठक व्यवस्थापन:** बैठक व्यवस्थापन गर्ने जिम्मेवारी सचिवालयको हुनेछ ।

४. **बैठकको कार्यसूची:** सचिवले अनुसूची १ बमोजिमको ढाँचामा बैठकको कर्यसूची तयार गरी अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ ।

५. **प्रस्तावको तयारी:** (१) दफा ४ बमोजिम स्वीकृत कार्यसूची बमोजिमको प्रस्ताव तयार गर्ने जिम्मेवारी सचिवालयको हुनेछ।

(२) उपदफा(१) बमोजिम प्रस्ताव तयार गर्दा अनुसूची २ बमोजिम ढाँचामा तयार गर्नु पर्नेछ।

६. **प्रस्ताव दर्ता:** दफा ५ बमोजिम तयार भएको प्रस्ताव अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव दर्ता पुस्तिकामा दर्ता गर्नु पर्नेछ ।

७. **बैठकको सूचना उपलब्ध गराउने:** सचिवालयको बैठक बस्ने समयभन्दा कम्तिमा १२ घण्टा अगावै आयोगको बैठकमा पेश गरिने कार्यसूची सहितको प्रस्ताव र सम्बद्ध कागजातको प्रति संलग्न गरी सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

तर अध्यक्षले चाहेमा सो भन्दा कम समय पुर्व सुचना उपलब्ध गराई बैठक बोलाउन सकिनेछ ।

८. **उपस्थिति पुस्तिकामा हस्ताक्षर**ः

(१) आयोगको बैठकमा उपस्थित हुने सदस्य विज्ञ पर्यवेक्षक तथा आमन्त्रित व्यक्तिले अनुसूची-४ बमोजिमको ढाँचाको उपस्थिति पस्तिकामा हस्ताक्षर गरी बैठकमा उपस्थिति जनाउनु पर्नेछ।

(२) बैठकमा अनुपस्थित सदस्यको हकमा उपस्थिति पुस्तिकाको कैफियत महलमा अनुपस्थित जनाईनेछ ।

९. **बैठकको कारवाई र निर्णय प्रक्रियाः** (१) ऐनको दफा ९ को उपदफा (३) बमोजिम बैठकमा गणपूरक संख्याको उपस्थिति भएपछि अध्यक्षले बैठकको कारवाई आरम्भ गर्नेछ ।

(२) बैठक कारवाई आरम्भ भएपछि सचिवले कार्यसूचीको क्रम बमोजिम प्रत्येक प्रस्ताव बैठकमा छलफलको लागी प्रस्तुत गर्नेछ ।

(३) बैठकमा पेश भएको प्रत्येक प्रस्तावमा सदस्यहरुले आ(आफ्नो धारणा व्यक्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सबै सदस्यहरुले प्रस्तावमा आ(आफ्नो धारणा व्यक्त गरेपछि अध्यक्षले बैठकबाट पारित निर्णय बैठकमा जानकारी गराउनेछ ।

१०. **निर्णय पुस्तिकाः** (१) दफा ८ को उपदफा (४) बमोजिम बैठकबाट पारित आयोगले निर्णयलाई सचिवालयले निर्णय पुस्तिकामा लेखबद्ध गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आयोगको निर्णयलाई लेखबद्ध गर्दा सचिवालयले ए ४ साईजको नेपाली कागजमा कम्प्यूटरबाट छपाई गरी निर्णय पुस्तिकामा लेखबद्ध गर्नेछ ।

(३) सचिवालयले उपदफा (२) बमोजिम तयार गरेको निर्णय पुस्तिकामा बैठकमा उपस्थित सबै सदस्यहरुको हस्ताक्षर गराउनेछ ।

११. **निर्णय परिपक्व भएको मानिने**ः दफा ९ को उपदफा (३) बमोजिम बैठकमा उपस्थित सबै सदस्यको हस्ताक्षर भएपछि दफा ८ बमोजिम आयोगले गरेको निर्णय परिपक्व भएको मानिनेछ।

१२. **आयोगको निर्णय उतार तथा प्रमाणितः** (१) दफा १२ बमोजिम आयोगको निर्णय परिपक्व भएपछि सचिव वा निजले तोकेको आयोगको अधिकृत कर्मचारीले निर्णय( पुस्तिकामा उल्लिखित निर्णय उतार गरी प्रमाणित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणित निर्णय उतारको प्रति सचिवालयले बैठकमा उपस्थित भएका र नभएका सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) आयोगको निर्णय कार्यान्वयनको क्रममा आयोगको निर्णय अन्य कुनै निकाय वा अधिकारीलाई उपलब्ध गराउनु पर्ने अवस्थामा त्यस्तो निकाय वा अधिकारीले कार्यान्वयन गर्नु पर्ने निर्णयको मात्र दफा उतार गरी उपलब्ध गराईनेछ ।

१३. **निर्णय कार्यान्वयनः** दफा १२ बमोजिम निर्णयको प्रमाणित प्रति प्राप्त भएपछि सचिव वा निजले तोकेको अधिकारीले सो निर्णय कार्यान्वयन प्रक्रिया अघि बढाउनेछ ।

१४. **<u>कार्यविधिको व्याख्या:</u>** यस कार्यविधिको व्याख्या गर्ने अधिकार आयोगलाई हुनेछ ।

१५. **<u>बाधा अडकाउ फुकाउने अधिकार:</u>** यस कार्यविधिको प्रयोग तथा कार्यान्वयनमा कुनै कठिनाई तथा बाधा अडचन उत्पन्न भएमा आयोगले त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ ।

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

**बैठक कार्यसूची**

मिति.......................................मा बस्ने आयोगको बैठक संख्या ........को लागि आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि २०७१ को दफा ४ बमोजिम स्वीकृत कार्यसूची देहाय बमोजिम रहेको छन् ।

१. ........................................

२. .........................................

३. .........................................

४. विविध

.............................

सचिव

.............................

अध्यक्ष

प्रस्ताव दर्ता नं.

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिवालय**

**प्रस्ताव**

मिति................

बैठक संख्या.............

प्रस्ताव नं ................

**विषय.**..........................

१. **विषयबस्तुको संक्षिप्त परिचयः**

२. **प्रस्ताव पेश गर्नु पर्नाको कारणः**

३. **सचिवालयको रायः**

४. **निर्णय हुनु पर्ने व्यहोराः**

.............................

सचिव

अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

**प्रस्ताव दर्ता किताब**

| क्र.स. | दर्ता मिति | विषय | कार्यसूची स्वीकृत भएको मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

**बैठकको उपस्थिति पुस्तिका**

मितिः..............................

बैठक संख्या................

| क्र.स. | नाम | कार्यालय | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | अध्यक्ष | | |
| २ | | | सदस्य | | |
| ३ | | | सदस्य | | |
| ४ | | | सदस्य | | |
| ५ | | | सदस्य | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |

## अनुसूची-२

### बेपत्ता पारिएका व्यक्तिको  छानवीन आयोगका पदाधिकारीको आचार संहिता, २०७२

**प्रस्तावनाः** बेपत्ता पारिएका व्यक्तिको  छानवीन आयोगको काम कारवाही स्वतन्त्र, निष्पक्ष  र  विश्वसनीय ढंगबाट सम्पादन गरी आयोगको जवाफदेहीता सुनिश्चित गर्नको लागि आयोगका पदाधिकारीहरुले पालना गर्नु पर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

वेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगले देहाय बमोजिमको आचार संहिता बनाएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम  र प्रारम्भः**

१.१  यस आचार संहिताको नाम "  वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीको आचार संहिता, २०७२"  रहेको छ ।

१.२  यो आचार संहिता आयोगले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,–

(क) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) "आयोग"भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष तथा सदस्य सम्झनु पर्छ ।

(घ) "परिवारको सदस्य" भन्नाले पदाधिकारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले निजको बाजे, बज्यै तथा सासु, ससुरा समेतलाई जनाउँछ ।

**३. आचार संहिता पालना गर्नु पर्नेः**

यस आचार संहिताको पालना गर्नु आयोगका पदाधिकारीको कर्तव्य हुनेछ ।

## परिच्छेद -२

## पदाधिकारीले पालना गर्नु पर्ने आचार संहिता

४. **पदाधिकारीको आचार संहिताः** पदाधिकारीले आयोगलाई सुम्पेको जिम्मेवारी सामूहिक भावनाले पूरा गर्न तथा आफ्नो काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्न देहाय बमोजिमको आचार संहिता पालन गर्नुपर्नेछ :-

४.१ पदाधिकारीले राष्ट्रको हित एवं स्वार्थ र आयोगको मर्यादालाई सर्वोपरी राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष इमान्दारीपूर्वक तथा वस्तुनिष्ठ भई उत्तरदायीपूर्ण रुपमा पूरा गर्नुपर्नेछ ।

४.२ पदाधिकारीले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

४.३ पदाधिकारीले आफ्नो कार्य सम्पादन गर्दा तथ्यको निरुपण र कानूनको प्रयोग सही र स्वतन्त्र रुपमा गर्नु पर्नेछ । साथै पदाधिकारीले आफ्नो कर्तव्यको पालना गर्दा कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा आउन सक्ने प्रभाव, दबाब, भनसुन, धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रुपमा स्वतन्त्रतापूर्वक गर्नुपर्नेछ ।

४.४. पदाधिकारीले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भाव खलबलिने वा उनीहरुको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु हुँदैन ।

४.५ पदाधिकारीले आयोगसमक्ष विचाराधीन विषयलाई असर पर्ने गरी वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी वा कुनै व्यक्ति वा विषयको स्वच्छ अनुसन्धानमा असर पर्ने गरी जानाजान आयोगको आफ्नै प्रक्रियाको वा कुनै पदाधिकारीको आचरणको बारेमा सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

४.६ पदाधिकारीले आफ्नो पद र ओहोदा अनुसारको मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नु पर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्नुपर्नेछ ।

४.७ पदाधिकारीले आयोगको काम कारबाहीमा बाधा पुग्ने वा आयोगको गोपनियता भङ्ग हुने किसिमले आयोगको निर्णय विना कसैलाई पनि कुनै कुराको जानकारी दिन वा तत्सम्बन्धी अन्य कुनै कुरा उपलब्ध गराउन हुदैन ।

४.८ पदाधिकारी आफैंले वा आफ्नो परिवारको सदस्य मार्फत आयोगको कामसँग सम्बन्धित व्यक्तिहरूसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानूनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

४.९ पदाधिकारीले नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित नेपाल कानून, नेपाल पक्ष रहेका अन्तराष्ट्रिय महासन्धिमा भएका प्रावधानहरु र त्यसमा अन्तरनिहित मानव अधिकार तथा अन्तराष्ट्रिय मानवीय कानूनका सिद्धान्त तथा मूल्य मान्यताप्रति पूर्ण प्रतिबद्ध रही आफ्नो कार्यसम्पादन गर्नुपर्नेछ ।

४.१० पदाधिकारीले मानव अधिकार, महिला, बालबालिका, पीडित एवं निजका परिवारसंग सम्बन्धित विषयमा गम्भिर, सजग र संवेदनशिल भई कार्य गर्नुपर्नेछ ।

४.११ पदाधिकारीले आयोगको जिम्मेवारी पूरा गर्ने सिलसिलामा प्राप्त भएको जानकारी वा कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार आफू पदमा रहदा वा नरहदा जुनसुकै अवस्थामा पनि कुनै सञ्चार माध्यम वा अरू कसैलाई दिनु वा बताउनु हुँदैन ।

४.१२ पदाधिकारीले आयोगको संस्थागत एवं कार्यगत स्वतन्त्रतालाई कायम राख्दै आयोगप्रतिको जनआस्था र जनविश्वासको अभिबृद्धि गर्न उच्चस्तरको आचरण प्रदर्शन र प्रबर्द्धन गर्नुपर्नेछ ।

४.१३ पदाधिकारीले प्रचलित कानून र आयोगको उद्धेश्य विपरीत हुने गरी आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य हुन वा त्यस्ता संस्थासंग अनावश्यक सम्पर्क वा सम्बन्ध बढाउन हुदैन ।

४.१४ आयोगलाई नागरिकमैत्री बनाउन पदाधिकारीले उच्च व्यवसायिक र विशेषज्ञता सहित स्वच्छ, तर्कसंगत, सदविवेक र न्यायोचित आधारमा कार्यसम्पादन गर्नुपर्नेछ ।

४.१५ पदाधिकारीले संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान, शीप र विवेकको प्रयोग गरी कार्यसम्पादन गर्नुपर्नेछ ।

४.१६ पदाधिकारीले आयोगको बैठकमा नियमित रुपमा उपस्थित भई निर्णय प्रक्रियामा सक्रियतापूर्वक भाग लिने र आयोगले दिएको जुनसुकै जिम्मेवारी तदारुखतासाथ पूरा गर्नुपर्नेछ ।

४.१७ आयोगसमक्ष विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्षरुपमा सम्बन्धित भएमा पदाधिकारीले सो कुराको स्पष्ट रुपमा बुझिनेगरी स्वेच्छाले आयोगलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफू अलग रहनु पर्नेछ ।

४.१८ आयोगसंग सम्बन्धित हरेक काम कारवाहीमा पदाधिकारीले सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका वीच द्वन्द्व उत्पन्न हुने स्थिति भएमा स्पष्ट रुपमा सार्वजनिक स्वार्थका पक्षमा उभिनु पर्नेछ ।

४.१९ पदाधिकारीले आयोगको काम कारवाहीको सिलसिलामा कसैलाई यातना हुने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्न, सो को दुरुत्साहन गर्न वा त्यस्तो कार्यमा सहनशिल बन्न हुदैन । पदाधिकारीले युद्ध, युद्धको धम्की, राष्ट्रिय सुरक्षामा खतरा वा सार्वजनिक संकटकाल जस्ता कुनै पनि अपवादजनक परिस्थितिलाई त्यस्ता कार्यको औचित्यता पुष्टि गर्ने आधारको रुपमा लिन हुदैन ।

४.२० पदाधिकारीले कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा अभिमत प्रकट गर्न हुदैन ।

४.२१. पदाधिकारीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष प्रचलित कानुनबमोजिम निर्धारित समयावधिभित्र तोकिएको ढाँचामा आयोग मार्फत तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

४.२२ आयोगको कार्यसम्पादनको क्रममा कुनै समस्या आइपरेमा पदाधिकारीले बृहत छलफल र विचारको आदान प्रदानको माध्यमबाट तार्किक निष्कर्षमा पुगी समस्याको समाधान गर्न प्रयत्नशील रहनेछन् ।

## परिच्छेद -३

## विविध

### ५. आचार संहिताको व्याख्या :

यस आचार संहिताको कार्यन्वयन गर्दा कुनै द्विविधा वा विवाद उत्पन्न भएमा आयोगले व्याख्या गरी स्पष्ट गर्नेछ । आयोगको त्यस्तो व्याख्या अन्तिम हुनेछ ।

### ६. अनुगमन सम्बन्धी व्यवस्थाः

६.१ यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा आयोग आफैले अनुगमन गर्न सक्नेछ ।

६.२ उपदफा ६.१ बमोजिम आयोगले गरेको अनुगमनबाट कुनै पदाधिकारीले यस आचार संहिताको उल्लंघन गरेको देखिएमा आयोगले त्यस्तो पदाधिकारी उपर खराव आचरणमा लागेको आधारमा ऐन बमोजिमको कारवाहीको प्रक्रिया प्रारम्भ गर्न नेपाल सरकार समक्ष लेखी पठाउनेछ ।

### ७. सहयोगी तथा पुरकको रुपमा रहनेः

७.१ यो आचार संहिता ऐन, नियमावली तथा कार्यविधिको सहयोगी तथा पूरकको रुपमा रहनेछ ।

७.२ यस आचार संहितामा व्यवस्था गरिएका कुराहरुलाई न्यून गर्ने गरी कुनै संशोधन गरिने छैन ।

### ८. आचार संहिताको प्रकाशनः

आयोगबाट स्वीकृत भएपछि यो आचार संहिता सर्वसाधारण एवं सरोकारवालाहरुको जानकारीका लागि प्रकाशन गर्नुको साथै आयोगको वेवसाइटमा समेत राखिनेछ ।

## अनुसूची-३

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्यक्षेत्र र प्रकृया

### १.परिचय

तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओबादी) वीच मिति २०६३।८।५ मा सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख भएको छ । यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुको पहिचान तथा उनिहरुलाई राहत उपलब्ध गराउने कुरा उल्लेख भएको छ ।

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध मानिने व्यबस्था राष्ट्रिय तथा अन्तरराष्ट्रिय दस्तावेजहरुमा उल्लेख छ । त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुको बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मिति २०७१।१।२८ मा जारी भईमिति २०७१।१०।२८ मा अध्यक्ष सहित पांच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

उक्त ऐनको दफा २ को (ट) ले व्यक्ति वेपत्ता पार्ने कार्यको परिभाषा गरेको छ जसअनुसार कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने,मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानुन बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ,कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने तथा सशस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्नेकार्यलाई व्यक्ति बेपत्ता पार्ने कार्यको रुपमा लिएको छ ।

यस आयोगले एकपटक छानविन गरिसकेको विषयमा अर्को आयोग गठन गरी पुनः छानविन नगरिने, यसको कार्यावधि २ वर्षको हुने, सो अवधिमा कार्य सम्पन्न नभए एकवर्षसम्म थप हुन सक्ने तथा आयोगका पदाधिकारीहरु पूर्णकालीन हुने कानूनी प्रावधान छ ।

आयोगको काम कारवाहीमा सहयोग पुर्‍याउन सचिवालयको व्यबस्था छ जस्मा नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्ने र आयोगलाई आवश्यक पर्ने अन्य कर्मचारी लगायतका रकम, भवन, साधन र

श्रोतको व्यबस्था सम्पर्क मन्त्रालयको रुपमा रहेको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले उपलब्ध गराउने कानूनी व्यबस्था छ ।

**२.उद्देश्यहरु**

मंसीर ५, २०६३ मा नेपाल सरकार र नेपाल कम्यूनिष्ट पार्टी माओवादी बीच विस्तृत शान्ति सम्झौता भयो जुन सम्झौताले औपचारिक रुपमा वर्षौंदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई समाप्त गर्‍यो । अन्य धेरै सम्झौताहरुको कार्यान्वयनसँगै विस्तृत शान्ति सम्झौताले औपचारिक रुपमा पूर्व माओवादीसेनाका लडाकुहरुलाई ठूलो संख्यामा समाजमातथासानो संख्यामा नेपाली सेनामा समायोजनगर्‍यो । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगकोस्थापना नेपालको शान्ति प्रक्रियालाई समापन गर्ने अन्तिम चरण हो ।

आयोगले खासगरीनिम्न बमोजिमको जिम्मेवारीहरु पूरा गर्ने उद्देश्य लिएको छ :

- उपलब्ध भएसम्मका सामग्रीहरुको अध्ययन गर्ने
- पीडितका परिवार तथा अन्य व्यक्तिहरुको तर्फबाट निवेदन आह्वान गर्ने
- व्यक्ति बेपत्ता पार्नुको कारण,प्रकृति र स्तरको सत्यता जाँच गरी अभिलेख राख्ने
- पीडितको अवस्थाको बारेमा छानविन गर्ने
- पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने
- पीडितका परिवारहरुको लागि परिपूरणको सिफारिस गर्ने र
- व्यक्ति बेपत्ता गर्ने काममा संलग्न देखिएका व्यक्तिका विरुद्ध मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउने ।

**३.अध्ययनको क्षेत्र**

नेपाल सरकारद्वारा गठित व्यक्ति, परिवार तथा भौतिक संरचनाको लगत संकलन कार्यदलबाट प्राप्त हुन आएको अभिलेख अनुसार नेपालका ७५ मध्ये ७० जिल्लामा वलपूर्वक व्यक्ति बेपत्ता पारिएका घटना भएको भन्ने देखिन आएकोछ । उक्त अभिलेख अनुसारबर्दिया, बांके, दाङ, रोल्पा, काभ्रेपलान्चोक, कन्चनपुर,सल्यान, सिराहा, सिन्धुपाल्चोक, कैलाली, बैतडी, धादिङ, काठमाडौ, चितवन, कालीकोट, गोरखा, नुवाकोट, बाग्लुङ, रामेछाप, तनहुँ र झापा गरी २१ जिल्लाहरु बढी प्रभावित क्षेत्रको रुपमा रहेको देखिन्छ तर आयोगले छानविन कार्य नेपालभर गर्नेछ ।

**४.अध्ययनको कार्याविधि**

ऐनको दफा ३८ अनुसार आयोगको कार्यकाल आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ ।उक्त समयमा कार्यसम्पन्न हुन नसकेमा आयोगको कार्यकाल एक वर्षसम्म थप गर्न सकिने छ ।

## ५.कार्य पद्धति

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्य पद्धतिआन्तरिक व्यवस्थापन, उजूरीको आह्वान, प्रमाणहरुको संकलन, आवश्यकतानुसार पीडितको परिवारको डि.एन.ए. संकलन एवं पीडितको शरीर गाडिएको ठाँउ वा चिहानको पहिचान, उत्खनन् तथा सिफारिस एवं सुझाव तथ्य एवं कानूनको बिश्लेषणआदिचरणहरुमा आवश्यकता अनुसार अघि बढाइनेछ ।

आन्तरिक व्यवस्थापन अर्न्तगत नियम एवं कार्यविधिहरुको निर्माण,कार्यालय सामग्रीहरुको व्यवस्थापन,आवश्यक कर्मचारीको आपूर्ती,प्रारम्भिक तथ्यांकहरुको संकलन तथा सन्दर्भ सामग्रीहरुको अध्ययन गरिने छ ।

यसैगरी उजूरीको आव्हान अन्तर्गत बेपत्ता पारिएका व्यक्तिको छानविन गर्ने कामको लागि आयोगले पीडित वा निजको तर्फबाट उजूरी माग गर्ने, त्यस्तो सूचनामाउजूरी दिने अवधि र स्थान समेत उल्लेख गरी टेलिभिजन, रेडियो, पत्र पत्रिका लगायतका संचार माध्यमबाट प्रचार प्रसार गरिनेछ ।उजूरी दिन चाहने व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोगमा उपस्थित भई वा हुलाक वा इमेल वा अन्य विद्युतिय माध्यमबाट समेत उजूरी दिन पाउने व्यबस्था गरिने छ । बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएका जानकारी समेतलाई उजूरीको रुपमा लिन सक्ने तथा कसैले मौखिक रुपमा उजूरी दिन चाहेमा आयोगले उजूरीकर्ताले भनेको कुराहरु लिपिबद्ध गरिदिने समेतको व्यबस्था गरिनेछ । यसरी उजूरी दिने व्यक्तिलाई सो को निस्सा समेत उपलब्ध गराइने छ ।

उजूरी लिनको लागि प्रत्येक जिल्लाकाजिल्ला प्रशासन कार्यालय वा जिल्ला विकास समिति वा जिल्ला स्थित स्थानीय शान्ति समितिमा एक उजूरी कक्ष राखिने छ । उजूरी दर्ता गर्ने काममा संलग्न कर्मचारीहरुलाई सम्भव भएसम्म आयोगले उजूरी आव्हान गर्नुभन्दा पहिले नै सूचना संकलन तथा अनुसूची फाराम भर्नको लागि अभिमुखिकरण तालीम दिइने छ । उजूरी दिन तोकिएको म्याद सकिएमा आयोगले थप गरिदिएको म्यादभित्र उजूरी दिन सक्नेछन् तर आयोगको दुइवर्षे कार्यकाल पूरा हुन बांकी रहेको छ महिनाभित्र पर्ने गरी उजूरी दिने म्याद थपिने छैन ।

उजूरी दिने क्रममा बालबालिका, जेष्ठ नागरिक, अपांग तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न नजिकको सरकारी कार्यालय वा नेपाल सरकारबाट गठन भएको कुनै निकाय मार्फत उजूरी दिन पाउने व्यबस्था मिलाइनेछ । आयोगले उपलब्ध गराएको टेलिफोन नं. मार्फत सिधै सम्पर्क गर्न सक्ने, स्थानीय निकाय मार्फत उजूरी दिन पाउने व्यबस्था मिलाउनुकोसाथै उजूरी दिन बेग्लै कक्षको व्यबस्था पनि गरिनेछ । यस्ता व्यक्तिलाई सामान्य अवस्थाका व्यक्तिहरुले पाउने स्थान बाहेक अन्य स्थान पनि तोक्न सकिनेछ । आयोगको काम कारवाही बारे सरोकारवालाहरुलाई जानकारी गराउन आवश्यकता अनुसार जिल्ला/गा.वि.स.हरुमा सचेतना कार्यक्रम समेत गराइने छ । यस्ता सचेतनाका कार्यक्रमहरु टेलिभिजन र रेडियो मार्फत पनि संचालन गरिनेछ । जटील विषयमा आयोगका पदाधिकारीहरु समेत सार्वजनिक सुनुवाईको कममा संलग्न हुनेछन् । छानविनको क्रममा प्रचलित कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गरिनेछ ।

आरोपित ब्यक्तिकोबयान (श्रव्य दृश्य) रेकर्ड गर्न,पीडित परिवार तथा सम्भावित चिहानको बारेमा डकुमेन्ट्री चलचित्र निर्माण गर्न, उत्खनन् प्रक्रियाको अभिलेख र सुरक्षा व्यवस्था तथा यस्तै अन्य कार्यहरु भिडियो कन्फरेन्स गर्नका लागि विद्युतीय श्रव्य दृश्य प्रविधि अपनाइनेछ । श्रव्य दृश्य प्रविधिले

गोप्यता कायम राख्न र पीडित तथा साक्षीहरुको सुरक्षा खतरालाई कम गर्न सहयोग गर्नेछ । छानविनको क्रममाआवश्यकतानुसार श्रव्य दृश्य सम्वन्धी साम्रगीहरु तथा विशेषज्ञहरुको समेत सेवा लिइनेछ । आयोगले छानविन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने कार्यमा आयोग वा अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने व्यक्ति संगठन निकाय वा संस्थालाई पुरस्कृत गरिनेछ ।

छानविनको सिलसिलामा आवश्यक परे सम्भावित चिहानको उत्खनन् समेत गरिनेछ । यसका लागि स्थलगत निरीक्षण शुरु गर्नु पूर्व दक्ष प्राविधिकहरु सहितको साधन सम्पन्न विधिविज्ञान प्रयोगशालाको सहयोग लिइनेछ ।त्यसरी स्थलगत निरीक्षणमा जाने समूहमाआवश्यकतानुसार पोष्टमार्टम चिकित्सक, पुरातत्वविद, मानवशास्त्री,प्याथोलोजिष्ट तथा अन्य सम्वन्धित विशेषज्ञहरु समावेश हुनेछन् ।

उत्खनन् गर्नु पूर्वसंभव भएसम्म प्रत्येक पीडितका परिवारका सदस्यहरुको डि.एन.ए.संकलन गरी डि.एन.ए. बैकस्थापना गरिने छ । सम्भावित चिहानको पहिचान गर्न networking tracking methods अथवा snowball techniques अवलम्वन गरिने छ । उत्खननका क्रममा पाइएका अवशेष वा प्राप्तडि.एन.ए. लाई तथ्यांक बैकमा रहेको नमूनासँग भिडाइनेछ ।उत्खनन्को अवशेषबाटडि.एन.ए. निकाल्ने कार्य सम्पन्न भइसकेपछिसो अवशेषसम्बन्धित पीडितका परिवारलाई अन्तिम संस्कारलागि हस्तान्तरण गरिने छ ।

## ६.जनशक्ति व्यबस्थापन

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका लागि आवश्यक जनशक्तिसरकारले उपलव्ध गराउने छ । यदि सरकारलेआयोगको आवश्यकता अनुरुपको जनशक्ति उपलव्ध गराउन नसकेमाआयोगआफैंले निश्चितसमयका लागि राष्ट्रिय र अन्तराष्ट्रिय अनुसन्धानकर्ता एवं परामर्शदाताको सेवा लिने छ ।आयोगले आफ्नो कार्य सन्चालनको सिलसिलामा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय तथा सम्बन्ध स्थापित गर्नेछ ।

## ७.कार्य योजना २०७१ फाल्गुण–२०७३ माघ

| २०७१-२०७३ | माघ | फाल्गुण | चैत्र | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **विवरण** | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | ० |
| नियम कार्यविधिको तर्जुमा | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कार्यालय व्यवस्थापन | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सन्दर्भ सामग्री अध्ययन | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उजूरी आव्हान तयारी | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| उजूरी आव्हान | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| विधि विज्ञान प्रयोगशाला स्थापना | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| श्रव्यदृष्य प्रयोगशाला स्थापना | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| छानविन र तथ्याङ्क विश्लेषण | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सान्दर्भिक नमूना संकलन | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| डि.एन.ए. बैंक स्थापना | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सार्वजनिक सुनुवाई | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| परिचयपत्र वितरण | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| उत्खनन् कार्य | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कारवाहीको लागि सिफारिश | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रतिवेदन लेखन | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रतिवेदन पेश | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

### ८.अनुगमन तथा मूल्याङ्कन

आयोगका पदाधिकारीहरुले अनुसन्धान एवं अनुसन्धानको अनुगमन तथा मूल्याङ्कन गर्नेछन् ।

### ९.मुद्दा चलाउन लेखी पठाउने

अनुसन्धानबाट प्राप्त तथ्यहरुको आधारमा बेपत्ता पार्ने कार्यका दोषी देखिएका पीडकउपर मुद्दा चलाउन आयोगबाट महान्यायाधिवक्ता समक्ष लेखी पठाइनेछ ।

### १०.परिपूरण

छानविन पश्चात् आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यबस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

### ११. प्रतिवेदन

आयोगले अनुसन्धानको कार्य सम्पन्न गरिसकेपछि सम्पूर्ण सत्य तथ्य खुलाई आफ्नो राय सहितको प्रतिवेदन नेपाल सरकार समक्ष बुझाउनेछ ।

अनुसूची-४

## वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

## संगठन तथा व्यवस्थापन सर्वेक्षण

## २०७२

वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
सिंहदरवार, काठमाडौं

## भाग १

### १. अध्ययनको पृष्ठभूमिः

नेपालको अन्तरिम संविधान २०६३, को धारा ३३ मा सशस्त्रद्वन्द्वका क्रममा वेपत्ता पारिएका व्यक्तिको सम्वन्धमा गठित  छानविन आयोगको प्रतिवेदनका आधारमा पीडित परिवारलाई राहत उपलब्ध गराउने व्यवस्था छ । बृहद शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गर्दै वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम उक्त ऐनमा तोकिएका कार्य गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।१०।२७ को निर्णयानुसार वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको हो ।यस आयोगमा देहाय बमोजिमका पदाधिकारीहरु रहनु भएको छ ।

| सि.नं. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १. | श्री लोकेन्द्र मल्लिक | अध्यक्ष |
| २. | श्री विजुल विश्वकर्मा दुलाल | सदस्य |
| ३. | प्रा.डा.श्री विष्णु पाठक | सदस्य |
| ४. | श्री नर कुमारी गुरुङ | सदस्य |
| ५ | श्री आई बहादुर गुरुङ | सदस्य |

उक्त ऐन बमोजिम आयोगले सम्पादन गर्नुपर्ने गरी तोकिएका काम कारवाहीलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि यसको कार्य प्रकृति अनुसार आयोगको अवधि भरका लागि अस्थायी दरवन्दी सिर्जना तथा यसको संगठनात्मक स्वरुप निर्धारण गरी संरचनालाई व्यवस्थित गर्नु आवश्यक भएको छ ।

यसै परिप्रेक्षमा वेपत्ता पारिएका व्यक्तिकोछानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १० मा नेपाल सरकारले नियुक्त गरेको वा तोकेको न्याय सेवाको विशिष्ठ श्रेणीको अधिकृतले आयोगको सचिव भई कार्य गर्नेछ भन्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ११ मा आयोगको लागि आवश्यक पर्ने कर्मचारी आयोगको परामर्शमा शान्ति तथा पूनर्निर्माण मन्त्रालयले उपलब्ध गराउनु पर्ने भनी उल्लेख भएको छ । निजामती सेवा ऐन, २०४९ को दफा ६ (क) ले कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरवन्दी सृजना गर्दा सम्वन्धित मन्त्रालयले कार्यक्रम, कार्यवोझ, कार्य प्रकृति तथा दरवन्दी थप गर्नुपर्ने कारण र सो को औचित्य, तथा उपलब्ध मानवश्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेको छ । यसको अलावा संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ ले यस सम्वन्धी प्रक्रिया निर्धारण गरेको छ । यिनै कानूनी पृष्ठभूमिहरुको आधारमा यस आयोगलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरी यो संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ । यसका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६, को दफा १२ बमोजिम कार्यदल गठन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २. **कार्यदलको परिचयः**

नेपाल सरकारबाट स्वीकृत गरिएकोउक्त निर्देशिका को दफा १२ मा भएको व्यवस्था बमोजिम यस आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नको लागि वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट देहाय बमोजिमको समिति गठन भएको छ ।

| | |
|---|---|
| १. सदस्य श्री विजुल विश्वकर्मा दुलाल, वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | –संयोजक |
| २. प्रतिनिधि, सामान्य प्रशासन मन्त्रालय | – सदस्य |
| ३. प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| ४. प्रतिनिधि, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | – सदस्य |
| ५.प्रतिनिधि, कानून न्याय सविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय | – सदस्य |
| ६. सचिव,वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | –सदस्य सचिव |

उक्त समितिले यसआयोगको संगठनात्मक स्वरुप (महाशाखा तथा शाखाहरु) तथा ती महाशाखा र शाखाहरुले सम्पादन गर्ने कार्यको विवरण तयार गर्ने, सो बमोजिम आयोगको समग्र कार्य सम्पादनको लागि आवश्यक पर्नेजनशक्तिको प्रकार एकीन गर्ने र सम्पादन गर्नुपर्ने कार्य प्रकृति अनुसार कार्य विवरण र दरवन्दी विवरण तयार गर्नेजस्ताकार्य गरिएको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका र विभिन्न निकायहरुबाट प्राप्त सूचना तथा तथ्यांकहरुको आधारमा यो संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरिएको छ ।कार्यदलमा सामान्य प्रशासन मन्त्रालयबाट शाखा अधिकृत श्री गणेश आचार्य, अर्थ मन्त्रालयबाट शाखा अधिकृत श्री नवराज अर्याल,शान्ति तथा पुनर्निमाण मन्त्रालयबाट शाखा अधिकृत श्री मेदन काफ्ले, कानून न्याय सविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयबाट उप सचिवश्री अर्जुन प्रसाद खनाल तथा यस आयोगका सचिव महेश शर्मा पौडेल संलग्न रहनु भएको छ । यस कार्यदलमा आयोगका उपसचिव जानुका वाग्लेले कार्यदलको कार्यसम्पादन र प्रतिवेदन लेखनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ ।

## **३.अध्ययनको उद्देश्यः**

नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन रसो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्न नेपाल सरकारबाट स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग समेत गठन गर्ने उद्देश्यले वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी गरिएको छ । निजामति सेवा ऐन, संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका लगायत माथि उल्लिखित सामग्रीहरुको पृष्ठभूमिमा नव गठित आयोगको कार्य क्षेत्र तथा कार्य प्रकृति

अनुसार आवश्यक पर्ने संगठन संरचना र दरवन्दी विवरण तयार पार्नु यस सर्वेक्षणको मुख्य उद्देश्य रहेको छ । यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- आयोगको महाशाखा तथा शाखाहरु सहितको संगठनात्मक स्वरुप निर्धारण गर्नु,
- बेपत्ता पारिएका व्यक्तिको छानविन सम्वन्धी आयोगको कार्य प्रकृतिको आधारमा कार्य विश्लेषण गरी कार्य विवरण तयार गर्नु,
- आयोगको कार्य प्रकृति र कार्य विवरण अनुरुप आवश्यक पर्ने जनशक्तिको प्रकार र संख्या निर्धारण गर्नु,
- सो वमोजिम निर्धारण गरिएको विभिन्न सेवा, समूह एवं उप समूहका विभिन्न श्रेणीका जनशक्तिको कार्य विवरण तयार गर्नु ।

## ४. अध्ययनको विधि र सीमाः

संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रारम्भिक प्रतिवेदन माथि समितिका सदस्यहरु तथा आयोगलाई जनशक्ति आवश्यक पर्ने सेवा समूहसँग सम्बन्धित निकायका सम्वद्ध अधिकारी आमन्त्रण गरी व्यापक छलफल गरिएको छ । छलफलका सहभागीहरुवाट प्राप्त सुझाव समेतलाई ध्यानमा राख्दै आवश्यक सूचना संकलन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

### अध्ययनको विधि

(क) अध्ययनको सिलसिलामा यस आयोगको सम्पर्क मन्त्रालयको रुपमा रहेको शान्ति तथा पूर्ननिर्माण मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयसंगको समन्वयमासो मन्त्रालयबाट प्राप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनको ढाँचा अनुसारका विभिन्न अनुसूचीहरुका लागि आवश्यक पर्ने सूचनाहरु सम्वन्धित मन्त्रालयसँग टेलिफोन सम्पर्क तथा प्रत्यक्ष भेटघाट समेत गरी प्राथमिक तथ्यांक संकलन, अध्ययन एवं विश्लेषण गरिएको छ ।

(ख) प्रचलित ऐन, नियम, निर्देशिका अध्ययन गरिएको छ ।

(ग) सामुहिक एवं संस्थागत तथा आपसी छलफल गरिएको छ ।

### अध्ययनको सीमा

(क) संगठन तथा व्यवस्थापन सर्वेक्षणको क्रममा यस आयोगको कार्यक्षेत्रको व्यापकता, गम्भीरता र गहनतालाई मध्यनजर गरी यसको कार्यबोझ अनुरुपको दरबन्दीका सम्बन्धमा समय,श्रोत, साधन तथा जनशक्तिले भ्याएसम्म विस्तृत रुपमा अध्ययन गरिएको ।

(ख) यस आयोगको कार्यक्षेत्र, त्यसको गाम्भीर्यता, त्यसबाट सिर्जना हुने उत्तरदायित्व र आवश्यक पर्ने दरबन्दीको सम्बन्धमा व्यापक छलफल गरिएको ।

(ग) यस आयोगको कार्यक्षेत्रलाई मध्यनजर गरी आयोगले आफ्नो कार्य कुशलतापूर्वक, प्रभावकारी र छिटोछरितो रुपमा सम्पादन गर्नका लागि आवश्यक पर्ने न्यूनतम महाशाखा, शाखा र कर्मचारीहरुको कार्य विवरण तयार गर्ने कार्य गरिएको ।

(घ) नयाँएवं फरक किसिमको संगठन भएकोलेसंगठनको स्वरुप, आवश्यक दरवन्दी, कार्यविवरण तथा जनशक्तिको प्रकृति पहिचान गर्न कठिन भएको ।

(ङ.) नयांस्वरुपको संगठन भएकोले अध्ययन तथा विश्लेषण गर्नको लागि अपेक्षकृत रुपमासन्दर्भ सामग्री उपलब्ध हुन नसकेको ।

(च) हाम्रो जस्तै द्वन्द्वमा परेका मुलुकको यस्तै संगठनको अभ्यास अध्ययन गर्न नसकिएको ।

भाग २

## १. विद्यमान सांगठनिक ढाँचाः

नेपाल सरकारबाट २०७१ सांल असार २ गते गठन भएको सिफारिस समितिको सिफारिस तथा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप ऐन, २०७१ को दफा ३ को उपदफा १ बमाजिम २०७१।१०।२८ मा वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको हो । यस आयोगमा कम्तिमा १ जना महिला रहने गरी अध्यक्ष सहित ५ जना सदस्यहरु रहने व्यवस्था छ । यस ऐनको दफा ३८अनुसार आयोगको कार्यकाल २ वर्षको हुने र सो अवधिमा काम पूरा नभएमा अर्को एकवर्ष म्याद थप हुन सक्ने व्यबस्था छ । यो संगठन स्थायी प्रकृतिको नभै शान्ति प्रक्रियाको अन्तिम चरणको महत्वपूर्ण जिम्मेवारी बहन गर्ने एकअस्थायी संगठनको रुपमा रहने छ ।उक्त ऐनको दफा ११ (१) बमोजिम आयोगको लागि आवश्यक पर्ने कर्मचारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले उपलब्ध गराउने र त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले आयोगमा कर्मचारीहरु उपलब्ध गराउँदा आयोगको कार्यबोझ, आवश्यकता, औचित्यता र उपयुक्तता समेतलाई ध्यानमा राखी उपलब्ध गराउनुपर्ने भएकोले आयोगले आफ्नो कार्य सुचारु, प्रभावकारी र छिटोछरितो रुपमा सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीको दरबन्दी निर्धारण गरी नेपाल सरकारसँग माग गर्नुपर्ने अवस्था छ । यिनै परिप्रेक्षलाई समेत ध्यानमा राखी आयोगकोसंगठनात्मक ढाँचा र दरवन्दी विवरण तयार गरिएको छ । यसको विवरण अनुसूची-१ मा संलग्न गरिएको छ ।

## २. विद्यमान दरवन्दीको अवस्थाः

आयोगमा आयोगका पदाधिकारीहरुका अलावा नेपाल न्याय सेवाका विशिष्ठश्रेणीको सचिवको दरबन्दीको व्यवस्था ऐनले नै गरेको छ । अन्य कर्मचारीहरुको दरबन्दी नभएकोले आयोगको कार्यबोझ, आवश्यकता, औचित्यता र उपयुक्तता समेतलाई ध्यानमा राखी आवश्यक दरबन्दी निर्धारण गर्नुपर्ने भएको छ । हाललाई देहायका कर्मचारीहरुलाई काजमा ल्याई प्रारम्भिक र प्रशासनिक कार्यहरु संचालन भई आएकोछ :

| | |
|---|---|
| सह सचिव | १ (नेपाल न्याय सेवा,सरकारी वकील समूह) |
| उप सचिव | १ ( नेपाल प्रशासन सेवा) |
| उप सचिव | १ (नेपाल न्याय सेवा,सरकारी वकिल समूह) |
| उप सचिव | १ ( नेपाल न्याय सेवा, कानून समूह) |
| शाखा अधिकृत | १ ( नेपाल प्रशासन सेवा) |
| लेखा अधिकृत | १ ( नेपाल प्रशासन सेवा ) |
| ना.सु | २ ( नेपाल प्रशासन सेवा ) |
| कार्यालय सहयोगी | १ (नेपाल प्रशासन सेवा ) |

## ३. विद्यमान संरचना र दरवन्दी सम्वन्धमा देखिएका समस्याहरुः

नव गठित आयोग अनुकुलको संगठन संरचना तथा दरवन्दी विवरण तयारी कै क्रममा रहेकोले विद्यमान संरचना र दरवन्दी सम्वन्धी समस्याहरु औल्याउने अवस्था रहेन, तर संरचना र दरवन्दी सिर्जनाको क्रममा भने विभिन्न समस्याहरु देखा परेका छन्। सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा छानवीन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने समेतको कार्य यस आयोगको कार्यक्षेत्र भित्र परेको र यी विषयहरुको कार्यान्वयनबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा गम्भीर, गहन, दीर्घकालीन र दूरगामी प्रभाव पर्ने देखिन्छ । यस्तो गहन जिम्मेवारीलाई सुचारु र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता, औचित्यता, कार्यबोझ समेतको आधारमा यस आयोगमा निश्चित संख्यामा नेपाल सरकारका विभिन्न सेवा र श्रेणी/तहका कर्मचारीहरुको दरबन्दी सृजना गर्नुपर्ने भएको छ । यस सर्भेक्षणका क्रममा देखिएका प्रमुख समस्याहरु देहाय बमोजिम छन्:

- नेपालकै लागि यस किसिमको आयोग नयाँ भएकोले कस्तो किसिमको संगठन संरचना तथा कस्तो कस्तो सीप र क्षमतायुक्त जनशक्ति आवश्यक पर्ने हो भन्ने कुरा पहिलेनै निर्धारण गर्न कठिन भएको,
- विभिन्न सेवा, समूह र क्षमतायुक्त व्यक्तिहरु रहने यस्तो किसिमको संगठन संरचनाभित्र समन्वय र संचारको स्वरुप निर्धारण गर्ने कार्य पनि चुनौतिपूर्ण रहेको,
- फरकर विशेष खालको विषय भएकोले पर्याप्त अध्ययन विश्लेषणको लागि आवश्यक सामग्रीहरु संकलन गर्न कठिन भएको ।
- शुन्यवाट कार्यारम्भ गर्नुपर्ने भएकोले थोरै जनशक्तिवाट प्रारम्भिक चरणका कामहरु सम्पन्न गर्न सम्भव भए पनि भबिष्यमा गर्नु पर्ने कार्यहरुको आँकलन गर्न कठिन भएको ।

## भाग ३

### १. कार्यक्रमको विश्लेषणः

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ मा यस आयोगको काम कर्तव्य र अधिकार निम्न बमोजिम तोकिएको छः

- आयोगसमक्ष सशस्त्र द्वन्द्वका क्रममा वेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा प्राप्त हुन आएका उजूरीहरुउपर छानविन गर्ने,
- पीडित र पीडकको संख्या एकिन गरी वास्तविक बेपत्ता पारिएका व्यक्तिको संख्या एकिन गरी अभिलेख राख्ने,
- वेपत्ता पारिएको व्यक्ति मारिएको वा जीवितै रहेको छवास्तविकता के हो पत्ता लगाउने,
- वेपत्ता पारी मानव अधिकारको गम्भीर उल्लंघन सम्वन्धी घटनाको छानविन गरी सत्य तथ्य जनसमक्ष ल्याउने,
- पीडकलाई कारवाही र पीडित परिवारलाई परिपूरणको सिफारिस गर्ने ।

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार यस आयोगबाट सम्पादन हुने आयोगका समग्र कार्यक्रमको विश्लेषण देहाय बमोजिम गरिएको छ :

कानूनी राज्यको मान्यता अनुसार पीडितलाई न्याय र पीडकलाई कानूनी कारवाही गरी दिगो शान्ति र विकासको मार्गमा अगाडि बढ्दै देशमा फेरी द्वन्द्वको वातावरण सिर्जना हुन नदिन यस आयोगको भूमिका महत्वपूर्ण हुन्छ नै अझ त्यसमाथि पनि उक्त ऐनले यस आयोगबाट छानविन गरिसकेको विषयमा पुनः आयोग गठन गरी छानविन नगरिने भन्ने प्रत्याभूति गरेबाट समेत आयोगको काम चुस्त र दुरुस्त हुन उत्तिनै जरुरी हुन्छ ।

साधन र श्रोतको सीमितताभित्र आफ्नो गतिविधि अगाडि वढाईआयोगले आफ्नो जिम्मेवारी पूरा गर्नमा लागि परेको छ । आयोग गठन पछिका प्रारम्भिक कार्यहरुको थालनी भएको छ । आयोगलाई आवश्यक सवारी साधन, मेशिनरी औजार र फर्निचरहरु खरिदको प्रक्रियामा रहेको छ साथै उपयुक्त कार्यालय भवनको खोजी कार्य भई रहेको छ । नियमावली तर्जुमा, आचार संहिता निर्माण र संगठन तथा व्यवस्थापन सर्वेक्षणका कार्य एवं आयोगको कार्ययोजना तय गर्ने समेतका कार्यहरु अगाडि बढाइएको छ ।यस आयोग शान्ति प्रक्रियाको अभिन्न अंगको रुपमा रहेको रसंविधानतः राज्यको दायित्व कायम गरिएको हुनाले यो महत्वपूर्ण, जटिल र विशेष कार्यक्षेत्र भएको संगठन हो ।त्यसैले ऐनको प्रस्तावनामा नै यस आयोगलाई उच्चस्तरीय भनिएको हो ।

### २. कार्यवोझको विश्लेषणः

नेपाल सरकारबाट विभिन्न मितिमा गठित/पुर्नगठित व्यक्ति परिवार तथा भौतिक संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदन अनुसार सशस्त्र द्वन्द्वको क्रममा करिव१५३० जना व्यक्तिहरु वेपत्ता भएको भन्ने देखिन आए तापनिआयोगबाट उजूरी आव्हान गरेपछि यो संख्यामा थप घट पनि हुन सक्छ । वेपत्ता पारिएका व्यक्तिको छानविन सहज र सरल छैन । शान्ति प्रक्रियाको लामो समय व्यतीत भैसकेको परीप्रेक्षमा यो कार्य झन चुनौतिपूर्ण भएको छ । सामान्य घटनाको अनुसन्धान गरी एउटै

व्यक्तिका बारेमा छानविन गर्नका लागि त थुप्रै जनशक्ति, श्रोत साधन र लामो समय खर्चिनुपर्ने हुन्छ भने यो विशिष्ठ, कठिन र चुनौतीपूर्ण कार्यका लागि निकै जनशक्ति र  विज्ञहरुको सहयोग आवश्यक पर्छ । उजूरी आव्हान, संकलन र सो उजूरीका आधारमा गहिरो अनुसन्धान र छानबिन आवश्यक हुन्छ । छानबिनका क्रममा सम्बद्ध व्यक्तिहरुको बयान बकपत्र गर्ने, खानतलासी गर्ने, स्थलगत अध्ययन गर्ने कार्य गर्नु पर्ने हुन्छ भने अवस्था अनुसारशव उत्खनन् र वैज्ञानिक परीक्षण लगाएतका कार्यहरु समेत गर्नुपर्ने हुन्छ ।एकै अनुसन्धानका लागि पनि थुप्रै स्थानमा पुग्नुपर्ने थुप्रै मानिसहरुलाई बुझ्नु पर्ने हुन्छ । यसैले यसको कामलाई अंकगणीतिय रुपमा मात्र प्रस्तुत गर्न संभव र व्यवहारिक हुदैन । यसका साथै जटिल कार्य भएकाले कार्यसम्पादन गर्दै जाँदा नसोचिएका कार्यहरु पनि आइपर्न सक्छन् । झूटा विवरण तथा अन्य प्राकृतिक प्रकोप, दुर्घटना तथा भवितव्यबाट मृत्यु भएका र सम्पर्कमा नआएका व्यक्तिको सम्बन्धमापनि उजुरी पर्न सक्ने र त्यसको एकिन गरी प्राप्त उजूरीहरुको छानविन गर्नु निकै कठिन र चुनौतिपूर्ण छ । लामो समय व्यतीत भैसकेको कारण यो कार्य ज्यादै कठिन एवं जटिल मात्र नभई चुनौतिपूर्ण पनि छ ।

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोगको कार्यभार देहाय बमोजिम रहेको छः

**क) <u>मुख्य/आधारभूत कार्य</u>**

१. मानव अधिकारको गंभीर उलंघन सम्वन्धी घटनाको छानविन, दफा (१३)(१)(क)
२. ती घटनाको अभिलेख राख्ने, दफा (१३)(१)(क)
३. वास्तविक तथ्यको सार्वजनिकीकरण, दफा (१३)(१)(क)
४. पीडित तथा पीडक यकिन, दफा (१३)(१)(ख)
५. पीडितलाई परिचय पत्र वितरण,दफा (१३)(१)(च)
६. क्षतिपूर्तिको सिफारिस,दफा (१३)(१)(ग), (२२)(१),(२),(३),(५) र (६)
७. परिपूरण,दफा (१३)(१) (घ),(२३)
८.पीडकलाई कारवाहीको सिफारिस, १३ (१)(ड) र दफा(२५)
९. मुद्दा चलाउन लेखी पठाउने कार्य, दफा (२९)
१०.प्रतिवेदन सम्वन्धी कार्य, दफा (२५)(३) र २७

उपर्युक्त कार्यहरु गर्न देहायका प्रक्रियाहरु अवलम्वन गर्नुपर्ने व्यवस्था सो ऐनको दफा १४ ले गरेको छ :

- कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा वयान गराउने,
- साक्षी बुझ्ने तथा बकपत्र गराउने,
- कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,
- कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने तथा अध्ययन गर्ने,
- प्रमाण बुझ्ने,

- स्थलगत निरीक्षण गर्ने वा गराउने र दशी प्रमाण पेश गर्न आदेश दिने ।

हालसम्म नेपाल सरकारबाट विभिन्न मितिमा गठित/पुर्नगठित व्यक्ति परिवार तथा भौतिक संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदन अनुसार द्वन्द्वबाट प्रभावित ६९ बटा जिल्लाबाट जम्मा १५३० जना व्यक्तिहरु वेपत्ता पारिएको देखिन्छ जस अनुसार ६९ जिल्ला मध्ये देहायका २१ जिल्ला बढी प्रभावित रहेकोदेखिन्छ :
(यससम्वन्धी थप विवरण अनुसुचि ५ मा राखिएको छ) ।

उक्त तथ्याङ्कको विश्लेषण गर्दा यस सम्वन्धी छानविन कार्य बढी चुनैतिपूर्ण भएको र यसका लागि बढी श्रोत र साधन आवश्यक पर्ने देखिन्छ ।वेपत्ता पार्ने कार्यमा पनि महिला समेत संलग्न हुनसक्ने भएकोले छानविन कार्य अझ संवेदनशिल र कठिन बन्न जान्छ । छानविन कार्यमा लैङ्गिक, जातीय र क्षेत्रीय कुराले पनि प्रभाव पर्ने हुनाले जनशक्ति परिचालन गर्दा यी कुराको समेत विचार पुऱ्याउनुपर्ने हुन्छ ।यस अनुसार हेर्दा आयोगका  केहीकार्यहरु अनुसन्धान तथा खोज मूलक छन् भने केही न्यायिक प्रकृतिका छन् । यसैगरी केही कार्यहरु व्यवस्थापकीय खालका कार्यहरु पनि छन् । कार्य संचालनको क्रममा खोज, अनुसन्धान, अन्वेषण, अवलोकन, अर्न्तक्रिया तथा छलफल जस्ता गतिविधिहरु संचालन गर्नुपर्ने हुन्छ । यसरी आयोगको काम मिश्रित खालको भएकोले यसको संगठन संरचना,उच्च प्रविधि, मिश्रित खालका दक्ष जनशक्तिको आवश्यक पर्ने मात्र नभईतिनकाबीच उचित र प्रभावकारी समन्वयको आवश्यकता पर्छ ।यसका अतिरिक्त द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने क्रमको यो आयोगलाई नेपालको वर्तमान प्राकृतिक प्रकोपले निम्त्याएको पुनर्निर्माणको क्रमसंगै प्राथमिकतामा राख्नु आवश्यक छ । कार्य प्रकृतिका हिसावले आयोगका पदाधिकारी, कर्मचारी र कागजातहरुको सुरक्षाको पनि यथोचित प्रवन्ध हुनु आवश्यक छ ।

यस प्रकार आयोगको कार्य प्रकृति र यसको मर्मका आधारमा कार्यहरुको महत्व, गाम्भीर्यता र उपादेयतालाई दृष्टिगत गर्दा यस आयोगले सशस्त्र द्वन्द्वको बेलामा भएका व्यक्ति वेपता पार्ने कार्यको छानवीन गर्ने, पीडित र पीडकहरुको बयान बकपत्र गराउने, स्थलगत निरीक्षण गर्ने, सत्यतथ्य सार्वजनिक गर्ने, पीडितलाई परिपूरण व्यवस्था गर्ने, मानव अधिकारको गम्भीर उल्लंघन गर्ने, पीडकलाई मुद्दा चलाउन सिफारिस गर्ने, समाजमा मानव अधिकारको उल्लंघनका घटना दोहोरिनबाट रोक्न आवश्यक सिफारिस गर्ने, समाजमा शान्ति र न्याय स्थापना गर्न बस्तुगत विश्लेषणका आधारमा सिफारिस गर्ने जस्ता अति संवेदनशिल कार्य गर्नुपर्ने भएकोले सोही बमोजिमको दरबन्दी सहितको संगठन रहन बाञ्छनीय देखिन्छ ।

## ३. कार्य प्रकृतिको विश्लेषण:

सशस्त्र द्वन्द्वका कममा कति मानिस वेपत्ता पारिए भन्ने विषयमा अझै पनि एकीन हुन सकिएको छैन । करीब १५३० व्यक्तिहरु वेपत्ता पारिएकोभन्ने यस सम्वन्धी कार्यदलको प्रतिवेदनमा उल्लेख छ । यसको उपयुक्त छानविन तथा विश्लेषण गर्न, व्यापक र गहन अनुसन्धान, अन्वेषण गर्न, तथ्याङ्क संकलन र प्रशोधन गरी वास्तविक सत्य तथ्य जनतासम्म पुऱ्याउने जस्ता विषयमा आयोगलाई दिइएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न यसको कार्य प्रकृतिकै आधारमा आवश्यक दरबन्दी प्रस्ताव गरिएको छ । मूल रुपमा यस आयोगको कार्य प्रकृति देहाय बमोजिमको हुन्छ :

- **खोज तथा अनुसन्धान मूलक**,
- **छानविन मूलक,** (उजूरी आव्हान गर्ने, प्राप्त उजुरीहरु लिने, सम्वन्धित व्यक्तिहरुलाई आयोगसमक्ष वोलाई जानकारी लिने वा वयान गराउने, साक्षी वुझ्ने तथा वकपत्र गराउने, कुनै दशी प्रमाण तथा कागज झिकाउने, स्थलगत निरीक्षण, भिडियो कन्फरेन्सगर्ने जस्ता कार्यहरु)
- **न्यायिक** (पीडितलाई क्षतिपूर्ति र परिपूरण तथा पीडकलाई कारवाही)
- **प्रचारात्मक** (सूचना प्रवाह, सार्वजनिक सुनुवाई, )
- **संरक्षणात्मक**(साक्षी तथा अन्य व्यक्तिको संरक्षण गर्नु पर्ने, बालबालिका, महिला, जेष्ठ नागरिक, अपाङ्ग जस्ता व्यक्तिहरुलाई प्राथमिकता दिई छानविन कार्य सहज बनाउने, व्यक्तिगत हित र गोपनियता तथा मर्यादाको उचित कदर)
- **पारदर्शी** (काम कारवाही खुला तथा पारदर्शी रुपमा संचालन गर्नु पर्ने)
- **संवेदनशिल तथा जोखिमपूर्ण** (वास्तविक पीडित र पीडकको विवरण एकिन, शव उत्खनन्, डि.एन.ए. परीक्षण, परिपूरण तथा सजाय)

**४.उपलब्ध मानव श्रोतको आँकलन:**

यस आयोगमा हाल अत्यावश्यक केही कर्मचारीहरुलाई काजमा ल्याई वा थप जिम्मेवारी दिई प्रारम्भिक काममा लगाइएको छ । विशिष्ठ कार्य संचालनको कममा पनि आयोगले आफ्नो कार्य सम्पादन गर्दा सरकारसँग भएका विशेष दक्ष र यस क्षेत्रमा विशेष अभिरुची भएका मानव स्रोतहरुको प्रयोग गरी कार्य सञ्चालन गर्ने उद्देश्य राखेको छ । यसो गर्दा आयोगको कार्यको महत्व र यसमा पर्न जाने आर्थिक दायित्व समेतलाई अत्यन्त सजगताका साथ विचार गरिएको छ । अर्कोतर्फ आयोगलाई आवश्यक पर्ने सबै खालको जनशक्ति नेपालमा नै उपलब्ध हुन्छ भन्न सक्ने अवस्था पनि छैन । कार्य प्रकृति अनुसार केही राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रका विशेषज्ञहरु समेत करारमा लिनुपर्ने अवस्था पनि आइपर्न सक्छ । यिनै कुराहरुलाई विचार गरी आयोगलाई तोकिएको पदावधि भरका लागि अनुसूचि २ बमोजिमको संख्यामा अस्थायी दरवन्दी सृजना गरी मानव श्रोतको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**५.संगठन तथा व्यवस्थापन सर्वेक्षणको औचित्य**

यो संगठन नेपालमा नौलो प्रकृतिको संगठन हो । यसका लागि प्रस्ताव गरिएका संरचनाहरुबाट विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान तथा यस आयोगको ऐन बमोजिम संचालन गर्नुपर्ने कार्यहरु सम्पादन गर्नको लागि आवश्यक संस्थागत स्वरुप निर्धारण हुनेछ । विभिन्न शाखा तथा महाशाखाबाट सम्पादन गर्नुपर्ने कार्यविवरण तयार हुनेछ र सो को लागि आवश्यक पर्ने जनशक्तिको संख्या, सीप तथा योग्यता र कार्यविवरण तयार हुनेछ, जस्ले गर्दा आयोगले तोकिएको समयमा कार्य सम्पादन गर्न सक्नेछ । साथै यो अस्थायी प्रकृतिको संगठन भएकोले यसका लागि सृजना हुने दरवन्दी पनि अस्थायी प्रकृतिको हुनेछ जसमा विशेष गरी न्याय, कानुन र प्रशासनिक क्षेत्रका कर्मचारीहरुलाई काजमा ल्याई यसको कार्य सम्पादन हुनेछ ।

## भाग ४

### १. प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या

यस आयोगमा २ वटा महाशाखा अर्न्तगत ६ वटा शाखाको प्रस्ताव गरिएको छ । जुन देहाय बमोजिम छन् :

**क)छानबिन महाशाखा**

यस महाशाखा अर्न्तगत ३ बटा शाखाको प्रस्ताव गरिएको छ ।

क) उजूरी छानविन तथा तामेली शाखा (यसमा १ देखि ५ नं. सम्मका ५ वटा शाखा रहने)

ख) सिफारिस तथा परिपूरण शाखा,

ग) कानुन तथा मानव अधिकार शाखा ।

यी शाखाहरुमा न्याय सेवाको रा.प.द्वितीय श्रेणीको शाखा प्रमुख र अन्य कर्मचारीहरु रहने छन् । यी महाशाखा र शाखाहरुले सम्पादन गर्नुपर्ने कार्यहरु लगायत यस सम्वन्धी थप विवरण अनुसूची-३ मा राखिएको छ ।

**ख) प्रशासन महाशाखा**

यस महाशाखा अर्न्तगत ३ बटा शाखाको प्रस्ताव गरिएको छ ।

क) प्रशासन तथा योजना शाखा,

ख) संचार तथा अभिलेख व्यवस्थापन शाखा,

ग) आर्थिक प्रशासन शाखा ।

प्रशासन तथा योजना शाखा र संचार तथा अभिलेख व्यवस्थापन शाखामा प्रशासन तर्फको रा.प.द्वितिय श्रेणीको शाखा प्रमुख तथा अन्य कर्मचारीहरु र आर्थिक प्रहासन शाखामा लेखा अधिकृत र लेखापाल रहने छन् ।यी महाशाखा र शाखाहरुले सम्पादन गर्नुपर्ने कार्यहरु लगायत यस सम्वन्धी थप विवरण अनुसूची ३ मा राखिएको छ ।

### २. प्रस्तावित दरवन्दी विवरणको व्याख्या

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १० मा नेपाल सरकारले नियुक्त गरेको वा तोकेको न्याय सेवाको विशिष्ठ श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ भन्ने व्यहोरा उल्लेख गरिएको छ । सोही ऐनको दफा ११ मा आयोगको लागि आवश्यक पर्ने कर्मचारी आयोगको परामर्शमा शान्ति तथा पूनर्निर्माण मन्त्रालयले उपलब्ध गराउनु पर्ने भनी उल्लेख भएको छ । यसै बमोजिम आयोगलाई आवश्यक पर्ने प्रस्तावित दरवन्दीको व्याख्या अनुसूची-२मा गरिएको छ ।


### ३. अन्य सुझाव तथा सिफारिस

आयोगले कार्य संचालनको सिलसिलामा यी दरबन्दीका अतिरिक्त आवश्यक पर्ने स्वदेशी तथा विदेशी विज्ञ/विशेषज्ञ कर्मचारीहरु ऐनको दफा ३१ र ३२ बमोजिम करारमा राख्नु पर्ने हुन्छ । यसैले यस्ता बिज्ञहरु  समय समयमा आवश्यकता पर्न सक्ने भएकाले यसलाई दरबन्दी संरचनामा राखिएको छैन ।

कामको चापका आधारमा आवश्यकतानुसार अन्य कार्यालयका कर्मचारीलाई समेत काजमा ल्याई काम लगाउन सकिने भएकाले अति आवश्यक र न्यूनतम रुपमा रुपमा मात्र दरबन्दी प्रस्ताव गरिएको छ ।

# अनुसूची-१
## संगठन संरचना

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा ५जना पदाधिकारीहरु, १ जना सचिव, २ वटा महाशाखा र ६ वटा शाखाहरु रहने छन् ।




**नोट:**

- माथि उल्लेखित अधिकृत एवं कर्मचारीहरु काजमा ल्याईने छ । माग बमोजिमका अधिकृत एवं कर्मचारीहरु उपलब्ध हुन नसकेमा करारमा नियुक्त गर्न सकिनेछ ।
- ४ जना शाखा अधिकृत,१ जना कानुन अधिकृत(रा.प.तृ.) र १ जना सरकारी वकील (रा.प.तृ.) तथा २ जना ना.सु.गरी ८ जना कर्मचारीहरु नीजि सहायक (पि.ए.) रहने छन् जुन माथिको संरचनामा राखिएको छैन ।
- आयोगले कार्य संचालनको सिलसिलामा आवश्यक पर्ने स्वदेशी तथा विदेशी विज्ञ/विशेषज्ञ कर्मचारीहरु ऐनको दफा ३१ र ३२ बमोजिम करारमा राख्न सक्नेछ । यसलाई माथिको संरचनामा राखिएको छैन ।

- कम्प्यूटर अपरेटर,सवारी चालक र कार्यालय सहयोगीहरु आयोग,महाशाखा तथा शाखाको आवश्यकता अनुसार खटिनेछन्। त्यसैले माथिको संरचनामा देखाइएको छैन ।
- कामको चापका आधारमा आवश्यकता अनुसार अन्य कार्यालयका कर्मचारीलाई समेत काजमा ल्याई काममा लगाउन सकिनेछ ।

## अनुसूची-२

### दरवन्दी श्रृजना गर्नुपर्ने र अन्य जनशक्तिको विवरण

| सि.नं | पद, नाम | श्रेणी | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरबन्दी | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्त | रिक्त | थप | घट | | |
| १ | सचिव | रा.प.विशिष्ट | नेपाल न्याय | | | १ | | | | १ | ऐनले व्यवस्था गरेको |
| २ | सहसचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सा.प्र. | | | १ | | | १ | २ महाशाखामा १/१ जना |
| ३ | सहसचिव | रा.प.प्रथम | नेपाल न्याय | सरकारी वकील | | | १ | | | १ | |
| ४ | उपसचिव | रा.प द्वितीय | नेपाल प्रशासन | सा.प्र. | | | २ | | | २ | २ शाखामा १/१ जना |
| ५ | उपसचिव | रा.प द्वितीय | नेपाल न्याय | कानून | | | १ | | | १ | १ जना कानून शाखामा |
| ६ | उपसचिव | रा.प द्वितीय | नेपाल न्याय | सरकारी वकील | | | ६ | | | ६ | उजुरी शाखामा कामको चाप बढी हुने भएकोले १ भन्दा बढी आवश्यक पर्ने |
| ८ | शा.अ. | रा.प.तृतीय | नेपाल प्रशासन | सा.प्र. | | | ६ | | | ६ | २ शाखामा १/१ जना र ४ जना पिए |
| ९ | शा.अ. | रा.प.तृतीय | नेपाल न्याय | न्याय | | | १ | | | १ | संरचना बमोजिम आवश्यक पर्ने |
| १० | शा.अ. | रा.प.तृतीय | नेपाल न्याय | कानून | | | २ | | | २ | १ कानून शाखामा र १ पि.ए. |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शा.अ. | रा.प.तृतीय | नेपाल न्याय | सरकारी वकील | | | ६ | | | ६ | |
| १२ | ले. अ. | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | | | १ | | | १ | संरचना अनुसार आवश्यक |
| १३ | लेखापाल | रा.प.अनं. प्र. | नेपाल प्रशासन | लेखा | | | २ | | | २ | संरचना अनुसार आवश्यक |
| १४ | ना.सु. | रा.प.अनं. प्र. | नेपाल प्रशासन | सा.प्र. | | | ४ | | | ४ | २ शाखामा १/१ जना र २ जना पिए (स.स.को) |
| १५ | ना.सु. | रा.प.अनं. प्र. | नेपाल न्याय | सरकारी वकील | | | ३ | | | ३ | |
| १६ | ना.सु. | रा.प.अनं. प्र. | नेपाल न्याय | न्याय | | | २ | | | २ | संरचना अनुसार आवश्यक पर्ने |
| १७ | ना.सु. | रा.प.अनं. प्र. | नेपाल न्याय | कानुन | | | १ | | | १ | कानून शाखामा १ |
| १८ | तामेलदार | रा.प.अनं. द्वि. | नेपाल न्याय | न्याय | | | ५ | | | ५ | संरचना अनुसार आवश्यक पर्ने |
| **अस्थाई रुपमा सृजना गर्नुपर्ने जम्मा दरवन्दी** | | | | | | **१** | **४४** | | | **४५** | |
| १९ | क.अपरेटर | रा.प.अनं. प्र. | नेपाल विविध | | | | ५ | | | ५ | संरचना अनुसार आवश्यक पर्ने |
| २० | ह.स.चा | | | | | | ११ | | | ११ | पदाधिकारी अनुसार आवश्यक पर्ने |
| २१ | का. स.(स्वीपर र माली समेत) | | | | | | १४ | | | १४ | संरचना अनुसार आवश्यक पर्ने |
| **जम्मा (३० जना करार समेत) कर्मचारी** | | | | | | **१** | **७४** | | | **७५** | |

## अनुसूची-३

## महाशाखा तथा शाखाहरुको कार्यविवरण

**क) छानबिन महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरु :**

- व्यक्ति बेपत्ता पारिएको सम्वन्धी विषयको उजूरी तथा सूचनाहरु प्राप्त गर्ने,
- प्राप्त उजूरीहरु आयोगसमक्ष पेश गर्ने,

- आयोगको निर्णय अनुसार प्रारम्भिक र विस्तृत छानविन गर्ने,
- प्राप्त उजूरी द्वन्द्वकालका घटनासंग सम्बन्धित भए नभएको एकिन गर्ने,
- पीडित र पीडक यकिन गर्ने,
- उजूरी तामेलीमा राख्ने सम्वन्धी कार्य गर्ने,
- आयोगलाई आवश्यक पर्ने कानूनी विषयमा आवश्यक कार्य गर्ने,
- पीडितलाई प्रदान गर्ने राहत, परिपूरण तथा क्षतिपूर्तिको सिफारिस सम्वन्धी कार्य गर्ने,
- विभागीय वा अन्य कारवाहीको सिफारीस सम्वन्धी कार्य गर्ने,
- मुद्दा चलाउनु पर्ने विषयमा मुद्दा चलाउन लेखी पठाउने,
- मानव अधिकार सम्वन्धी नीतिगत विषय तथा अधिकारको उल्लघन सम्वन्धी विषयमा राय परामर्श दिने,
- मानव अधिकारको हनन भए नभएको सम्वन्धमा राय परामर्श सम्वन्धी कार्य गर्ने,
- आफ्नो कार्यको प्रतिवेदन तयार गरी आयोगसमक्ष पेश गर्ने ।

यस महाशाखा अर्न्तगतका शाखाहरुले देहाय बमोजिमका कार्य सम्पादन गर्नेछन् :

### १) <u>उजूरी, छानविन तथा तामेली शाखा</u> :

यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशनमा देहाय बमोजिमका कार्यहरु गर्नेछ :

- बेपत्ता पारी मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाका सम्बन्धमा पीडित वा निजका तर्फबाट उजूरी, निवेदन तथा गुनासाहरु प्राप्त गर्ने,
- आयोगलाई प्राप्त भएको उजूरी तथा जानकारी सम्बन्धमा छानविन गर्ने,
- व्यक्ति बेपत्ता पारेको सम्बन्धमा आयोगलाई कुनै श्रोतबाट जानकारी प्राप्त भएमा वा आयोगले छानविन गर्न उपयुक्त सम्झेका विषयहरुमा अनुसन्धान गर्ने,
- कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने, साक्षी बुझ्ने वा बकपत्र गराउने,
- अन्य आवश्यक देखिन आएका प्रमाण बुझ्ने,
- स्थलगत निरीक्षण गर्ने,
- दशी प्रमाण संकलन गर्ने गराउने,
- कुनै लिखत वा कागजात पेश गर्न लगाउने,
- विभिन्न निकायहरुसँग आवश्यक कागजातहरु मगाउने,
- वास्तविक पीडित पहिचान गर्न आवश्यक अनुसन्धान गर्ने,
- कुनै सरकारी वा सार्वजनिक कार्यालय वा सम्बन्धित अदालतको अनुमति लिई अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

- आयोगको निर्देशन बमोजिम विभिन्न निकायहरुसँग सम्बन्धित कागजातहरु मगाउने,
- आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारवाई चलाउन पर्याप्त आधार नभएमा कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्ने,
- आवश्यकतानुसार कुनै व्यक्ति वा स्थानको तलासी लिने, फेला परेका वस्तु वा लिखत कब्जा गर्ने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिने,
- यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

२) **सिफारिस तथा परिपूरण शाखा**

यस शाखाले तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पूर्नउद्धार तथा पूर्नस्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्नेछ । यस क्रममा :

- सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघन सम्बन्धी घटना सम्बन्धमा हालसम्म नेपाल सरकारसमक्ष पेश गरेका प्रतिवेदनहरु अध्ययन गर्ने,
- पीडितलाई पर्नगएको वास्तविक क्षतिको क्षतिपूर्ति दिनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने,
- प्राप्त प्रमाणहरुको आधारमा उपयुक्त परिपूरणकोलागि आयोगसमक्ष आवश्यक सुझाव पेश गर्ने,
- पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने ।
  - निःशुल्क शिक्षा  तथा स्वास्थ्योपचार
  - सीपमूलक तालीम
  - विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा
  - बसोबासको व्यवस्था
  - रोजगारको सुविधा
  - अन्य सुविधा वा सहुलियत
- पीडितलाई कुनै सुविधा वा सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नुपर्ने,
- पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराउने,
- कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न सिफारिस गर्ने कारवाई चलाउने,

- आयोगको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई पुरस्कृत गर्ने सम्बन्धी कारवाई चलाउने,
- अनुसन्धानका आधारमा दोषि उपर कारबाहीको लागि सिफारिस गर्ने,
- आयोगले पेश गर्ने प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।

### ३) कानून तथा मानव अधिकार शाखा

- अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून सम्बन्धी विषयमा अध्ययन गर्ने,
- आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने,
- आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने,
- आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजूरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने,
- आयोगबाट माग भए बमोजिमका विषयमा कानूनी राय उपलब्ध गराउने,
- आयोगमा बयान वा बकपत्र गर्ने कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्न कारवाई गर्ने,
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न छुट्टै व्यवस्था गर्ने,
- सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा निजलाई सरुवा गर्न लेखी पठाउने सम्बन्धी कारवाई गर्ने,
- साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था गर्ने,
- व्यक्ति वेपता पार्ने कार्यको विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने,
- यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने ।

## ख) प्रशासन महाशाखाले सम्पादन गर्नुपर्ने कार्यहरु

- आयोगको प्रशासनिक तथा आर्थिक कार्यहरु गर्ने,
- दैनिक कार्यालय संचालन सम्वन्धी कार्य गर्ने,
- आयोगको काम कर्तव्य बारे सार्वजनिक जानकारी गराउने,
- पर्यवेक्षक, विज्ञ, विशेषज्ञ चयन गर्ने,
- कर्मचारीहरु झिकाउने तथा पर्याप्त नभएमा करारमा भर्ना गर्ने,
- कार्य प्रकृति र योग्यता, अनुभवका आधारमा कामको जिम्मेवारी बाँडफाँड गर्ने,
- कार्मचारीले गर्ने कार्य विवरण तयार गर्ने र गर्नु पर्ने कार्य वारे जानकारी गराउने

- अधिकार प्रत्यायोजन गर्ने,
- आयोगका गतिविधि तथा सूचनाहरुको संप्रेषण तथा प्रचार प्रसार सम्वन्धी कार्यहरु गर्ने,
- वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने, बांडफांड गर्ने तथा निकासा र परिचालन गर्ने,
- योजना तथा वजेट तर्जुमा गर्न सरोकारवाला निकायसंग समन्वय गर्ने,
- द्वन्द्व व्यवस्थापन, दीगो शान्ति तथा मानव अधिकार सम्वन्धी दक्ष जनशक्ति व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- अन्य निकायको सम्पर्क विन्दु र प्रवक्ताको रुपमा कार्य गर्ने तथा सूचना अधिकारी र प्रवक्ता चयन गर्ने,
- यस निकायबाट संचालन हुने कार्यकमहरुको नियमित समीक्षा तथा अनुगमन गर्ने,
- कार्यकम संचालनमा श्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने,
- द्विपक्षीय तथा बहुपक्षीय सहयोगको व्यवस्थापन तथा परिचालन गर्ने,
- ऐन, नियमावली तथा कार्यकमको प्रचारात्मक कार्य गर्ने,
- उजूरी निवेदन आव्हान गर्ने,
- घटनाको जानकारी दिन दुबै पक्षलाई आव्हान र पत्राचार गर्ने,
- उजुरी र निवेदनका ढाचाँहरु सार्वजनिक गर्ने,
- उजुरी र निवेदन संकलन सम्वन्धी प्रशासनिक कार्य गर्ने,
- अन्य महाशाखामा किटानी साथ तोकिएका बाहेकका कार्यको साथै अन्य महाशाखा अर्न्तगत नपर्ने विविध कार्यहरु गर्ने ।

यस महाशाखा अर्न्तगतका शाखाहरुले देहाय बमोजिमका कार्य सम्पादन गर्नेछन् :

**१) <u>प्रशासन तथा योजना शाखा</u>**

तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरु गर्ने:

- आयोगको कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,
- आयोगको दरबन्दी तथा पदपूर्ति सम्बन्धी कार्य गर्ने,
- आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,
- आयोगको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वदेश तथा विदेशमा तालीम, पुनर्ताजगी तालीम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीमहरुको व्यवस्था गर्ने,
- आयोगको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,
- आयोगको सम्पत्तिको लगत राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने, गराउने,
- आयोगको विभिन्न शाखाहरुबीच समन्वय सम्बन्धी कार्य गर्ने,

- आयोगका लागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,
- शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,
- आयोगकोलागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,
- नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम लागि आयोगको तर्फबाट पठाईने नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,
- आयोगका विभिन्न कार्यक्रमहरुको विषयमा विभिन्न मन्त्रालयबीच समन्वय सम्बन्धी कार्य गर्ने,
- शाखागत कार्यसम्पादनको प्रगति प्रतिवेदन तयार गर्ने,
- आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा मनासिब खर्च उपलब्ध गराउने,
- यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसँग समन्वय गर्ने,
- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

## २) <u>आर्थिक प्रशासन शाखा</u>

तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरु गर्नेः

- आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,
- आयोगको वार्षिक योजना तथा कार्यक्रम अनुरुप वार्षिक बजेट बनाउने र निकासा लिने,
- निकासा र आम्दानी प्राप्त गर्ने तथा बजेट खर्च गर्ने व्यवस्था मिलाउने,
- मन्त्रालय अन्तर्गत संचालित विभिन्न आयोजनाहरुको लागि अख्तियारी तथा स्वीकृत रकम निकासा पठाउने ।
- मन्त्रालय र अन्तर्गत निकायहरुको केन्द्रीय र कार्य सञ्चालनस्तरको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमको लेखा राख्ने र नियमित प्रतिवेदन गर्ने,
- आयोगको आर्थिक कारोवारको सम्बन्धमा राय परामर्श दिने,
- आम्दानी तथा खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,
- बेरुजुको लगत राखी फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- स्वीकृत कार्यक्रमहरुको लागि तोकिएको बजेट कुनै शीर्षकमा नपुग भएमा वचत हुने शीर्षकबाट नियमानुसार रकमान्तर गर्न पेश गर्ने,
- वार्षिक आर्थिक विवरण तयार गर्ने,

- आयोगमा प्राप्त हुने राजश्व वा सरकारी रकम बैंक दाखिला गर्ने, सोको लेखा राख्ने, फाँटवारी पेश गर्ने र लेखा परीक्षण गराउने,
- धरौटीको लेखा राख्ने,
- कानून बमोजिम असूल उपर गर्नुपर्ने सरकारी नगदी, जिन्सी असूल उपर सम्बन्धी कार्य गर्ने,
- स्वीकृत कार्यक्रमको लागि तोकिएको बजेट रकम कार्यान्वयन गर्ने निकायमा निकासा पठाउने ।
- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

### ३) <u>सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा</u>

तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरु गर्नेः

- आयोगको कार्यसंग सम्वन्धीत विषयमा पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन-संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरुको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने गराउने,
- शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,
- शान्ति प्रवर्द्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति प्रवर्द्धन कार्यकमहरुमा समन्वय र एकरुपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,
- शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, सर्वोच्च अदालतबाट भएको फैसला एवं आदेशहरु, जरनल तथा अध्ययन प्रतिवेदनहरुको संग्रह गर्ने, प्रविधिज्ञहरु सहितको श्रोत केन्द्र तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,
- द्वन्द तथा संक्रमणकालीन न्याय लगायत शान्ति प्रक्रियासँग सम्बन्धित विषयका विज्ञहरुको Roster तयार गरी अद्यावधिक गरी राख्ने,
- आयोगका प्रकाशनहरुको सम्पादन र व्यवस्थापन गर्ने,
- आयोगको कार्य प्रगतिहरुको सम्बन्धमा जनतालाई सु-सूचित गराउने,
- शान्ति प्रक्रियामा स्थानीय जनसहभागिता जुटाउने,
- शान्ति प्रक्रिया र वार्ताका पक्षहरुमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुबीच सूचना आदान-प्रदान गर्ने,
- आयोगको Web Site अध्यावधिक गर्ने,
- आयोगको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- पीडितको वर्गीकरण गर्न उपलब्ध प्रमाणको आधारमा आयोगलाई आवश्यक सुझाव दिने,
- आयोगले गरेका निर्णय बमोजिम पीडितलाई परिचय पत्र दिने,
- आयोगमा प्राप्त निवेदनहरु, पीडितको वर्गीकरण, परिचयपत्र लगायतका कुराहरुको अभिलेख राख्ने,
- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

## अनुसुची-४

## कर्मचारीहरुको कार्यविवरण

**सह सचिव (सरकारी वकिल समुह) को कार्य विवरण**

- उजुरीहरु छानविन गरी आयोग समक्ष पेश गर्ने गराउने,
- आयोगको निर्णय अनुसार प्रारम्भिक र विस्तृत छानविन गर्ने,
- आयोगलाई आवश्यक पर्ने कानूनी विषयका सम्वन्धमा आवश्यक कार्य गर्ने,
- पीडितलाई राहत, परिपूरण तथा क्षतिपूर्ति प्रदान सम्बन्धी कार्य गरी आवश्यक सिफारिस सम्वन्धी कार्य गर्ने,
- विभागीय वा अन्य कारवाही को सिफारीस सम्वन्धी कार्य गर्ने,
- मुद्दा चलाउनु पर्ने विषयमा मुद्दा चलाउन लेखी पठाउने,
- मानव अधिकार सम्वन्धी नीतिगत विषय तथा अधिकारको उल्लघन सम्वन्धी विषयमा राय परामर्श दिने,
- पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने,
- प्राप्त प्रमाणहरुको आधारमा उपयुक्त परिपूरणको लागि आयोग समक्ष आवश्यक सुझाव पेश गर्ने,
- पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई प्रदान गरिने सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने,
- पीडितलाई कुनै सुविधा वा सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नुपर्ने,
- सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघन सम्बन्धी घटना सम्बन्धमा हालसम्म नेपाल सरकारसमक्ष पेश गरेका प्रतिवेदनहरु अध्ययन गर्ने,
- साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था गर्ने ।

**सह सचिव (प्रशासन सेवा) को कार्य विवरण**

- आयोगको प्रशासनिक तथा आर्थिक कार्यहरु गर्ने गराउने,
- पर्यवेक्षक, विज्ञ, विशेषज्ञ चयन गर्ने,
- कार्य प्रकृति र योग्यता, अनुभवका आधारमा कामको जिम्मेवारी बाँड फाँड गर्ने,
- कार्मचारीले गर्ने कार्य विवरण तयार गर्ने र गर्नु पर्ने कार्य वारे जानकारी गराउने,
- अधिकार प्रत्यायोजन गर्ने,

- द्वन्द्व व्यवस्थापन, दीगो शान्ति तथा मानव अधिकार सम्वन्धी दक्ष जनशक्ति व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- अन्य निकायको सम्पर्क विन्दु र प्रवक्ताको रुपमा कार्य गर्ने तथा सूचना अधिकारी र प्रवक्ता चयन गर्ने,
- द्विपक्षीय तथा बहुपक्षीय सहयोगको व्यवस्थापन तथा परिचालन गर्ने,
- व्यक्ति वेपता पार्ने कार्यको विषयमा छानविन गर्न आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने तथा उजूरी र निवेदन संक्लन सम्वन्धी प्रशासनिक कार्य गर्ने ।

**उप सचिव (प्रशासन सेवा) को कार्य विवरण**

- आयोगको दरबन्दी तथा पदपूर्ति सम्बन्धी कार्य गर्ने,
- आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,
- शान्ति प्रवर्द्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति प्रवर्द्धन कार्यक्रमहरुमा समन्वय र एकरुपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,
- शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, जरनल तथा अध्ययन प्रतिवेदनहरुको संग्रह गर्ने, प्राविधिज्ञहरु सहितको श्रोत केन्द्र तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,
- पीडितको वर्गीकरण गर्न उपलब्ध प्रमाणको आधारमा आयोगलाई आवश्यक सुझाव दिने, आयोगले गरेका निर्णय बमोजिम पीडितलाई परिचय पत्र दिने,
- द्वन्द तथा संक्रमणकालीन न्याय लगायत शान्ति प्रक्रियासँग सम्बन्धित विषयका विज्ञहरुको Roster तयार गरी अद्यावधिक गरी राख्ने,
- आयोगका प्रकाशनहरुको सम्पादन र व्यवस्थापन गर्ने,
- आयोगको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वदेश तथा विदेशमा तालीम, पुनर्ताजगी तालीम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीमहरुको व्यवस्था गर्ने,
- आयोगको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,
- आयोगको सम्पत्तिको लगत राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने, गराउने,
- आयोगको विभिन्न शाखाहरुबीच समन्वय सम्बन्धी कार्य गर्ने,
- आयोगकालागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,
- शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,
- आयोगको लागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,
- नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम लागि आयोगको तर्फबाट पठाईने नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,
- आयोगका विभिन्न कार्यक्रमहरुको विषयमा विभिन्न मन्त्रालयबीच समन्वय सम्बन्धी कार्य गर्ने,

- आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा मनासिब खर्च उपलब्ध गराउने,
- यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसँग समन्वय गर्ने,
- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

**उप सचिव (सरकारी वकिल समुह) को कार्य विवरण**

- प्राप्त उजूरीहरुमा छानविन तथा उपयुक्त सम्झेका विषयहरुमा अनुसन्धान गर्ने,
- पीडितलाई पर्नगएको वास्तविक क्षतिको क्षतिपूर्ति दिनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराउने सम्बन्धी काम गर्ने,
- सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा निजलाई सरुवा गर्न लेखी पठाउने सम्बन्धी कारवाई गर्ने ।

**उप सचिव (कानुन समुह)को कार्य विवरण**

- अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून सम्बन्धी विषयमा अध्ययन गर्ने ।
- आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने ।
- आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने ।
- आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजूरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने ।
- आयोगबाट माग भए बमोजिमका विषयमा कानूनी राय उपलब्ध गराउने ।
- मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने ।
- स्थलगत निरीक्षण र सार्वजनिक सुनुवाइ गर्ने ।
- प्राप्त प्रमाणहरुको आधारमा उपयुक्त परिपूरणको लागि आयोगसमक्ष आवश्यक सुझाव पेश गर्ने ।
- आयोगसँग सम्बन्धित मुद्दामा आयोगको तर्फबाट लिखित जवाफ तयार गर्ने ।
- यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने ।
- आयोगको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई पुरस्कृत गर्ने सम्बन्धी कारवाई चलाउने
- आयोगमा बयान वा बकपत्र गर्ने कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्न कारवाई गर्ने ।
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न छुट्टै व्यवस्था गर्ने ।

**शाखा अधिकृत (कानुन समुह)को कार्य विवरण**

- आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने,
- आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने,

- आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजूरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने,
- स्थलगत निरीक्षण र सार्वजनिक सुनुवाइ गर्ने,
- यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने ।

**<u>शाखा अधिकृत (सरकारी वकिल समुह)को कार्य विवरण</u>**

- कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने, साक्षी बुझ्ने वा बकपत्र गराउने,
- आवश्यक प्रमाण बुझ्ने,
- स्थलगत निरीक्षण वा दशी प्रमाण पेश गर्न लगाउने र सुनुवाइ गर्ने,
- कुनै लिखत वा कागजात पेश गर्न लगाउने,
- विभिन्न निकायहरुसँग सम्बन्धित कागजातहरु मगाउने,
- वास्तविक पीडित पहिचान गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- कुनै सरकारी वा सार्वजनिक कार्यालय वा सम्बन्धित अदालतको अनुमति लिई अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,
- छानविन सम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने र फेला परेका वस्तु वा लिखत कब्जा गर्ने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिने,
- व्यक्ति वेपता पार्ने कार्यमा संलग्न रहेको आरोपमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा विभागीय कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउने सम्बन्धी कारवाई गर्ने,
- आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**<u>शाखा अधिकृत(प्रशासन सेवा)को कार्य विवरण</u>**

- आयोगको कार्यसंग सम्वन्धित विषयमा पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन-संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरुको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने गराउने,
- शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,
- आयोगको कार्य प्रगतिहरुको सम्बन्धमा जनतालाई सु-सूचित गराउने,
- शान्ति प्रक्रियामा स्थानीय जनसहभागिता जुटाउने,
- शान्ति प्रक्रिया र वार्ताका पक्षहरुमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुबीच सूचना आदान-प्रदान गर्ने,
- आयोगको Web Site अध्यावधिक गर्ने,

- आयोगको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आयोगमा प्राप्त निवेदनहरु, पीडितको वर्गीकरण, परिचयपत्र लगायतका कुराहरुको अभिलेख राख्ने,
- आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,
- आयोगको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,
- आयोगका लागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,
- शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,
- आयोगको लागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,
- शाखागत कार्यसम्पादनको प्रगति प्रतिवेदन तयार गर्ने,
- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

**<u>लेखा अधिकृतको कार्य विवरण</u>**

- आयोगको वार्षिक योजना तथा कार्यक्रम अनुरुप वार्षिक बजेट बनाउने र निकासा लिने,
- निकासा र आम्दानी प्राप्त गर्ने तथा बजेट खर्च गर्ने व्यवस्था मिलाउने,
- मन्त्रालय अन्तर्गत संचालित विभिन्न आयोजनाहरुको लागि अख्तियारी तथा स्वीकृत रकम निकासा पठाउने,
- मन्त्रालय र अन्तर्गत निकायहरुको केन्द्रीय र कार्य सञ्चालनस्तरको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमको लेखा राख्ने र नियमित प्रतिवेदन गर्ने,
- आयोगको आर्थिक कारोवारको सम्बन्धमा राय परामर्श दिने,
- आम्दानी तथा खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,
- बेरुजुको लगत राखी फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने,
- स्वीकृत कार्यक्रमहरुको लागि तोकिएको बजेट कुनै शिर्षकमा नपुग भएमा वचत हुने शीर्षकबाट नियमानुसार रकमान्तर गर्न पेश गर्ने,
- वार्षिक आर्थिक विवरण तयार गर्ने,
- आयोगमा प्राप्त हुने राजश्व वा सरकारी रकम बैंक दाखिला गर्ने, सोको लेखा राख्ने, फाँटवारी पेश गर्ने र लेखा परीक्षण गराउने,
- धरौटीको लेखा राख्ने,
- कानून बमोजिम असूल उपर गर्नुपर्ने सरकारी नगदी, जिन्सी असूल उपर सम्बन्धी कार्य गर्ने,
- स्वीकृत कार्यक्रमको लागि तोकिएको बजेट रकम कार्यान्वयन गर्ने निकायमा निकासा पठाउने,

- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

**तामेलदारको कार्य विवरण**

- अनुसन्धानका क्रममा आयोगमा झिकाउनु पर्ने व्यक्तिको म्याद तथा सूचना तामेल गर्ने ।
- अनुसन्धानको कार्यमा आवश्यक सहयोग गर्ने
- आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

**अनुसुचि ५ : वेपत्ता परिएका व्यक्तिको विवरण**

बेपता पारिएका व्यक्तिहरुको विवरण यसै सर्वेक्षणसँग संलग्न रहेको छ ।

## अनुसूची-५

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको परामर्शमा नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुसन्धान अधिकारी" भन्नाले बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा आयोगले छानविन गर्न तोकेको अनुसन्धान अधिकारी सम्झनु पर्छ ।

(ख) "उजूरीकर्ता" भन्नाले यस नियमावली बमोजिम उजूरी दिने व्यक्ति सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(घ) "छानविन समिति" भन्नाले ऐनको दफा ६ को उपदफा (२) बमोजिम गठन गरिएको छानविन समिति सम्झनु पर्छ ।

### परिच्छेद-२
### उजूरी सम्बन्धी व्यबस्था

३. **उजूरी माग गर्ने :**

(१) बेपत्ता पारिएका व्यक्तिको छानविन गर्ने कामको लागि आयोगले पीडित वा निजको तर्फबाट उजूरी दिन चाहने व्यक्तिसँग उजूरी माग गर्नेछ ।

(२) आयोगले उपनियम (१) बमोजिम उजूरी माग गरिएको सूचना रेडियो, पत्रपत्रिका, टेलिभिजन लगायतका संचार माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम उजूरी माग गरेको सूचनामा उजूरी दिने अवधि र स्थान समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम उजूरी दिने अवधि अपर्याप्त भएको भन्ने लागेमा आयोगले उजूरी दिने म्याद थप गर्न सक्नेछ ।

तर त्यसरी उपनियम (४) बमोजिम उजूरी दिने म्याद थप गर्दा आयोगको कार्यावधि समाप्त हुनुभन्दा कम्तिमा छ महिना भन्दा कम हुने गरी उजूरी दिने म्याद थप गर्न सकिने छैन ।

४. **उजूरी वा जानकारी दिन सक्ने :** (१) उजूरी दिन चाहने पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग वा आयोगले तोकेको स्थानमा उपस्थित भई वा हुलाक, इमेल वा अन्य विद्युतीय माध्यमबाट **अनुसूची-१** बमोजिमको ढाँचामा उजूरी दिन सक्नेछ ।

तर सो ढाँचा बमोजिम उजूरी नपरेको कारणले मात्र सो सम्बन्धमा कारबाही गर्न बाधा पर्ने छैन ।

(२) आयोगले बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा कुनै श्रोतबाट प्राप्त गरेको जानकारीलाई समेत उजूरीको रुपमा लिन सक्नेछ ।

(३) कसैले मौखिक रुपमा उजूरी दिन चाहेमा आयोगले उजूरीकर्ताले भनेको कुराहरु लिपिवद्ध गरी निजलाई पढी बाँची सुनाई निजको सहीछाप समेत गराई राख्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम इमेल वा अन्य विद्युतीय माध्यमबाट पर्न आएको उजूरी सम्बन्धित कर्मचारीले प्रिन्ट गरी प्रमाणित गरी राख्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम कुनै उजूरी टेलिफोन वा मोवाइलबाट प्राप्त भएमा सम्बन्धित कर्मचारीले सो को अभिलेख खडा गरी राख्नु पर्नेछ ।

(६) आयोग समक्ष उजूरी दिँदा खुलाउनु पर्ने कुरा तथा उजूरीको ढाँचा **अनुसूची-१** बमोजिम हुनेछ ।

५. **उजूरी सम्बन्धी विशेष व्यबस्था :** (१) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई उजूरी दिन सहजता प्रदान गर्न आयोगले देहाय बमोजिमको व्यबस्था गर्न सक्नेछ :-

(क) आयोगले तोकेको नजिकको सरकारी कार्यालय, स्थानीय निकाय वा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा काम गर्न नेपाल सरकारबाट गठन भएको कुनै निकाय मार्फत उजूरी दिन,

(ख) आयोगले उपलव्ध गराएको फोन नम्बरमा मौखिक रुपमा उजूरी दिन,

(ग) महिला भए उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत उजूरी दिन,

(घ) नियम ३ को उपनियम (३) मा तोकिएको स्थानको अतिरिक्त अन्य स्थानबाट समेत उजूरी दिन सक्ने गरी तोक्न,

(ङ) उजूरी वा जानकारी दिनका लागि बेग्लै कक्षको व्यबस्था गर्न ।

(२) यस नियम बमोजिम उजूरी लिने निकायले आफू समक्ष प्राप्त भएको उजूरी पन्ध्र दिनभित्र आयोगमा पठाइ दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको समयभित्र आफू समक्ष प्राप्त हुन आएको उजूरी नपठाउने सम्बन्धित निकायका प्रमुखलाई आयोगले विभागीय कारवाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

(४) यस नियम बमोजिम उजूरी लिदा नियम ४ बमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछ ।

(५) आयोगले उजूरी वा जानकारी दिन आउने व्यक्तिलाई अपमान, अबहेलना वा दुर्व्यवहार गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ ।

६. **उजूरी वा जानकारी दर्ता गर्ने :** (१) आयोगले नियम ४ र ५ बमोजिम पर्न आएका उजूरी वा जानकारीलाई सम्बन्धित कर्मचारीले **अनुसूची-२** बमोजिमको उजूरी दर्ता किताबमा दर्ता गरी सो को भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट उजूरी वा जानकारी प्राप्त भएकोमा उजूरवालालाई सोही माध्यमबाट उजूरी प्राप्त भएको जानकारी दिनु पर्नेछ ।

(३) कुनै व्यक्तिले एकै विषयमा एकभन्दा बढी उजूरी दिएमा वा एकभन्दा बढी व्यक्तिले एकै विषयमा उजूरी दिएमा सम्बन्धित कर्मचारीले ती मध्ये एउटा उजूरी मात्र दर्ता गरी अन्य उजूरीलाई दर्ता भएको उजूरीसँगै समावेश गरी राख्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम एउटा मात्रै उजूरी दर्ता भएमा त्यसै विषयमा पर्न आएका अन्य उजूरीको लगत कट्टा गरिनेछ ।

७. **उजूरी वा जानकारी तामेलीमा राख्ने** : (१) आयोगले देहायको अवस्थामा आफू समक्ष प्राप्त उजूरी वा जानकारीलाई तामेलीमा राख्न सक्नेछः-

(क) सशस्त्र द्वन्द्वको अवधि बाहेक अन्य अवधिमा घटेका घटनासँग सम्बन्धित,

(ख) खण्ड (क) मा उल्लिखित अवधिमा बेपत्ता पारिएको भए तापनि सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएको,

(ग) आयोगको अधिकार क्षेत्रभित्र नपरेको,

(घ) नियम ३ बमोजिम आयोगले उजूरी दर्ता गर्न दिएको म्याद नाघी पर्न आएको,

(ङ) प्रथमदृष्टिमै तथ्य तथा प्रमाणको अभाव देखिएको वा अस्पष्ट,

(च) आयोगबाट तामेलीमा रही सकेको उजूरी निवेदनमा नयाँ प्रमाण पेश नगरी पुनः उही विषयमा दिएको उजूरी ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले नियम १० को उपनियम (२) बमोजिम आयोग समक्ष दिएको प्रारम्भिक प्रतिबेदन उपर छलफल गरी आयोगबाट उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा त्यस्तो उजूरी वा जानकारी समेत तामेलीमा राखिनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगले सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा उजूरीको प्रतिलिपि राखी प्राप्त सक्कल कागजात सम्बन्धित उजूरीकर्तालाई फिर्ता गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम उजूरी तामेलीमा राख्ने निर्णय भएमा आयोगको उजूरी दर्ता किताबबाट त्यस्तो उजूरी वा जानकारीको लगत कट्टा गर्नु पर्नेछ ।

८. **तामेलीमा रहेको उजूरी जगाई छानविन गरिने:** (१) नियम ७ बमोजिम तामेलीमा राखिएको उजूरी वा जानकारीको व्यहोरालाई पुष्टि गर्ने कुनै ठोस सबूत प्रमाण सहित सो विषयमा छानविन गर्न कसैले आयोगमा निवेदन दिएमा वा आयोगले छानविन गर्दै जाँदा कुनै ठोस सबूत प्रमाण प्राप्त हुन आएमा आयोगले त्यस्तो उजूरी वा जानकारी तामेलीबाट जगाउने निर्णय गरी छानविनको कारवाही प्रारम्भ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी वा जानकारी तामेलीबाट जगाउने निर्णय भएमा त्यस्तो उजूरी वा जानकारी आयोगको उजूरी दर्ता किताबमा पुनः दर्ता गरिनेछ ।

९. **सम्बन्धित निकायमा पठाउन सक्ने** : (१) आयोग समक्ष परेको कुनै उजूरी आयोगको कार्यक्षेत्र भित्र नपरी अन्य कुनै निकायसँग सम्बन्धित देखिन आएमा आयोगले त्यस्तो उजूरी र सो सम्बन्धी कागजात सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी आयोगको कार्यक्षेत्र भित्र नपर्ने भई अन्य निकायमा पठाइएकोमा आयोगले सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

## परिच्छेद-३
## उजूरी छानविन सम्बन्धी व्यबस्था

१०. **प्रारम्भिक छानविन** : (१) नियम ४ वा ५ बमोजिम प्राप्त भएको उजूरी वा जानकारीका सम्बन्धमा आयोगले छानविन गर्नु पर्ने आधार र कारण देखेमा आयोगका सदस्य, कर्मचारी वा अन्य सरकारी कर्मचारी मार्फत प्रारम्भिक छानविन गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रारम्भिक छानविन गर्ने अधिकारीले आयोग समक्ष यथाशक्य छिटो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

११. **बिस्तृत छानविन** : (१) उजूरी वा आयोगमा प्राप्त जानकारीको गाम्भिर्यता वा नियम १० को उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आयोगले त्यस्तो विषयमा विस्तृत रुपमा छानविन गर्नु पर्ने देखेमा छानविन सम्पन्न गर्नु पर्ने अवधि, कार्यादेश तथा आवश्यक सहयोगी कर्मचारीको नाम समेत उल्लेख गरी आयोगका सदस्य, कर्मचारी वा अन्य सरकारी कार्यालयको कर्मचारीलाई अनुसन्धान अधिकारी तोक्नु पर्नेछ ।

(२) आयोगले आवश्यकता अनुसार विशेषज्ञहरु सम्मिलित रहेको अनुसन्धान टोली गठन गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम अनुसन्धान अधिकारी तोक्दा आयोगको सदस्य अनुसन्धान अधिकारी तोकिएकोमा अध्यक्षलाई र कर्मचारी अनुसन्धान अधिकारी तोकिएको भए आयोगको कुनै सदस्यलाई अनुगमन अधिकारी तोक्नु पर्नेछ ।

(४) नियम १० को उपनियम (१) वा ११ को उपनियम (१) बमोजिम अनुसन्धान अधिकारी तोक्दा **अनुसूची-३** बमोजिमको ढाँचामा तोकिनेछ ।

(५) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुसन्धान सम्पन्न हुन नसकेमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यसको उचित कारण समेत खोली म्याद थप वा निर्देशनको निमित्त आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम म्याद थपको लागि अनुरोध भई आएमा आयोगले आवश्यक निर्देशन सहित म्याद थप गर्न सक्नेछ ।

(७) आयोगले अनुसन्धान अधिकारीलाई सहयोग गर्न आवश्यकता अनुसार सुरक्षाकर्मी समेत खटाउन सक्नेछ ।

१२. **सहमति लिनु पर्ने** : आयोगले नियम १० र ११ बमोजिम अन्य कार्यालयको सरकारी कर्मचारी मार्फत छानविन गराउनु पर्ने भएमा सम्बन्धित कार्यालय प्रमुखको सहमति लिनु पर्नेछ ।

१३. **<u>अनुसन्धान अधिकारी हेरफेर गर्ने</u>** : अनुसन्धान अधिकारीले आफूलाई तोकिएको काम सम्पन्न गर्न नसकेमा वा निजको निहित स्वार्थद्वन्दको अवस्था भएमा वा निजबाट सो काम गराउन उपयुक्त छैन भन्ने मनासिव कारण भएमा आयोगले निजको सट्टा अर्को अनुसन्धान अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ ।

१४. **<u>अग्राधिकार दिन सक्ने</u>** : (१) आयोगले बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति समावेश भएको उजूरी वा जानकारीका सम्बन्धमा अग्राधिकार दिई छानविन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका उजूरी वा जानकारीका सम्बन्धमा बयान वा वकपत्र सम्बन्धी विषयमा अनुसन्धान अधिकारीले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्न सक्नेछ :-

(क) बयान वा वकपत्र गर्दा निजका संरक्षक वा प्रतिनिधि वा बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा काम गर्ने संस्था वा निकायका प्रतिनिधि रोहवरमा राख्ने,

(ख) महिलाको बयान वा वकपत्र गराउँदा उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत गराउने,

(ग) नजिकको सरकारी कार्यालय मार्फत बन्दसवाल वा विद्युतीय माध्यमबाट बयान वा वकपत्र गर्ने व्यबस्था मिलाउने,

(घ) बयान वा वकपत्र गरेको विषयलाई गोप्य राख्ने,

(ङ) बयान वा वकपत्र गराउदा कार्यालय समयभन्दा बाहेकको समय तथा सार्वजनिक विदाको दिनमा समेत गराउने,

(च) आयोगले उपयुक्त सम्झेका अन्य कुरा गराउने ।

१५. **<u>आरोपित वा जानकार व्यक्तिलाई उपस्थित गराई बयान वा सोधपूछ गर्नेः</u>** (१) अनुसन्धान अधिकारीले छानविनको सिलसिलामा व्यक्ति बेपत्ता पारेको आरोप लागेका व्यक्ति वा सो सम्बन्धमा जानकारी भएको व्यक्तिलाई मनासिव माफिकको समय दिई आयोग समक्ष उपस्थित गराई बयान लिन वा सोधपूछ गर्नेछ ।

(२) उपनियम (१) बमोजिमका व्यक्तिलाई बयान वा सोधपूछको लागि आयोग समक्ष उपस्थित गराउँदा निजको गोप्यता भङ्ग नहुने तरिका अपनाई टेलिफोन वा अन्य कुनै माध्यमबाट उपस्थित गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम आयोगमा उपस्थित हुन बोलाउँदा कुनै व्यक्ति नआएमा निजको कार्यालय वा घर ठेगानामा **अनुसूची-४** बमोजिमको सूचना पठाई उपस्थित गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचना पठाउँदा समेत कुनै व्यक्ति नआएमा आयोगले **अनुसूची-५** बमोजिमको ढाँचामा पक्राउ पूर्जी जारी गरेर पक्राउ गरी बयान लिन वा सोधपूछ गर्न सक्नेछ ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिमको प्रकृयाबाट समेत कुनै आरोपित व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिएमा वा निजको नाममा सूचना तामेल हुन नसकेमा आयोगले कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन वा सञ्चार माध्यमबाट सूचना प्रसारण गरी त्यस्तो व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन सक्नेछ ।

(६) आयोगले छानविनसँग सम्बन्धित व्यक्तिलाई कार्यालय समय बाहेक वा सार्वजनिक विदाको दिनमा समेत उपस्थित गराउन, सोधपूछ गर्न वा बयान लिन सक्ने गरी समय व्यवस्थापन गर्न सक्नेछ ।

१६. **तारेखमा राख्न सक्ने** : (१) अनुसन्धान अधिकारीले व्यक्ति बेपत्ता पारेको आरोप लागेको वा सो विषयमा जानकार कुनै व्यक्तिलाई बयान लिन वा सोधपुछ गर्न आवश्यकता अनुसार तारेखमा राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तारेखमा राखिएको व्यक्तिलाई **अनुसूची-६** बमोजिमको ढाँचाको तारेख भरपाई खडा गरी **अनुसूची-७** बमोजिमको ढाँचामा तारेख पर्चा दिनु पर्नेछ ।

१७. **पुनः बयान वा वकपत्र गराउन सक्ने**: आयोग समक्ष बयान वा वकपत्र गर्ने व्यक्तिलाई छानविनको सिलसिलामा पुनः बयान वा वकपत्र गराउनु पर्ने भएमा आयोगले त्यस्तो व्यक्तिलाई झिकाई पुनः बयान वा वकपत्र गराउन सक्नेछ ।

१८. **प्रमाण पेश गर्न लगाउन सक्ने** : (१) अनुसन्धान अधिकारीले छानविनको सिलसिलामा आरोपित व्यक्ति वा उजूरीकर्ता वा अन्य व्यक्तिसँग भएको वा कुनै कार्यालयमा रहेको वा हुन सक्ने कुनै पनि प्रमाण कागजात पेश गर्न समयावधि तोकी सम्बन्धित व्यक्ति वा कार्यालयलाई आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग भएको प्रमाण कागजात सम्बन्धित व्यक्ति वा कार्यालयले तोकिएको समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समयावधि भित्र त्यस्तो प्रमाण कागजात पेश गर्न नसक्ने अवस्था भई म्याद थप माग गरेमा सम्बन्धित व्यक्ति वा कार्यालयले आयोग समक्ष सो को जानकारी गराउनु पर्नेछ र आयोगले त्यस्तो प्रमाण कागजात पेश गर्न अवस्था हेरी मनासिव माफिकको समय थप गर्न सक्नेछ ।

१९. **खानतलासी तथा बरामदी** : (१) अनुसन्धान अधिकारीले कुनै ठाउँको खानतलासी गर्दा कुनै लिखत वा बस्तु बरामद भएमा सोही व्यहोरा र बरामद नभएमा बरामद हुन नसकेको व्यहोरा खुलाई **अनुसूची-८** बमोजिमको ढाँचामा खानतलासी तथा वरामदी मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खानतलासी गर्दा बरामद भएको कागजात वा कुनै मालसामान आफूले लैजानु परेमा अनुसन्धान अधिकारीले त्यस्तो कागजात वा मालसामान बुझेको भरपाई तयार गरी कार्यालयको भए जिम्मेवार पदाधिकारी वा कसैको घर कम्पाउण्डको भए घरधनी, मालसामान धनी वा कागजात वा मालसामानको जिम्मा लिएको व्यक्तिलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई स्थानीय निकायका प्रतिनिधिलाई जिम्मा दिनु पर्नेछ । निजले समेत यथाशक्य चाँडो सम्बन्धित व्यक्तिलाई त्यस्तो भरपाई बुझाई दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको स्थानीय निकायको प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाई टाँस गरी बरामदी मुचुल्कामा सो व्यहोरा जनाउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम स्थानीय निकायको प्रतिनिधिलाई जिम्मा दिएमा वा उपनियम (४) बमोजिम भरपाई टाँस भएकोमा सम्बन्धित व्यक्तिले रीतपूर्वक भरपाई बुझेको मानिनेछ ।

(६) उपनियम (१) बमोजिमको खानतलासी स्थानीय व्यक्तिको रोहवरमा गर्नु पर्नेछ र स्थानीय व्यक्ति रोहवरमा बस्न नमानेमा वा स्थानीय व्यक्ति उपलव्ध नभएमा खानतलासी वा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई उपस्थित कर्मचारी वा व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(७) यस नियम बमोजिम खानतलासी गर्नु, गराउनु अघि खानतलासी लिने व्यक्ति स्वयम्को शरीरको तलासी लिनु पर्नेछ ।

२०. **<u>पीडितसँग जानकारी माग गर्न सक्ने</u>**: (१) आयोगमा दर्ता भएको उजूरी वा जानकारीको सम्बन्धमा सम्बन्धित पीडितसँग कुनै कुरा बुझ्न आवश्यक भएमा आयोगले पीडितलाई बोलाई थप जानकारी लिन सक्नेछ ।

(२) पीडित अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको महिला भएमा आयोगले कुनै कर्मचारी सहितको टोलीलाई खटाई वा बन्दसवाल वा विद्युतीय माध्यम मार्फत सोधपूछ गर्न सक्नेछ ।

२१. **<u>सूचना गोप्य रहने</u>** : (१) अनुसन्धानको सिलसिलामा आयोगलाई प्राप्त सूचना, जानकारी, विवरण तथा कागजात प्रचलित कानून बमोजिम गोप्य रहनेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना, जानकारी, विवरण तथा कागजात वा सो को प्रतिलिपि, अदालत, आयोग वा आयोगले तोकेको अधिकारी वा निकाय बाहेक अन्य कुनै निकाय वा व्यक्तिलाई उपलब्ध गराइने छैन ।

२२. **<u>निरीक्षण गर्न सक्ने</u> :** (१) आयोगका सदस्य वा कर्मचारीले ऐन तथा यस नियमावलीको अधीनमा रही कुनै निकाय वा व्यक्तिले गरेको अनुसन्धान सम्बन्धी काम कारवाहीका सम्बन्धमा निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगका सदस्यले निरीक्षण गर्दा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी वा निकायलाई निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु त्यस्तो कर्मचारी वा निकायको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिमको निरीक्षण कुनै कर्मचारीबाट भएकोमा निरीक्षणबाट देखिन आएको व्यहोरा खुलाई आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित कर्मचारी वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशनको पालना गर्नु गराउनु त्यस्तो कर्मचारी वा निकायको कर्तव्य हुनेछ ।

२३. **<u>राहदानी रोक्काको लागि लेखी पठाउने</u> :** (१) आयोगले छानविनको सिलसिलामा कुनै व्यक्तिको राहदानी रोक्का राख्नु पर्ने देखेमा त्यस्तो व्यक्तिको राहदानी रोक्का राख्नको लागि सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगबाट कुनै व्यक्तिको राहदानी रोक्का राख्न लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्तिको राहदानी रोक्का राख्नु पर्नेछ ।

(३) छानविन पूरा भएपछि अन्य कुनै कारणबाट त्यस्तो व्यक्तिको राहदानी रोक्का राख्न नपर्ने भएमा आयोगले तत्काल राहदानी फुकुवाको लागि सम्बन्धित निकायसमक्ष लेखी पठाउनु पर्नेछ ।

२४. **<u>अन्यत्र मुकाम कायम गर्न सक्ने</u>** : उजूरीको छानविनको सिलसिलामा आयोगले नेपालभरका जुनसुकै कार्यालय वा स्थानमा आफ्नो मुकाम खडा गर्न सक्नेछ ।

तर कार्यालयमा मुकाम राख्दा सम्बन्धित कार्यालयको सहमति लिनु पर्नेछ ।

२५. **<u>उपकरण तथा साधनको प्रयोग</u> :** अनुसन्धान अधिकारीले छानविनको सिलसिलामा आयोगको आदेश बमोजिम आवश्यक पर्ने वैज्ञानिक तथा सञ्चार सम्बन्धी उपकरण तथा साधन प्रयोग गर्न सक्नेछ ।

२६. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u> :** (१) छानविनको काम समाप्त भएपछि अनुसन्धान अधिकारीले सङ्कलित तथ्य र सबूद प्रमाणको विश्लेषण गरी आफ्नो राय सहितको प्रतिवेदन **अनुसूची-९** बमोजिम ढाँचामा आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको प्रतिवेदनको आधारमा आयोगलाई कुनै स्थानको स्थलगत निरीक्षण गर्नु पर्ने लागेमा कुनै सदस्य मार्फत सो ठाउँको निरीक्षण गराउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम स्थलगत निरीक्षण गर्ने आदेश भएकोमा निरीक्षण गर्ने सदस्यले सो स्थानको स्थलगत निरीक्षण गरी **अनुसूची-१०** बमोजिमको ढाँचामा आयोग समक्ष प्रतिबेदन पेश गर्नु पर्नेछ ।

२७. **उत्खनन् सम्बन्धी प्रकृया र कार्यविधि** : (१) अनुसन्धान अधिकारीको प्रतिबेदनको आधारमा वा आयोगबाटै कुनै स्थानको उत्खनन् गर्नु पर्ने देखिएमा आयोगले सो स्थानमा उत्खनन् सम्बन्धी आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उत्खननको प्रयोजनको लागि आयोगले छुट्टै प्रकृया र कार्यविधि लागू गर्नेछ ।

२८. **साक्षी, पीडित, उजूरीकर्ता तथा आयोगलाई सहयोग गर्ने व्यक्तिको संरक्षण** : (१) साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिले आफ्नो परिचय गोप्य राख्न चाहेमा आयोग वा आयोगले उजूरी सङ्कलन गर्ने जिम्मा दिएको निकाय वा सो काममा संलग्न अधिकारीले निजको वास्तविक नाम थर, ठेगाना वा परिचय गोप्य राख्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गोपनियता कायम गर्न सम्बन्धित निकाय वा व्यक्तिले साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिको परिचयलाई कुनै काल्पनिक वा सांकेतिक रुपमा अभिलेख राख्नु पर्नेछ ।

(३) आयोगबाट भएको छानविनको क्रममा आफ्नो वा आफ्नो परिवारको सदस्यको सुरक्षामा खतरा रहेको छ भनी उपनियम (१) बमोजिमका व्यक्तिले आयोग समक्ष सुरक्षाको माग गरेमा आयोगले निजको हकमा देहाय बमोजिम कुनै व्यबस्था मिलाउन सम्बन्धित निकायलाई लेखी पठाउनेछ :

(क) सुरक्षाको आवश्यक व्यबस्था मिलाउन,
(ख) कुनै सरकारी निकायको संरक्षणमा राख्न लगाउन,
(ग) सुरक्षित स्थानमा अस्थायी बसोवासको व्यबस्था मिलाउन,
(घ) सुरक्षा निकायको समन्वयमा सुरक्षित स्थानको व्यबस्था गर्न,
(ङ) सामुहिक सुरक्षाको प्रवन्ध गर्न,
(च) आयोगले उपयुक्त सम्झेको अन्य कुनै व्यबस्था मिलाउन ।

(४) साक्षी, पीडित, उजूरीकर्ता, आयोगको काममा सहयोग गर्ने कर्मचारी तथा अन्य व्यक्ति वा निजको परिवारका सदस्यको सम्पत्ति, कारोवार वा व्यबसायको सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा आयोगले सो को लागि सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिमको सुरक्षाको लागि आयोगबाट लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम सुरक्षाको आवश्यक प्रवन्ध गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम सुरक्षा वा संरक्षण प्रदान गर्नु पर्ने व्यक्ति अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका वा महिला भएमा सम्बन्धित निकायले उनिहरुको मनोविज्ञान र मर्यादामा आँच नआउने किसिमले आवश्यक सुरक्षाको व्यबस्था मिलाउनु पर्नेछ ।

(७) सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृष्य संवाद मार्फत बुझ्न, निजलाई आरोपित व्यक्तिले नदेख्ने

गरी वकपत्र गराउन वा निजको स्वर विद्युतिय माध्यमबाट परिवर्तन वा रुपान्तरण गरी बुझ्न वा आयोग बाहेक अन्यत्र पनि बुझ्न वा सनाखत गराउन सकिनेछ ।

(८) आरोपित व्यक्ति वा निजको परिवार वा नजिकको व्यक्तिलाई समेत उजूरीकर्ता तथा निजको साक्षीको नाम, थर, वतन, तीनपुस्ते लगायतका परिचयात्मक विवरण तथा हुलिया गोप्य राख्ने व्यबस्था गर्नेछ ।

(९) आयोगले छानविनको क्रममा साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिलाई आरोपित व्यक्तिसँग भेट तथा पहिचान नहुने व्यबस्था गराउन सक्नेछ ।

(१०) छानविनको सिलसिलामा आयोग वा आयोगद्वारा तोकिएको स्थानमा साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिलाई उपस्थित गराइएकोमा आयोगले निजलाई राजपत्र अनङ्कित प्रथम श्रेणी सरहको दैनिक तथा भ्रमण भत्ता उपलव्ध गराउनेछ ।

(११) उपनियम (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कर्मचारी उपस्थित हुँदा निजले पाउने दैनिक तथा भ्रमण भत्ता आफू कार्यरत कार्यालयबाट लिनु पर्नेछ ।

(१२) आयोगले आफ्नो कार्य सम्पादन गर्दा पीडित मैत्री वातावरण सृजना गर्नु पर्नेछ ।

(१३) आयोगले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार पीडितसँग सम्पर्क स्थापित गर्न वा समन्वय कायम गर्न सक्नेछ ।

## परिच्छेद-४
## उद्धार, पुनस्थापना तथा परिपूरण

२९. **उद्धार गर्ने** : (१) छानविनको सिलसिलामा कुनै पीडितलाई तत्काल उद्धार गर्नु पर्ने देखिएमा आयोग आफैंले वा अन्य निकायको सहकार्यमा त्यस्तो व्यक्तिलाई उद्धार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उद्धार गर्नको लागि नेपाल सरकार, सुरक्षा निकाय वा कुनै संस्थाको सहयोग आवश्यक देखेमा उनीहरुसँग उद्दारको लागि अनुरोध गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम आयोगबाट अनुरोध भै आएकोमा नेपाल सरकार, सुरक्षा निकाय वा कुनै संस्थाले तत्कालै त्यस्तो व्यक्तिलाई उद्धार गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पीडितलाई तत्कालै उद्धार गर्न नसक्ने भएमा सम्बन्धित निकाय वा संस्थाले के कति कारणले सो उद्धार गर्न नसकिएको हो, त्यसको कारण सहितको जानकारी तीन दिन भित्र आयोगलाई दिनु पर्नेछ ।

३०. **उपचार तथा पुर्नस्थापना गर्न सिफारिस गर्ने** : आयोगको छानविनबाट पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक मनोविमर्श प्रदान गर्न वा सामाजिक रुपमा पुनर्स्थापना गर्न आवश्यक देखिएमा आयोगले त्यसको आधार, कारण र अवस्था समेत उल्लेख गरी नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

३१. **परिपूरणको लागि अवलम्वन गर्ने आधार** : (१) आयोगले बेपत्ता पारिएका व्यक्तिको परिवारलाई ऐनको दफा २३ बमोजिम सहुलियत वा सुविधाको लागि नेपाल सरकार समक्ष सिफारिश गर्दा देहायका आधारहरु अवलम्बन गर्नेछः-

(क) बेपत्ता पारिएका व्यक्तिका छोराछोरीले अध्ययन गर्न चाहेमा निजहरुलाई कम्तीमा स्नातक तहसम्म निःशुल्क शिक्षा,

(ख) अध्ययन गर्न नचाहने वा नसक्नेको लागि निजको इच्छा अनुसारको सीपमूलक तालीम,

(ग) पीडित तथा निजको एकासगोलको परिवारका बेरोजगार सदस्यले कुनै व्यापार व्यबसाय गर्न चाहेमा विना व्याज वा सहुलियत व्याजमा ऋण सुविधा,

(घ) हालसम्म बसोबासको व्यबस्था हुन नसकेको पीडितको लागि बसोबासको सुविधा,

(ङ) बेरोजगार तथा आर्थिक रुपमा विपन्न पीडितको लागि रोजगारीको सुविधा,

(२) पीडित वा निजको परिवारले परिपूरणको लागि उपनियम (१) बमोजिम कस्तो सुविधा वा सहुलियत माग गरेको हो सो को प्राथमिकता उल्लेख गरी आयोग समक्ष **अनुसूची-११** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पीडित वा निजको परिवारले परिपूरणको लागि व्यक्त गरेको इच्छा वा मागको आधारमा आयोगले परिपूरणको प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(४) आयोगले परिपूरणको सिफारिस गर्दा तत्कालिन, अल्पकालिन र दिर्घकालिन रुपमा गर्नुपर्ने परिपूरणको विवरण खुलाई सिफारिस गर्न सक्नेछ ।

३२. **क्षतिपूर्ति निर्धारणका आधार र मापदण्ड :** (१) आयोगले ऐनको दफा २३ को उपदफा (४) बमोजिम पीडितलाई क्षतिपूर्ति भराउने सिफारिस गर्दा देहायका कुराहरुलाई आधार लिनु पर्नेछः-

(क) पीडितलाई भएको मानसिक पीडा वा यातना,

(ख) पीडितको सामाजिक मर्यादा,

(ग) पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था,

(घ) घटना हुँदाको अवस्थामा बेपत्ता पारिएको व्यक्तिको उमेर र निजको अर्थोपार्जन गर्न सक्ने क्षमता,

(ङ) बेपत्ता पारिएको व्यक्तिसँग आश्रित रहेका परिवारको संख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

(च) बेपत्ता पारिएको व्यक्तिको नाबालक छोराछोरीको संख्या तथा निजहरुको पालनपोषण तथा पढाई खर्च,

(छ) बेपत्ता पारिएको व्यक्तिको पति वा पत्नीको उमेर, शारीरिक अवस्था तथा जीविकोपार्जनको माध्यम,

(ज) बेपत्ता पार्नुअघि निजलाई शारीरिक वा मानसिक यातना दिए वा नदिएको ।

(झ) आयोगले उपयुक्त ठानेका अन्य कुराहरु

## परिच्छेद-५
## विविध

३३. **आरोप छानविन सम्बन्धी कार्यविधि :** (१) ऐनको दफा ६ बमोजिम आयोगका अध्यक्ष वा सदस्य उपर छानविन गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :

(२) आयोगको अध्यक्ष वा कुनै सदस्यमा कार्य क्षमताको अभाव भएको वा निजको आचरण खराव भएको भन्ने उजूरी वा जानकारी प्राप्त हुन आएमा आयोगले त्यस्तो उजूरी नेपाल सरकार समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम वा अन्य कुनै माध्यमबाट अध्यक्ष वा सदस्य उपरको उजूरी प्राप्त भएमा उजूरीको औचित्य हेरी नेपाल सरकारले ऐनको दफा ६ को उपदफा (२) बमोजिम छानविन समिति गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको छानविन समितिले सो आरोपको सम्बन्धमा आवश्यक छानविन गरी अध्यक्ष वा आरोपित सदस्यलाई मनासिव समय दिई निजउपर लागेको आरोपको सम्बन्धमा सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको छानविन समितिले आरोपको छानविन गर्ने सम्बन्धमा कुनै प्रमाण बुझ्नु पर्ने वा कुनै कागजात झिकाउनु पर्ने देखेमा सो समेत गर्न सक्नेछ ।

(६) यस नियम बमोजिम अध्यक्ष वा कुनै सदस्य उपर छानविन समितिले छानविनको काम प्रारम्भ गरेपछि अध्यक्ष वा सदस्य उपरको कारवाहीको टुंगो नलागेसम्म त्यस्तो अध्यक्ष वा सदस्यले आयोगको काम कारबाहीमा भाग लिन पाउने छैन ।

(७) छानविनबाट निजहरु उपर परेको उजूरीमा सत्यता देखिन आएमा छानविन समितिले त्यस्ता अध्यक्ष वा सदस्य उपर कारवाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

३४.**सचिवको काम, कर्तव्य तथा अधिकार** : (१) अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही सचिवको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) आयोगको आर्थिक लगायत प्रशासनिक काम गर्ने, गराउने,

(ग) आयोगको कामसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, तालीम, गोष्ठी, सार्वजनिक सुनुवाई लगायतका कार्य सञ्चालन गर्ने, गराउने,

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायहरुसँग आयोगको कामसँग सम्बन्धित बिषयमा समन्वय गर्ने तथा सहयोग लिने,

(ङ) आयोगको निर्देशन अनुसारका काम गर्ने,

(च) आयोगसँग सम्बन्धित कार्य गर्ने,

(छ) प्रचलित कानून बमोजिम विभागीय प्रमुखले गर्ने कार्य गर्ने ।

(२) सचिवले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आयोगको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५.**समन्वय समिति** : (१) अन्य निकायहरुका बीच सम्पर्क स्थापित गरी आयोगको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन एवं समन्वय कायम गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| क) | अध्यक्ष | - संयोजक |
| (ख) | अध्यक्षले तोकेको एकजना सदस्य | - सदस्य |
| (ग) | सचिव, राष्ट्रिय मानव अधिकार आयोग | - सदस्य |
| (घ) | सचिव, सत्य निरुपण तथा मेलमिलाप आयोग | - सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| (च) | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, शान्ति तथा पूनर्निमाण मन्त्रालय | - सदस्य |
| (ज) | सचिव, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| (झ) | सचिव, कानून न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (ञ) | नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| (ट) | सचिव, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | - सदस्य सचिव |

(२) उपनियम (१) बमोजिमको समितिमा आवश्यकता अनुसार आयोग वा अन्य कुनै निकायको पदाधिकारी वा पीडितहरुको प्रतिनिधित्व गर्ने संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समन्वय समितिले आफ्नो कार्यविधि आफैं व्यबस्थित गर्नेछ ।

३६. **अवहेलनामा कारवाही चलाउने :** (१) आयोगले कुनै व्यक्ति उपर ऐनको दफा १६ बमोजिम अवहेलनामा कारवाही चलाउँदा निजबाट अवहेलना हुने कुनै काम वा घटना भएको विवरण सहितको प्रतिवेदन आयोगको कुनै सदस्य वा अधिकृत स्तरको कर्मचारीबाट लिई सो को आधारमा कारवाही चलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै व्यक्तिउपर कारवाही चलाउनु परेमा के कस्तो कारण र आधारबाट निज उपर कारवाही चलाउनु परेको हो सो खुलाई कारवाही गर्न नपर्ने कुनै आधार र प्रमाण भए सो पेश गर्न मनासिव समय दिई आरोपित व्यक्तिलाई सफाईको मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम आरोपित व्यक्तिबाट सफाई पेश भएमा सो को मूल्यांकन तथा प्राप्त प्रमाणको आधारमा आयोगले अवहेलना सम्बन्धमा निर्णय गर्नेछ ।

(४) अवहेलनामा कारवाही गर्ने सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गर्नेछ ।

३७. **सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि :** (१) आयोगले ऐनको दफा १८ बमोजिम सार्वजनिक सुनुवाई गर्नुभन्दा अघि कम्तीमा तीन दिनको म्याद दिई सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान तथा सुनुवाई गरिने विषय समेतको सूचना सर्वसाधारणको जानकारीको लागि उपयुक्त माध्यमबाट जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सत्य तथ्य पत्ता लगाउने, परिपूरण, क्षतिपूर्ति र आयोगले उपयुक्त ठानेका अन्य बिषयमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(३) आयोगले सार्वजनिक सुनुवाई गर्दा पीडित, सर्वसाधारण व्यक्ति, विभिन्न संघ, संस्थाका स्थानीय प्रतिनिधि, स्थानीय सञ्चारकर्मी, महिला, ज्येष्ठ नागरिक, नागरिक समाज समेतको उपस्थितिको लागि प्रोत्साहन गर्नुपर्नेछ ।

(४) सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रममा आयोगले कम्तीमा एकजना सदस्यको उपस्थिति गराउनेछ ।

(५) सार्वजनिक सुनुवाईमा खटिएका कर्मचारीले सुनुवाईमा सोधिएका प्रश्न, जिज्ञासा तथा आयोगको तर्फबाट दिइएको उत्तर सहितको विवरण उल्लेख गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) सार्वजनिक सुनुवाईको अवधि तथा प्रकृया सम्बन्धी अन्य व्यबस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**३८. पीडितलाई परिचयपत्र दिने** : (१) ऐन तथा यस नियमावली बमोजिम गरिएको छानविनबाट कुनै व्यक्ति सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएको कारणबाट पीडित हुन पुगेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई **अनुसूची-१२** बमोजिमको ढाँचामा परिचयपत्र उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम परिचयपत्र दिदा एक भन्दा बढी व्यक्ति पीडित रहेको देखिन आएमा ती सवै व्यक्तिहरुलाई परीचय पत्र उपलव्ध गराईनेछ ।

३९. **पुरस्कृत गर्ने :** उत्कृष्ट काम गरी आयोगलाई सहयोग पुऱ्याउने कर्मचारी एवं सुरक्षाकर्मीलाई आयोगले पुरस्कृत गर्न सक्नेछ ।

४०. **<u>आचार संहिता बनाई लागू गर्ने</u>** : (१) आयोगले अध्यक्ष तथा सदस्यहरुले पालन गर्नुपर्ने आचार संहिता बनाई लागू गर्नेछ ।

४१. **<u>असल नियतले गरेको कामको बचाउ</u> :** आयोगका सदस्य वा कर्मचारी, ऐन बमोजिम नियुक्त विशेषज्ञ वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीले ऐन तथा यस नियमावलीको अधीनमा रही असल नियतले गरेको काम कारवाहीका सम्बन्धमा निज विरुद्ध कुनै कारबाही गरिने छैन ।

४२. **<u>अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्ने</u> :** आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

४३. **<u>निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने</u> :** आयोगले आफ्नो कार्य व्यबस्थित रुपले संचालन गर्नको लागि ऐन तथा यस नियमावलीको प्रतिकूल नहुने गरी निर्देशिका वा कार्यविधिहरु जारी गर्न तथा आवश्यक नीतिहरु तर्जुमा गर्न सक्नेछ ।

अनुसूची-१

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

उजूरीको ढांचा

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा प्रस्तुत गरेको

उजूरी

(१) <u>उजूरवालाको</u>

(क) नाम थर :-

(ख) ठेगाना :-

अ) स्थाई :-

आ) अस्थाई :-

इ) टेलिफोन/मोवाइल नं., इमेल :-

(२) <u>बेपत्ता पारिएको व्यक्तिको</u>

(क) नाम थर :-

(ख) ठेगाना :-

अ) स्थाई :-

आ) अस्थाई :-

इ) टेलिफोन/मोवाइल नं.:-

(ग) पारिवारिक विवरण :-

(घ) पेशा :-

(ङ) हालको अवस्था :-

(च) वेपत्ता पारिएको स्थान सहितको सम्पूर्ण विवरण :-

(छ) उमेर

(ज) हुलिया (पहिचान गर्न सकिने संकेत) :-

✓ शारीरिक रचना सम्बन्धी पूर्ण विवरण: उचाई, शरीरको बनौट, जुत्ताको आकार, विशेष किसिमको लक्षण जस्तै हिडाईको तरिका ।

✓ दुर्घटना, घाउ चोट, हड्डि भाँच्चिएको, शारीरिक विकृति वा कुरुपता शल्यकृया लगायतको चिकित्सा इतिहास ।

✓ दाँतमा के के गरिएको थियो भन्ने विवरण वा दाँतको बनौट देखाउने तस्विरहरू ।

✓ अन्तिम पटक देखिएको अवस्थामा लगाएको लुगासम्बन्धी विवरण वा उक्त व्यक्तिले प्रायः लगाउने किसिमका जुत्ता वा चप्पल, बेल्ट, औंठी, चश्मा, सुन्न प्रयोग गरिने यन्त्र, कपाल कोर्ने तरिका, टोपी आदी।

✓ अन्य

(झ) पहिचानका अन्य विवरण :-

(३) बेपत्ता पारिएको व्यक्तिसँगको नाता :-

(४) बेपत्ता पार्ने व्यक्तिको :-

(क) नाम थर :-

(ख) ठेगाना :-

अ) स्थाई :-

आ)अस्थाई :-

ई) टेलिफोन, मोवाइल नं. :-

(५) बेपत्ता पार्ने व्यक्तिको पेशा :-

(६) बेपत्ता पार्ने व्यक्ति घटना हुदाँको अवस्थामा कुनै कार्यालयमा कार्यरत भए पद र सो कार्यालयको नाम ठेगाना :-

(७) बेपत्ता पार्ने कार्यमा अन्य कुनै व्यक्तिको संलग्नता भए त्यस्तो व्यक्तिको

(क) नाम थर :-

(ख) ठेगाना :-

अ) स्थाई :-

आ) अस्थाई :-

इ) टेलिफोन, मोवाइल नं. :-

(ग) हुलिया (पहिचान गर्न सकिने संकेत) :-

(घ) हाल वा तत्काल कार्यरत कार्यालय :-

(८) बेपत्ता पारिएको घटनासँग सम्बन्धित विवरण :-

क) बेपत्ता पारिएको मिति र स्थान सहितको सम्पूर्ण विवरण :-

ख) घटना सम्बन्धी सम्पूर्ण विवरण :-

(९) फेला पर्नसक्ने सम्भावित स्थान :-

(१०) यस सम्बन्धमा यसअघि अदालत वा अन्य कुनै निकायबाट भएको कारवाहीको विवरण र नतिजा :-

(११) दावी गरेको परिपूरणको प्राथमिकता र सो को आधार :-

(१२) घटनासँग सम्बन्धित सबूद प्रमाण :-

क) देख्ने :-

ख) सुन्ने :-

ग) कागज :-

घ) फोटो :-

ङ) अन्य :-

(१३) अन्य कुनै उल्लेखनीय कुनै कुरा भए:

उजूरवालाको सहीछाप :-

मितिः-

द्रष्टव्यः माथि उल्लेखित फारमको महल महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारमसँग संलग्न गर्नु पर्नेछ ।

अनुसुची-२

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

(उजुरी दर्ता किताबको ढाँचा )

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

उजुरी दर्ता किताब

| दर्ता नं. | मिति | जूरवालाको नाम, थर र वतन | पत्ता पारिएका व्यक्तिको नाम थर, वतन | आरोपित व्यक्तिको नाम थर, वतन | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनुसूची-३

(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)

अनुसन्धान अधिकारी तोकिएको ढाँचा

श्री.....................................

........................................ ।

बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग नियमावली, २०७२ को नियम १० को उपनियम (१) अनुसार देहायका विवरण भएको उजूरीको छानविन पूरा गरी प्रतिवेदन पेश गर्नका लागि तपाइलाई अनुसन्धान अधिकारी तोकिएको छ । आयोगको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही छानविनको कार्य पूरा गरी आयोगमा राय सहितको प्रतिवेदन आयोगको नियमावलीको नियम २६ बमोजिम .............दिन/महिना भित्र पेश गर्नुहोला । उक्त कार्य सम्पन्न गर्न तपाईलाई देहाय बमोजिमको सहयोगी कर्मचारी तोकिएको छ ।

| क.स. | दर्जा | नाम थर |
|---|---|---|
| (१) | ................ | ........................... |
| (२) | ................ | .......................... |
| (३) | ............... | .......................... |
| (४) | .............. | ......................... |

उजुरवालाको नाम थर...................................

उजुरी दर्ता नं.................................

घटना भएको स्थान................................

अनुसुची-४
(नियम १५ को उपनियम (३) सँग सम्बन्धित)
उपस्थित हुनको लागि दिइने सूचनाको ढाँचा
बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट जारी भएको
सूचना

श्री....................................
.....................................................।

यस आयोगमा मिति .....................मा परेको.....(संक्षिप्त व्यहोरा).... उजूरीको छानविन गर्ने सिलसिलामा तपाईसँग केही कुरा बुझ्नु परेकोले मिति ................ गते दिनको ......... बजे यस आयोगको कार्यालय/मुकाम .........................मा उपस्थित हुन आउनु होला। नआए कानून बमोजिम हुनेछ।

अनुसन्धान अधिकारीको
दस्तखत :
नाम, थर :
मिति :

अनुसुची-५

(नियम १५ को उपनियम (४) सँग सम्बन्धित)

पक्राउ पुर्जीको ढांचा

उजूरी दर्ता नम्बर.....................

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट जारी भएको ...................................................... बस्ने ........................को नाती/नातीनी.................................को छोरा/छोरी/श्रीमती .................................. बस्ने वर्ष........को .................................. को नाउँमा जारी भएको पक्राउ पूर्जी ।

मानिस बेपत्ता पारेको सम्बन्धी विषयको छानविनको सिलसिलामा तपाईलाई बेपत्ता पारिएका व्यक्तिको छानविन नियमावली, २०७२ को नियम १५ को उपनियम (४) बमोजिम पक्राउ गर्नु पर्ने भएकोले यो पक्राउ पूर्जी जारी गरिएको छ । यो पक्राउ पूर्जी लिई आउने प्रहरी/कर्मचारीका साथ लागि यस आयोगमा आउनुहोला । नआई अटेर गरेमा तपाईलाई निजले पक्राउ गरी ल्याउने गरी सम्बन्धित प्रहरी/कर्मचारीलाई आदेश दिइएको छ ।

अनुसन्धान अधिकारीको

दस्तखत :

नाम थर :

मिति :

अनुसूची-६

(नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

तारेख भरपाईको ढाँचा

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग / मुकाम ........... बाट खडा गरिएको

तारेख भरपाई

उजूरी दर्ता नम्बर.....................

संवत् ............ साल...............महिना.......गते ......................बारका दिन ..................बजे आयोगमा हाजिर हुनेछु भनी सहिछाप गर्ने ................................................

तारेख लिनेको दस्तखत........................

अनुसुची-७

(नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

(तारेख पर्चाको ढाँचा)

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग/मुकाम .......... बाट जारी भएको ........................का नाउंको

तारेख पर्चा

उजूरी दर्ता नम्बर.....................

.....................................कामको निमित मिति...................... को तारेख तोकिएकोले सो दिन विहान १० बजे आयोगको कार्यालय/मुकाम................मा उपस्थित हुनु होला ।

तारेख दिने कर्मचारीको-

दस्तखत :

नाम थर :

मिति :

अनुसुची-८

(नियम १९ को उपनियम (२) सँग सम्बन्धित)

खानतलासी तथा वरामदी मुचुल्काको ढाँचा

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट ..................... (फलाना ठाउँ) मा खडा गरेको घर/जग्गा/स्थान/ चीज/वस्तु/मालसमामान/मानिसको शरीरको खानतलासी तथा बरामदी मुचुल्का ।

१. उजूरीको छोटकरी व्यहोरा :-

......................................................................................................................

२. खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रिम तलासी लिएको व्यहोराः-

......................................................................................................................

३. चार किल्ला सहित खानतलासी गरिएको घर जग्गा/स्थान/ठाउँ/चीज/वस्तुको विवरणः-

......................................................................................................................

४. खानतलासी गर्दा बरामद भएको सामान र दसिको विवरण :-

......................................................................................................................

५. देखे बमोजिम सही छाप गर्ने साक्षीहरूको नाम, थर, उमेर वतन र सहीछापः-

(क)......................................................................................................................

(ख)......................................................................................................................

(ग)......................................................................................................................

६. स्थानीय निकायका प्रतिनिधि (संभव भएसम्म) .........................

७. रोहवरमा वस्नेहरूको नाम, थर, उमेर, वतन र सहीछापः-

(क) आयोगका कर्मचारी/प्रहरीले मेरो घर, चीज, वस्तु, मालसामान खानतलासी लिंदा आफ्नो तलासी दिई इज्जत साथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने ..................... ठाउं वस्ने घर वा चीज वस्तुको धनी/जिम्मेवार व्यक्ति .......................................

(ख) आरोपित व्यक्तिहरुको नाम, थर उमेर, वतन र सहीछाप (संभव भएसम्म) :-

८. काम तामेल गर्न खटिएको अधिकृत :-

अन्य प्रहरी /कर्मचारीहरू :-

९. मिति :- समय :-

अनुसुची-९

(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

(छानविन प्रतिवेदनको ढाँचा)

१. अनुसन्धान अधिकारी र सहयोगी कर्मचारीको नाम र दर्जा : .......

२. उजुरी दर्ता नम्बर : ..................

३. घटनाको सूचना प्राप्त भएको वा उजुरी परेको मिति : ..............

४. उजूरी दिने व्यक्तिको नाम र ठेगाना : ..................

५. उजूरीको छोटकरी व्यहोरा : ........................

६. घटना भएको मिति, समय र स्थान : ......................

७. आरोपित व्यक्तिको नाम, थर, उमेर वतन (एक भन्दा बढी व्यक्ति संलग्न भए क्रमैसँग सबैको नाम लेख्ने) : .......

८. आरोपित व्यक्तिले अनुसन्धान अधिकारी समक्ष गरेको वयानको छोटकरी व्यहोरा : .. .....

९. घटनासँग सम्बन्धित मालसामान र चिजबस्तु आदि फेला परेको स्थान : .........

१०.उत्खनन् गरिएको भए सो को विवरण :.........................................

११ मानिस बेपत्ता पारेको विवरण तथा सो को यथार्थ चित्रण : ..............................

११.घटनामा प्रयोग भएको साधन, माध्यम, उपकरण, यन्त्र भए सो को विवरण :

१२.घटनाको वारेमा थाहा पाउने साक्षीको नाम, थर वतन र निजहरूले अनुसन्धान अधिकारी समक्ष गरेको कागजको संक्षिप्त विवरणः

१३.कुनै कागजात वा सामानहरु बरामद भएको भए सो को विवरण : ..........

१४.घटनासँग सम्वन्धित भौतिक सवुद प्रमाण : ..............

१५.घटनाको विश्लेषण.....

१६ उजूरीको व्यहोरा स्थापित हुन सक्ने आधार............

१७.विशेषज्ञ प्रयोग भएको भए सो को विवरण :

१८.डि.एन.ए. परीक्षण गरिएको भए सो को व्यहोरा :

१९ अनुसन्धान अधिकृतको रायः ..............

२०.कागजातहरूको सिलसिलेवार विवरण : ..............

अनुसूची-१०

(नियम २६ को उपनियम (३) संग सम्बन्धित)

स्थलगत निरीक्षण प्रतिवेदनको ढाँचा

१. स्थलगत निरीक्षण गर्ने अधिकारीको नाम र पद : .......

२. उजूरी दर्ता नम्बर :..................

३. घटनाको सूचना प्राप्त भएको वा उजुरी परेको मिति :..............

४. उजूरी दिने व्यक्तिको नाम र ठेगाना :..................

५. उजूरीको छोटकरी व्यहोरा : ........................

६. घटना भएको मिति, समय र स्थान :......................

७. आरोपित व्यक्तिको नाम, थर, उमेर, वतन : ...............................

८. स्थलगत निरीक्षणबाट देखिन आएको अवस्था :

९. थप अनुसन्धान गर्नु पर्ने भए के के कुरामा अनुसन्धान गर्नु पर्ने हो सो को विवरणः

१०. उजूरीको व्यहोरा स्थापित हुन सक्ने आधार............

११. उत्खनन् गर्नु पर्ने भए सो को कारण र आधार :

११. मानिस बेपत्ता पारिएको पुष्टि हुन सक्ने आधार : ...

१२. घटनाको वारेमा थाहा पाउने कुनै व्यक्ति बुझ्नु पर्ने भए त्यस्ता व्यक्तिको नाम, थर वतन..........

१३. कुनै कागजात वा सामानहरु बरामद गर्नु पर्ने भए के कहाँबाट बरामद गर्नु पर्ने हो सो को विवरण : ..........

१४. घटनासँग सम्वन्धित कुनै भौतिक सवुद प्रमाण संकलन गर्न छुट भएको भए सो को विवरण : ..............

१५. अन्य केही भएः

अनुसूची-११

(नियम ३१ को उपनियम (२) संग सम्बन्धित)

परिपूरणको लागि दिने निवेदनको ढांचा

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, नेपाल

परिपूरण माग गर्ने निवेदन

१ पीडितको विवरण:

नाम थर ...........................................................

ठेगाना :...........................................................

लिङग ...................... पेशा ......................... उमेर .........

सम्पर्क टेलिफोन नं...................., मोवाईल नं......................., ईमेल ठेगाना :......................

बेपत्ता भएको व्यक्तिसँग पीडितको नाता :

२ पीडितका परिवारका आश्रित सदस्यहरु

| क्र.स. | नाता | उमेर | शिक्षा |
|---|---|---|---|
| क. | | | |
| ख. | | | |
| ग. | | | |

३ घटना मिति :

४ पीडितलाई पुगेको क्षतिको मिति सहितको विवरण :.......................................................................।

५. पीडितले खोजेको परिपुरण( क्षतीपूर्ति, सुविधा, सहुलियत) को प्राथमिकताक्रम :

क. ...................................

ख. .....................................

६. हालसम्म पीडितले पाएका राहत विवरण : (हालसम्म के कस्तो सुविधा सहुलियत पाएको हो खुलाउने) : .....

...................................................................................................................................

...... ।

७. पीडितले उल्लेख गर्न चाहेका अन्य विषय: ..............................................................................

उपर्युक्त बमोजिमको विवरण ठीक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

पीडितको सहिछाप :

मिति :

अनुसूची-१२

(नियम ३८ संग सम्बन्धित)

पीडितलाई उपलब्ध गराइने परिचयपत्रको ढाँचा

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

परिचय पत्र

परिचय पत्र नं...... फोटो

परिचय पत्र बाहकको :

(क) नाम थर...................................................

(ख) ठेगाना.................................

........................ अञ्चल ............... जिल्ला ................. नगरपालिका /गा.वि.स.वडा नं. ........ (ग) नाता सम्बन्ध................................

(घ) नागरिकता नं.....................................

---

बेपत्ता पारिएको व्यक्तिको

(क) नाम थर..........................................

(ख) ठेगाना ........................................

(ग) घटना मिति ............

परिचय पत्र प्राप्त गर्नेको

हस्ताक्षर : .........................

परिचय पत्र प्रदान गर्नेको :

हस्ताक्षर .....................

आयोगको छाप

नाम थर .................

दर्जा : ......................

मिति : .......................

## अनुसूची -६

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
## विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२

वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित विज्ञ,उपसमिति वा कार्यटोलीका सदस्य, आमन्त्रित विज्ञ एवंविशेषज्ञ तथा विशिष्टीकृत निकायलाई प्रदान गरिने भत्ता तथा अन्य सुविधा तोक्न तथा छनौट सम्बन्धी कार्यविधि व्यवस्थागर्न एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड व्यवस्था गर्न वाञ्छनिय भएकोले,

आयोगले देहाय बमोजिमको मापदण्ड बनाएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो मापदण्डको संक्षिप्त नाम **"विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(क) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सम्झनु पर्छ ।

(ग) "उपसमिति" भन्नाले ऐनको दफा ३१ को उपदफा (१)बमोजिम आयोगले गठन गरेको उपसमिति सम्झनु पर्छ ।

(घ) "कार्यटोली"भन्नाले ऐनको दफा ३१ को उपदफा (१) बमोजिम आयोगले गठन गरेको कार्यटोली सम्झनु पर्छ ।

(ङ) "दैनिकभत्ता" भन्नाले आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित विज्ञ, आयोगले गठन गरेको उपसमिति वा कार्यटोलीको सदस्य वा दफा ३२ बमोजिम विशेषज्ञ सेवा उपलब्ध गराउन काठमाण्डौ उपत्यकाबाट बाहिर जाँदा, फर्कदा वा बाहिरबाट काठमाण्डौ उपत्यका आउँदा, जाँदा बैठक अवधि वा भ्रमण आदेशमा तोकिएसम्मको अवधिको लागि उपलब्ध गराइने निर्वाह भत्ता सम्झनु पर्छ ।

(च) "पर्यवेक्षक" भन्नाले ऐनको दफा ९ को उपदफा (७) बमोजिम आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिएका व्यक्ति सम्झनु पर्छ ।

(छ) "बैठक भत्ता" भन्नाले आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित विज्ञ, आयोगले गठन गरेको उपसमिति वा कार्यटोलीको सदस्य तथा आमन्त्रित विज्ञलाई बैठकमा भाग लिए वापत दिइने बैठक भत्ता सम्झनु पर्छ ।

(ज) “भ्रमण भत्ता”भन्नाले आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित विज्ञ, आयोगले गठन गरेको उपसमिति वा कार्यटोलीको सदस्य वा दफा ३२ बमोजिम विशेषज्ञ सेवा उपलब्ध गराउन काठमाण्डौ उपत्यकाबाट बाहिर जाँदा, फर्कदा वा बाहिरबाट काठमाण्डौ उपत्यका आउँदा, जाँदा सवारी साधन वापत उपलब्ध गराइने निर्वाह भत्ता सम्झनु पर्छ र सो शब्दले सवारी साधन नचल्ने स्थानमा पैदल भ्रमण गरेको अवस्था समेतलाई जनाउँछ ।

(झ) “विज्ञ” भन्नाले दफा ३ बमोजिम आयोगले तयार गरेको सूचीमा सूचीकृत व्यक्ति सम्झनु पर्छ र सो शब्दले ऐनको दफा ३२ बमोजिम छनौट भएका विशेषज्ञ तथा विशिष्टीकृत निकाय समेतलाई जनाउँछ।

## परिच्छेद -२
## विज्ञको छनोट सम्बन्धी व्यवस्था

३. **विज्ञको सूची तयार गर्ने :** ऐनको दफा ९ को उपदफा (७) बमोजिम आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्ने, दफा ३१ को उपदफा (१) बमोजिम गठन गरिने उपसमिति वा कार्यटोलिको सदस्य तोक्ने तथा आयोगको कार्यसम्पादनको सन्दर्भमा दफा ३२ बमोजिम विशेषज्ञ तथा विशिष्टीकृत निकाय नियुक्त गर्ने प्रयोजनको लीग आयोगले सूची तयार गर्नेछ ।

४. **सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने** :दफा ३ बमोजिमको सूची तयार गर्ने प्रयोजनको लागि आयोगमा विज्ञ तथा विशिष्टीकृत निकायको रुपमा नाम सूचीकृत गर्न चाहने इच्छुक व्यक्ति तथा संस्थाहरुलाई आयोग समक्ष आफ्नो मनसायपत्र पेश गर्नको लागि आयोगले सार्वजनिक सूचना प्रकाशन गर्नेछ र यस्तो सूचना आयोगको वेभसाइटमा समेत प्रकाशन गरिनेछ ।

५. **मनसायपत्र पेशगर्न सकिने** :दफा ४ बमोजिम आयोगबाट सार्वजनिक सूचना प्रकाशन भएपछि आयोगमा विज्ञ तथा विशिष्टीकृत निकायको रुपमा नाम सूचीकृत गराउन चाहने इच्छुक व्यक्ति तथा संस्थाहरुले आयोग समक्ष आफ्नो मनसायपत्र पेश गर्न सक्नेछन ।

६. **पेश गर्नुपर्ने कागजातहरु** :दफा ५ बमोजिम आयोगमा विज्ञ तथा विशिष्टीकृत निकायको रुपमा नाम सूचीकृत गर्न चाहने इच्छुक व्यक्ति तथा संस्थाहरुले आयोग समक्ष आफ्नो मनसायपत्र पेश गर्दा प्रचलित कानून बमोजिम प्रमाणित गरिएको देहाय बमोजिमको कागजात संलग्न गर्नु पर्नेछ :

(क) नागरिकताको प्रमाणपत्र,

(ख) फर्म वा संस्था दर्ता प्रमाणपत्र,

(ग) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,

(घ) आयकर दर्ता प्रमाणपत्र,

(ङ) कर चुक्ता प्रमाणपत्र,

(च) व्यक्तिगत हैसियतमा मनसायपत्र दिने भए आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालीम, अनुभव, हालसम्म सम्पादन गरेको कार्यविवरण खुल्ने गरी सम्बन्धित व्यक्तिको हस्ताक्षरले प्रमाणित गरेको व्यक्तिगत विवरण,

(छ) संस्थागत हैसियतमा दिने भए संस्थासँग सम्बद्ध व्यक्ति तथा संस्थाले उपलब्ध गराउन सक्ने विज्ञ व्यक्तिहरुको नामावली र त्यस्तो नामावली बमोजिमका व्यक्तिहरुको खण्ड (च) बमोजिमको व्यक्तिगत विवरण र सम्बद्ध संस्थाले हालसम्म सम्पादन गरेको कार्यविवरण खुलेको संस्थाको परिचय विवरण( प्रोफाइल)

(ज) आयोगले तोकेको अन्य कागजातहरु ।

७. **सूचीकृत गर्ने** :दफा ६ बमोजिम आयोगमा प्राप्त मनसायपत्रसाथ संलग्न कागजातको आधारमा आयोगले आफ्नो कामको प्रकृति, आयोगले सुम्पिने कामको जिम्मेवारी, आवश्यक पर्ने विज्ञता, दक्षता, गहनता तथा शीघ्रता र हालसम्म सम्पादन गरेको कार्यविवरणको आधारमाक, ख र ग समूहमा समुहकृत गरी विभिन्न विषयका विज्ञहरुको सूची तयार गर्नेछ ।तर सुचीकृत गर्ने वा नगर्ने अन्तिम निर्णय गर्ने अधिकार आयोगमा रहनेछ ।

८. **सूची सम्बन्धी विशेष व्यवस्था** :दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भएतापनि मनसायपत्र पेश नगर्ने व्यक्ति वा निकायहरु मध्ये ख्याती प्राप्त व्यक्ति वा निकायहरु समेत संलग्न गरी आयोगले समूहगतसूची तयार गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद -३
## खर्च सम्बन्धी मापदण्ड

९. **सञ्चार सुविधा :** आयोगको कार्यालय प्रयोजनका लागि देहाय बमोजिम मोबाइल महसुल खर्च उपलब्ध गराइनेछः

| क.स. | सुविधा पाउने | मासिक मोबाइल खर्च | कैफियत |
|---|---|---|---|
| क | आयोगका अध्यक्ष तथा सदस्यहरुका लागि | रु.२,५००।- | |
| ख | आयोगको सचिवका लागि | रु.२,०००।- | |
| ग | महाशाखा प्रमुखको लागि | रु.१,५०० ।- | |
| घ | कार्यालय प्रयोजनका लागि खटिने टोली प्रमुखलाई | रु.१,००० ।- | |
| ङ | आयोगको सुरक्षामा खटिने टोली प्रमुखलाई | रु.५०० ।- | |

१०. **अतिथि सत्कार** : आयोगका पदाधिकारीहरु, सचिव तथा महाशाखा प्रमुखलाई मासिक निम्नानुसारको बिल बमोजिमको अतिथि सत्कार खर्च उपलब्ध गराइने छ ।

| पद | मासिक दर |
|---|---|
| अध्यक्ष | रु.६,०००।- |
| सदस्यहरु | रु.५,०००।- |

| | |
|---|---|
| सचिव | रु.४,०००।- |
| महाशाखा प्रमुख | रु.२,०००।- |

**११. लेख रचनाहरुको पारिश्रमिकः**

आयोगले प्रकाशित गर्ने विभिन्न प्रकाशनहरुमा प्रकाशित हुने विषयगत लेख रचनाहरुका लागि सम्पादन मण्डलको निर्णयअनुसार देहाय बमोजिमको पारिश्रमिक उपलब्ध गराईनेछ ।

(क) ५००० शब्दभन्दा बढिको विषयगत मौलिक लेख रचनालाई रु.४,५००।-

(ख) ३००० शब्द भन्दा बढिको विषयगत मौलिक लेख रचनालाई रु.३,५००।-

(ग) अन्य विषयगत मौलिक लेख रचनालाई रु.२०००।-

**१२. भाषा अनुवाद तथा सम्पादन सम्बन्धी व्यवस्था** : अनुवाद तथा सम्पादन गर्न आवश्यक ठानेका कागजातहरु अंग्रेजी, नेपाली वा अन्य भाषामा अनुवादन एवं सम्पादन गर्दा देहाय बमोजिम रकम उपलब्ध गराईनेछ ।

(क) भाषा अनुवाद प्रति पाना रु.५००। (नेपाली फन्ट १६ र अन्य भाषा १२ फन्टको हुनु पर्ने)

(ख) भाषा सम्पादन तथा सुद्धिकरण प्रति पाना रु.३००।(नेपाली फन्ट १६ र अन्य भाषा १२ फन्टको हुनु पर्ने)

**१३. पीडित, साक्षी वा अन्य व्यक्तिलाई उपलब्ध गराइने खर्च सम्बन्धी व्यवस्था** : ऐनको दफा १७ (४) बमोजिम आयोगमा वा आयोगले तोकेको स्थानमा उपस्थित भई आयोगलाई सूचना र जानकारी दिने तथा आयोगले बुझ्न चाहेका बखत उपस्थित हुने पीडित, साक्षी वा अन्य व्यक्तिको लागि देहाय बमोजिम खर्च उपलब्ध गराइने छ । यसरी आयोग समक्ष उपस्थित हुनुपर्ने असक्त, असहायको हकमा एक जना सहयोगी समेतलाई सोही अनुसार खर्च उपलब्ध गराइने छ ।

| क्र.स. | विवरण/शीर्षक | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बस भाडा | दुई तर्फि | बस टिकट बमोजिम | एकतर्फि बस भाडालाई दोब्बर गरी दिइनेछ । |
| २ | खाना तथा बास खर्च | प्रति दिन | ९००।- | बास बस्नुपर्ने भएमा मात्र |
| ३ | खाना तथा नास्ता खर्च | प्रति दिन | ६००।- | बस बस्नुनपर्ने भएमा |
| ४ | यातायात खर्च | प्रति दिन | ५००।- | बस टिकट नहुनेको हकमा |

**१४.बैठक भत्ताः** (१) ऐनको दफा ९ को उपदफा (७) बमोजिम आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित विज्ञ तथा स्वदेशी तथा विशिष्ट व्यक्तित्वको सूचीमा सूचीकृत विज्ञलाई प्रति बैठकरु.५,०००।- बैठक भत्ता उपलब्ध गराईनेछ ।

(२) ऐनको दफा ३१ को उपदफा (१) बमोजिम आयोगले गठन गरेको उपसमिति वा कार्यटोलीको बैठकमा आमन्त्रित विज्ञलाई प्रति बैठक भत्ता रु.२५००।- बैठक भत्ता उपलब्ध गराईनेछ ।

**१५. <u>दैनिक तथा भ्रमण भत्ताः</u>** (१) ऐनको दफा ९ को उपदफा (७) बमोजिम आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित र दफा ३१ को उपदफा (१) बमोजिम गठन भएका उपसमिति वा कार्यटोलीमा आमन्त्रित विज्ञलाई नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी सरहको दैनिक तथा भ्रमणभत्ता उपलब्ध गराईनेछ ।

(२) स्वदेशी तथा विशिष्ट व्यक्तित्वको सूचीमा सूचीकृत विज्ञलाई आयोगको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिएकोमा आयोगको सदस्य सरहको दैनिक तथा भ्रमणभत्ता उपलब्ध गराईनेछ ।

(३) ऐनको दफा ३२ को प्रयोजनको लागि सूचीकृत भएका विज्ञ तथा विशिष्टीकृत निकायबाट प्रतिनिधित्व गर्ने विज्ञलाई नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी सरहको दैनिक तथा भ्रमणभत्ता उपलब्ध गराईनेछ।

(४) ऐनको दफा ३२ को प्रयोजनको लागि सूचीकृत भएका स्वदेशी तथा विशिष्ट व्यक्तित्वको सूचीमा समावेश भएका विज्ञलाई आयोगको सदस्य सरहको दैनिक तथा भ्रमणभत्ता उपलब्ध गराईनेछ ।

**१६.** आयोग र आयोग अर्न्तगत गठन हुने कार्यदल वा उप समितिको बैठकमा उपस्थित हुने सरकारी सेवा बाहेकका अन्य व्यक्तिलाई बैठक भत्ता बापत रु.१,०००।- थप प्रदान गरिनेछ ।

**१७. विज्ञको नियुक्ति सम्बन्धि व्यवस्था :**(१)आयोगले आफ्नो कामको सिलसिलामा आवश्यकतानुसार परिच्छेद २ बमोजिम सूचीकृत भएका कुनै पनि समूहका विषय विशेषज्ञलाई आवश्यकतानुसारनियुक्त गरी काममा लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विशेषज्ञ नियुक्ति गर्नुभन्दा अगाडि त्यसरी नियुक्त हुने विशेषज्ञले गर्नु पर्ने काम कर्तव्य तथा जिम्मेवारी, कार्य अवधि एवं पारिश्रमिक आयोगले निर्धारण गर्नेछ ।

(३) क समूहमा वर्गीकृत विशेषज्ञ तथा विशिष्टीकृत निकायका प्रतिनिधिलाई बढीमा रु.१,००,०००।, ख समूहमा वर्गीकृत विशेषज्ञ तथा विशिष्टीकृत निकायका प्रतिनिधिलाई बढीमा रु.७५,०००।-र ग समूहमा वर्गीकृत विशेषज्ञ तथा विशिष्टीकृत निकायका प्रतिनिधिलाई बढीमा रु.५०,०००।- पारिश्रमिक आयोगले उपलब्ध गराउनेछ ।

**१६. संशोधन तथा परिमार्जन** : आयोगले यस मापदण्ड समय अनुसार सुधार तथा परिमार्जन गर्न सक्ने छ ।तर आर्थिक भार पर्ने विषयमा अर्थ मन्त्रालयको पूर्व स्वीकृत लिई लागु गरिने छ ।

## अनुसुची-७

## बेपत्ता पारिएका व्यक्तिको छानबिन सम्बन्धी निर्देशिका, २०७२

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ को नियम....... ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले देहायका निर्देशिका बनाई लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन निर्देशिका, २०७२" रहेको छ ।

(ख) यो निर्देशिका आयोगले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकृत" भन्नाले आयोगबाट प्रारम्भिक वा विस्तृत अनुसन्धान गर्न नियुक्त अनुसन्धान अधिकृत सम्झनुपर्छ ।

(ग) "आयोग" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग सम्झनु पर्छ ।

(घ) "उजूरी दर्ता अधिकारी" भन्नाले आयोगले उजूरी दर्ता गर्ने प्रयोजनको लागि तोकेको कर्मचारी सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।

(च) "नियमावली" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ सम्झनुपर्छ ।

(छ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

### परिच्छेद-२
### आयोगको कार्य सम्पादन सम्बन्धी व्यवस्था

३. **आयोगको कार्य सम्पादनः** ऐन तथा नियमावलीले दिएको अधिकार बमोजिम आयोगबाट सम्पादन गरिने अन्य काम यस निर्देशिका बमोजिम गर्नु पर्नेछ ।

४. **आयोगका सदस्यको जिम्मेवारीको बाँडफाँडः** (१) आयोगका सदस्यको काम तथा जिम्मेवारीको बाँडफाँड आयोगका अध्यक्षले तोके बमोजिम हुनेछ ।

५. **आयोगबाट सम्पादन गरिने कार्य :** ऐन तथा नियमावलीमा उल्लिखित कार्यहरुका अतिरिक्त देहायका विषयहरु आयोगको निर्णयबाट सम्पादन हुनेछन्:-

(क) अदालत बाहेकका अन्य कुनै निकायबाट आयोगबाटै कारबाही हुन भनी लेखी पठाएको विषय,

(ख) अनुसन्धान अधिकृत नियुक्ति र परिवर्तन सम्बन्धी विषय,

(ग) पत्रपत्रिकामा प्रकाशित समाचारको सम्बेदनशिलता, समाचारमा उल्लिखित विषयको गाम्भीर्यताको आधारमा सो विषयमा अनुसन्धान गर्न सकिने तथ्य स्थापित हुन सक्ने समाचारलाई सचिवले आफनो राय सहित आयोग समक्ष पेश गरेको विषय ।

(घ) आयोगको अवहेलनामा कारबाही चलाउने विषय,

(ङ) अनुसन्धान अधिकृतले पेश गरेको अनुसन्धान प्रतिवेदन,

(च) अनुसन्धानको सिलसिलामा निर्देशिका वा आयोगको निर्देशनको कार्यान्वयनमा कुनै कठिनाई वा बाधा आइपरेमा सचिवले आयोग समक्ष त्यस्तो बाधा अड्काउ फुकाउन पेश गरेको विषय,

(छ) अनुसन्धानको लागि स्थलगत निरीक्षण गर्नु पर्ने भएमा अनुसन्धान अधिकृत वा अन्य सहयोगी कर्मचारी खटाउने निर्णय गर्ने विषय,

(ज) अनुसन्धान अधिकृतले आयोग समक्ष साधसोधको लागि पेश गरेको विषय,

(झ) अनुसन्धानको सिलसिलामा कुनै विषयमा आयोगबाट निर्णय भएपछि मात्र बाँकी अनुसन्धान गर्न सकिने अवस्था भएको भनी सचिव मार्फत अनुसन्धान अधिकृतले निर्णय वा आदेशको लागि आयोगमा पेश गरेको विषय,

(ञ) कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने प्रश्न समावेश भएको बिषय,

(ट) घटना घटेको भनिएको ठाउँको स्थलगत निरीक्षण गर्ने स्वीकृतिको लागि पेश गरेको विषय,

(ठ) कुनै उजूरी उपर अनुसन्धान गर्दै जाँदा अन्यत्र मुकाम कायम गर्नु पर्ने देखिन आएको भनी अनुसन्धान अधिकृतले सचिव मार्फत आयोगमा पेश गरेको विषय,

(ड) अनुसन्धान टोलीमा सदस्य परिवर्तन वा सदस्य थप गर्ने विषय,

(ढ) आरोपित व्यक्ति सार्वजनिक पद धारण गरेको भएमा निजलाई निलम्बन गर्न लेखी पठाउने विषय,

(ण) अनुसन्धानको कार्यमा असहयोग गर्ने व्यक्ति संस्था वा निकायलाई जरिवाना गर्ने विषय,

(त) अनुसन्धानको सिलसिलामा आयोगले दिएको आदेश पालना नगर्ने वा अटेर गरी बस्ने कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाही गर्न अख्तियारवाला समक्ष लेखी पठाउने विषय,

(थ) अनुसन्धानको काममा बाधा विरोध गर्ने व्यक्तिलाई जरिवाना गर्ने विषय,

(द) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, वकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने भई त्यस्तो कर्मचारीलाई कुनै निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउने विषय,

(ध) छानबिनको क्रममा आफ्नो वा आफ्नो परिवारको सदस्यको सुरक्षामा खतरा रहेको छ भनी साक्षी, पीडित तथा आयोगलाई सहयोग गर्ने व्यक्ति**हरु**ले सुरक्षाको माग गरेको विषय,

(न) बेपत्ता पारिएको कारण शारीरिक रुपमा अपाङ्गता भएको व्यक्तिले सो घटनाका सम्बन्धमा आयोग वा आयोगले तोकेको निकाय समक्ष उपस्थित भई उजूरी वा निवेदन दिन असमर्थ भएको व्यक्तिको हकमा आयोगबाट कर्मचारी खटाई निजको उजूरी वा निवेदन लिने विषय,

**(प)** साक्षी, पीडित, उजूरीकर्ता, आयोगको काममा सहयोग गर्ने कर्मचारी तथा अन्य व्यक्ति वा निजको परिवारका सदस्यको सम्पत्ति, कारोबार वा व्यवसायको सुरक्षा गर्ने विषय,

(फ) तोकिएको समयभित्र अनुसन्धान पूरा हुन नसकी म्याद थपको लागि पेश भएको विषय,

(ब) आयोगले उपयुक्त ठानेका अन्य विषयहरु ।

## परिच्छेद-३

**६. आयोगका सचिवको जिम्मेवारीः**

१) आयोगको सचिवालय, महाशाखा, शाखा र कुनै समिति वा कार्यदलमा रहने कर्मचारीको व्यवस्थापन आयोगको सचिवबाट हुनेछ ।

२) आयोगका सम्पूर्ण कर्मचारीहरु सचिवको प्रत्यक्ष नियन्त्रण र रेखदेखमा रहनेछन् ।

३) ऐन तथा नियममा उल्लेख भएका अतिरिक्त सचिवको अन्य जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) आयोगमा दर्ता हुन आएको कुनै उजूरी निवेदनमा सम्बन्धित महाशाखाबाट प्रारम्भिक अनुसन्धान गरी पेश हुन आएको फाइल सचिवले आफ्नो राय सहित आयोग समक्ष पेश गर्ने,

(ख) प्रारम्भिक र विस्तृत अनुसन्धान गर्नु पर्ने देखिएको विषयमा सचिवले अनुसन्धान अधिकृतको नाम आयोग समक्ष सिफारिस गर्ने,

(ग) अनुसन्धान अधिकृतको नाम सिफारिस गर्दा सम्बन्धित विषयमा दक्षता, कामप्रति रुची, कार्यबोझ, र कार्य अनुभव समेतको आधारमा गर्ने,

(घ) आयोगबाट निर्णय भए बमोजिम अनुसन्धान अधिकृत खटाउने,

(ङ) आयोगका कर्मचारी बाहेक अन्य सरकारी कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा सिफारिस गर्नु पर्ने अवस्थामा सम्बन्धित निकायसँग त्यस्तो कर्मचारी माग गर्ने,

(च) अनुसन्धान वा सो सँग सम्बन्धित अन्य कुनै विषय समन्वय समितिमा छलफल भई निर्णय हुन उपयुक्त हुने देखिएमा अध्यक्षसँग परामर्श गरी समन्वय समितिको बैठक बोलाउने,

(छ) समन्वय समितिको बैठक बोलाउँदा सो समितिका पदाधिकारी बाहेक अन्य कुनै निकाय वा पदाधिकारीलाई समेत छलफलमा राख्न आवश्यक देखिएमा त्यस्ता निकायका प्रतिनिधि वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्ने,

(ज) आयोगमा रही उत्कृष्ठ काम गर्ने कर्मचारी एवं सुरक्षाकर्मीलाई पुरस्कृत गर्न आयोग समक्ष सिफारिस गर्ने,

(झ) देहायका विषयहरुमा सचिव आँफैले निर्णय गर्ने,-

(अ) महाशाखा तथा शाखाहरुबाट सम्पादन हुने काम र जिम्मेवारीको बाँडफाँड गर्ने,

(आ) आयोगमा दर्ता हुन आउने उजूरी तथा निवेदन दर्ता गर्न उजूरी दर्ता अधिकारी तोक्ने,

(इ) आयोगमा दर्ता हुन आएका उजूरी तथा निवेदनका सम्बन्धमा अन्य निकायबाट राय, प्रतिकृया, कुनै जानकारी वा कागजात आवश्यक पर्ने भनी सम्बन्धित महाशाखा वा अनुसन्धान अधिकृतले निर्णयका लागि गरी पेश गरेको विषय,

(ई) एकै विषयका उजूरीहरुमा फरक फरक अनुसन्धान अधिकारी तोकिएकोमा त्यस्तो फाइल एकै ठाँउमा गाभी पहिले तोकिएको अनुसन्धान अधिकृतलाई कायम गर्ने विषय,

(उ) अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारी वा सो काममा संलग्न टोलीलाई आवश्यक पर्ने कुनै उपकरण उपलव्ध गराउन सचिवले आदेश दिने ।

४) दफा ५ बमोजिम आयोगको निर्णयबाट सम्पादन हुने विषयमा सचिवले आवश्यक प्रकृया पूरा गरी आयोगमा पेश गर्नु पर्नेछ ।

५) कसैले यस निर्देशिका बमोजिम आयोगले गोप्य राखेको परिचयात्मक विवरण आयोगको आदेश वा निर्णय विपरित सार्वजनिक गरेमा ऐनको दफा १६ बमोजिम आयोगको अवहेलनामा कारबाही चलाउन उपयुक्त देखेमा सम्बन्धित महाशाखाको सिफारिस सहितका प्रमाण कागज संलग्न गरी आयोग समक्ष निर्णयका लागि पेश गर्ने जिम्मेवारी सचिवको हुनेछ ।

६) यस निर्देशिका बमोजिम आयोगबाट निर्णय गर्नु पर्ने विषय आयोगमा पेश गर्ने जिम्मेवारी सचिवको हुनेछ ।

७. **महाशाखा प्रमुखको काम, कर्तव्य र अधिकारः** उजूरी छानबिन महाशाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सचिवसँग समन्वय गरी उजूरीको प्रारम्भिक कारबाही सम्बन्धी काम आफ्ना मातहतका अधिकृतलाई बाँडफाँड गर्ने,

(ख) आयोगमा दर्ता हुन आएका उजूरी निवेदनमा प्रारम्भिक कारबाही गर्दा परिच्छेद (४) मा उल्लेख भए बमोजिमको कार्यविधि अवलम्बन गर्ने, गराउने,

(ग) प्रारम्भिक कारबाहीको क्रममा रहेका उजूरी र त्यसमा भएको कारबाही सम्बन्धी अद्यावधिक विवरण समय समयमा सचिव मार्फत आयोगलाई जानकारी गराउने,

(घ) अनुसन्धान अधिकृत तोकिएको अभिलेख राख्ने,

(ङ) अनुसन्धान अधिकृत फछ्र्यौट भएको र फछ्र्यौट हुन बाँकी कामको साप्ताहिक अभिलेख अद्यावधिक गरी राख्ने,

(च) अनुसन्धान अधिकृत तोक्ने कार्यमा सचिवलाई सिफारिस गर्ने,

(छ) मासिकरुपमा अनुसन्धान अधिकृतको बैठक राख्ने,

(ज) अनुसन्धान अधिकृत बीच समन्वयकारी भूमिका निर्वाह गर्ने,

(झ) अनुसन्धान सम्बन्धी विषयमा आयोग र सचिवबाट भएका निर्णय र निर्देशनहरु अनुसन्धान अधिकृतलाई जानकारी गराउने,

(ञ) विभिन्न जिल्लाबाट आयोगमा प्राप्त भएका र आयोगको सचिवालयमा दर्ता हुन आएका उजूरीहरु संकलन गरी सचिव मार्फत अध्यक्ष समक्ष पेश गर्ने,

(ट) आयोगबाट प्रारम्भिक कारबाही शुरु गर्ने भनी निर्णय भई महाशाखामा प्राप्त हुन आएका उजूरी तथा निवेदनहरुको प्रारम्भिक कारबाही शुरु गर्न अधिकृत तोक्ने,

(ठ) प्रारम्भिक कारबाहीको सिलसिलामा मातहतका अधिकृतहरुबाट पेश हुन आएको फाइलमा आफ्नो राय सहित सचिव समक्ष पेश गर्ने,

(ड) आयोगबाट भएको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित महाशाखाको हुने,
(ढ) आयोग एवं सचिवबाट निर्देशन भए बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद-४
## उजूरी दर्ता र प्रारम्भिक कारबाही

८. **उजूरी दर्ता अधिकारीः** आयोगले आयोगमा पर्न आउने उजूरी वा निवेदन दर्ता गर्ने प्रयोजनको लागि सचिवालयमा र आवश्यकता अनुसार अन्य जिल्ला वा स्थानमा समेत उजूरी दर्ता अधिकारी तोकी उजूरी लिने व्यवस्था मिलाउनु पर्नेछ ।

**९.उजूरी दर्ता गर्दा ध्यान दिनु पर्ने :-**

(१) उजूरी दर्ता गर्ने अधिकृतले आफू समक्ष पर्न आएको उजूरी दर्ता गर्नु अघि देहायका कुराहरुमा ध्यान दिनु पर्नेछः-

(क) आयोगले प्रकाशन गरेको उजूरी दर्ता सम्बन्धी सूचनामा उल्लिखित विषय सन्दर्भ,

(ख) आयोगले उजूरी माग गरेको सूचनामा उल्लिखित उजूरी दिने अवधि र स्थान,

(ग) उजूरी दिने अवधि थप भएको भए सो सम्बन्धी विषय,

(घ) उजूरीको विषय आयोगको कार्यक्षेत्रभित्र पर्ने नपर्ने,

(ङ) आयोगको निर्देशन बमोजिमका अन्य आवश्यक कुराहरु ।

(२) उजूरी दर्ता अधिकृतले उजूरी दर्ता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) आफू समक्ष पर्न आएको उजूरी तोकिएको ढाँचामा लेखिएको भएमा छुट्टै उजूरी दर्ता किताब खडा गरी तुरुन्त दर्ता गर्ने,

(ख) खण्ड (क) बमोजिम दर्ता गर्न ल्याएको उजूरी तोकिएको ढाँचामा लेखिएको नभएमा सम्भव भएसम्म तोकिएको ढाँचामा सम्पूर्ण व्यहोरा खुलाउन लगाई दर्ता गर्ने,

(ग) सामान्य ढाँचा नमिलेको वा सम्पूर्ण विवरण नखुलेको भए पनि आफू समक्ष पर्न आएको उजूरी दर्ता गर्ने,

(घ) कसैले आफैले उजूरी नलेखी आयोगको तर्फबाटै उजूरी लेखी पाउन अनुरोध गरेमा उजूरवालाले भने बमोजिम लेखी पढी बांची सुनाई निजको सहीछाप गराई उजूरी दर्ता गर्ने,

(ङ) कसैले उजूरीलाई खाम बन्दी गरी दर्ता गर्न ल्याएमा खाममा उल्लेख गरेको व्यहोरा उल्लेख गरी बन्दी खाम नै दर्ता गर्ने,

(च) हुलाक, इमेल वा अन्य विद्युतीय माध्यमबाट पर्न आएका उजूरी दर्ता गर्ने,

(छ) पीडितको तर्फबाट कुनै सरकारी निकाय वा अन्य कसैले उजूरी दिन ल्याएमा दर्ता गर्ने,

(ज) उजूरी निवेदनको ढाँचा र प्रमाण पुगे नपुगेको विषयमा उजूरवालाले सल्लाह मागेमा आवश्यक सल्लाह दिने,

(झ) इमेल वा अन्य विद्युतीय माध्यमबाट प्राप्त भएको उजूरी दर्ता गर्नु अघि सो उजूरीलाई प्रिन्ट गरी प्रमाणित गरी राख्ने,

(ञ) कुनै उजूरी टेलिफोनबाट प्राप्त हुन आएमा सो कुराको अभिलेख खडा गरी राख्ने,

(ट) कुनै श्रोतबाट प्राप्त गरेको सूचना वा जानकारी आयोगले दर्ता गर्न आदेश दिएमा दर्ता किताबमा दर्ता गर्ने,

(ठ) नियमावलीको नियम ........बमोजिम तामेलीमा राखिएको कुनै उजूरीलाई आयोगबाट जगाउने निर्णय भएमा त्यस्तो उजूरीलाई जगाई उजूरी दर्ता किताबमा दर्ता गर्ने,

(ड) बेपत्ता पारिएको घटनासंग सम्बन्धित विषयमा अदालत बाहेक अन्य निकायमा विचाराधीन उजूरी वा निवेदन झिकाउने गरी आयोगबाट आदेश भएकोमा सो अनुसार आयोगमा प्राप्त भएपछि दर्ता किताबमा दर्ता गर्ने,

(३) सिलबन्दी गरी दर्ता हुन आएको उजूरीको बन्दीखाम उजूरी दर्ता अधिकृतले खोल्नु हुँदैन ।

**१०. निस्सा दिनु पर्नेः-**

१) दफा ९ बमोजिम उजूरी दर्ता गरेपछि उजूरी दर्ता अधिकारीले उजूरवालालाई तोकिएको ढाँचामा उजूरी दर्ता गरेको निस्सा दिनु पर्छ ।

२) कुनै उजूरी विद्युतीय माध्यमबाट प्राप्त भएको भए उजूरी दर्ता अधिकारीले उजूरवालालाई सोही माध्यमबाट उजूरी प्राप्त भएको जानकारी दिनु पर्छ ।

**११. जिल्ला स्थित उजूरी दर्ता अधिकारीले गर्नु पर्ने काम** :

१) आयोगले तोकेको जिल्ला स्थित उजूरी दर्ता अधिकारीले आफूसमक्ष प्राप्त हुन आएका उजूरी तथा निवेदन एवं सो सँग सम्बन्धित कागजात दफा ९ बमोजिम दर्ता गरी उजूरवालालाई दफा १० बमोजिम उजूरी दर्ता गरेको निस्सा दिनु पर्छ ।

२) उपदफा (१) बमोजिम दर्ता भएका उजूरी तथा निवेदनहरु दर्ता भएको मितिले सात दिनभित्र आयोगमा पठाउनु पर्छ ।

**१२. उजूरी दर्ता सम्बन्धी अन्य व्यवस्था :** उजूरवाला बालबालिका, जेष्ठ नागरिक अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति भएमा निजहरुको सम्बन्धमा आयोगले देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्छ :

(क) नेपाल सरकारसँग समन्वय गरी कुनै सरकारी कार्यालय, स्थानीय निकाय वा बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा काम गर्न नेपाल सरकारबाट गठन भएको कुनै निकाय मार्फत उजूरी दर्ता गर्ने गराउने,

(ख) सिधा सम्पर्क (हटलाइन) फोन नं मार्फत मौखिक उजूरी वा निवेदन दर्ता गर्ने, गराउने,

(ग) उजूरवाला महिला भए उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत उजूरी लिने, लिन लगाउने,

(घ) (२) उपदफा (१) को प्रयोजनको लागि आयोगले देहाय बमोजिमको थप व्यबस्था गर्न सक्नेछः-

(ङ) उजूरी दिने अन्य कुनै खास स्थान तोक्न,

(च) उजूरी वा जानकारी दिनको लागि बेग्लै कक्षको व्यबस्था गर्न,

(छ) आवश्यकता अनुसार दोभाषे वा सहजकर्ताको व्यबस्था गर्न,

(ज) आयोग समक्ष उपस्थित भई उजूरी वा निवेदन दिन असमर्थ व्यक्तिको हकमा आयोगबाटै कर्मचारी खटाई निज रहे बसेको स्थानमा गई उजूरी वा निवेदन लिन ।

**१३. निवेदकको विवरण गोप्य राख्नेः**

१) उजूरीकर्ता वा  निवेदकले उजूरी दिएको कुरा गोप्य राख्न चाहेमा आयोगले उजूरी दिने निवेदकको नाम थर, वतन तथा अन्य विवरण गोप्य राख्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विवरण गोप्य राख्दा देहायमा बमोजिम गर्नु पर्छः

(क) व्यक्ति बेपत्ता पारिएको उजूरी वा जानकारी प्राप्त भएदेखि प्रारम्भिक कारबाही, अनुसन्धान कार्य र आयोगबाट नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्ने सम्मका सम्पूर्ण चरणमा पीडितको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्ने व्यवस्था गर्ने,

(ख) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई उजूरी, निवेदन, प्रतिवेदन, पत्राचार, बयान, बकपत्र, वक्तव्य, विज्ञप्ती, सार्वजनिक प्रकाशन, लगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नु पर्ने,

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न माग गरेको व्यक्तिले सो विवरण गोप्य राख्न जरूरी नभएको भनी लिखित निवेदन दिएमा बाहेक त्यसरी गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुल्ला नगर्ने,

(घ) गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवम् शिलबन्दी गरी गोप्य राखिएको विवरणलाई संकेत गर्न छुट्टै परिचयात्मक नाम वा संख्या वा चिन्ह दिने र सो को प्रमाणीकरण सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्ने,

(ङ) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नुपर्ने भएमा सो समेत सिलबन्दी गरी सो को व्यहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्ने,

(च) गोप्य राखिएका विवरणहरूको गोप्यता संरक्षणको लागि सचिवले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गर्न, संकेत चिन्ह दिन र अभिलेख संरक्षण गर्ने व्यवस्था गर्ने,

(छ) मुद्दाको अनुसन्धान वा कारबाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू र दस्तखत समेत निजलाई प्रदान गरिएको साँकेतिक नाम, नम्बर वा चिन्हद्वारा नै गर्ने व्यवस्था मिलाउने,

(ज) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको संकेत, नाम, नम्वर वा चिन्ह उल्लेख भएको छुट्टै परिचयपत्र प्रदान गर्ने,

(झ) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा म्याद वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको साँकेतिक नाम, नम्बर वा चिन्हबाट गर्ने ।

**१४. <u>उजूरी साथ प्रमाण पेश गर्नु पर्नेः</u>**

१) उजूरी  वा निवेदन लिँदा उजूरवालाबाट भएसम्मका सबै प्रमाणहरु पेश गर्न लगाउनु पर्छ ।

२) उजूरवालाले कुनै प्रमाण पेश गर्न ल्याएमा लिखत प्रमाण भए सो को प्रतिलिपि उतार गरी उजूरी साथ राखी सक्कल लिखत उजूरवालालाई फिर्ता गर्नु पर्छ ।

३) कुनै कारणबाट सक्कल लिखत नै उजूरीसाथ राख्नु पर्ने भएमा त्यसको प्रमाणित प्रतिलिपि र सो लिखत आयोगमा रहेको भन्ने व्यहोराको भरपाई त्यस्तो लिखत पेश गर्ने व्यक्तिलाई दिई सक्कल लिखत सुरक्षित रुपमा राख्ने व्यवस्था गर्नुपर्छ ।

४) उजूरी साथ कुनै दशी प्रमाण पेश भएकोमा सो को भरपाई उजूरवालालाई दिई त्यस्तो प्रमाण उजूरी साथ राख्नु पर्छ ।

५) आयोग समक्ष उजूरी दिने व्यक्तिले उजूरीसाथ साक्षी समेत पेश गरेमा त्यस्तो उजूरीका सम्बन्धमा सचिव समक्ष पेश गरी निकासा भए बमोजिम गर्नुपर्छ ।

**१५. उजूरी निवेदनमा प्रारम्भिक कारबाही:**

१) आयोगको दर्ता किताबमा दर्ता भएपछि सो को भोलिपल्ट सचिवले अध्यक्ष समक्ष पेश गर्नु पर्छ ।

२) उपदफा (१) बमोजिम पेश भएको उजूरी वा निवेदन उपर आयोगले आवश्यक कारबाही अघि बढाउन सम्बन्धित महाशाखामा पठाउनेछ ।

३) महाशाखामा प्राप्त हुन आएको उजूरीको सम्बन्धमा महाशाखा प्रमुखले देहाय बमोजिम गर्नु पर्छः-

(क) उजूरीको विषय हेरी कुनै अधिकृतको नाममा तोक लगाई जिम्मा लगाउने,

(ख) उजूरी हेर्न तोकिएको अधिकृतले आफ्नो जिम्मामा आएको उजूरीमा के कस्तो कारबाही उठान गर्ने हो आफ्नो राय उल्लेख गरी ३ दिनभित्र महाशाखा प्रमुख समक्ष पेश गर्नु पर्छ ।

(ग) खण्ड (ख) बमोजिम प्रारम्भिक कारबाही गर्ने अधिकृतले आफ्नो राय पेश गर्दा अन्य कुराहरुको अलावा देहायका कुराहरुसमेत आफ्नो राय उल्लेख गर्नु पर्छ :-

(अ) व्यक्ति बेपत्ता पारिएको भन्ने विश्वास गर्नु पर्ने मुनासिब कारण भए/नभएको,

(आ) आयोगका क्षेत्राधिकारभित्र परे/नपरेको

(इ) उजूरीमा तथ्ययुक्त आधार भए/नभएको,

(ई) उजूरीको औचित्य स्पष्ट भए/नभएको,

(उ) उजूरी तोकिएको ढाँचामा भए/नभएको,

(ऊ) आयोगले उजूरी दर्ता गर्न दिएको म्यादभित्र उजूरी परे नपरेको,

(ऋ) आयोगबाट यस अघिनै सो विषयमा कुनै निर्णय भए नभएको,

(ऌ) आयोगबाट यस अघिनै तामेलीमा राख्ने निर्णय भएको भए नयां प्रमाण पेश भए नभएको,

(ऍ) सशस्त्र द्वन्द्वको अवधिभित्र सो घटना घटे नघटेको,

(ऎ) सशस्त्र द्वन्द्वको अवधिभित्र सो घटना घटेको भए तापनि सशस्त्र द्वन्द्वसंग सम्बन्धित भए नभएको,

(ए) उजूरीसँग सम्बन्धित विषयमा अदालतमा मुद्दा परे नपरेको ।

(घ) खण्ड (ख) बमोजिम प्राप्त हुन आएको उजूरीका सम्बन्धमा महाशाखा प्रमुखले आफ्नो राय उल्लेख गरीसचिवसमक्ष पेश गर्नु पर्छ ।

(ङ) खण्ड (घ) बमोजिम प्राप्त भएको फाइलमा सचिवले आफ्नो राय उल्लेख गरी यथाशक्य छिटो आयोग समक्ष पेश गर्नु पर्छ ।

(च) खण्ड (ङ) बमोजिम आयोग समक्ष पेश भएका फाइलमा आयोगबाट कुनै निर्देशन सहित कारबाही अघि बढाउने गरी आदेश भएमा त्यस्तो उजूरी वा निवेदनका सम्बन्धमा दफा २० बमोजिमको प्रकृया शुरु गर्नु पर्छ ।

४) आयोगमा दर्ता हुन आएका कुनै उजूरी वा निवेदन आयोगको कार्यक्षेत्रभित्र नपर्ने भई आयोगबाट सम्बन्धित निकायमा पठाउने निर्णय भएमा अनुसन्धान अधिकृतले देहाय बमोजिम गर्नुपर्छः

(क) कुनै उजूरी वा निवेदन आयोगको कार्यक्षेत्रभित्र नपर्ने भई आयोगबाट सम्बन्धित निकायमा पठाउने निर्णय भएकोमा सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिने,

(ख) आयोगको कार्य क्षेत्रभित्र नपर्ने निर्णय भएको उजूरीका सम्बन्धमा अनुसन्धान अधिकृत तोकिइसकेको भए अनुसन्धान अधिकृतले र अनुसन्धान अधिकृत तोकिनसकेको भए अनुसन्धान महाशाखाले निर्णय भएको ३ दिनभित्र त्यसरी आयोगले पठाउने निर्णय गरेको कार्यालयमा पठाउने,

(ग) खण्ड (ख) बमोजिम अन्य कार्यालयमा पठाएको उजूरीको दायरी लगत कट्टा गर्ने ।

**१६. प्रारम्भिक कारबाहीबाट तामेलीमा राख्ने**: आयोगले कुनै उजूरी वा निवेदनमा गरिएको प्रारम्भिक कारबाहीबाट त्यस्तो उजूरी वा निवेदन उपर थप अनुसन्धान आवश्यक नभएको भनी तामेलीमा राख्ने निर्णय गरेको अवस्थामा सम्बन्धित अनुसन्धान अधिकृतले दफा ४७ बमोजिमको प्रक्रिया पूरागरी त्यस्तो फाइलको छुट्टै व्यवस्थापन गर्न सम्बन्धित शाखामा बुझाई दिनु पर्छ ।

## परिच्छेद-५
## अनुसन्धान सम्बन्धी व्यवस्था

**१७. प्रारम्भिक अनुसन्धानः**

१) आयोगमा दर्ता हुन आएका उजूरी वा निवेदनका सम्बन्धमा आयोगबाट प्रारम्भिक अनुसन्धान गर्ने निर्णय भएमा महाशाखा प्रमुखले त्यस्तो उजूरी सम्बन्धी फाइल अनुसन्धान अधिकृत तोक्ने प्रयोजनको लागि सचिव समक्ष पेश गर्नु पर्छ ।

२) प्रारम्भिक अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकृतले देहाय बमोजिमको प्रकृया अपनाई प्रारम्भिक अनुसन्धानको कारबाही अघि बढाउनु पर्नेछः-

(क) उजूरी निवेदन अध्ययन गरी प्रारम्भिक अनुसन्धान गर्नुपर्ने मूल विषयबस्तुको पहिचान गर्ने,

(ख) बेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा बेपत्ता पारिएको समयको सूचना एवं जानकारीहरु स्थानीय एवं राष्ट्रिय पत्र पत्रिका, एफ एम लगायतका माध्यमहरुबाट संकलन गर्ने,

(ग) पीडित वा जानकारी दिने व्यक्तिको संकोच हटाउने प्रयास गर्ने,

(घ) अनुसन्धानको क्रममा सधैं पीडितसँग पीडित मैत्री वातावरण कायम गर्ने,

(ङ) पीडित वा जानकारी दिने व्यक्तिसँग विश्वासको वातावरण तयार गर्ने,

(च) पीडितले दिएको सूचना एवं जानकारीको प्रयोग र त्यस्ता सूचनाको गोप्यता एवं सुरक्षाको सम्बन्धमा पीडितलाई आश्वस्त पार्ने,

(छ) त्यस्तो व्यक्तिसँग सूचना दिन चाहने वा नचाहने सोधनी गर्ने,

(ज) सूचना वा जानकारी दिने इच्छा गरेमा त्यस्तो व्यक्तिसँग बेपत्ता पारिएको व्यक्तिको वारेमा यथाशक्य धेरै जानकारी लिने,

(झ) खण्ड (क) बमोजिम पहिचान भएको विषयवस्तुसँग सम्बन्धित कागजात सम्बन्धित कार्यालय वा व्यक्तिबाट समय तोकी माग गर्ने,

(ञ) कुनै निकायका पदाधिकारी वा कुनै व्यक्तिसँग आवश्यक विवरण वा बयान वा प्रतिक्रिया माग गर्नुपर्ने भएमा मनासिव माफिकको समय तोकी माग गर्ने,

(ट) स्थलगत निरीक्षण, हस्तरेखा परीक्षण वा अन्य केही प्रमाण बुझ्न आवश्यक देखिएमा बुझ्ने,

(ठ) तत्काल बरामद गर्नुपर्ने सामान दफा........बमोजिमको प्रकृया पूरा गरी बरामद गर्ने,

(ड) आयोगले कुनै विषयमा गरेको सार्वजनिक सुनुवाईबाट अनुसन्धान गर्न तोकिएको विषयमा कुनै जानकारी प्राप्त भएमा सो को प्रतिलिपि समेत मगाउने,

(ढ) उजूरी बाहेक हालसम्म कुनै संस्था वा निकायबाट भएका छानविन तथा अनुसन्धान सम्बन्धी प्रतिवेदन संकलन गरी विश्लेषण गर्ने,

(ण) खण्ड (ख), (ग) र (घ) बमोजिम प्राप्त कागजात, विवरण, प्रतिवेदन, बयान प्रतिक्रिया तथा बरामदी समेतका आधारमा उजूरीमा उल्लिखित तथ्य स्थापित हुन

सक्छ, सक्दैन र तथ्य स्थापित भए पनि व्यक्ति बेपत्ता पारिएको मानिने अवस्था विद्यमान छ छैन भन्ने बारेमा निष्कर्षमा पुग्ने,

३) प्रारम्भिक अनुसन्धानको कार्य सम्पन्न भइसकेपछि अनुसन्धान अधिकृतले अनुसन्धान प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्छ ।

**१८. <u>विस्तृत अनुसन्धानः</u>** (१) दफा २० को उपदफा (४) बमोजिम आयोग समक्ष पेश भएको प्रारम्भिक अनुसन्धान प्रतिवेदनबाट सो विषयमा विस्तृत अनुसन्धान गर्नु पर्ने भनी आयोगबाट निर्णय भई आएमा सचिवले आफ्नो राय सहित अनुसन्धान अधिकारी तोक्ने प्रयोजनको लागि फाइल आयोगसमक्ष पेश गर्नु पर्छ ।

**१९. <u>विस्तृत अनुसन्धान गर्दा अपनाउनु पर्ने कार्यविधिः</u>-**

१) आयोगबाट विस्तृत अनुसन्धान गर्ने भनी निर्णय भएका उजूरी उपर विस्तृत अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले देहाय बमोजिम गर्नु पर्छः-

(क) प्रारम्भिक अनुसन्धानबाट पहिचान भएको वा आयोगबाट सो उजूरीको सम्बन्धमा कुनै निर्देशन दिइएको भए सो समेतका बुँदाहरुमा केन्द्रीत रही त्यस्ता विषयसँग सम्बन्धित थप कागजात विवरण तथा जानकारी सम्बन्धित निकायबाट माग गर्ने,

(ख) बेपत्ता पारिएको व्यक्तिको बारेमा विस्तृत विवरण (एण्टिमोर्टम डाटा) तयार गर्ने,

(ग) खण्ड (ख) बमोजिमको विवरण तयार पर्दा देहाय बमोजिम गर्नुपर्छ :-

(अ) बेपत्ता पारिएको व्यक्तिलाई अन्तिम पटक देख्ने व्यक्ति को को हुन यकिन गर्ने,

(आ) प्रकरण (१) बमोजिमका मानिसहरुलाई आयोगमा बोलाई विस्तृत विवरण (एण्टिमोर्टम डाटा) फाराम भर्न लगाउने,

(इ) अनुसन्धान अधिकृतले विस्तृत विवरण (एण्टिमोर्टम डाटा) फाराम भर्न लगाउनु पर्ने व्यक्ति आयोगमा आउन नसक्ने भएमा त्यस्तो व्यक्तिको हकमा आयोगले कर्मचारी खटाई वा बेपत्ता पारिएका व्यक्ति सम्बन्धी काम गर्ने संस्था वा उजूरी दर्ता अधिकारी मार्फत त्यस्तो फाराम भर्न लगाउने,

(ई) अनुसन्धान अधिकृतले विस्तृत विवरण (एण्टिमोर्टम डाटा) फाराम भर्न लगाउनु पर्ने व्यक्ति अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको व्यक्ति भएमा आयोगले कुनै कर्मचारी खटाई वा बन्द सवाल वा विद्युतीय माध्यम मार्फत जानकारी लिने ।

(उ) विस्तृत विवरण (एण्टिमोर्टम डाटा) फाराम भर्न लगाउँदा यथाशक्य पीडितको मनोविज्ञान र मर्यादामा आंच आउन नदिने व्यबस्था मिलाउने,

(ऊ) आवश्यकता अनुसार दोभाषे, सहजकर्ताको व्यबस्था मिलाउने,

(ऋ) पीडितलाई विश्वासमा लिन पीडित मैत्री वातावरण बनाउने,

(ऌ) विस्तृत विवरण (एण्टिमोर्टम डाटा) फाराम भर्दा पीडितले व्यक्ति बेपत्ता पारिएको कारण पीडित हुन पुगेको व्यक्ति वा नजिकको नातेदार वा अन्य कुनै विश्वासको व्यक्ति रोहवरमा राख्न चाहेमा सो बमोजिम गर्न दिने,

(ए) अनुसन्धान कार्यमा सहयोग पुग्ने गरी फाराम भर्न पीडित वा प्रकरण (१) मा उल्लिखित व्यक्तिलाई प्रेरित गर्ने,

(घ) आयोगले अनुसन्धान सम्बन्धमा कुनै विशेषज्ञ नियुक्त गरेको भए अनुसन्धानको क्रममा कुनै विषयमा विशेषज्ञको राय लिन आवश्यक भएमा विशेषज्ञको राय लिने,

(ङ) घटनाको स्थलगत निरीक्षण गर्नु पर्ने भएमा अनुसन्धान अधिकृत स्वयं वा अन्य सहयोगी कर्मचारी मार्फत स्थलगत निरीक्षण गर्न लगाउने । यसरी कर्मचारी खटाउँदा सम्बन्धित निकायको कर्मचारी र आयोगले सम्बन्धित विषयको विशेषज्ञ नियुक्त गरेको भए निजलाई समेत टोलीमा समावेश गर्न सक्ने,

(च) प्रारम्भिक अनुसन्धानमा बुझिएका व्यक्तिसंग थप कुरा बुझ्नु पर्ने भए बुझ्ने,

(छ) आवश्यकता अनुसार द्वन्द्व पीडित समुदायँग परामर्श गर्ने,

(ज) दुर्गम क्षेत्रका पीडितहरुको सहज पहुंचको लागि मोवाइल टोली, द्वन्द्व पीडित समुदायसंग काम गर्दै आएका संघ संस्था, नागरिक समाज तथा स्थानीय समुदायको सहयोग लिने,

(झ) बयान एवं वकपत्रको क्रममा आरोपित वा पीडितलाई मनोसामाजिक परामर्श आवश्यक देखे सो को व्यबस्था गर्ने,

(ञ) पीडितसँग लिने सूचना वा जानकारी श्रव्य दृष्यको माध्यमबाट लिनु पर्ने अवस्था देखिन आएमा सो समेत गर्ने,अनुसन्धानको क्रममा कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट सबै प्रकारका सूचना लिने ।

२) अनुसन्धानको सिलसिलामा कुनै कुराको सम्बन्धमा स्पष्ट हुनु पर्ने अवस्था देखिएमा अनुसन्धान अधिकृतले जुनसुकै वखत आयोगमा साधसोधको लागि फाइल पेश गर्न सक्नेछ ।

३) अनुसन्धानको सिलसिलामा कुनै विषयमा आयोगबाट निर्णय भएपछि मात्र थप अनुसन्धान गर्न सकिने अवस्था भएमा अनुसन्धान अधिकृतले त्यस्तो निर्णय वा आदेशको लागि सचिव मार्फत आयोगमा फाइल पेश गर्न सक्नेछ ।

४) उपदफा (४) बमोजिम पेश भएको प्रतिबेदन उपर आयोगबाट विस्तृत अनुसन्धान गर्ने निर्णय भएमा अनुसन्धान अधिकृतले दफा ४२ समेतलाई समेत विचारगरी अनुसन्धानको कारबाही अघि बढाउनु पर्छ ।

**२०. अनुसन्धान केन्द्रीत हुनुपर्ने कुराहरुः** अनुसन्धान अधिकृतले उजूरी उपर अनुसन्धान गर्दा निम्नलिखित कुराहरुमा केन्द्रित भई अनुसन्धान कार्य सम्पन्न गर्नु पर्छः

(क) सत्य तथ्य स्थापित गर्ने विषय,

(ख) व्यक्ति बेपत्ता पार्नु पछाडिका सम्भावित कारणका सम्बन्धमा,

(ग) व्यक्ति बेपत्ता पार्ने कार्यको प्रवृत्ति तथा प्रकृति पत्ता लगाउने सम्बन्धमा,

(घ) बेपत्ता पारिएको व्यक्तिको यथार्थ अवस्थाको बारेमा,

(ङ) बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्ति, अधिकारी, संस्था तथा संगठनको पहिचान गर्ने सम्बन्धमा,

(च) बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्ति, अधिकारी, संस्था वा संगठनले उल्लंघन गरेका कानूनको सम्बन्धमा ।

२१. **बेपत्ता पार्ने कार्यमा संलग्न अन्य व्यक्ति उपर छानविन गर्ने**: कुनै व्यक्ति उपर परेको उजूरी उपर छानविन गर्दै जाँदा सो कार्यमा अन्य व्यक्ति वा पदाधिकारीहरुको समेत संलग्नता रहेको देखिएमा अनुसन्धान अधिकृतले त्यस्ता व्यक्तिहरु उपर समेत छानविन गर्नु पर्छ ।

२२. **विवाद भएमा आयोग समक्ष पेश गर्ने:** अनुसन्धानको सिलसिलामा कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विषयमा विवाद भएमा अनुसन्धान अधिकृतले निर्णयको लागि आयोग समक्ष पेश गर्नु पर्छ ।

२३. **अन्यत्र मुकाम कायम गर्न सक्ने:** कुनै उजूरी उपर अनुसन्धान गर्दै जाँदा अन्यत्र मुकाम कायम गर्नु पर्ने देखिन आएमा अनुसन्धान अधिकृतले सो को कारण समेत खुलाई निकासाको लागि आयोगमा पेश गर्नु पर्नेछ । यसरी पेश भएको मिसिलका सम्बन्धमा आयोगबाट अन्यत्र मुकाम कायम गरी अनुसन्धान गर्ने गरी निर्णय भएमा सोही बमोजिम गर्नु पर्छ ।

२४. **नाता सम्बन्ध भएका व्यक्तिले अनुसन्धान गर्न नहुने:**

१) कुनै घटनाका सम्बन्धमा अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकृतको त्यस्तो घटनामा आरोपित व्यक्तिसँग कुनै नाता वा अन्य कुनै सम्बन्ध रहेको देखिन आएमा अनुसन्धान अधिकृतले त्यसको जानकारी सचिवलाई दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि सो कार्यको लागि अर्को व्यक्तिलाई आयोगले अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्छ ।

२५. **अन्य कर्मचारी खटाउने:**

१) अनुसन्धानको काममा अनुसन्धान अधिकृतलाई सहयोग गर्न अन्य कर्मचारी खटाउन सकिनेछ ।

२) उपदफा (१) बमोजिम खटिएका कर्मचारीलाई अनुसन्धान अधिकृतले अन्य कुराका अतिरिक्त आफ्नो रेखदेख र निर्देशनमा आरोपित व्यक्तिको बयान तथा उजूरीकर्ता, पीडित, साक्षी तथा आयोगलाई सहयोग गर्ने व्यक्तिसँग गरिने सोधपूछको काममा समेत लगाउन सक्नेछ । त्यसरी सहयोगी कर्मचारीबाट तयार भएको कागजात अनुसन्धान अधिकारी स्वयंले प्रमाणित गर्नुपर्छ ।

३) अनुसन्धान अधिकृतले आयोगले तोकेको र लिखित अनुमति दिएको व्यक्ति बाहेक अन्य व्यक्तिलाई अनुसन्धानको काममा सरिक गराउनु हुंदैन ।

## परिच्छेद ६
## अनुसन्धान तहकिकात

**२६. सफाइको मौका दिनुपर्ने:**

१) अनुसन्धान अधिकृतले छानविनको सिलसिलामा व्यक्ति बेपत्ता पारेको आरोप लागेका व्यक्तिलाई त्यस्तो कार्यको सम्बन्धमा सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्छ ।

२) उपनियम (१) बमोजिमका व्यक्तिलाई बयान वा सोधपूछको लागि आयोगमा बोलाउँदा निजको गोप्यता भङ्ग नहुने तरिका अपनाई टेलिफोन वा अन्य कुनै माध्यमबाट आयोग समक्ष उपस्थित हुन मनासिव माफिकको मौका दिई बोलाउनु पर्नेछ ।

३) अनुसन्धान अधिकृतले आरोपित व्यक्तिलाई सफाई मौका दिन पत्राचार गर्दा पीडितको हस्ताक्षरले लेखेको उजूरीको प्रतिलिपि पठाउन हुँदैन ।

४) कुनै व्यक्तिलाई बेपत्ता पारेको विषयका जानकार व्यक्तिलाई अनुसन्धान अधिकृतले सो सम्बन्धमा स्पष्ट विवरण पेश गर्न मनासिव माफिकको मौका दिनु पर्छ ।

५) आरोपित व्यक्ति वा पीडकले लिखित रुपमा सफाई पेश नगरी आयोगमा मौखिक रुपमा सफाई पेश गर्न चाहेमा आयोगमा उपस्थित भई आफ्नो सफाई पेश गर्न सक्छ ।

६) उपनियम (५) बमोजिम पीडकले मौखिक रुपमा पेश गरेको सफाईलाई आयोगका कर्मचारीले लिपिबद्ध गरी सो व्यहोरा पीडकलाई पढीबांची सुनाई निजको सहिछाप गराई राख्नुपर्छ । सहीछाप गर्न नमानेमा सोही व्यहोरा जनाई प्रमाणीत गरिराख्नु पर्छ ।

७) अनुसन्धानको सिलसिलामा आयोगले बोलाएको कुनै व्यक्ति तोकिएका समयमा आयोगमा उपस्थित हुन नआएमा निजको कार्यालय वा घर ठेगानामा फाराम नं. ........बमोजिमको ढाँचामा म्याद सूचना पठाउनु पर्छ ।

८) उपनियम (७) बमोजिम कुनै व्यक्तिको नाममा म्याद तामेल गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० र ११२ नं बमोजिम म्याद तामेल गर्नुपर्छ ।

९) उपनियम (७) बमोजिम सूचना पठाउँदा समेत नआउने व्यक्तिको हकमा फाराम नं......... बमोजिमको ढाँचामा पक्राउ पूर्जी जारी गर्नु पर्छ ।

१०) उपनियम (२), (७), र (९) बमोजिमको प्रकृयाबाट समेत कुनै आरोपित व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिएमा वा निजको नाममा सूचना तामेल हुन नसकेमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी वा विद्युतीय माध्यमबाट सूचना दिई वा सञ्चारका अन्य माध्यमबाट सूचना प्रशारण गर्नुपर्छ ।

११) अनुसन्धान अधिकृतले आरोपित व्यक्तिलाई कार्यालय समय बाहेक वा सार्वजनिक बिदाको दिनमा समेत उपस्थित गराउन वा बयान लिन सकिनेछ ।

**२७. निलम्बनका लागि लेखी पठाउने:**

१) सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति बेपत्ता पार्ने काममा संलग्न भएको सम्बन्धमा छानबिन गर्नु परेमा वा निजलाई ऐनको दफा १४ को उपदफा (५) बमोजिम निलम्बन गरी अनुसन्धान गर्न आवश्यक देखिएमा त्यस्तो व्यक्तिलाई निलम्बन गर्न अनुसन्धान अधिकृतले आयोग समक्ष सिफारिस गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम अनुसन्धान वा निलम्बनका लागि सिफारिस भई आएमा आयोगबाट त्यस्तो व्यक्ति उपर अनुसन्धान गर्ने वा निलम्बन गर्ने निर्णय भएमा सो बमोजिम तुरुन्तै

सम्बन्धित निकायलाई फाराम नं........ बमोजिमको ढाँचामा लेखी पठाउनु पर्नेछ ।

२८. **तारिखमा राख्न सक्ने:**

१) अनुसन्धान अधिकृतले व्यक्ति बेपत्ता पार्ने कार्यमा आरोपित व्यक्तिलाई तारेखमा राखी निजको बयान लिन सक्छ ।

२) बयानको काम समाप्त भएपछि आरोपित व्यक्तिलाई अनुसन्धान अधिकृतले पछि खोजी भएका बखत उपस्थित हुने शर्तमा कागज गराई छोड्न सक्नेछ ।

३) यसरी कागज गराउदा निजको पुरा नाम, थर, स्थायी, अस्थायी ठेगाना, कार्यालय, पद, नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने विवरणको प्रतिलिपी, सम्पर्क इमेल, टेलिफोन वा मोवाइल नम्बर समेत उल्लेख गर्नु पर्छ ।

२९. **खानतलासी तथा बरामदी गर्ने :**

(१) अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा कुनै ठाउँको खानतलासी गर्नु परेमा फाराम......बमोजिमको ढाँचामा खानतलासी तथा वरामदी मुचुल्का तयार गर्नुपर्छ ।

(२) अनुसन्धान अधिकृतलेछानबिनको सिलसिलामा कुनै ठाउंको तलासी लिंदा वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन स्थानीय प्रशासनको सहयोग माग गर्नुपर्छ ।

(३) खानतलासी गर्दा कुनै लिखत वा बस्तु बरामद भएमा बरामदी तथा खानतलासी मुचुल्कामा सोही व्यहोरा र बरामद नभएमा बरामद हुन नसकेको व्यहोरा खुलाउनु पर्छ ।

(४) खानतलासी गर्दा बरामद भएको कागजात वा कुनै मालसामान आफूले लैजानु परेमा अनुसन्धान अधिकृतले त्यस्तो कागजात वा मालसामान बुझेको भरपाई कार्यालयको भए जिम्मेवार पदाधिकारी वा कसैको घर कम्पाउण्डको भए घर धनी, मालसामान धनी वा कागजात वा मालसामानको जिम्मा लिएको व्यक्तिलाई दिनु पर्छ ।

(५) उपनियम (२) बमोजिमको व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई स्थानीय निकायका प्रतिनिधिलाई जिम्मा दिनु पर्छ ।

(६) स्थानीय निकायको प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाई टाँस गरी बरामदी मुचुल्कामा सो व्यहोरा जनाउनु पर्छ ।

(७) खानतलासी गर्दा स्थानीय व्यक्तिको रोहवरमा गर्नु पर्छ । यदि स्थानीय व्यक्ति रोहवरमा बस्न नमानेमा वा उपलव्ध नभएमा खानतलासी वा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई उपस्थित कर्मचारी वा व्यक्तिको सहीछाप गराउनु पर्छ ।

(८) खानतलासीको कारबाही शुरु गर्नु अघि खानतलासी लिने व्यक्ति स्वयम्को शरीरको तलासी लिनु पर्छ ।

(९) खानतलाशी गर्दा यथाशक्य सूर्योदयदेखि सूर्यास्तसम्म गर्नु गराउनु पर्छ ।

(१०) अनुसन्धान अधिकृतले कुनै व्यक्तिको वा स्थानको तलासी लिंदा पूर्व सूचना दिइरहनु पर्दैन ।

(११) अनुसन्धान अधिकृतले आफ्नो खानतलासीको सिलसिलामा फेला परेको कुनै लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन सक्छ ।

३०. **प्रमाण कागजात पेश गर्न लगाउन सक्ने:-**

(१) अनुसन्धान अधिकृतले आरोपित व्यक्ति वा उजूरीकर्ता वा अन्य व्यक्तिसँग भएको वा कुनै कार्यालयमा रहेको वा हुन सक्ने कुनै पनि प्रमाण कागजात पेश गर्न समयावधि तोकी सम्बन्धित व्यक्ति वा कार्यालयलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र त्यस्तो प्रमाण कागजात पेश गर्न नसक्ने उचित आधार देखाई म्याद थप माग गरेमा अनुसन्धान अधिकृतले सम्बन्धित व्यक्ति वा कार्यालयलाई त्यस्तो प्रमाण कागजात पेश गर्न अवस्था हेरी मनासिव माफिकको समय दिनु पर्नेछ ।

**३१.** **जानकारी माग गर्ने**:

(१) आयोगमा दर्ता भएको उजूरी वा जानकारीको सम्बन्धमा प्रारम्भिक कारबाही वा अनुसन्धान कार्य जुनसुकै अवस्थामा पुगेको भए पनि पीडित, आरोपित वा जानकार व्यक्तिसँग कुनै कुरा बुझ्न आवश्यक भएमा त्यस्तो व्यक्तिलाई बोलाई थप जानकारी लिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम थप जानकारी लिनु पर्ने व्यक्ति पीडित, अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको महिला भएमा आयोगले कुनै कर्मचारी सहितको टोलीलाई खटाई वा बन्दसवाल वा विद्युतीय माध्यम मार्फत सोधपूछ गर्नु पर्छ ।

(३) अनुसन्धान अधिकृतले कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउन सक्छ ।

(४) कुनै अदालतबाट बेपत्ता पारिएको उजूरीसँग सम्बन्धित विषयको कुनै लिखत वा नक्कल मगाउनु पर्दा अदालतको अनुमति लिनु पर्छ ।

(५) आयोगले उपलब्ध गराएको समयावधिभित्र उजूरीसँग सम्बन्धित कुनै प्रमाण पेश गर्नु पर्ने व्यक्तिले त्यस्तो प्रमाण पेश नगरेमा आयोगले उपलब्ध भएसम्मका प्रमाणको आधारमा आफ्नो कारबाही अघि बढाउनु पर्छ ।

(६) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, वकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा आयोगले त्यस्तो कर्मचारीलाई निज सरुवा हुन सक्ने कुनै निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन आयोगमा पेश गर्न सक्नेछ ।

३२. **जानकारी वा सूचना गोप्य राख्नु पर्ने**:

(१) कसैले पनि आयोगलाई प्राप्त सूचना, जानकारी, विवरण तथा कागजात आयोगको स्वीकृति बिना कुनै पनि किसिमबाट प्रकाशन वा प्रचार प्रसार गर्नु हुँदैन ।

(२) अनुसन्धान सम्बन्धी काम गर्न खटिएको कुनै कर्मचारी वा सो काममा संलग्न अन्य कुनै व्यक्तिले छानबिनको सिलसिलामा प्राप्त सूचना, जानकारी, विवरण तथा कागजात वा सो को प्रतिलिपि, अदालत, आयोग वा आयोगले तोकेको अधिकारी वा निकाय बाहेक अन्य कुनै निकाय वा व्यक्तिलाई उपलब्ध गराउनु हुंदैन ।

**३३. अन्य व्यक्तिलाई आयोगमा बोलाउँदा अपनाउनु पर्ने प्रकृया**:

(१) अनुसन्धान अधिकृतले कुनै घटनाको छानबिनको सिलसिलामा उजूरीकर्ता, पीडित, साक्षी तथा आयोगलाई सहयोग गर्ने व्यक्तिलाई मनासिव माफिकको समय दिई आयोग समक्ष उपस्थित गराई बुझ्न तथा बयान गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिलाई आयोगमा झिकाउँदा यथाशक्य आरोपित व्यक्तिसँग भेट तथा पहिचान नहुने गरी बोलाउनु पर्छ ।

(३) उपदफा (२) बमोजिमका व्यक्तिलाई आयोगमा बोलाउनु पर्दा यथाशक्य निजहरुको अनुकूलको समय मिलाई बोलाउनु पर्छ ।

(४) निजहरुलाई आयोगमा बोलाएको कुरालाई सार्वजनिक नहुने गरी बोलाउनु पर्छ,

(५) यस दफा बमोजिमका व्यक्तिहरुलाई आयोगमा झिकाउंदा निजहरुको टेलिफोन वा मोबाइल मार्फत सम्पर्क गरी बोलाउनु पर्छ ।

(६) यस दफा बमोजिमका व्यक्तिहरुलाई आयोगमा झिकाउँदा यथाशक्य उनीहरुले नै उपयुक्त सम्झेको माध्यमबाट बोलाउनु पर्छ ।

**३४. साक्षी, पीडित तथा आयोगलाई सहयोग गर्ने अन्य व्यक्तिहरुलाई संरक्षण गर्नु पर्नेः**

(१) अनुसन्धान अधिकृतले साक्षी, पीडित, उजूरीकर्ता तथा आयोगलाई सहयोग गर्ने अन्य व्यक्तिको संरक्षणको लागि देहाय बमोजिमको व्यबस्था गर्नु पर्छः-

(क) निजहरुको वास्तविक नाम थर, ठेगाना वा परिचयलाई कुनै काल्पनिक वा सांकेतिक रुपमा अभिलेख राख्ने,

(ख) निजहरुको नाम, थर, वतन, तीनपुस्ते लगायतका परिचयात्मक विवरण तथा हुलिया सम्बन्धी जानकारी आरोपित व्यक्ति, निजको परिवार वा नजिकको व्यक्तिले थाहा नपाउने गरी गोप्य राख्ने व्यबस्था मिलाउने,

(ग) छानबिनको क्रममा आफ्नो वा आफ्नो परिवारको सदस्यको सुरक्षामा खतरा रहेको छ भनी निजहरुले सुरक्षाको माग गरेमा अनुसन्धान अधिकृतले देहाय बमोजिम गर्न सम्बन्धित निकायलाई लेखी पठाउने :-

अ) सुरक्षाको आवश्यक व्यबस्था मिलाउन आवश्यक सुरक्षाकर्मी खटाउन,

आ) कुनै सरकारी निकायको संरक्षणमा राख्न लगाउन,

इ) सुरक्षित स्थानमा अस्थायी बसोवासको व्यबस्था मिलाउन,

ई) सुरक्षा निकायको समन्वयमा सुरक्षित स्थानको व्यबस्था गर्न,

उ) सामुहिक सुरक्षाको प्रवन्ध गर्न,

ऊ) अनुसन्धान अधिकृतले उपयुक्त सम्झेको अन्य कुनै व्यबस्था मिलाउन ।

(२) साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिको आवश्यक सुरक्षा एवं संरक्षणका सम्बन्धमा आयोगका सदस्य, सचिवालयका कर्मचारी, अनुसन्धान अधिकृत लगायत  आयोगका सबै कर्मचारी सचेत रहनु पर्छ ।

(३) उजूरी वा जानकारी दिन चाहने व्यक्तिको लागि आयोगले बेग्लै कक्षको व्यबस्था गरी त्यस्तो कक्षमा त्यस्ता व्यक्तिहरुले भनेको वा संकेत गरेको कुरा राम्रोसंग बुझ्न सक्ने गरी आवश्यकता अनुसार दोभाषे वा सहजकर्ताको समेत व्यबस्था मिलाउनु पर्छ ।

(४) सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको कारण शारीरिक रुपमा अपाङ्गता भएको व्यक्तिले सो घटनाका सम्बन्धमा आयोग वा आयोगले तोकेको निकाय समक्ष उपस्थित भई उजूरी वा निवेदन दिन असमर्थ भएको भन्ने आयोगको जानकारीमा आएमा त्यस्तो व्यक्तिको हकमा आयोगबाटै कर्मचारी खटाई निजको उजूरी वा निवेदन लिई कारबाही गर्न सक्नेछ ।

(५) साक्षी, पीडित, उजूरीकर्ता, आयोगको काममा सहयोग गर्ने कर्मचारी तथा अन्य व्यक्ति वा निजको परिवारका सदस्यको सम्पत्ति, कारोवार वा व्यबसायको सुरक्षा गर्नु पर्ने देखिन आएमा सम्बन्धित निकायलाई लेखी पठाउनु पर्छ ।

(६) सुरक्षाका दृष्टिले वा अन्य कुनै कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा देहाय बमोजिम गर्नु पर्छः-

क) श्रव्यदृष्य संवाद मार्फत बुझ्न,

ख) निजलाई आरोपित व्यक्तिले देख्न नसक्ने गरी बकपत्र गराउन,

ग) निजको स्वर विद्युतिय माध्यमबाट परिवर्तन वा रुपान्तरण गरी बुझ्न,

घ) आयोग बाहेक अन्यत्र पनि बुझ्न वा सनाखत गराउन ।

(७) यस नियम बमोजिम सुरक्षा वा संरक्षण प्रदान गर्नु पर्ने व्यक्ति अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका वा महिला भएमा सम्बन्धित निकायले उनिहरुको मनोविज्ञान र मर्यादामा आँच नआउने किसिमले आवश्यक सुरक्षाको व्यबस्था मिलाउनु पर्नेछ ।

(८) अनुसन्धानको क्रममा पीडितलाई समेत रोहवरमा राखी मुचुल्का गर्नु पर्दा आरोपित व्यक्तिले देख्न वा चिन्न नसक्ने व्यबस्था मिलाउनु पर्छ ।

**३५. <u>पीडितसँग सम्पर्क स्थापित गर्न वा समन्वय कायम गर्न सक्ने</u>:-** अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा आवश्यकता अनुसार पीडितसँग सम्पर्क स्थापित गर्न वा समन्वय कायम गर्न सक्नेछ ।

**३६. <u>पीडित मैत्री बातावरणमा अनुसन्धान गर्नु पर्नेः</u>**

(१) बेपत्ता पारिएका घटनाको छानबिन गर्दा अनुसन्धान अधिकृतले साक्षी, पीडित वा आयोगको काममा सहयोग गर्ने व्यक्तिको मनोविज्ञानमा नकारात्मक असर नपर्ने गरी पीडित मैत्री बातावरण सिर्जना गर्ने व्यबस्था मिलाउनु पर्छ ।

(२) अनुसन्धान अधिकृतले पीडक वा पीडितको रुपमा बालबालिका संलग्न भएको कुनै घटनाको सम्बन्धमा छानबिन गर्दा बालबालिकामा मनोविज्ञानमा नकारात्मक असर नपर्ने गरी बालबालिका मैत्री बातावरण सिर्जना गर्ने व्यबस्था मिलाउनु पर्छ ।

## परिच्छेद -६
## कार्य सम्पादन र प्रतिवेदन

**३७. अनुसन्धान कार्य समयमै पुरा गर्नु पर्नेः**

(१) प्रारम्भिक वा विस्तृत अनुसन्धान गर्न तोकिएको अधिकृतले आयोगले तोकेको समयभित्रै अनुसन्धान कार्य सम्पन्न गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्छ ।

(२) आयोगले कुनै उजूरी उपर प्राथमिकता दिई अनुसन्धान गर्ने निर्णय गरेको भएमा अनुसन्धान अधिकृतले सो उजूरीका सम्बन्धमा प्राथमिकता दिई अनुसन्धान गर्नु पर्छ ।

(३) कुनै कारणबस तोकिएको समयभित्र अनुसन्धान कार्य पूरा हुन नसक्ने अवस्था भएमा हालसम्म अनुसन्धानमा भएको प्रगति, अव गर्नु पर्ने अनुसन्धान कार्यको विवरण समेत उल्लेख गरी बांकी काम सम्पन्न गर्न आवश्यक पर्ने म्याद थप गरिपाउन सचिव मार्फत आयोग समक्ष पेश गर्नु पर्छ ।

(४) अनुसन्धान अधिकृतले अनुसन्धान प्रतिबेदन नियमावलीको फाराम नं .. बमोजिमको ढाँचामा तयार गर्नु पर्छ ।

**३८. प्रतिवेदन पेश गर्ने :**

(१) अनुसन्धान अधिकृतले आफूलाई तोकिएको अनुसन्धान कार्य समाप्त भएको सात दिनभित्र सो सम्बन्धी प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) अनुसन्धान अधिकृतले स्वयं आयोगको बैठकमा उपस्थित भई आफूले तयार गरेको विस्तृत अनुसन्धान प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ ।

(३) सचिवले अध्यक्षसँग परामर्श गरी आयोगमा पेश हुने प्रतिबेदनको प्राथमिकता क्रम निर्धारण गर्नु पर्नेछ ।

(४) आयोगमा पेश भएका अनुसन्धान प्रतिवेदन उपर आयोगबाट छलफल भई निर्णय भएपछि सचिवले सो निर्णय पुस्तिकामा बैठकमा उपस्थित अध्यक्ष तथा सदस्यहरुको दस्तखत गराउनु पर्छ ।

(५) छलफलको क्रममा प्रतिवेदनमा केही विषयमा स्पष्ट गर्न आवश्यक देखी आयोगले कुनै आदेश दिएमा सम्बन्धित अनुसन्धान अधिकृतले सोही प्रतिवेदनमा प्रष्ट पार्नु पर्ने कुराहरु खुलाई पुनःप्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम आयोगबाट अन्तिम टुंगो लागेको फाईल सम्बन्धित अनुसन्धान अधिकृतले आयोगको निर्णयको प्रतिलिपि एवं प्रतिवेदनसहित पञ्जिका बनाई १५ दिनभित्र तामेली शाखामा बुझाउनु पर्छ ।

**३९. उत्खनन् गर्नेः**

(१) कुनै उजूरीका सम्बन्धमा अनुसन्धान गरी पेश हुन आएको प्रतिवेदनको आधारमा बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने खुल्न आई वा आयोग आफैंले कुनै स्थानको उत्खनन् गर्नु पर्ने अवस्था देखेमा त्यस्तो उत्खनन् सम्बन्धी कार्यको व्यवस्थापन गर्न सचिवले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उत्खनन्को लागि लाग्ने खर्च, भौतिक एवं जनशक्ति, सो को लागि लाग्न सक्ने समयावधी समेतको आधारमा प्रस्ताव बनाई आयोग समक्ष पेश गर्नु पर्छ ।

(३) उपदफा (१) बमोजिमको उत्खनन् कार्य सम्बन्धी र त्यसको व्यवस्थापन सम्बन्धमा आयोगले छुट्टै प्रकृया वा कार्यविधि बनाउनु पर्नेछ ।

**४०. <u>अनुसन्धान समाप्त भएपछि गर्नु पर्ने काम</u> :**

(१) कुनै घटनाको सम्बन्धमा गरिएको अनुसन्धानको काम समाप्त भएपछि सम्बन्धित अनुसन्धान अधिकृतले देहाय बमोजिमको कार्य सम्पन्न गर्नु पर्छ :

क) त्यस्तो अनुसन्धानको सिलसिलामा तारेखमा बसेको वा खोजेका बखत उपस्थित हुने कागज गराइएका व्यक्तिलाई आयोगबाट भएको निर्णयको जानकारी दिनु पर्ने भए सो दिई तारेख टुटाई दिने,

ख) परिचयपत्र उपलब्ध गराउन तथा परिपूरणको लागि सिफारिस गर्ने प्रयोजनको लागि मिसिल सम्बन्धित शाखामा पठाउने,

ग) अनुसन्धानको सिलसिलामा झिकाइएको कागजात सम्बन्धित कार्यालयमा वा व्यक्तिलाई फिर्ता गर्ने,

(२) आयोगबाट कुनै उजूरी तामेलीमा राख्ने निर्णय भएमा अनुसन्धान अधिकृतले देहाय बमोजिम गर्नु पर्छः

क) उजूरी तामेलीमा राख्ने निर्णय भएपछि अनुसन्धान अधिकृतले उजूरीको लगत कट्टा गरी निर्णयको जानकारी सम्बन्धित व्यक्तिलाई दिने,

ख) आरोपित व्यक्तिलाई तारेखमा राखिएको भए तारेख टुटाइदिने,

ग) आयोगबाट उजूरी तामेलीमा राख्ने निर्णय भएपछि अनुसन्धान अधिकृतले उजूरीको प्रतिलिपि र सक्कल कागजात सम्बन्धित व्यक्तिलाई फिर्ता दिने,

घ) छानबिनको सिलसिलामा आरोपित व्यक्तिको राहदानी वा कुनै सेवा सुविधा रोक्का भएको भए फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाइदिने,

ङ) माथि प्रकरण (क), (ख), (ग) र (घ) बमोजिमको कार्य सम्पन्न भइसकेपछि फाइल तामेली शाखामा बुझाई दिने ।

च) सम्बन्धित विषयमा आयोगले दिएको अन्य निर्देशन कार्यान्वयन गर्ने ।

## परिच्छेद -७
## विविध

**४१. <u>बाधा अड्काउ फुकाउने</u>** :- यस  निर्देशिकामा उल्लिखित कुनै कुरा वा आयोगबाट भएको निर्णय वा आदेश कार्यान्वयन गर्न कुनै कठिनाई वा बाधा परेमा अनुसन्धान अधिकृतले आयोगसमक्ष त्यस्तो बाधा अड्काउ फुकाउनको लागि प्रस्ताव पेश गर्नु पर्नेछ ।

**४२. <u>अनुसन्धान अधिकारी आयोगप्रति उत्तरदायी हुने</u>** : अनुसन्धान अधिकारी अनुसन्धान सम्बन्धी कामको लागि आयोग प्रति उत्तरदायी हुनेछ ।

**४३. <u>जिम्मेवारीबाट हटाउन सक्ने</u> :**

(१) अनुसन्धानको काममा खटिएको नेपाल सरकारको कर्मचारी वा सो काममा संलग्न अन्य कुनै कर्मचारी, सुरक्षाकर्मी वा व्यक्तिले अनुसन्धानको स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा सो काममा संलग्न व्यक्तिलाई निजको जिम्मेवारीबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगको जिम्मेवारीबाट हटाइएको कुनै कर्मचारी वा सुरक्षाकर्मीलाई विभागीय कारबाही गर्नु पर्ने भएमा आयोगले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

**४४. <u>नियमित बैठक बस्ने:</u>**

(१) अनुसन्धान अधिकृतबाट अनुसन्धान सम्बन्धी विषयमा भएको प्रगति र सो विषयमा नियमित सुधारका विषयमा छलफल गर्न मासिक रुपमा अध्यक्षको संयोजकत्वमा अनुसन्धान अधिकृतको बैठक बस्नेछ ।

(२) उजुरीको अनुसन्धान सम्बन्धी प्रकृयागत, नीतिगत तथा व्यवस्थापन सम्बन्धी विषयमा नियमित सुधारको लागि अपनाउन सकिने उपायका विषयमा छलफल गर्न मासिक रुपमा सचिवको संयोजकत्वमा महाशाखा प्रमुख र अनुसन्धान अधिकृतहरुको बैठक बस्नेछ । यस्तो बैठकको निष्कर्ष सचिवले आयोगलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

## अनुसूची-८

**बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा आवश्यक संशोधनको मस्यौदा**

| क.सं | संशोधन हुनु पर्ने बिषय | हालको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | बेपत्ता पारिएका व्यक्तिको कानुनी अवस्था के हुने भन्ने सम्बन्धमा स्पस्ट व्यवस्था समावेश गर्नु पर्ने । | हाल यस्तो व्यवस्था नरहेको | प्रचलित कानुन अनुसार व्यक्ति जीवीत वा मृतकको हैसियत मात्र रहने हुन्छ । सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्ति जीवित वा मृतक कुन अवस्थामा रहेका छन् भन्ने हालसम्म यकिन हुन नसकेको कारण सम्पति, हक हस्तान्तरण लगायतका कानुनी बिषयमा त्यस्ता व्यक्तिका परिवारले समस्या भोग्नु परेको अवस्था भएकाले यस्ता बिषयका समस्या सम्बोधन गर्न वेपत्ता पारिएका व्यक्तिको कानुनी हैसीयत सम्बन्धी कानुनी व्यवस्था हुन आवश्यक रहेको छ ।<br><br>विभिन्न मुलुकहरुमा यस्तो व्यवस्था सम्बन्धमा कानुन तर्जुमा गरिएको पाइन्छ । जस्तैः<br><br>• Bosnia Hergegovina- Law on Missing Persons (2004)<br>• Argentina- Absence Due |

| | | | |
|---|---|---|---|
| | | | to Forced Disappreance (1995)<br>• Chile- Law No.20.377 (2009)<br>• Peru- Law No.28413<br>• Colombia- Law No.1531(2012) |
| २ | आयोगले उपयुक्त सम्झेका अन्तरिम राहत वा परिपूरणका लागि नेपाल सरकारलाई निर्देशन दिन सक्ने व्यवस्था राख्ने । | दफा २३<br>(१) यस ऐन बमोजिम छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । | दफा २३ मा छानविन गरिसकेपछि आफैले परिपूरणको सिफारिस गर्न सक्ने व्यवस्था रहेको तर अन्तरिम परिपूरण तथा अन्तरिम राहतको व्यवस्था नरहेको तर आयोगले आवश्यकतानुसार त्यसका लागि नेपाल सरकारलाई निर्देशन दिन सक्ने व्यवस्था भएमा पीडितलाई न्याय र उनीहरुको तत्कालको आवश्यकता समेत संवोधन गर्न सहज हुने भएकाले |
| ३ | पीडित एक भन्दा बढी हुन सक्ने र निजहरु एकभन्दा बढीलाई परिपूरण दिन सकिने स्पस्ट रुपमा व्यवस्था गर्ने । | दफा २३ (२)<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत | दफा २३ (२) मा रहेको कुनै सदस्यलाई भन्ने व्यवस्थाले १ जना मात्रलाई जनाउने र दफा २३ (६) मा नजिकको सदस्यलाई मात्र परिपूरण दिन सकिने भएको र पीडितहरु एकभन्दा बढी भै उनीहरु सबै पीडितलाई परिपूरण दिन आवश्यक |

| | | | |
|---|---|---|---|
| | | उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ<br><br>दफा २३ (६)<br><br>(६) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइनेछ । | हुने भएकाले । |

## अनुसूची-९

## व्यक्ति बेपत्ता पार्ने कार्य (कसूर र सजाय) सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : व्यक्ति बेपत्ता पार्ने कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई सजाय गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय ) ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्ति तथा नेपालमा कुनै व्यक्तिको अपहरण गरी नेपाल बाहिर लगी बेपत्ता पार्ने कार्यसमेतलाई जनाउँछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कसूरदार" भन्नाले व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले मुख्य कसूरदार समेतलाई जनाउँछ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजु भाई वा दिदी बहिनी सम्झनु पर्छ ।

(घ) "पीडित" भन्नाले व्यक्ति बेपत्ता पार्ने कार्यबाट मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानी नोक्सानी पुगेको वा थुना वा नियन्त्रणमा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ ।

(ङ) "बेपत्ता पारिएको व्यक्ति" भन्नाले व्यक्ति बेपत्ता पार्ने कार्यबाट पीडित व्यक्ति सम्झनु पर्छ।

(च) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ :-

(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्वन्धमा जानकारी नदिने ।

(२) कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै व्यक्तिलाई पक्राउ वा अपहरण गरी, कब्जामा वा नियन्त्रणमा लिई वा अन्य कुनै किसिमले निजको बैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने, त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा सरोकारवालालाई जानकारी नदिने ।

## परिच्छेद -२
## व्यक्ति बेपत्ता पार्ने कार्य गर्न, गराउन नहुने

३. **व्यक्ति बेपत्ता पार्ने कार्य गर्न, गराउन नहुने :** (१) कसैले व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन हुँदैन ।

(२) कसैले व्यक्ति बेपत्ता पार्ने कार्यमा सहयोग गर्न, षडयन्त्र गर्न, उद्योग गर्न, तयारी गर्न, दुरुत्साहन गर्न वा त्यस्तो अपराधमा मतियार हुन हुँदैन ।

४. **कसूर गरेको मानिने :** (१) कसैले दफा ३ बमोजिमको कार्य गरे वा गराएमा निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(२) कसैले आफू मातहतको पदाधिकारी, निकाय वा समूहद्वारा व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन लागेको कुरा थाहा पाएर पनि प्रहरीमा जाहेर नगरेमा वा त्यस्तो कार्य रोक्ने सम्बन्धमा कुनै उपाय नअपनाएमा निजले समेत यस ऐन बमोजिमको कसूर गरेको मानिने छ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्ति बेपत्ता पार्ने कार्यलाई निरन्तरताको कसूर मानी यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा ३ बमोजिमको कार्य गरे वा गराएको पाइएमा सो कार्यलाई समेत यसै ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

५. **मुख्य कसूरदार मानिने** : (१) कसैलाई एक वा एकभन्दा बढी व्यक्ति वा व्यक्तिको समूहले बेपत्ता पारेमा त्यस्तो कार्यमा संलग्न सबै व्यक्ति मुख्य कसूरदार मानिने छन् ।

(२) कसैको आदेश वा निर्देशन बमोजिम कसैले व्यक्ति बेपत्ता पारेकोमा जुन व्यक्तिको आदेश वा निर्देशन बमोजिम त्यस्तो व्यक्ति पक्राउ गरी, थुना वा कब्जामा राखी वा नियन्त्रणमा लिई बेपत्ता पारेको हो त्यस्तो आदेश दिने र सो आदेश कार्यान्वयन गर्ने व्यक्ति मुख्य कसूरदार मानिनेछ ।

६. **सजाय :** (१) कसैले देहायका कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) कुनै व्यक्तिलाई एक महिनासम्म बेपत्ता पारेमा कसूरदारलाई तीन महिनादेखी तीनवर्षसम्म कैद र तीसहजार रुपैंयादेखी एकलाख पचासहजार रुपैंयासम्म जरिवाना हुनेछ ।

(ख) कुनै व्यक्तिलाई खण्ड (क) मा लेखिएभन्दा बढी समयसम्म बेपत्ता पारेमा त्यस्तो कसूरदारलाई तीनवर्षदेखि पन्ध्रवर्षसम्म कैद र एकलाख पचासहजार रुपैंयादेखि पाँचलाख रुपैंयासम्म जरिवाना हुनेछ ।

(ग) बेपत्ता पार्ने कार्यमा सहयोग गर्ने, तयारी गर्ने, षडयन्त्र गर्ने, उद्योग गर्ने वा बेपत्ता पार्न दुरुत्साहन दिने वा त्यस्तो अपराधका मतियारलाई बेपत्ता पार्ने मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(घ) यस ऐन अन्तर्गतको कसूरको आरोप वा अभियोग लागेको व्यक्ति वा अन्य कुनै व्यक्तिले सो अपराधसंग सम्बन्धित कुनै प्रमाण, लिखत वा अन्य कागजात जानी जानी वा वदनियतपूर्वक लोप वा नष्ट गरे वा गराएमा निजलाई एक महिनादेखी एक वर्षसम्म कैद वा एकलाख रुपैंयासम्म जरिवाना वा दुवै हुनेछ ।

(२) कसैले महिला, बालबालिका, जेष्ठ नागरिक वा अपांगलाई बेपत्ता पारेमा उपदफा (१) बमोजिम हुने सजायमा पचास प्रतिशत थप सजायसमेत हुनेछ ।

(३) कसैले कुनै व्यक्ति बेपत्ता पारेको अवधिमा प्रचलित कानून बमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको भए निजलाई त्यस्तो कानून बमोजिम हुने सजायमा यस ऐन बमोजिम थप सजायसमेत हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न मुख्य कसूरदार बाहेक अन्य कुनै कसूरदारले छानविन वा मुद्दाको सुनुवाई गर्दा अनुसन्धान अधिकृत, अभियोजनकर्ता वा अदालतलाई सत्य, तथ्य पत्ता लगाउन सहयोग गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम हुने सजायमा पचहत्तर प्रतिशतसम्म कम सजाय गर्न सक्नेछ।

(५) कुनै कसूरदारले उपदफा (४) बमोजिम सहयोग गरेको कुरा अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले अनुसन्धान अधिकृत वा अभियोजनकर्तालाई गरेको सहयोगको प्रतिकूल हुने गरी मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेमा निजले उपदफा (४) बमोजिमको सजायमा छुट पाउने छैन ।

७. **कसूरसँग सम्वन्धित मालसामान जफत हुने** : (१) यस ऐन बमोजिम सजाय हुने कसूरमा कसूरदारले प्रयोग गरेका हातहतियार, भवन, सवारी साधन तथा अन्य मालसामान जफत हुनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकाय वा सार्वजनिक संस्थाको नाममा रहेका वा सम्वन्धित धनीलाई जानकारी नदिई वा निजले त्यस्तो कसूर गर्न प्रयोग गर्ने कुरा थाहा नपाई निजको सहमतिले प्रयोग गरिएका हातहतियार, भवन, सवारी साधन तथा अन्य मालसामान जफत हुने छैनन् ।

८. **क्षतिपूर्ति पाउने** : (१) बेपत्ता पारिएको व्यक्ति सार्वजनिक भएमा त्यस्तो बेपत्ता भएको अवधिकोमात्र मुद्दा हेर्ने अधिकारीबाट निर्धारण भए बमोजिमको रकम कसूरदारबाट क्षतिपूर्ति पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बेपत्ता पार्ने व्यक्तिको आर्थिक अवस्था कमजोर भएको कारण पीडितले क्षतिपूर्ति पाउने अवस्था नदेखिएमा मुद्दा हेर्ने अधिकारीले पीडितलाई क्षतिपूर्ति बापत मनासिव रकम उपलब्ध गराइदिन नेपाल सरकारलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नु अघी बेपत्ता पारिएको व्यक्तिको मृत्यु भएमा क्षतिपूर्ति बापतको रकम निजको परिवारले पाउनेछ ।

(४) उपदफा (३) बमोजिम क्षतिपूर्तिको रकम पाउने पीडितको परिवार एकभन्दा बढी भएमा तोकिए बमोजिमका परिवारले त्यस्तो रकम पाउनेछन् ।

९. **धनमाल फिर्ता गराई दिनु पर्ने** : कुनै व्यक्ति बेपत्ता पारिएको समयमा निजको धनमाल समेत बेपत्ता पारिएको ठहर भएमा मुद्दा हेर्ने अधिकारीले बेपत्ता पार्ने व्यक्तिसंग त्यस्तो धनमाल भए सोही धनमाल र त्यस्तो धनमाल नभएमा सो धनमाल बराबरको रकम निजबाट पीडितलाई दिलाई दिनु पर्नेछ ।

## परिच्छेद -३
## विविध

**१०. फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था :** (१) यस ऐन अन्तर्गतको कसूर गर्ने कुनै व्यक्ति फरार रहेको वा पक्राउ हुन नसकेमा त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी भएको एकतीसौं दिन देखि निज अदालतमा उपस्थित नभएसम्म अदालतले सम्बन्धित निकाय वा अधिकारीलाई देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :

(क) कसूरदार नेपाल सरकार, संबैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठीत संस्था, स्थानीय तह, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भएमा निजलाई तुरुन्त आफ्नो पदबाट निलम्बन गर्न,

(ख) कसूरदारको नाममा रहेको चल, अचल सम्पत्ति रोक्का राख्न,

(ग) कसूरदारलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा आदि प्राप्त गर्न वा प्रयोग गर्नबाट रोक लगाउन,

(घ) कसूरदारलाई नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाबाट प्रदान गरिने सेवा सुविधा तथा सामाजिक सुरक्षा लगायतका अन्य कुनै सेवा प्रदान नगर्न,

(ङ) कसूरदार नेपाल बाहिर रहेको जानकारी प्राप्त हुन आएमा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने सो सम्बन्धी कारबाही गर्ने र त्यस्तो अवस्था नभएमा कसूरको गाम्भिर्यता अनुसार निजलाई पक्राउ गर्न कूटनीतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न ।

(२) उपदफा (१) बमोजिमको आदेशको सूचना अदालतले सम्बन्धित निकाय वा अधिकारीलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएमा सम्बन्धित निकाय वा अधिकारीले आदेश कार्यान्वयन गरी सो को जानकारी अदालतलाई दिनु पर्नेछ ।

**११. उजूरीकर्ता तथा साक्षीको संरक्षण :** (१) व्यक्ति बेपत्ता पार्ने कार्यको बारेमा उजूरीकर्ता, सूचना दिने व्यक्ति तथा साक्षीको विवरण तोकिए बमोजिम गोप्य राखी संरक्षण गर्नु पर्नेछ ।

(२)यस ऐन अन्तर्गतको मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्न लागेमा निजले सोको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अदालते आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुनेछ ।

(५) यस दफा बमोजिम साक्षी संरक्षणका लागि अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।

१२. **श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्ने सकिने** (१) यस ऐन बमोजिम बुझ्नु पर्ने साक्षी शारीरिक रुपमा अशक्त भएको वा नावालक भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत यस्तो साक्षी बुझ्नको लागी अदालतमा निवेदन दिन सक्नेछ ।

(२) कुनै खास प्रकृतिको साक्षीको परिक्षण श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत गराउन अदालतले आदेश गरेमा सोही बमोजिम साक्षी परीक्षण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा र निवेदनमा उल्लेखित कारण मानसिव देखिएमा वा उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा अदालतले त्यस्तो साक्षी श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझ्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम श्रव्य (दृश्य संवाद (भिडियो कन्फरेन्स) गर्दा अदालतको अनुमति लिई मुद्दाको सम्बन्धित पक्ष त्यस्तो सम्वाद स्थलमा उपस्थित भई सोधपुछ जिरह वा पुनःसोधपुछ गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम साक्षी वुझ्दा त्यस्तो साक्षीले व्यक्त गरेको कुरा अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ । अदालतले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को अभिलेख राख्नु पर्नेछ ।

(६) श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझेको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ।

१३. **सरकारबादी हुने :** यस ऐन अन्तर्गत चलेको मुद्दामा नेपाल सरकार बादी हुनेछ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

१४. **हदम्याद नलाग्ने** : यस ऐन अन्तर्गतको मुद्दामा हदम्याद लाग्ने छैन ।

१५. **मुद्दा हेर्ने क्षेत्राधिकार** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दा हेर्ने क्षेत्राधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतबाट भएको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **नियम बनाउने** : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची -१०

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको संचार नीति, २०७२

### १. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको परिचय

नेपालमा २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गते सम्म भएको सशस्त्र द्वन्दलाई समाप्त गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच मिति २०६३ साल मंसिर ५ मा सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख भएको, यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुको पहिचान तथा उनीहरुलाई राहत उपलब्ध गराउने कुरा उल्लेख छ । यसैगरी विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन,सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारीभई मिति २०७१ साल माघ २८ गते अध्यक्षसहित पाँच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

द्वन्द्वकालमा मानवअधिकार उल्लंङघनका घटनाहरू बढी मात्रामा घट्ने गरेका हुन्छन् । यसरी यस अवधिमा घटेका घटनाका सम्बन्धमा पनि पीडितले न्याय पाउने अधिकार राख्दछन् । तर, द्वन्द्वकालमा घटित यस्ता घटनालाई मुलुकको विद्यमान न्यायिक एवं प्रशासनिक संयन्त्र र संरचनाबाट मात्र पूर्णतया सम्बोधन गर्न सकिँदैन भन्ने विश्वव्यापि मान्यता रही आएकोछ । यसैले द्वन्द्वबाट गुज्रिएका धेरैजसो मुलुकहरूले आ-आफ्नो खालका संक्रमणकालीन न्यायका संयन्त्रहरू निर्माणगरेको पाइन्छ । यस्ता संयन्त्रहरूले पीडित व्यक्तिको सत्य जान्न पाउने हक (Right to Truth) को संरक्षण गर्दैराष्ट्रलाई दिगो शान्ति र मेलमिलापतर्फ अगाडिबढाउने र दण्डहिनतालाई निरुत्साहित गर्न सहयोग मिल्ने अपेक्षा राखिन्छ । यही विश्वासका साथ नेपालको अन्तरिम संविधान, २०६३ र बृहत्त शान्ति सम्झौतामा उल्लिखित संक्रमणकालीन न्यायका विशिष्ट उद्देश्यहरू पूरा गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको हो ।

### २. संचार नीतिको परिचय र आवश्यकता

जनतालाई सार्वजनिक निकायबाट सम्पादन हुने कार्यबारे सुसूचित गराई पारदर्शीता प्रवर्द्धन गर्न तथा लोकतन्त्रको संस्थागत विकासका लागि समेत सूचना तथा सञ्चार एक महत्वपूर्ण आधार हो । नेपालको संविधानले सूचनाको हकलाई महत्व प्रदान गर्दै मौलिक हकमा समावेश गरेको छ । आयोगको कार्यलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीयरुपमा व्यवस्थापन गर्न सूचना व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आयोगले गर्ने हरेक चरणका कार्य र गतिविधिका बारेमा आम नागरिक, पीडित र अन्य सरोकारवालाहरुको चासो तथा सरोकारलाई सम्वोधन गर्न सूचनाको उचित व्यवस्थापन गरिनु पर्दछ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुलाई आयोगबाट सम्पादित हुने कार्य तथा समग्र गतिविधिहरुको तथ्यपरक सूचना उपलब्ध गराई ती माध्यमहरुमार्फत आम नागरिकसमक्ष सत्य, तथ्य र विश्वसनीय सूचना पुऱ्याउनु आवश्यक हुन्छ । यसैले आयोगसँग सम्बन्धित सूचना तथा सन्देशहरुको सङ्कलन, प्रशोधन, विश्लेषण तथा वितरणको कार्यलाई व्यवस्थित बनाउन, आम नागरिक, पीडित र सरोकारवालाहरुसमक्ष सत्य, तथ्य र विश्वसनीय सूचना प्रवाह गर्न, सञ्चार माध्यमसँग उचित समन्वय गर्न तथा आयोगको आन्तरिक एवं बाह्य समग्र सञ्चार प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन यो संचार नीति तयार गरिएको छ ।

द्वन्द्वपश्चात् शान्ति स्थापनाको विषय र संक्रमणकालीन न्यायका संयन्त्रहरू स्थापना गर्ने विश्वव्यापी मान्यता स्थापित भएको भएपनि नेपालका सन्दर्भमा यो नौलो बिषय हो । यसैले यस आयोगले आफनो दायित्व सफलतापूर्वक पूरा गर्न विभिन्न कठिनाई र चुनौती सामना गर्नु पर्ने हुन सक्छ । यस्ता चुनौतीहरू सामना गर्न आयोगको कार्यशैली, कार्यविधि र क्षेत्राधिकार लगायतका विषयमा सबै सरोकारवालाहरूलाई प्रष्ट पार्नु र उनीहरुको पनि आयोगप्रति विश्वास आर्जन गर्नु जरुरी छ । तसर्थ, यो आयोग र यसका प्रक्रिया, सूचना, तथ्यांक आदिको जानकारी द्वन्द्व व्यवस्थापन, पुनर्स्थापना एवं संक्रमणकालीन न्याय जस्ता विषयमा काम गर्ने पेशाकर्मीहरू, नीति निर्माताहरू, अध्ययन-अनुसन्धानकर्ताहरू तथा यस विषयमा प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्ने व्यक्ति तथा संघसंस्थाहरूमा व्यवस्थित रुपमा प्रवाह गर्नु आवश्यक हुन्छ ।

मिति २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म भएको शसस्त्र द्वन्द्वको अवधिमा घटित व्यक्ति वेपत्ता पार्ने घटनाहरूको सत्य तथ्यको छानबिन प्रकृया, यस आयोगको क्षेत्राधिकार, यस आयोगले सम्पादन गर्ने कार्यहरु आदिका बारेमा पीडित, राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय-अन्तराष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरू, मानवअधिकारकर्मी,आम संचार माध्यम आदिको चासो र सरोकार रहदै आएको छ ।

सूचना र संचारलाई महत्वपूर्ण शक्तिको रुपमा लिइन्छ । हरेक संगठनका लागि यस्तो सूचना र संचारको व्यवस्थित प्रवन्ध अति आवश्यक मानिन्छ । अहिले संचार माध्यममा भइरहेको द्रुततर विकासका कारण कुनै पनि संस्थाको प्रभावकारिता त्यसले अवलम्बन गर्ने संचार नीतिमा धेरै हदसम्म निर्भर रहने स्थिति सृजना भएको छ । सूचना र संचारको सम्प्रेषण गर्न आमसंचारका माध्यमहरूको महत्वपूर्ण भूमिका हुन्छ । आयोगलाई प्राप्त हुने र यसले प्रदान गर्ने सूचना तथा जानकारीले आयोगका गतिविधिका बारेमा जनचेतना अभिवृद्धि गर्ने, आयोग प्रति विश्वसनियता बढाउने तथा ऐनमा भएको व्यवस्था बमोजिम गोपनियता र पारदर्शितालाई सन्तुलित र समुचित रुपमा प्रयोग गर्ने वातावरण सृजना गर्न संचार नीतिको आवश्यकता परेको हो ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १९ मा आयोगले आफ्नो काम कारबाही खुला तथा पारदर्शी रुपमा गर्नु पर्ने, कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानविन प्रकृयालाई प्रतिकूल असर पार्ने काम कारबाही गोप्य गर्न सकिने र आयोगले आफ्नो काम कारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्न सक्ने व्यवस्था रहेको छ । ऐनले व्यवस्था गरेका यी बिषयलाई व्यवस्थित गर्न समेत यस संचार नीतिको आवश्यकता परेको हो ।

## ३. संचार नीतिका उद्देश्य

सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक सत्य तथ्य जनसमक्ष ल्याउने, पीडित तथा पीडक यकीन गर्ने, पीडितका परिवारका सदस्यहरुलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने, पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने लगायतका कार्य सम्पादन गर्ने उद्देश्यले गठित यस आयोगका कामहरू पारदर्शी, विश्वसनीय र प्रभावकारीरूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु यस संचार नीतिको मूल उद्देश्य हो । सो कार्य सम्पन्न गर्न यो नीतिले देहाय बमोजिमका थप उद्देश्यहरू लिएको छ ।

३.१ आयोगको आन्तरिक र बाह्य सञ्चारलाई व्यवस्थित गरी आयोगको कार्यसंग सम्बन्धित सत्य, तथ्य र विश्वसनीय सूचनालाई प्रभावकारी माध्यमबाट पीडित लगायत आम नागरिकलाई छिटो, छरितो र भरपर्दोरुपमा उपलब्ध गराउने ।

३.२ आयोगका कार्यसंग सम्बन्धित सूचना तथा सन्देशहरुको सङ्कलन, प्रशोधन, विश्लेषण तथा वितरणको कार्यलाई व्यवस्थित गर्ने ।

३.३ आयोगको क्षेत्राधिकार, उद्देश्य र आयोगका गतिविधिहरुलाई सार्वजनिक संचार माध्यमहरू मार्फत प्रभावकारीरूपमा सम्प्रेषण गरी नागरिकलाई सुसूचित गर्ने ।

३.४ संचार माध्यमहरूसँगको समन्वयमा आयोगको कार्यसम्पादनलाई प्रतिष्ठित र मर्यादित बनाउदै आयोगप्रति राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रको विश्वसनीयता बढाउने ।

## ४. नीति

आयोगको उद्देश्य बमोजिम गरिएका र गर्न लागिएका गतिविधि बारेका सूचना तथा जानकारीहरु आम सरोकारवालासमक्ष पुऱ्याउने आयोगको उद्देश्य कार्यन्वयन गर्दा देहाय बमोजिमका नीति अवलम्बन गरिनेछ ।

४.१ नेपालकोसंविधान, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१को मर्मअनुसार आयोगका गतिविधि तथा क्रियाकलापसम्बन्धी सूचनाको सहज सम्प्रेषण गरिनेछ । प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्नु पर्ने बिषयमा वाहेक अन्य बिषयका सूचना सार्वजनिक गर्ने नीति अख्तियार गरिने छ ।

४.२ आयोगले गर्ने क्रियाकलापमा सूचना र संचारसँग सम्बन्धित विषयलाई समावेश गरी सो सम्बन्धी सामग्रीको संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, अभिलेखीकरण र भण्डारण व्यवस्थित रुपमा गरिने छ । यसका लागि उपयुक्त संयन्त्र स्थापना गरिनेछ ।

४.३ आयोगसँग सम्बन्धित सत्य, तथ्य र विश्वसनीय सूचना आम नागरिकसमक्ष छिटो तथा छरितो रुपमा सम्प्रेषण गर्न आयोगको आन्तरिक तथा बाह्य सूचना प्रणालीलाई सरल र सहज बनाइनेछ ।

४.४ सूचना तथा सञ्चार व्यवस्थापनका लागि आयोगकोसंस्थागत व्यवस्था र क्षमता विकासमा जोड दिइनेछ ।

४.५ सूचना प्रणालीलाई सवल र प्रभावकारी बनाउन सरोकारवालासँग आवश्यकता अनुसार सहकार्य गरिनेछ।

४.६आयोगले विद्युतीय माध्यमहरूको समेत अधिकतम रुपमा प्रयोग गर्नेछ र आवश्यकतानुसार यस्तो प्रयोगलाई व्यवस्थित गर्ने उपायहरु अबलम्बन गरिनेछ।

४.७ आयोगले आफ्ना कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालीम सञ्चालन गर्नेछ।

४.८ पिछडिएको समुदाय, वर्ग, क्षेत्र लिङ्गका नागरिकसमक्ष सूचनाको पहुँच पुऱ्याउन यथाशक्य विभिन्न भाषा, शैली तथा माध्यमको अवलम्बन गर्दै लगिनेछ।

४.९ पीडित मैत्री तथा संचार मैत्री संचार नीति अवलम्बन गरिनेछ।

४.१०आयोगको आन्तरिक संचार प्रणालीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाइ संचार प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

४.११ आयोगका सबै किसिमका प्रकाशनहरुलाई एकरुपता दिदै त्यस्ता प्रकाशनहरुलाई व्यवस्थित गरिनेछ।

## ५. रणनीति तथा कार्यकम

यस संचार नीतिमा प्रस्तावित उद्देश्य हासिल गर्न उपयुक्त कार्ययोजना, तर्जुमातथा कार्यक्रमलाई अगाडि बढाउनुपर्ने हुन्छ । त्यसैलेयस संचार नीतिले परिलक्षित गरेका उद्देश्य तथा नीतिको कार्यान्वयनका लागि देहाय बमोजिमकारणनीति र कार्यक्रम संचालन गरिनेछ।

### ५.१. सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम

आयोगको आधिकारिक दृष्टिकोण, सूचना र गतिविधिहरु समयमै जनतामाझ पुऱ्याउनका लागि आम संचार माध्यमहरु, अखवार, पत्रपत्रिका, रेडियो, इन्टरनेट,वेवसाइट, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल, स्काइप,भाइबर, व्हाट्स एप जस्ता माध्यम प्रयोग गरिने छ। प्रभावकारीरूपमा सूचना संप्रेषणका लागि मूलत निम्नलिखितरणनीतिक कार्यक्रमहरु संचालन गरिनेछ।

### ५.१.१. आमसञ्चार माध्यमसँग सहकार्य

- आयोगले संचार मैत्री नीतिलाई अबलम्बन गर्ने सन्दर्भमा सार्वजनिक तथा निजी छापा, श्रव्य, दृश्य प्रसारण संस्था र विद्युतीय संचार माध्यमहरूसँगको सहकार्यमा जोड दिने छ।
- आयोगका दृष्टिकोण, काम कारबाही तथा सूचनाहरूलाई संचार माध्यममा समाचार, विचार, टिप्पणी, सम्पादकीय, बहस, अन्तरक्रिया र परिसंवाद मार्फत प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहित गरिनेछ।
- आयोगबाट निर्वाह हुनुपर्ने भूमिका, बेपत्ता पारिएका व्यक्तिको खोजविन र वेपत्ता परिवारमा परेको मनोवैज्ञानिक असर न्यून गर्नको लागि संचार तहका प्रकाशक, सम्पादक, लेखक, संचारविद् तथा संचारकर्मीहरूसँग समेत आवधिक संवाद तथा परामर्श गरी आवश्यकतानुसार उपयुक्त कार्यक्रम र रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने छ।

### ५.१.२. <u>सार्वजनिक महत्वको सन्देश प्रकाशन तथा प्रसारण</u>

- बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित यस्तै प्रकृतिका अन्य मुलुकको अभ्यास र उनीहरुको कार्यसम्पादन जस्ता बिषयमा अध्ययन गरी प्रकाशन प्रसारण गरिनेछ ।
- यस आयोगको क्षेत्राधिकार, द्वन्द्वपीडितको अधिकार र कर्तव्य, दिगो शान्ति, सार्वजनिक महत्वका सन्देशहरु नियमित रुपमा प्रकाशन तथा प्रसारण गरिने छ ।

### ५.१.३. <u>श्रव्य दृश्य कार्यक्रम प्रसारण</u>

- आयोगले आवश्यकता र प्रभावकारीताका आधारमा आफ्ना काम कारवाही र गतिविधिहरुलाई श्रव्य तथा दृश्य माध्यमबाट प्रसारण गराउने छ ।

### ५.१.४. <u>नियमित पत्रकार सम्मेलन</u>

- आयोगको प्रवक्ताले सामान्यतयाः मासिक रूपमा नियमित पत्रकार सम्मेलनगरी सरोकारवालाहरूलाई वस्तुगत सूचना जानकारी दिने प्रक्रिया प्रारम्भ गरिनेछ ।
- नियमित बाहेक आवश्यकतानुसार विशेष समय र परिस्थितिमा थप पत्रकार सम्मेलन समेत गरिनेछ ।

### ५.१.५. <u>अभिमुखीकरण</u>

- आयोगको गठन,  क्षेत्राधिकार, कार्यपद्दती जस्ता बिषयहरु समावेश गरी संचारकर्मीहरुलाई अभिमूखीकरण गरिने छ ।
- संचार सीप र यसका विविध पक्षहरुमा आयोगमा कार्यरत कर्मचारीहरुलाई अभिमुखिकरण गरिने छ ।

### ५.१.६.<u>बिद्युतीय माध्यमको प्रयोग</u>

- आफ्ना सूचना तथा जानकारी प्रभावकारीरूपमा सरोकारवालाहरूसमक्ष पुऱ्याउन आयोगको वेभ साइटमा नियमित रुपमा नेपाली र अङ्ग्रेजी भाषामाअपडेट गरिनेछ ।
- अनलाइन मार्फत उजूरी दिने व्यवस्था गरिनेछ ।
- आयोगको इमेललाई नियमित रुपमा चेक गरी इमेललाई बढी रुपमा प्रभावकारी बनाइनेछ । आयोगभित्रका काम कारबाहीको आन्तरिक रुपमा संप्रेषण गर्न समेत इमेलको उपयोग अधिकतम रुपमा गरिने छ ।
- हाल प्रचलनमा रहेका स्काइप, भाइवर र व्हाट्स एप प्रविधिको एकाउण्ट मार्फत आयोगका गतिविधिहरु सार्वजनिक गरिनेछ ।
- आयोगले आफ्ना सूचना तथा जानकारी र कार्ययोजना पीडितहरुसमक्ष पुऱ्याउन हाल प्रचलनमा रहेका सामाजिक संजालहरुमा एकाउण्ट खोली आफ्ना गतिविधिहरु सार्वजनिक गर्नेछ ।

#### ५.१.७ .वृत्तचित्रको प्रयोग

- आयोगले आफ्नो कार्यसँग सम्बन्धित विषयमा वृतचित्रको माध्यमबाट जानकारी गराउनेछ ।

### ५.२. विद्युतीय सञ्चार सामग्रीको व्यवस्थापन

आयोगले विद्युतीय संचार माध्यमको व्यवस्थापन निम्नबमोजिम गर्नेछ :

- आयोगले सत्य अन्वेषणका लागि गर्ने अध्ययन-अनुसन्धानबाट प्राप्त हुने तथ्याङ्क (data) हरूलाई भण्डारण गर्न एउटा प्रभावकारी, समर्पित (Dedicated) अत्याधुनिक प्रविधिको डेटाबेस (Database) स्थापना गर्नेछ ।
- आयोगको अनुसन्धान तथा अन्वेषण लगायतका गतिविधिसँग सम्बन्धित तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू आयोगका सम्पतिको रूपमा रहनेछन् ।
- सामाजिक सञ्जाल लगायत विभिन्न बेवसाइटहरूमा आयोगको अनुसन्धान तथा अनुगमन लगायतका गतिविधिसँग सम्वन्धित तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू प्रकाशन गर्दा अनिवार्य रूपमा आयोगको सहमति लिनुपर्नेछ ।
- आयोगका प्रकाशन, श्रव्यदृश्य सामग्रीहरू तथा अन्य सन्दर्भहरूमा प्रयोग हुने भाषा शान्तिमैत्री तथा पीडितमैत्री हुनेछन् । कुनै लिङ्ग, जाति, धर्म, संस्कृति, समुदाय, वर्ग, क्षेत्र वा सम्प्रदायलाई होच्याउने वा मर्यादामा आँच पुग्ने गरी शब्द तथा वाक्यहरूको प्रयोग गरिनछैन । मानवअधिकारका आधारभूत मूल्य र मान्यताको पालना गरिनेछ ।
- आयोगले राष्ट्रिय भाषाहरूको प्रयोग गर्दा आवश्यकताअनुसार अनुवादकको प्रयोग गरेर ती भाषाहरूको प्रयोगमा प्रोत्साहन गर्नेछ ।
- आयोगको नामबाट प्रकाशन, प्रसारण तथा प्रायोजन गर्ने सबै कार्यक्रमहरू आयोगको निर्णयबाट मात्र गरिनेछ ।

### ५.३. प्रकाशन तथा प्रचार-प्रसार सामग्री उत्पादन तथा व्यवस्थापन

- आयोगलाई पारदर्शी रउत्तरदायी बनाउन, प्रचार सामग्रीहरूसंचार तथा अभिलेख व्यवस्थापन शाखा मार्फत व्यवस्थापन गरिने छ ।

## ६.संरचनागत व्यवस्था

सूचना तथा संचार जस्ता गहन एवं संवेदनशील प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्यमूलक संस्थागत संरचना अपरिहार्य हुन्छ । त्यसैले आयोगमा संचार तथा अभिलेख व्यवस्थापन शाखा स्थापना गर्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण भै सकेको छ । सो शाखाले सम्पादन गर्ने देहायका कार्यहरु सम्पादन गर्न सक्षम हुने गरी आवश्यक व्यवस्था गरिनेछ :

- आयोगको कार्यसंग सम्वन्धित विषयमा पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन-संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरुको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने गराउने,
- शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,

- शान्ति प्रवर्द्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति प्रवर्द्धन कार्यक्रमहरुमा समन्वय र एकरुपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,
- शान्तिर द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, सर्वोच्च अदालतबाट भएको फैसला एवं आदेशहरु, जरनल तथा अध्ययन प्रतिवेदनहरुको संग्रह गर्ने,
- आयोगका प्रकाशनहरुको सम्पादन र व्यवस्थापन गर्ने,
- आयोगको कार्य प्रगतिहरुको सम्बन्धमा जनतालाई सु-सूचित गराउने,
- शान्ति प्रक्रियामा स्थानीय जनसहभागिता जुटाउने,
- शान्ति प्रक्रिया र वार्ताका पक्षहरुमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुवीच सूचना आदान-प्रदान गर्ने,
- आयोगको Web Site अध्यावधिक गर्ने,
- आयोगको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

## ७. समन्वय

यस नीतिको कार्यान्वयन गर्न आयोगले नेपाल सरकार, सञ्चार माध्यम, सञ्चार क्षेत्रका विज्ञ लगायत अन्य संघसंस्था तथा सरोकारवालाहरुसँग समन्वय गर्न सक्नेछ ।

## ८ विविध

आयोगले समय समयमा समयानुकूल परिमार्जन गरी संचार नीतिलाई भरपर्दो, पारदर्शी र पीडित मैत्री बनाउनेछ ।

मर्यादाका लागि
सत्य तथ्य, न्याय र परिपुरण

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
# नेपाल

संचयकोष भवन Block B, पुल्चोक, ललितपुर
टोल फ्रि नं. १६६० ०१ २२१११
वेब ठेगाना www.ciedp.gov.np
फोन नं. ०१ ५०१०१७९, ५०१०१९६,फ्याक्स नं. ०१ ५०१०१६८
ईमेल ठेगाना info@ciedp.gov.np, ciedpnepal@gmail.com

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सम्वन्धी संक्षिप्त जानकारी

## बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग भनेको के हो ?

सशस्त्र द्वन्द्वको समयमा थुप्रै व्यक्तिहरु बलपूर्वक बेपत्ता पारिएका थिए। त्यसरी बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन, पीडकलाई कानूनको दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन स्थापित निकाय नै बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग हो।

## यो कस्तो प्रकृतिको आयोग हो ? र यसले आफ्नो काम कारवाही कसरी सम्पादन गर्छ ?

यो एक स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय आयोग हो। यस आयोगले स्वतन्त्र, निष्पक्ष, कसैप्रति झुकाव, मोलाहिजा वा बद्नियत नराखी नेपालको संविधान, प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि लगायत मानव अधिकार र न्यायका सर्वमान्य सिद्धान्त बमोजिम आफ्नो कार्य सम्पादन गर्छ।

## यस आयोगले कहिलेदेखि कहिले सम्मका घटनाको छानविन गर्छ ?

आयोगले मिति २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गते सम्मका सशस्त्र द्वन्द्वसँग सम्बन्धित व्यक्ति बेपत्ता पारिएका घटनाको मात्र छानविन गर्छ।

## यस आयोगले के के काम गर्छ ?

आयोगले देहाय अनुसारको काम गर्छ:

(क) उपलव्ध भएसम्मका बेपत्ता पारिएका व्यक्ति सम्बन्धी सन्दर्भ सामग्रीको अध्ययन गर्ने,

(ख) पीडित परिवार तथा अन्य व्यक्तिहरुको तर्फबाट उजूरी आव्हान गरी संकलन गर्ने,

(ग) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र उपलब्ध गराउने,

(घ) बेपत्ता पारिएका व्यक्तिहरुको छानविन गरी निजहरुको अवस्था, बेपत्ता पारिएको कारण र प्रकृतिको जाँच गरी अभिलेख राखी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ङ) संभव भएसम्म र आवश्यकतानुसार बेपत्ता पारिएका व्यक्ति गाडिएको ठाउँ पत्ता लगाई उत्खनन् गर्ने,

(च) पीडित तथा पीडक यकीन गर्ने,

(छ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) व्यक्ति बेपत्ता गर्ने कार्यमा संलग्न देखिएका पीडक विरुद्ध मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउने।

(झ) सम्बद्ध पक्षलाई छानविन पछिको जानकारी उपलब्ध गराउने।

## यस आयोगले व्यक्ति बेपत्ता पारिएका घटनाहरूको छानविन कसरी गर्छ ?

आयोगले देहायका आधारमा व्यक्ति बेपत्ता पारिएका घटनाहरुको छानविन गर्छ:

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,

(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,

(ग) आयोगले छानविन गर्न उपयुक्त सम्झेमा।

**यस आयोगले सत्य तथ्य कसरी पत्ता लगाउछ ?**

यस आयोगले देहायका आधारमा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउँछ :

(क) पीडितले उपलब्ध गराएको प्रमाणको विश्लेषण गरेर,

(ख) स्थलगत अध्ययन गरेर,

(ग) पीडकको बयान र साक्षीहरुको भनाई लिएर,

(घ) सार्वजनिक सुनुवाई गरेर,

(ङ) शव गाडिएको ठाउँ पहिचान गरी उत्खनन् गरेर तथा अन्य भौतिक प्रमाणहरुको बैज्ञानिक परीक्षण गरेर,

(च) बेपत्ता पारिएका व्यक्तिहरुसँग सम्बन्धित कागजातहरुको संकलन एवं अध्ययन गरेर,

(छ) खानतलासी तथा अन्य आवश्यक प्रक्रिया अपनाएर।

**परिपूरण भनेको के हो र पीडितलाई परिपूरण दिलाउने कुरामा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको के कस्तो भूमिका हुन्छ ?**

बेपत्ता पार्ने कार्यबाट त्यस्तो व्यक्तिका परिवारहरु पीडामा हुन्छन् र उनीहरुको जीवन यापन, शिक्षा लगायतमा नकारात्मक असर परेको हुन्छ। यसैले बेपत्ता पारिएका व्यक्तिका पीडितहरुले राज्यबाट क्षतिपूर्ति, विभिन्न किसिमका राहत सुविधाहरु र सहुलियत पाउने अधिकार राख्छन्। पीडितको इच्छा वा आवश्यकता बुझी प्राथमिकता अनुसार दिइने क्षतिपूर्ति, सुविधा, सहुलियतलाई परिपूरण भनिन्छ। आयोगले तल उल्लिखित कुराहरु परिपूरणको रुपमा पीडितलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्छ:

(क) नि.शुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत।

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कसले उजूरी गर्न सक्छ ? आयोग आफैले छानविन सुरु गर्न सक्छ वा सक्दैन ?**

आयोगमा पीडित आफैले वा निजको तर्फबाट अन्य जोसुकैले उजूरी गर्न सक्छ। उजूरी लिखित वा मौखिक दुवै हुन सक्छ। कसैले मौखिक रुपमा उजूरी गरेमा आयोगले उजूरीकर्ताले भनेको कुराहरु लिपिवद्ध गर्दछ । पीडितको सुविधाको लागि आयोगले निःशुल्क सेवा प्रदायक नम्बर को व्यवस्था समेत गरेको छ। कसैले उजूरी नदिए पनि कुनै स्रोतबाट आयोगले बेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा सूचना प्राप्त गरेमा त्यस्तो सूचनाका आधारमा आयोग आफैंले छानविन सुरु गर्न सक्छ।

**आयोगमा उजूरी दिदा कुनै दस्तुर लाग्छ लाग्दैन ?**

आयोगमा उजूरी दिँदा कुनै पनि किसिमको दस्तुर लाग्दैन।

**बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा उजूरी दिँदा वा प्रमाण पेश गर्दा उजूरीकर्ता वा साक्षीले आफ्नो सुरक्षा नहुने देखेमा के गर्नु पर्छ ?**

त्यस्तो उजूरीकर्ता वा साक्षीले आफ्नो सुरक्षाको लागि आयोगमा निवेदन दिनुपर्छ।
आयोगले त्यस्तो व्यक्तिको सुरक्षाको उचित व्यवस्थाको लागि सिफारिस गर्छ।

**उजूरीकर्ता वा साक्षीको नाम गोप्य राख्न सकिन्छ कि सकिदैन ?**

उजूरीकर्ता वा साक्षीले उजूरी दिँदा वा वकपत्र गर्दा आफ्नो सुरक्षामा खतरा हुने देखी आफ्नो नाम गोप्य राख्न अनुरोध गरेमा वा गोप्य राख्नु पर्ने अवस्था देखिएमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नेछ।

**उजूरीका साथ के के कुरा खुलाउनु पर्दछ ?**

आयोगले तोकेको स्थान र समयमा सामान्यतया आयोगले तोकेको ढाँचामा आफूलाई थाहा
भएसम्मका कुराहरु उजूरीमा लेखी यसलाई पुष्टि गर्ने कुनै प्रमाण कागजात भए सो समेत संलग्न राखी उजूरी दिनुपर्छ।

**व्यक्ति बेपत्ता पार्ने घटनाको सत्य तथ्य पत्ता लगाउने आयोगको कार्यमा के कसरी सहयोग गर्न सकिन्छ ?**

व्यक्ति बेपत्ता पार्ने घटनाको सम्बन्धमा तथ्यपरक उजूरी दिएर, आयोगले माग गरेको लिखत प्रमाण पेश गरेर, आफूलाई थाहा भएसम्मको जानकारी आयोगलाई उपलब्ध गराएर, आयोगले उपस्थित हुन भनेमा उपस्थित भएर, आयोगले खानतलासी गर्दा सहयोग गरेर आयोगको काममा सहयोग गर्न सकिन्छ।

**व्यक्ति बेपत्ता पार्ने घटनाका सम्बन्धमा मेलमिलाप वा क्षमादान हुन सक्छ वा सक्दैन ?**

व्यक्ति बेपत्ता पार्ने घटनाका सम्बन्धमा मेलमिलाप वा क्षमादान हुन सक्दैन।

## अनुसूची- १२

| सि.नं. | नाम थर | पद | स्थायी/अस्थायी र काज | सेवा र समूह | कैफियत |
|---|---|---|---|---|---|
| १ | लोकेन्द्र मल्लिक | अध्यक्ष | | | |
| २ | विजुल वि.क. दुलाल | सदस्य | | | |
| ३ | प्रा.डा.विष्णु पाठक | सदस्य | | | |
| ४ | नर कुमारी गुरुङ्ग | सदस्य | | | |
| ५ | आइ बहादुर गुरुङ्ग | सदस्य | | | |
| ६ | महेश शर्मा पौडेल | सचिव | स्थायी | नेपाल न्याय सेवा | |
| ७ | कुमुदप्रसाद शर्मा | सहसचिव | काज | नेपाल न्याय सेवा | |
| ८ | रामहरि शर्मा काफ्ले | उपसचिव | काज | नेपाल न्याय सेवा | |
| ९ | परमानन्द घिमिरे | शाखा अधिकृत | काज | नेपाल प्रशासन सेवा | |
| १० | हरिनारायण राजभण्डारी | लेखा अधिकृत | काज | नेपाल प्रशासन सेवा | |
| ११ | गोविन्द प्रसाद हुमागाईं | शाखा अधिकृत | काज | नेपाल न्याय सेवा | |
| १२ | तेजेन्द्र अधिकारी | नायब सुब्बा | काज | नेपाल प्रशासन सेवा | |
| १३ | बासुदेव घिमिरे | लेखापाल | काज | नेपाल प्रशासन सेवा | |
| १४ | पार्वता पौडेल ढकाल | नायब सुब्बा | काज | नेपाल प्रशासन सेवा | |
| १५ | युरेश थपलिया | नायब सुब्बा | काज | नेपाल न्याय सेवा | |
| १६ | मधुकृष्ण पौड्याल | नायब सुब्बा | काज | नेपाल प्रशासन सेवा | |
| १७ | हिमा खनाल | नायब सुब्बा | काज | नेपाल प्रशासन सेवा | |
| १८ | सुन्दर बलम्पाकी | क.अ. | करार | | |
| १९ | बोधराज बराल | क.अ. | करार | | |
| २० | उर्मिला श्रेष्ठ | का.स. | करार | | |
| २१ | राजकुमारी पुन | का.स. | करार | | |
| २२ | हरेराम कुमार सिंह | का.स. | करार | | |
| २३ | रमा नेपाली | का.स. | करार | | |
| २४ | पदमबहादुर मगर | ह.स.चा. | करार | | |
| २५ | रामशरण बस्नेत | ह.स.चा. | करार | | |
| २६ | राजेन्द्र महर्जन | ह.स.चा. | करार | | |
| २७ | भोलानाथ श्रेष्ठ | ह.स.चा. | करार | | |
| २८ | तिर्थराज लामा | ह.स.चा. | करार | | |
| २९ | विष्णु कार्की | ह.स.चा. | करार | | |
| ३० | राजुप्रसाद शर्मा | ह.स.चा. | करार | | |

## आयोगका क्रियाकलाप झल्काउने तस्वीरहरु



सम्माननीय राष्ट्रपतिज्यूसँगको भेटघाट पछिको सामूहिक तस्वीर



आयोगका पदाधिकारी तथा सचिवको सामूहिक तस्वीर







पीडित परिवारहरुसँगको छलफल कार्यक्रम







विदेशी अनुसन्धानकर्तासँगको छलफलपछिको सामूहिक तस्वीर



शान्ति मन्त्रालयका सचिवज्यूसँगको छलफल

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
पुल्चोक, ललितपुर